# शैक्षिक स्मारिका

## बागमती प्रदेश




बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

हेटौंडा



"राष्ट्रिय गान"

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटि कोटि सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल

शिक्षा दिवस २०८१ को अवसरमा प्रकाशित

# शैक्षिक स्मारिका

# २०८१

वर्ष १, अङ्क १

"ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकता
साझेदारी र प्रणालीगत सक्षमता"

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा

प्रकाशक:
बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा

प्रकाशन वर्ष : २०८१
प्रकाशित प्रति : ५००
अङ्क : वर्ष १, अङ्क १
सर्वाधिकार : शिक्षा विकास निर्देशनालय, हेटौंडा
Email : edd.bagmati@gmail.com
Website : www.bagamati.gov.np

यस स्मारिकामा प्रकाशित सम्पूर्ण लेख रचना लेखकहरूका निजी विचार हुन्।

कम्प्युटर सेटिङ तथा डिजाइन : सगुन श्रेष्ठ
मुद्रण: ओमनाकाइड प्रिन्टिङ प्रेस, बनस्थली काठमाडौं

## शैक्षिक स्मारिका प्रकाशन समिति

**संयोजक तथा प्रधान सम्पादक**

श्री दिपेन्द्र सुवेदी, महानिर्देशक - शिक्षा विकास निर्देशनालय हेटौंडा

**सम्पादन मण्डल**

शारदा मैनाली, निर्देशक - शिक्षा विकास निर्देशनालय हेटौंडा

घनश्याम खनाल, निर्देशक - शिक्षा विकास निर्देशनालय हेटौंडा

वेदप्रसाद पौडेल, अधिकृततर आठौं - शिक्षा विकास निर्देशनालय हेटौंडा

पविता तिमल्सैन, अधिकृततर सातौं - शिक्षा विकास निर्देशनालय हेटौंडा

**भाषा सम्पादन**

घनश्याम घिमिरे, उप-प्राध्यापक - मकवानपुर बहुमुखी क्याम्पस हेटौंडा

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, नेपाल



# शुभकामना

“ज्ञान, विज्ञान, सीप, उद्यम र नैतिकता: समावेशी र प्रणालीगत साझेदारी” भन्ने नाराका साथ यस वर्ष २०८१ साल कार्तिक ३ गते राष्ट्रिय शिक्षा दिवसका अवसरमा शैक्षिक स्मारिका प्रकाशन हुन लागेकोमा अत्यन्तै खुशी लागेको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ र प्रत्येक वर्ष कार्तिक ३ गते राष्ट्रिय शिक्षा दिवस मनाउँदै आइरहेको सर्वविदितै छ।

मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधारमा प्रत्यक्ष टेवा दिने शिक्षालाई जीवन जिउनका लागि आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने शैक्षिक प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको पाइन्छ । गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिँदै बहुप्रतिभाको समग्र विकास अनुकूल शिक्षालाई समसामयिक प्रविधिमैत्री गराउन सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने कुरामा प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ।

यसै सन्दर्भमा शिक्षा विकास निर्देशनालयद्वारा राष्ट्रिय शिक्षा दिवसको अवसरमा स्मारिकाको प्रकाशन गर्न लागिएको यस स्मारिकाका लेखहरू ज्ञान अनुभव र अनुसन्धानमूलक सामग्री पाठक वर्गलाई उपयोगी हुनुका साथै बागमती प्रदेशको शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने विश्वासका साथ सफलताको शुभकामना व्यक्त गर्दछु। धन्यवाद। जय शिक्षा।

विक्रम सम्वत् २०८१ कार्तिक, ३
नेपाल सम्वत् ११४४ कौलाथ्व

बहादुर सिंह लामा तामाङ
मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

माननीय मन्त्री

हरि प्रभा खड्का (ओली)

पत्र संख्या: २०७८/०७९

चलानी नं. : १०

विषय: शुभकामना ।

राष्ट्रिय शिक्षा दिवस - २०७९ को पावन अवसरमा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश [illegible] शैक्षिक स्मारिका [illegible] प्रकाशन हुन लागेको जानकारी पाउँदा खुसी लागेको छ। [illegible] प्रकाशित हुन लागेको यो शैक्षिक [illegible] हुनेछ भन्ने विश्वास छ।

[illegible] गण्डकी प्रदेश सरकारको शैक्षिक [illegible] महत्त्वपूर्ण [illegible] छ। [illegible] वर्तमान शिक्षा प्रणालीलाई [illegible] विद्यार्थी, शिक्षक [illegible] गुणस्तरीय [illegible] शिक्षाको [illegible] शिक्षा प्रणाली [illegible] महत्त्वपूर्ण विषय [illegible] छ।

यसै सन्दर्भमा [illegible] राष्ट्रिय शिक्षा दिवस-२०७९ को अवसरमा प्रकाशित स्मारिकामार्फत [illegible] गण्डकी प्रदेशको शैक्षिक [illegible] शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशका [illegible] शैक्षिक स्मारिका गण्डकी प्रदेश [illegible] हार्दिक शुभकामना व्यक्त गर्दछु।

माननीय हरिप्रभा खड्का (ओली)
सामाजिक विकास मन्त्री
गण्डकी प्रदेश, पोखरा

फोन नं. [illegible] Email: [illegible]

बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौडा, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

शुभकामना।

शिक्षा गुणस्तरीय जीवन र प्रतिस्पर्धी समाज निर्माणको आधारशिला हो। शिक्षाको बहुआयामिक महत्वलाई आत्मसात गर्दै नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा अंगीकार गरेको छ। शिक्षालाई आम जनताको पहुँचमा पुऱ्याउनु, नेपालको शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउनु, सुसंस्कृत र उत्पादनशील जनशक्तिको विकास गर्नु हामी सबैको साझा जिम्मेवारी रहेको छ।

सबैका लागि गुणस्तरीय र समावेशी शिक्षाको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्य हासिल गर्न बागमती प्रदेश सरकारले शिक्षा सम्बन्धी विभिन्न कानून, नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। यस सन्दर्भमा, राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा 'ज्ञान, विज्ञान, सीप, उद्यम र प्रविधिमा आधारित र रोजगारमूलक शिक्षा' भन्ने नाराका साथ बागमती प्रदेश सरकारले विभिन्न कार्यक्रम आयोजना गरी शिक्षा दिवस मनाउँदैछ। यसै दिवसको अवसरमा बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयले पाँचौं पटक शैक्षिक स्मारिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। नेपालको विद्यालय तथा उच्च शिक्षा प्रणाली, बागमती प्रदेशको शिक्षा क्षेत्रका सवाल, समस्या तथा चुनौतिहरू, प्राविधिक शिक्षा लगायतका विषयहरू समेटी प्रकाशन हुन लागेको यो स्मारिका शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सरकारी निकायहरू, शैक्षिक संस्थाहरू, सरोकारवाला अनुसन्धानकर्ताहरू, विद्यार्थी, शिक्षक तथा आम पाठकहरूलाई उपयोगी सामग्री हुने अपेक्षा गरेको छु। स्मारिका प्रकाशनमा संलग्न शिक्षा विकास निर्देशनालयका कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

विक्रम संवत् २०८१ भदौ २४
नेपाल संवत् ११४४ ....... ....


गोविन्द बहादुर कार्की
प्रमुख सचिव

बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

पत्र संख्या :
चलानी नं. :



## शुभकामना

राष्ट्रिय शिक्षा दिवस, २०८१ को अवसरमा शिक्षा विकास निर्देशनालय, हेटौंडाले शैक्षिक क्षेत्रका विविध [illegible]

[illegible] राष्ट्रिय शिक्षा दिवस, २०८१ को अवसरमा [illegible] हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८१ [illegible]

[illegible]
प्रदेश सचिव

# प्रकाशकीय

बागमती प्रदेश सरकारको शैक्षिक निकाय शिक्षा विकास निर्देशनालय, हेटौंडाद्वारा शैक्षिक सरोकारवालाहरूको सृजनात्मक ज्ञान उत्पादन, आर्जन र उपयोग गर्ने उद्देश्यले बागमती प्रदेश शैक्षिक स्मारिकाको पहिलो अङ्क २०८१ प्रकाशनमा ल्याइएको छ। प्रस्तुत स्मारिका नेपालको शैक्षिक अवस्थाका बारेमा थाहा पाउने जो कोहीका लागि उपयोगी दस्तावेज हुने विश्वास लिएको छु। शिक्षा क्षेत्रका वर्तमान अवस्था, चुनौती र सम्भावनाको पक्षहरूलाई समेटेर लेखिएका लेखहरूको सङ्ग्रह भएको हुनाले शिक्षा क्षेत्रको विकास र परिवर्तनका लागि भावी दिनहरूमा बन्ने शैक्षिक नीति तथा योजना निर्माणमा समेत सहयोग पुग्ने अपेक्षा लिएको छु।

हामीले गत आर्थिक वर्षमा पनि वार्षिक कार्यक्रमको समष्टिगत स्वरूप वार्षिक तथा अर्धवार्षिक प्रगति प्रतिवेदन, अनिवार्य तथा निःशुल्क शिक्षा प्रगति प्रतिवेदन, EMIS *Report* 2080, सामुदायिक पुस्तकालय प्रोफाइल र शैक्षिक बुलेटिनजस्ता पुस्तकहरू प्रकाशन गरेका थियौँ। यसबाट शिक्षा विकास निर्देशनालयले वार्षिक रूपमा सम्पादन गरेका कार्यक्रमहरूका बारेमा थाहा पाउने र बागमती प्रदेशको शैक्षिक तथ्याङ्कको जानकारी लिन चाहनेहरूका लागि ज्यादै उपयोगी रहेको सुझाव हामीलाई प्राप्त भएको छ। यस वर्ष पनि यस्ता दस्तावेजहरूको प्रकाशनलाई हामी अवश्य निरन्तरता दिनेछौँ।

**"ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकता: साझेदारी र प्रणालीगत सक्षमता"** भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको शिक्षा दिवस २०८१ को सु-अवसरमा प्रकाशन गरिएको प्रस्तुत शैक्षिक स्मारिकाका लागि आफ्नो अमूल्य समयलाई व्यवस्थापन गरी शैक्षिक क्षेत्रका विविध विषयहरूमा आफ्ना महत्वपूर्ण लेखहरू उपलब्ध गराउनु हुने आदरणीय विद्वान् लेखकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै यस कृतिका लागि आफ्नो शुभकामना प्रदान गर्नुहुने माननीय मुख्य मन्त्रीज्यू, माननीय सामाजिक विकास मन्त्रीज्यू, श्रीमान् प्रमुख सचिवज्यू, श्रीमान् सामाजिक विकास सचिवज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस स्मारिका प्रकाशनको सम्पादन समितिमा रहेर काम गर्नुहुने सम्पादन मण्डल तथा लेखहरूको सङ्कलन र प्रकाशनको आवश्यक व्यवस्था मिलाउनु हुने शिक्षा विकास निर्देशनालयका सम्पूर्ण कर्मचारी सहकर्मीहरूमा पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

मिति २०८१ असोज २

महानिर्देशक

शिक्षा विकास निर्देशनालय, हेटौंडा

# विषयसूची


| क्र.सं. | लेख शिर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सार्वजनिक खरिद सम्बन्धित व्यवस्था र सार्वजनिक... | रामकृष्ण सुवेदी | १ |
| २ | सार्वजनिक जीवनमा नीतिगत भ्रष्टाचारका काम किन हुन... | डा. हरि प्रसाद लम्साल | ११ |
| ३ | साक्षरता शिक्षा: भाषाले गतिलो ल्याउँछ कि जोकरे जान्छ ? | प्रा.डा. विद्यानाथ कोइराला | १७ |
| ४ | बागमती प्रदेश विश्वविद्यालय चुनौती र आगामी कार्यदिशा | प्रा.डा. चन्द्रमणि पौडेल | २३ |
| ५ | उच्चशिक्षामा समकालीन ज्ञानदर्शनको आवश्यकता | प्रा.डा. विद्यानाथ शर्मा | २९ |
| ६ | अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन: बागमती... | विनोद शर्मा | ४१ |
| ७ | शिक्षा क्षेत्रमा नैतिकता र जवाफदेहिता | बद्रीनाथ गैरे | ४८ |
| ८ | विद्यार्थी उपलब्धि परीक्षणको सन्दर्भमा शैक्षिक गुणस्तर... | चन्द्रकान्त भुसाल | ६१ |
| ९ | नेपालमा शिक्षक आपूर्तिको व्यवस्था र सुधारका सम्भावना | शिवकुमार सापकोटा | ७६ |
| १० | शिक्षक व्यवस्थापनका नीतिगत सवाल र आगामी कार्यदिशा | महेन्द्र पराजुली | ८५ |
| ११ | समाजवाद उन्मुख प्राविधिक शिक्षा: ओठमा भन्दा सोचमा... | डा. भीमराज काफ्ले | ९६ |
| १२ | दिगो विकास लक्ष्य, कहाँ कसरी ? पुग्ने कसरी ? | डा. ध्रुव रेग्मी | १११ |
| १३ | पाठ्यक्रम विकास तथा कार्यान्वयनको अवस्था... | डा. नगेन्द्र पौडेल | १२१ |
| १४ | नेपालको शैक्षिक अवस्था: चुनौती र सम्भावना | विरेन्द्र सुवेदी | १३३ |
| १५ | बागमती प्रदेशमा शिक्षा: विद्यमान अभ्यास र भावी... | खुवीराम अधिकारी | १४५ |
| १६ | शिक्षामा पेशागत तालिम : एक सिंहावलोकन | यज्ञहरि भण्डारी | १५४ |
| १७ | स्थानीय तहमा शैक्षिक व्यवस्थापन | सीताराम कोइराला | १६६ |
| १८ | परिवर्तित सन्दर्भमा गुणस्तरीय शिक्षा | टीक बहादुर राई | १७७ |
| १९ | बागमती प्रदेशका पब्लिक (सामुदायिक) क्याम्पसहरूको... | मेघ न्यौपाने | १८६ |
| २० | A Brief History and Development of Community ... | उत्तम अर्याल | २०२ |

## सार्वजनिक खरिदसम्बन्धि व्यवस्था र सार्वजनिक खरिद अनुगमन कार्यालयको भूमिका

**रामकृष्ण सुवेदी**
**सचिव-सार्वजनिक खरिद अनुगमन कार्यालय**

**खरिद** (Procurement)

खरिद भन्नाले कुनै वस्तु वा सामान प्राप्ति वा निर्माण गर्ने गरिने रकम खर्च लाई जनाउछ । सामान्य अर्थमा सरकारले आफ्नो कार्यसम्पादनका लागि आवश्यक पर्ने चिजवस्तु खरिद गर्ने कार्यलाई सार्वजनिक खरिद भनिन्छ । यसमा कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य  गरिन्छ । सार्वजनिक खरिद ऐनको दफा २ क ले गरेको परिभाषा अनुसार खरिद भन्नाले सार्वजनिक निकायले यस ऐन बमोजिम कुनै मालसामान,परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने गराउने कार्य सम्झनु पर्दछ ।

खरिदलाई निजी (Private Procurement) र सार्वजनिक (Public Procurement) गरी दुई भागमा बाड्न सकिन्छ । निजी खरिदमा नाफा कमाउने मुख्य उद्देश्य हुन्छ, जहाँ प्रक्रियालाई सामान्यतया महत्व दिइदैन । अर्कोतर्फ सार्वजनिक खरिद भन्नाले सार्वजनिक निकायले औपचारिक रुपमा प्राप्त गर्ने वस्तु वा सेवालाई जनाउँछ । यसमा भने आवश्यक पर्ने वस्तु तथा सेवा निर्माण कार्यको सरकारी कोष प्रयोग गरी प्राप्त गरिन्छ । यसमा मितव्ययितामा बढी ध्यान दिने गरिन्छ तर नाफा कमाउने वा लागत असुल गर्ने उद्देश्य बिल्कुलै हुँदैन । खरिद प्रक्रियालाई मुख्य प्राथमिकता दिइन्छ । यसमा सार्वजनिक खर्च सार्वजनिक सेवा, वस्तु, निर्माण र परामर्शमा मात्र खर्च गर्न पाइने हुन्छ । यो अन्तरसम्बन्धित (Cross Cutting) विषय समेत हो । सार्वजनिक खरिद (Public Procurement) ले निम्न कुरामा जोड दिन्छ सार्वजनिक वा सरकारी रकम खर्च गरेर गरिने खरिद जहाँ सार्वजनिक हित (Public welfare) प्राप्तिलाई जोड दिइन्छ । यसको मूल मर्म सार्वजनिक खर्चको मूल्यको सार्थकता (Value for Money–assessment of the quality and utility of a product or service in relation to its cost) नै हो । यसमार्फत् सामाजिक उद्देश्य हासिल हुने गर्दछ ।  लागत असुली वा नाफाको उद्देश्य भने हुँदैन । यसले पूँजी निर्माण (Capital Formation) कार्य प्रारम्भ गर्छ । यसमा निजगत वा अमूर्त खरिद गरिदैन । यो सार्वजनिक खर्च व्यवस्थापनको प्रमुख अङ्ग हो । प्रत्येक सार्वजनिक खर्चका लागि निर्धारित प्रक्रिया, विधि, मान्यता, नर्मस, तरिका तथा पारदर्शिता एवम् प्रतिस्पर्धाका उपायहरु यसले बोक्छ । यसमा लेखापरीक्षण हुने, सार्वजनिक निगरानी(Public Watch Dog) गरिने र गलत गरे कारवाही र सजायसमेत हुन्छ । तसर्थ खरिद कारवाहीमा कमजोरी गर्ने संस्था वा व्यक्तिले कदापि छुट पाउँदैनन् । सार्वजनिक खरिदका लागि किन्न खोजिएको सामान वा निर्माण (Item), सामानको परिमाण (Quantity), सामानको गुणस्तर (Quality), खरिदको विधि (Methodology महत्वपूर्ण रहने गर्दछ ।

**सार्वजनिक खरिदको महत्व**

सार्वजनिक खरिदबाट मुलुकको आर्थिक वृद्धिमा सहयोग पुग्दछ । विकास निर्माण कार्यका लागि स्रोत व्यवस्थापन हुन जान्छ । राज्यको सामाजिक र आर्थिक उद्देश्य प्राप्तिको साधन बन्दछ । नागरिकको जीवनस्तर माथि उठाउने माध्यम हो, यो । सार्वजनिक क्षेत्रमा कार्यरतलाई उत्तरदायी बनाउने माध्यम समेत हो ।

**सार्वजनिक खरिद गर्दा विचार गर्नु पर्ने मूलभूत कुराहरु**

खरिद गरिन लागेको सेवा वा वस्तुको उपलब्धता महत्वपूर्ण कुरा हो । यसमा बढी भन्दा बढी प्रतिस्पर्धी भएमा राम्रो मानिन्छ । यसका अलावा सहज रूपमा सेवा वा वस्तुको प्राप्ति हुने कुरा आवश्यक हुनु पर्दछ । यसका अलावा उपयुक्त खरिद विधि अवलम्बन गर्नु पर्दछ । विशेषत कुनै पनि सार्वजनिक निकायले खरिद गर्दा देहायका मध्ये कुनै एक विधि अपनाएर मात्र खरिद गर्नु पर्दछ ।

**१. मालसामान निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा**

- अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी गरिने खरिद विधि,
- राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी गरिने खरिद विधि,
- शिलबन्दी दरभाउपत्र आह्वान गरी गरिने खरिद विधि,
- सोझै वार्ताद्वारा गरिने खरिद विधि ,
- अमानतबाट गरिने खरिद विधि,
- उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराइ निर्माण कार्य गराउने विधि,
- एकमुष्ट दर विधि,
- सीमित बोलपत्रदाताले मात्र भाग लिने (लिमिटेड टेन्डरिङ्ग) खरिद विधि,
- उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा खरिद गर्ने विधि (क्याटलग सपिङ्ग),
- नयाँ लिने पुरानो दिने खरिद विधि (बाइ ब्याक मेथड), र
- स्वदेशी बोलपत्रदाताहरुबीच मात्र प्रतिस्पर्धा गराइ गरिने खरिद विधि ।

**२. परामर्श सेवा खरिद गर्दा**

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी गर्ने, र
- सोझै वार्ताद्वारा गरिने खरिद ।

**३. अन्य विधिहरु**

- सार्वजनिक खरिद ऐनको दफा ६६ को उपदफा १ अनुसार विशेष परिस्थितमा गरिने खरिद,
- छुट्टै कार्यविधिबाट गरिने खरिद, र
- गैरसरकारी संस्थाहरुबाट गरिने खरिद ।

**सार्वजनिक निकाय**

सार्वजनिक निकाय भन्नाले संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयलाई जनाउँछ । यसमा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिकरुपमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था पर्दछन् । नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था यसका अङ्ग हुन् । यसैगरी सबै स्थानीय तह, विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समितिहरू, नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था र नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था समेत सार्वजनिक निकायको परिभाषामा पर्दछन् ।

**सार्वजनिक खरिदका उद्देश्यहरू**

सरकारी स्रोतको दुरुपयोग नहोस् र यसको बढीभन्दा बढी उत्पादकत्व होस् भन्ने नै यसको केन्द्रीय मर्म रहेको हुन्छ । सरकारी स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्नु र सार्वजनिक स्रोतको दुरुपयोग रोकी सुशासन कायम गराउनु सार्वजनिक खरिदको उद्देश्य हो । सार्वजनिक खरिदको माध्यमबाट आर्थिक क्रियाकलाप वृद्धि गरी आर्थिक वृद्धि, विकास र रोजगारि सृजना गर्ने मूल ध्येय यसको हुन्छ । यसले 3 RUs. मा जोड दिन्छ । यसमा उपयुक्त सामान वा वस्तु वा काम (Right item), उपयुक्त मूल्य (Right price) र उपयुक्त समय (Right time) रहेका छन् । दक्षता (Efficiency) र लागतको प्रभावकारिता (Value for money) लाई उत्तिकै जोड दिइन्छ ।

**सार्वजनिक खरिदका सिद्धान्तहरू**

सार्वजनिक खरिदका विश्वव्यापी सिद्धान्त निम्नानुसार रहेका छन् । यी सिद्धान्तको जग र आडमा टेकेर गरिने खरिद कार्य मात्र सारभूतरूपमा प्रभावशाली हुने गर्दछ । त्यसैले भन्ने गरिन्छ कि "न्यायमा" Public Procurement – need to apply Good Principles.

- उत्तरदायित्व (Accountability)
- नैतिकता र इमान्दारी (Ethics and Integrity)
- विश्वसनियता /भरपर्दो  (Reliability)
- विभेदरहितता(Non-Discrimination)
- निष्पक्षता (Fairness /Impartiality)
- पारदर्शिता (Transparency)

- खुला प्रतिस्पर्धा (Open Competition)
- प्रभावकारिता र दक्षता (Efficient and Effectiveness)
- न्याय (Justice)
- समानता(Equality)
- जवाफदेहिता (Responsibility)
- सेवा (Service)
- वातावरणमैत्री (Environmental Friendly)




**सार्वजनिक खर्च चक्र**

सामान्यतया खरिद प्रकृयामा निम्नानुसारका १० चरणहरू अवलम्बन गर्ने गरिन्छ । यसैलाई सार्वजनिक खर्च चक्र भन्ने गरिन्छ । यी चरणहरूलाई क्रमशः पार गरेर मात्र खरिद कार्य गर्नुपर्ने हुन्छ ।

## सार्वजनिक खरिद सम्बद्ध कानुनी र संस्थागत व्यवस्था

नेपालमा कानुनी व्यवस्थाको रूपमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ रहेका छन् । संस्थागत व्यवस्था अन्तर्गत मुख्यतया सार्वजनिक खरिद अनुगमन कार्यालय (अनुगमन र सहजीकरणका लागि) स्थापित छ। यस अलावा सरकारी सेवा खरिद कार्यालय, सार्वजनिक निकायका खरिद इकाइहरू, मुख्य सचिवको संयोजकत्वमा सोझै खरिद सिफारिस समिति-प्राविधिक कारण, पूर्वानुमान गर्न नसकने कार्य, विशिष्ट योग्यता आवश्यक पर्ने कुनै खरिद नेपाल सरकारका निकायले गर्नुपरेमा । पुनरावलोकन समिति, प्रमुख जिल्ला अधिकारी संयोजक रहने जिल्ला दररेट निर्धारण समिति, Standard Bidding Documents - Issued by PPMO, Procurement Guidelines - issued by PPMO, Efficient Human Resource । यी कानुनी र संस्थागत व्यवस्थाको जानकारी सरकार/सरकारी पदाधिकारी, राजनैतिक नेतृत्व, कर्मचारी/राष्ट्रसेवक, सरोकारवाला, आम जनसमुदाय, समाजका अगुवासमेतलाई आवश्यक छ ।

## सार्वजनिक खरिद ऐन, नियमावलीका प्रमुख विशेषता

सार्वजनिक खरिद ऐन, २०६३ छाता ऐन (Umbrella Act) को रूपमा रहेको छ । यही ऐनमा टेकेर सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को स्थापना भएको छ । हरेक सार्वजनिक निकायले सार्वजनिक खरिदका लागि खरिद इकाइ, शाखा वा महाशाखाको उत्तरदायित्व र जिम्मेवारी किटान गर्ने गर्दछन् । तत् निकायले खरिद गुरुयोजना र वार्षिक खरिद योजना निर्माण गर्दछन् । यस ऐनमा खरिद प्रक्रियाको व्यवस्था र खरिद कार्यको पुनरावलोकनको व्यवस्था छ । खुला बोलपत्र र सबै बोलपत्रदाताको समान पहुँच हुने एवम् तटस्थ र पारदर्शी स्पेसिफिकेसन बनाउनुपर्ने प्रावधान रहेको छ । खरिद प्रक्रियामा संलग्नहरूको आचरण र पारदर्शिता सम्बन्धी व्यवस्था, न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्र (lowest substantially responsive bids) स्वीकृत गर्ने प्रावधान रहेको छ । सारभूतरूपमा प्रभावग्राही बोलपत्र एक मात्र भए पनि बोलपत्र रद्द गर्न नपाइनुका साथै विशेष परिस्थितिमा पनि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ । खरिद सम्झौता सूचना सार्वजनिक गर्नु पर्ने, प्याकेजिङ्ग सम्बन्धी कार्य, खरिद कार्यको तयारी गरिनु पर्दछ । २० लाखभन्दा माथिका सम्पूर्ण खरिदहरू विद्युतीय खरिद प्रणालीमार्फत् गरिनुपर्ने, पाँच अर्बसम्मको निर्माण कार्यमा स्वदेशी मात्रले भाग लिन पाउने र १० अर्बसम्मको अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा नेपाली बोलपत्रदातासँग संयुक्त उपक्रम गर्नु पर्ने प्रावधान राखिएको छ । स्वदेशी मालवस्तु वा सेवालाई १५ प्रतिशतसम्म बढी भएपनि प्राथमिकता दिन सकिने व्यवस्था विद्यमान छ । कारवाहीस्वरूप कालोसूचीको व्यवस्था रहेको छ । बैंक तथा वित्तीय संस्थाबाट बैंक जमानतको कागजात पेस गर्नुपर्ने, असन्तुलित वा न्यून बोलपत्रलाई मूल्याङ्कनमा समावेश नगर्ने सकिने व्यवस्था राखिएको छ । कुनै कम्पनीमा कार्यरत परामर्शदाताको कार्यद्वारा मूल्याङ्कन नहुने र परामर्शदाताको परिवर्तन कार्यमा कडाई गरिएको छ । सिलबन्दी दरभाउपत्रद्वारा गरिने खरिदमा कम्तीमा ३ वटा सिलबन्दी दरभाउपत्र सारभूतरूपमा प्रभावकारी हुनुपर्ने र सोझै खरिद गर्न पाउने रकमको सीमासम्म पटक पटक गरेर एकै जनासँग खरिद गर्न नपाइने प्रावधान

समावेश छ । बोलपत्रदाताको क्षमता परीक्षण (Bid capacity) गर्दा अपनाउनुपर्ने फर्मुलामा Bid Capacity = [(5 x A) – B] Where A= Average Annual Turnover (सरदर वार्षिक कारोबार), B= Current Contract Liabilities (चालु दायित्व) । B = Σ [(e)×(a)/(f)]×12 Where e = Value of Outstanding Work (बाँकी कामको मूल्य), a= Percent of Share (लगानीको हिस्सा), f= Remaining time to Complete Work (कामको लागि बाँकी समय) । बोलपत्रको समग्र छनौट प्रक्रियामा चित्त नबुझे पुनरावलोकनका लागि समितिमा निवेदन दिंदा धरौटी राख्नु पर्ने, निर्माण कार्य स्वीकार गर्दा सञ्चालन परीक्षण गर्नु पर्ने, त्रुटि लच्छाउने अवधिमा त्रुटिको विवरण राख्नु पर्ने व्यवस्था विशेषताको रूपमा रहेका छन् ।

**खरिद ऐन लागु नहुने अवस्था**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी खरिद गर्न राष्ट्रिय सुरक्षा वा प्रतिरक्षा सम्बन्धी विषय, नेपाल सरकार र दातृपक्ष बीच भएको सम्झौता बमोजिमको खरिदको विषय, निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोबार गर्ने सार्वजनिक निकायले व्यवसाय सञ्चालनको लागि कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा, विदेशमा आयोजना हुने मेला, महोत्सव, ट्रेडफेयर वा प्रदर्शनीजस्ता कार्यका लागि विदेशमा खरिद गर्नु परेमा, विदेशस्थित नेपाली राजदूतावास, नियोगजस्ता सार्वजनिक निकायले मालसामान वा सेवा खरिद गर्नु परेमा, विमान सेवा सञ्चालन गर्ने स्वीकृत प्राप्त सार्वजनिक निकायले एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा, खरिदको लागि आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराई लागु गर्नु पर्ने हुन्छ ।

**सार्वजनिक खरिद अनुगमन कार्यालयको जिम्मेवारी**

सार्वजनिक खरिद अनुगमन कार्यालय सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने तथा सार्वजनिक खरिद प्रकृयामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्धन गर्ने उद्देश्यका साथ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ को उपदफा १ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत स्थापना भएको हो । यो कार्यालय स्थापनाका उद्देश्यहरूमा सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्ने, सार्वजनिक निकायहरूले गर्ने खरिद कार्यमा सुशासन कायम गर्न सहयोग पुर्याउने, नेपालको सार्वजनिक निकायहरूमा हुने खरिद कार्यमा गुणस्तरियता हासिल गर्ने अनुगमनलाई प्रभावकारी बनाउने, खरिद कार्य सम्पादनमा पारदर्शिता तथा एकरूपता कायम गराउने रहेका छन् । सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायहरूलाई खरिद सम्बन्धी आवश्यक राय परामर्श उपलब्ध गराउने र सार्वजनिक खरिद प्रक्रियामा सुनिश्चितता कायम गर्न आवश्यक नमुना कागजातहरू तयार गर्ने गर्दछ । यस कार्यालयले सार्वजनिक निकायको आवश्यकतानुसार अनुगमन गर्ने गर्दछ । खरिद कार्य गर्दा कुनै सार्वजनिक निकायले मागेको विषयमा राय परामर्श दिने दायित्व यसको हो । समय समयमा मागमा आधारित वा कलाइ ड्रिभन मोडलमा

सरकार/सरकारी पदाधिकारी, राजनीतिक नेतृत्व, कर्मचारी/राष्ट्रसेवक, सरोकारवाला, आम जनसमुदाय, समाजका अगुवासमेतलाई सचेतना कार्यक्रम सञ्चालन गर्ने गर्दछ। तालिम सेमिनार कार्यक्रममार्फत छोटो समयका क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गर्दछ। खरिद कार्यमा सार्वजनिक निकायसँग समन्वय कायम गर्ने, आवश्यकताअनुसार दण्ड सजायका प्रावधान कार्यान्वयन गर्ने, खरिद कार्यमा प्रयोग हुने कागजात तयारी र समसामयिक सुधार परिमार्जन गर्ने, चेतनाजागृत दबाब सिर्जना स्वरूप वार्षिक प्रतिवेदनमार्फत समस्या, चुनौती, कमीकमजोरी औंल्याउने समेत यसको जिम्मेवारीमा पर्दछ।

**सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार**

यस कार्यालयले खरिद सम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने गर्दछ। खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने, बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड बिडिङ डकुमेन्ट), पूर्वयोग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्र्याक्ट डकुमेन्ट) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्ट्याण्डर्ड नमूना तयार गर्ने गर्छ। सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्याङ्क सङ्कलन गरी त्यस्तो कारबाही यो ऐन, नियमावली वा निर्देशिकाअनुरूप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने गरिन्छ। खरिद पश्चातको पुनरावलोकन गर्ने, गराउने, निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवाप्रदायकको खरिद सम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने, विद्युतीय खरिद निर्देशिका जारी गर्ने, राय परामर्श माग गरेमा राय परामर्श दिने गरिन्छ। यसका साथै खरिद सम्बन्धी वेबसाइट स्थापना गरी त्यसको सञ्चालन गर्ने, खरिद कार्यमा समन्वय गर्नका लागि आवश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेस गर्ने, प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने, कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने र सो मापदण्डअनुसार कालोसूचीबाट फुकुवा गर्ने, राय सुझाव लिने, खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता समन्वय गर्ने केन्द्रीय निकायको रूपमा काम गर्ने, खरिद विज्ञ प्रमाणीकरण गर्ने गराउने, खरिद कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्ने, बुलेटिन प्रकाशन गर्ने, अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न कुनै विवाद समाधान गर्न नहुने प्रावधान समावेश गरिएको छ। खरिद कारबाही कानुन विपरीत भएको पाइएमा त्यस्तो खरिद कारबाहीमा भएको त्रुटि सच्याउन र खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानुन बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्ने र यसरी लेखी आएमा भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानुन बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद पुनरावलोकन

समितिको सचिवालयको रूपमा काम गर्ने गर्दछ । खरिद कारवाहीको अवलोकन भ्रमण गरी वा सार्वजनिक निकायबाट खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदन र जानकारीहरू माग गरी सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने कार्यभार यसलाई सुम्पिएको छ । खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा समावेश गर्नु पर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेस गर्नु पर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्देशन दिने, खरिद कारवाही सञ्चालन गर्ने र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता, आपूर्तिकर्तालाई खरिद कारवाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने, खरिद कारवाहीलाई सरल र सहज बनाउने, केन्द्रीय डाटा बैंक स्थापना गरी खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्यसम्पादनको अभिलेख राख्ने, सार्वजनिक खरिद सम्बन्धी जानकारी प्रवाह गर्ने तरिकाको विकास गर्ने, अन्य देशको खरिद कारवाही सम्बन्धी नीति, कानुन, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने जिम्मा यस कार्यालयलाई दिइएको छ ।यसैगरी सार्वजनिक निकायमा खरिद सम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने, सार्वजनिक निकायका खरिद एकाई, मूल्याङ्कन समिति र सार्वजनिक खरिद अनुगमन कार्यालयमा नियुक्त हुने व्यक्तिले आवश्यक दक्षता र व्यावसायिक कार्यकुशलता पूरा गरे नगरेको एकिन गर्ने, सार्वजनिक निकायको प्रमुख, त्यस्तो निकायको खरिद एकाईका कर्मचारी, बोलपत्र मूल्याङ्कन समितिका सदस्यको काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वको विवरण तयार गर्ने यसको काम रहेको छ । यस्तै पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेस गर्ने, सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने र कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानुन बमोजिम सार्वजनिकरूपमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थाहरूले (सार्वजनिक निकाय) बनाएको खरिद सम्बन्धी कानुनी व्यवस्था यस ऐन अनुकूल भएको नदेखिएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले यो ऐन अनुकूल हुने गरी संशोधन गर्न सम्बन्धित सार्वजनिक निकायलाई लेखी पठाउनु पर्ने प्रावधान रहेका छन् । यसरी लेखी आएमा सम्बन्धित सार्वजनिक निकायले आफ्नो खरिद सम्बन्धी कानुन एक महिनाभित्र यस ऐन अनुकूल संशोधन गरी सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्ने हुन्छ । यस्तो जानकारी नदिएमा यस ऐनसँग बाझिएको हदसम्म खरिद सम्बन्धी त्यस्तो कानुनी व्यवस्था स्वतः अमान्य भएको मानिने कानुनी व्यवस्था छ ।

**नेपालको सार्वजनिक खरिदमा रहेका समस्याहरु**

हाल सार्वजनिक खरिद कार्यमा अनगिन्ति समस्या देखा परेका छन् । तीमध्ये केही निम्नानुसारका समस्या सतहमा देखिने गरेका छन्:

- हालसम्म पनि सार्वजनिक खरिद सम्बन्धी राष्ट्रिय नीति तर्जुमा हुन नसकेको,
- खरिद सम्बद्ध विशेषज्ञ सेवाको अभाव खड्केको,
- Procurement Clinic/Online Procurement Clinic को व्यापकता नहुनु,
- Right man in Right Place नारामा र भाषणमा सीमित हुनु,
- सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता कमजोर, न्यून कर्मचारी, साधन स्रोत न्यून,
- प्रतिस्पर्धालाई सिमित गर्ने गरि स्लाईसिङ प्याकेजिङ गर्ने प्रवृत्ति हावी हुनु,
- निश्चित ब्राण्डसम्म मात्र मिल्ने गरि स्पेसिफिकेशन तयार गर्ने प्रवृत्ति,
- खरिद कार्य सार्वजनिक निकायको प्राथमिकतामा नपर्नु,
- सार्वजनिक खरिद अनुगमन कार्यालयमा र खरिद कार्यमा संलग्न जनशक्तिलाई मनोबल उच्च बनाइ उत्प्रेरित गर्न नसकिनु,
- बोलपत्रमा मिलोमतो देखिनु,
- ओभरसाइट निकायहरूबाट भएका खरिद अनुसन्धानबाट खरिद कार्यमा संलग्न जनशक्ति तर्सिनु,
- स्वार्थप्रेरित कार्यव्यवहार पाइनु,
- निर्माण व्यवसायिहरूमा व्यवसायिकताको विकास अपेक्षित हुन नसक्नु र पूँजी भए जो कोही ठेकेदार बन्न सक्ने प्रावधान रहनु,
- खरिद कार्यमा संलग्न कर्मचारीहरूमा सार्वजनिक खरिद सम्बन्धि ज्ञान सीपको कमी,
- न्यून मूल्य कबोल गर्नेलाई ठेक्का दिंदा काम नहुने, समयमा नहुने र गुणस्तरिय नहुने स्थितिको सृजना भएको,
- औचित्य र आधारविना परम्परागत रूपमा म्याद थप कार्यले निरन्तरता पाउने गरेको,
- कमजोर र लापरबाहिपूर्वकको लागत अनुमानले भेरिएसन हुने गरेको । यसमा समेत नैतिकता कमजोर देखिएको,
- निर्माण कार्यमा पेश्की लिने तर कार्य नगर्ने प्रवृत्ति हावी देखिएको,
- उपभोक्ता समिति वा लाभग्राहिका कार्य उद्देश्य अनुसार गुणस्तरीय नभएको,
- समयमा कार्य सम्पन्न नहुदा लागत समेत बढेको, र
- पछिल्लो चरणमा ठूलो मात्रामा कालोसूचीमा रहने संख्या वृद्धि हुदै गएको । आदि ।

**चुनौतीहरु**

नेपालमा सार्वजनिक खरिद सन्दर्भमा केही चुनौती रहेका छन् । जिनमा मुख्यतया-

- पारदर्शिता (Transparency) को अभाव,
- निष्पक्षता (Fairness) मा प्रश्न उठ्नु,
- प्रतिस्पर्धा र विश्वसनियता (Competitive and Credibility) मा कमी,
- Sustainable Public Procurement framework and strategy नबन्नु -The social and environmental impacts of what we buy, how we buy it, and who we buy it from,
- e-government लाई सुदृढ गर्न नसकिनु,
- सबल विद्युतीय खरिद प्रणाली(IT based)को निरन्तरता दिन नसकिने स्थिति बन्नु,
- Green Public Procurement Policy लागू गर्न नसकिनु र नारामा सीमित रहनु,
- आधुनिक प्रविधि Artificial Intelligence को प्रयोग यथेष्ट गर्न नसकिनु, र
- Best Value Procurement Principles लागू गर्न नसकिनु ? - It allow buyers to consider other factors besides cost • Buyers; sourcing teams use a cost-benefit analysis to determine which bidder meets their needs, considering: Cost, Best Quality Economic Value, Timely and Reliable Performance, Flexibility and Minimizing Administrative Burdens.

**अन्त्यमा**

नेपालमा सार्वजनिक खरिद ऐन जारी भएको अवधिका हिसाबले अठार वर्ष भएको छ । यस ऐनबाटै जन्मिएको सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना भए पश्चात सार्वजनिक खरिद कार्य धेरै हदसम्म व्यवस्थित भएको पाइएको छ । यस बीचमा खरिद कार्य म्यानुअल पद्धतिबाट इ-बिडी पद्धतिमा रूपान्तरण भइसकेको छ । देशको पुँजीगत खर्च अभिवृद्धि गरी मुलुकमा क्यापिटल फर्मेसन गर्ने र विकासमा फड्को मार्ने कार्य नियमित र व्यवस्थित तरिकाको खरिद कार्यमार्फत् मात्र गर्न सकिन्छ । हाल सार्वजनिक खरिदमा देखिएका समस्या र चुनौतीलाई समयमै समाधान गरिनु पर्दछ । यसका लागि सार्वजनिक खरिदका स्थापित मूल्य मान्यता, विधि र आचरणको परिपालना गरिनुपर्दछ । खरिद कार्यमा संसारमै प्रचलित नवीनतम् सोच र प्रविधिलाई आत्मसात गरी दीगो विकासलाई प्रवर्धन गर्ने गरी सस्टेनेबल प्रोक्योरमेन्ट प्रिन्सिपलको प्रयोग गर्न अब ढिला भइसकेको छ । आधुनिक प्रविधिको प्रयोग गरी सार्वजनिक निकायका खरिद सम्बद्ध समस्यालाई समाधान गर्ने परिपाटी सुरुवात गरिनुपर्दछ । यस अलावा सार्वजनिक खर्चको मूल्यको सार्थकता (भ्यालु फर मनी) को अवधारणा अभिवृद्धि गर्ने, सार्वजनिक निकाय एवम् बोलपत्रदाता वा परामर्शदाता बीच समन्वयात्मक र सुमधुर सम्बन्ध कायम गरी मैत्रीभाव अँगाल्ने गर्ने र आइपर्ने अवरोधमा सहजीकरण गर्ने र कालोसूची नै समस्याको समाधान हो भन्ने मान्यतालाई न्यूनीकरण गर्दै सार्वजनिक खर्चको अधिकतम् प्रतिफल हासिल गर्न खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाई समग्र सुशासन कायम गर्ने तर्फ सबै तहका सार्वजनिक निकायका सम्बद्ध पदाधिकारी तथा निकाय लागिपर्नु समयको माग हुन आएको छ ।

* * *

# सार्वजनिक जीवनमा बोलिए अनुसारका काम किन हुन नसकेको होला ?

डा. हरि प्रसाद लम्साल
प्रमुख सचिव- सुदूर पश्चिम प्रदेश

**विषय प्रवेश**

गायक खेम सेन्चुरीले पढाने होइन मायालु, यो देशमा भविष्य छैन मायालु भन्ने गीत गाए । गीत धेरैले मन पराए । मन पराउने क्रम अझ बढ्न पनि सक्छ । रिलिज भएको ४ महिनामा नै ४६ लाख भन्दा बढीले उक्त गीतको भिडियो हेरे, सुने । अझ गीतका माथिमा गरिएका कमेन्ट पढ्दा देखिन्छ, मानिसका पीडा, आक्रोश आदि । गीतले मुलुकमा केहि भएकै छैन भन्छ । गरिएका कमेन्टहरु पनि मुलुकमा केहि काम भएकै छैन भन्ने खालका छन् । के मुलुकको वास्तविकता यहि नै हो त ? सार्वजनिक पदधारणा गरेकाहरू सबै नै अत्यन्त व्यस्त रहने गरेको हाम्रो परिवेशमा आम नागरिकका केहि काम भएकै छैनन् त ?

यहाँनेर अर्को पाटोतर्फ पनि ध्यान दिऔं । हरेक दिनका हरेक सार्वजनिक मञ्चमा बोलिएका भनाइ केलाउने हो भने मुलुकको तस्वीर अर्कै खालको देखिन्छ । जसले भन्न पाए उनीहरू काम हुनुपर्छ भनिरहेका छन् । विकास गर्नुपर्छ भनेकै सुनिन्छ । यस्तो भनाइ अहिले मात्र नभइ वर्षौं अघिदेखि चलिआएको छ । विगतदेखि नै सबैले काम छिटो छरितो ढङ्गबाट हुनुपर्छ भनिरहेका छन् । हरेक राजनैतिक नेतृत्वको कुरा सुन्दा पनि उनीहरूमा मुलुक बनाउने हुटहुटी रहेको नै देखिन्छ । प्रशासनिक नेतृत्वले पनि मुलुकमा सुशासन ल्याउने कुरा गरेकै सुनिन्छ । कुनै एक स्थानमा अरूको मुखबाट मुलुक बनाउने कुरा सुनिरहेको व्यक्ति अर्को स्थानमा पुगेर अरूलाई मुलुक बनाउने कुरा सुनाइरहेको हुन्छ । तर पनि यहाँ काममा ढिलासुस्ती किन हुन्छ त ? भनिएअनुसार काम किन भइरहेको छैन त ? यहाँ निर्णयकर्ताले नै विकास र सुशासनको कुरा गरिरहँदा पनि स्वयंमा अपेक्षा बमोजिम सुधार किन नभएको होला ? नागरिकका काम किन हुन नसकेका होलान् ?

माथि नै भनिसकियो कि यो काम हुने वा नहुने र सुधार गर्ने जस्ता कुरा आज आएर मात्र सुनिएको पनि होइन । दशकौंदेखि यस्ता कुराहरू सुन्ने र सुनाउने क्रमको निरन्तरता छ । कुरा गर्नेहरूको भाष्य सुन्दा यो सुधारका लागि हरेक सार्वजनिक पद धारण गरेका व्यक्ति एवम् नागरिकमा उत्कट चाहना छ । तर त्यो चाहना व्यवहारमा किन परिवर्तन नभएको होला त ? चाहना हुँदाहुँदै पनि काम गर्न केले रोकेको होला त ?

**कामका लागि सक्षम र सबल प्रणालीको आवश्यकता**

काम हुनका लागि धेरै पक्षमा अनुकूलता चाहिन्छ वा तीनलाई अनुकूल बनाउनु पर्छ । यसका लागि व्यवस्थापन अन्तर्गत धेरै सिद्धान्त प्रतिपादन भएका छन् । यस आलेखमा ती सबैमा चर्चा गर्न सम्भव नभएको हुनाले कुनै पनि काम प्रभावकारी ढंगबाट सम्पन्न हुनका लागि चाहिने सबल र सक्षम

प्रणालीका बारेमा चर्चा गर्न खोजिएको छ । जबसम्म सुदृढ प्रणाली बनाइँदैन, तबसम्म काम प्रभावकारी रूपमा हुन सम्भव छैन । चाहना हुँदाहुँदै पनि हामीकहाँ काम नहुनुका पछाडि यहि प्रणालीको अभाव हो कि ? अथवा भएको प्रणाली समयानुकूल नभएको वा सक्षम नभएर यस्तो भएको पो हो कि ? मेनेजमेन्टमा कम्प्लेक्सीटी थ्योरी छ, जसको भाव हुन्छ - कुनै पनि सिस्टम वा सबै सिस्टमले के कस्तो काम गर्छन भन्ने विषय आफैँमा अनिश्चित र अनुमान बाहिर हुनसक्छ । बीसौं शताब्दिको मध्यसमय भन्दा पछिको दशकतिर यस अवधारणा विकसित भएको मानिन्छ । प्रिगोजिन, लोरेन्ज एवम् लामार्कजस्ता दार्शनिकहरूको पक्षमा योगदान रहेको मानिन्छ । भोलि यसरी गर्छु भनिएको काम सोहि शैया र प्रकृया बमोजिम नहुनसक्छ । किनकी भोलि न त्यो पनि अनिश्चयपूर्ण र अनुमान बाहिर हुन्छ नै । हरेक भोलि अनुमान गरे अनुसार नहुन पनि सक्छ । धेरै विषयमा पूर्वानुमान गर्न सकिने साधन र औजार बनिरहेको समयमा यस्तो कसरी हुन्छ भन्न सकिएला ? तर भोलीका लागि गरिने हरेक पूर्वानुमान अनुमान बाहिर र अनिश्चयपूर्ण नै हुन्छ भने केही मात्रा मिलेको देखिए तापनि । यो अहिले हामी बाँचि रहेको समय हो । हामी अहिले अत्यन्त कम्प्लेक्स सिस्टममा बाँचिरहेका छौं । सक्षम प्रणाली भएको स्थानमा त भोलिका दिन अनिश्चयपूर्ण र पूर्वानुमानभन्दा बाहिर हुनसक्छन् भने कमजोर प्रणाली भएको स्थानको अवस्था कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ ।

प्रविधि र यातायातमा आएको परिवर्तनले मानिसको बीचमा अन्तरक्रिया सहज बनाइदिएको छ । त्यसकाले भौतिक वा अभौतिकरूपमा भए पनि एकापसमा ठोक्किन सक्ने बनाइदिएको छ । समाजका हरेक सिस्टम र सब सिस्टमहरू एक आपसमा अन्तरक्रिया गर्न सक्ने अवस्था सृजना गरिदिएको छ । सामाजिक सञ्जालका साधनहरूले सूचनाको पहुँचमा बाढीजस्तो ल्याएको छ । मोबाइल खोल्नासाथ सूचनाहरू ड्वाङड्वाङ्ती आउने अवस्था छ । यसरी आजको दिनमा हरेक समाज र मुलुकको सिस्टम र सब सिस्टम त्यहीभित्र मात्र नभएर बाहिरका सिस्टम र सबसिस्टमसँग पनि अन्तरक्रिया गर्न सक्ने परिस्थिति बनिरहेको छ । विविध विचारहरू एकआपसमा ठोक्किइरहेका छन् । एउटा तत्व अर्को तत्त्वसँग जुधिरहेको छ । यसमा ठूलासँग ठूलामात्र होइन कि ठूला र साना बीच पनि जुध्ने र जुधाउने काम भइरहेको छ । यी सबैको नतिजा भनेको समाजमा वा सिस्टम वा सबसिस्टममा नसोचेको विचार, अवस्था वा परिस्थिति सृजना हुनु हो । यो कुनै पनि बेला हुनसक्छ जसको सोझो असर भइरहेको काम र यसका प्रक्रियामा पर्नेछ ।

हाम्रो सामाजिक र सार्वजनिक सन्दर्भमा मात्र नभएर ठिक यहि अवस्था हाम्रो वैयक्तिक सन्दर्भमा पनि लागु हुन सक्छ । यहाँ हरेकले गरेको काम, कुरा, विचार अर्कोसँग ठोकिइरहेको छ । यसरी एकआपसमा ठोक्किने बीचमा सबै समान स्वभाव वा खालका मात्र हुन्छन भन्ने नहुन सक्छ । यीनमा प्रशस्त मात्रामा विरोधाभास पनि हुनसक्छन् । कुनै पनि सन्दर्भसँग नमिल्ने खालका पनि हुनसक्छन् । यी समान र विरोधाभासी विचारका बीचमा हुने र भइरहने अन्तरक्रियाबाट नसोचेको अर्को नयाँ अवस्था सृजना हुन पनि सक्छ, यस कम्प्लेक्सिटी सिद्धान्तको सन्दर्भमा ।

समाजमा काम गर्ने भनेकै प्रणालीले हो । यसलाई समयानुकूल बनाउन सकेमा यो आफैमा समायोजित भई सेवा प्रवाह गर्न सक्छ । सक्षम प्रणाली पनि समयानुकूल समायोजित हुन नसके काम नलाग्ने हुनसक्छ । त्यहि भएर अहिलेका दिनका लागि आफ्ना सबल र सक्षम एवम् नयाँ परिस्थितिसँग समायोजित हुन सक्ने प्रणाली बनाउनुको विकल्प छैन । हामी आफै मनन् गरौं कि हामीकहाँ के कस्तो प्रणाली छेको छ ? कतै हामीले प्रणाली बनाउने वा त्यसलाई सबल बनाउने भन्दा पनि नमानेर झन कमजोर त बनाएका छैनौ ?

सबल प्रणाली भएको स्थान र सन्दर्भमा त माथिको अवधारणा अनुसार नयाँ परिवेश सृजना हुन सक्छ । अझ प्रणाली कमजोर भएको स्थानमा के कस्तो अवस्था सृजना होला ? अथवा भइरहेको होला ? जबसम्म सक्षम र सबल प्रणाली बन्दैन तहाँ त सामान्य अनुमान गर्न सक्ने आधार पनि बन्दैन । यस्तो अवस्थामा काम प्रणालीको आधारमा भन्दा पनि व्यक्तिगत सोच र क्षमतामा हुन्छ जसले अझ जोखिम ल्याउन सक्ने सम्भावना रहन्छ । किनकी व्यक्ति परिवर्तन हुनासाथ संस्थागत सुझाइले निरन्तरता पाउन नसक्ने भएकोले हरेक पटक नयाँ काम भइरहेको भान्न बन्दछ । यस क्रममा भएको स्रोत साधनको दोहोरो प्रयोग हुनेमात्र होइन कि जनशक्ति पनि पोख्ने अनि त्यसैलाई उठाउने खालका काममा व्यस्त भइरहनुपर्छ ।

प्रणाली नभएको स्थानमा एउटा व्यक्ति आउदा एकढंगले काम हुन्छ भने अर्को व्यक्ति आएपछि फरक ढंगबाट काम हुनसक्छ । तर प्रणाली बसेपछि व्यक्ति परिवर्तन हुँदैमा काम गर्ने तौरतरिकामा खासै फरकपना आउँदैन । किनकी सबैलाई उक्त प्रणालीले बाँधेको हुन्छ । हामीले प्रणाली बसाल्ने काम गरेका छौं छैनौं भन्ने लेखाजोखा गर्नका लागि म पछि आउने जो कोहिले पनि मैले गरेको कामलाई निरन्तरता दिन्छ होला कि दिदैन होला भनेर सोच्ने मात्र पुग्छ । साथै प्रणालीका लागि केहि मूल्य मान्यता पनि छन जसलाई प्रयोग गर्नुपर्छ ।

**हामीले प्रणालीलाई कति बलियो बनाएका छौं त ?**

चाहना भएर पनि काम किन भइरहेको छैन त भन्ने माथि दिइएको सन्दर्भमा पुन जाऔं । एकपटक सोचौं, हाम्रो ध्यान प्रणाली बसाल्नमा गयो कि व्यक्ति केन्द्रित भयो ? सधैंभर काम गरौं भन्ने हुटहुटी रहँदा रहँदै पनि कतै काम नहुनुमा यहि प्रणाली नबसेर हो कि ? यसमा सोचौं, अब खोजि गरौं । एउटा उदाहरण हेरौं । नेपालको संविधानमा सङ्घीय सरकारले जेठ १५ मा बजेट ल्याउनु पर्ने प्रावधान राखियो । यसैगरी असार महिनाको १ गतेभित्र प्रदेशले र असार १० गतेभित्र स्थानीयले बजेट ल्याउने प्रावधान कानूनमा राखियो । संविधान जारी भएपश्चात संघीय तहमा यस प्रावधान पूर्ण रूपमा कार्यान्वयनमा आएको छ । तर प्रदेश र स्थानीय तहमा केहि अपवाद बाहेक पनि धेरै मात्रामा यहि समयभित्र बजेट आएको छ । यहाँ संविधान र कानूनमा लेखेको हुनाले यो सम्भव भएको हो । प्रणाली भए सबैले मान्नु परेको हो ।

अब प्रश्न उठ्न सक्छ, के गर्नुपर्ने हरेक कामलाई यसरी संविधान र कानूनमा व्यवस्था गर्न सकिन्छ त ? गर्नुपर्ने काम र समय सीमालाई कहिँ न कहिँ लेख्नुपर्छ । सबैको बुझाइमा एकरूपता ल्याउन पनि लेख्नुपर्छ । यसरी लेखिएको कुरालाई पालना गर्दै गएपछि यो आफैंमा कल्चर वा संस्कृति बन्छ, अनि नलेखेरा पनि काम हुनसक्छ । समाज विकासको क्रममा यस्तो चरण सबैले पुरा गर्नुपर्छ । हाम्रो सोच र कार्यशैली हेर्दा अहिले सबैकुरा लेख्नैपर्छ जस्तो देखिन्छ, प्रणाली बसाल्नका लागि भए पनि ।

प्रणाली बसाल्नका लागि एकै पटक ठूलै काम गर्नुपर्छ भन्ने पनि छैन । साना साना कामहरू गर्दै गएपछि प्रणाली बन्दै जान्छ । उदाहरणका लागि हेरौं । हाम्रा बैठकहरू समयमा भएनन् भनिन्छ । हामी आफैं बैठक समयमै नगर्ने अनि भएन भन्ने पनि हामी आफैं । गर्नुपर्ने काम समयमै नगर्ने अनि नेपाली समय भन्ने पनि हामी आफैं । बैठकमा एजेन्डा केन्द्रित भई छलफल नगर्ने अनि बैठक लामो भयो भन्ने पनि हामी नै । अध्ययन र तयारी गरेर बैठक नगर्ने हामी, अनि बैठक अनावश्यक भए वा प्रभावकारी भएनन् भन्ने पनि हामी नै । हामीमध्ये अधिक त यस्तै प्रणालीमा अभ्यस्त भइसक्यौं । कहिले यसमा सुधार गरेका पनि छनू । बैठकका बारेमा हामीले विधि प्रक्रिया बनाएका छैनौं । कानून वा विधिमा नलेखे पछि यस्ता कार्यहरू व्यवहारमा भएनन् नै भए, जुन अहिले हामी सबैले भोगेका छौं ।

माथि दिइएका बैठकसम्बन्धी समयपालना र विषयकेन्द्रित छलफल गर्नका लागि सबैभन्दा पहिला गर्नुपर्ने वा पालना गर्नुपर्ने कार्यहरूमा चेकलिस्ट बनाएर निर्णय गर्नुपर्‍यो । अनि त्यसलाई सबैले पालना गर्नु पर्‍यो । यदि बैठक सम्बन्धमा हामीले यी विषयहरू पालना गर्‍यौं र गरायौं भने बैठक सम्बन्धमा एउटा प्रणाली बन्छ । व्यक्ति परिवर्तन भए पनि यही प्रणालीले सबैलाई निर्देशित गरिरहन्छ । अनि यसमा सबैको संस्कृति बन्न थाल्छ । यहाँ गर्नुपर्ने यस्ता ससाना कामको सूची लामो बन्न सक्छ । हामी त ठूला ठूला कुरा गर्नमा अभ्यस्त भयौं तर यहाँ गर्नुपर्ने कामहरू साना साना पनि छन् है । यस्ता हरेक काममा प्रणाली बसाल्ने बारेमा सोचौं ।
तलदेखि माथिसम्मका सबैले प्रणाली बसाल्न प्रयास नगर्ने, अनि काम भएन वा काम प्रभावकारी भएन भनेर अरूलाई मात्र गाली गरेर पुग्छ त ? हरेक नेतृत्व तहमा बस्नेले एकपटक सोचौं त, के हामीले गरेका काम प्रणाली बस्ने खालका छन् त ? कि कतै हामी आत्म केन्द्रित काममा रमाएका छौं ? यो आत्मकेन्द्रित काममा रमाउने कार्यले आफू मात्र ठिक, आफूले गरेका काम मात्र ठिक, अरू बेठिक वा अरूले ठिक काम गरिरहेका छैनन् भन्ने मात्र भाष्य निर्माण गर्दछ । अहिले हामीकहाँ यो मात्रामा भएको पनि थाहै हो ।

प्रणाली बनाउन र पालना गर्नका लागि हामी सबै अनुशासनमा बस्नु पर्दछ । हरेक कामका सन्दर्भमा अनुशासन पालना गर्नुपर्दछ । व्यक्ति अति माथिल्लो तहमा पुग्छ वा प्रमोसन हुँदै जान्छ, उसले

अनुशासनको पालनामा अझ बढी मात्रामा ध्यान दिनुपर्छ । अझ यस अवस्थामा त स्वअनुशासन चाहिन्छ । व्यक्तिको यहि स्वअनुशासनले आफ्ना कार्यहरू निर्देशित हुनुपर्दछ । प्रकृतिका नियमहरूमा रहने अनुशासन जस्तो । हरेक इकोसिस्टममा फरक फरक तत्वले स्वअनुशासनमा रहेर काम गरिरहेका हुन्छन् । हामीकहाँ पनि यहि चाहिन्छ । यसका लागि विधि र प्रकृयाले पनि सहयोग गर्न सक्छ । अब प्रश्न उठ्न सक्छ । एकपटक बनाएको प्रणाली सधैँ पालना गर्न मिल्छ त ? वा सधैँ पुरानै प्रणाली मान्नुपर्छ भन्ने छ त ? मानिसले बनाएको प्रणालीमा समयानुकुल परिवर्तन चाहिन्छ नै । जब बदल्ने समय आउँछ, त्यस बेला नयाँ प्रणाली बनाएर जानुपर्छ अनि त्यसलाई इमान्दारितापूर्वक पालना गर्नु पर्छ । सुधारका लागि सबैले शुरुमा प्रणालीकै बारेमा चिन्तन गर्नुपर्छ । जब नयाँ प्रणालीको जन्म हुन्छ, त्यसमा सम्बद्ध पक्ष सबै मिलेर बलियो बनाउनेतर्फ लाग्नुपर्छ । प्रणाली बलियो भएपछि यो आफै स्वचालित जस्तो बन्न पुग्छ । त्यसै गौण, प्रणाली बलियो भन्ने सोच लिइ सोलाइ कार्यान्वयन नगर्दासम्म काम नहुन स्वभाविकै हो ।

**अब गर्ने के त ?**

के सोच्ने यो देशको भविष्य छैन त ? के हामी ओह्रालो लागेकै हौं त ? सूचकहरूले त्यस्तो पनि भनेका छैनन् । तर समयानुकुल सेवा प्रवाहमा सुधार हुन नसकेको चाहि पक्कै हो । यसका साथै सेवाको स्तरीयतामा पनि प्रश्न चिह्न छ नै । जसोगरी मुलुक हामी आफैंले बनाउने हो । कामका सन्दर्भमा भएका कमीकमजोरी सुधारेर अगाडिको बाटो तय गर्ने हामी आफैंले हो । मुलुक बन्ने गति ढिलो भएको होला तर उल्टो यात्रामा चाहि छैनौं । गति बढाउनु पर्छ, भएको प्रणाली बलियो बनाउने र आवश्यक भएका स्थान नयाँ बनाएर जानुपर्छ । सुधारको गति बढाउने पर्नेछ । साथै नै भनिसकियो कि छिटो छरितो ढङ्गबाट काम गर्नका लागि धेरै कुरा चाहिन्छ । यस लेखमा ती सबैको चर्चा गर्न सम्भव छिएन । तीमध्ये प्रणाली बसाल्ने वा बनाउने काम मात्र गर्न सके पनि अहिलेकै स्रोतसाधन र जनशक्तिबाट धेरै काम गर्न सकिन्छ वा काम हुन्छ । थप स्रोत नलगाइकन पनि हाम्रा आदत एवम् बानी व्यहोरामा परिवर्तन गरी कामसँग प्रविधिलाई जोडेर धेरै काम गर्न सकिन्छ । तर यसका लागि प्रणाली बलियो बनाउने र नयाँ प्रणाली बनाइ त्यसलाई थप बलियो बनाउने काममा लाग्नुपर्छ । अनि काम हुनुका साथै सेवा प्रवाह छिटो छरितो ढङ्गबाट हुनसक्छ । नागरिकमा हाल देखिएको असन्तोष समयमै सम्बोधन गर्न नसकिने अवस्थाको पनि छैन । नागरिकले त सेवा प्रवाहमा सुधार गर । भनसुन नगरिकन हुनसक्ने काम छिटो हुन सकोस् । कानुनहरू समयानुकुल रूपमा सुधार गरी नागरिकका समस्या सम्बोधन हुन सकून् भन्ने न हो । प्रणाली बसालेर काम गर्दा सबैको चित्त बुझ्छ । नमिल्ने काम भए यो कारणले नमिल्ने रहेछ भनेर चित्त बुझाउन सक्छ । यस्ता साना काम पनि गर्न सकिएन भने नागरिकको असन्तोष यतिमै सिमित नरही अझ बढ्न पनि सक्छ ।

नागरिकको असन्तोषमा आफ्नो मतलब नगर्नन् भन्नका लागि पनि प्रणालीमा रहि काम गर्ने संस्कृति

चाहिन्छ । कुनै काम हुँदा यसकारण भयो र नहुँदा यस कारण हुन सकेन भनेर जवाफ दिन सक्नु पर्छ । यो जवाफ सबैले दिन सक्नुपर्छ । यसका लागि पनि बलियो प्रणालि चाहिन्छ । युरोपमा १९ औं शताब्दीतिर भ्यागुतोमा गरिएको परीक्षणबाट "बोइलिङ फ्रग" भन्ने भनाइ खुब चर्चित छ । यसलाई धेरै पटक परिक्षण पनि गरिएको थियो मानिन्छ । भ्यागुतालाई उम्लिरहेको तातो पानीमा राख्दा उक्त भ्यागुतो तत्काल उफ्रेर पानीको भाँडोबाट बाहिर आउँछ । तर चिसो पानीको भाँडोमा भ्यागुतो राखेर बिस्तारै भाँडो तताउँदा उक्त भ्यागुतो त्यही भाँडोमा प्रतिक्रिया नजनाइकन बस्छ र अन्तमा मर्छ भन्ने गरिन्छ । नागरिकले कतिपय घटनामा तत्काल प्रतिक्रिया जनाउने गर्छन् भने कतिपय घटनामा त्यस्तो गर्दैनन् भन्ने त्यस कार्यले अरुहरूलाई हानि नै किन नगरोस् । नागरिकले प्रतिक्रिया जनाए कि जनाएनन् भनेर काम गर्ने होइन कि हरेक काम प्रणालीमा आबद्ध भएर गर्न सक्नुपर्छ । जिनको सार्वजनिक पद धारण गरेका सबै कामका लागि उत्तिकै मात्रामा जिम्मेवार हुनुपर्छ । गरेका कामका बारेमा अरूलाई देखाउने होइन कि आफैंले जवाफ दिन सक्नुपर्छ, जसका लागि पनि सबल र सक्षम प्रणाली चाहिन्छ ।

हरेक व्यक्ति र निकायले आफूले गर्ने काममा सुधार ल्याउनका लागि प्रणाली बसाल्ने काममा ध्यान दिनुपर्छ । यसो गर्न सकियो भने यहि स्रोत र साधनबाट सुधार गर्न सम्भव छ । यसका लागि व्यक्ति गौण र प्रणाली मुख्य सोचको विकास र कार्यान्वयन हुनु आवश्यक छ ।

## साक्षरता शिक्षा: भ्यागुते गतिमै रमाउने कि फड्को हान्ने ?

प्रा. डा. विद्यानाथ कोइराला
त्रिभुवन विश्व विद्यालय कीर्तिपुर काठमाडौं

**हाम्रो विधिको लागत पनि खोज्ने कि ?**

क, ख, ग, घ भनेर पढ्नेले शारीरिक उर्जा र ब्रह्मउर्जा (Cosmic energy/consicience) को सहसम्बन्ध जोडेर पढे । त्यसलाई उर्जीय सहसम्बन्ध (Energy/conscience connection) बुझेर पढे । बुझाएरै पढाए । पैले कपुरी क । आँखे ख । गाई गोडे ग । घर जस्तो घ भनेर पढे । यो सादृश्यता (Analogical) विधिको पढाइ थियो । कपुर जस्तो क । आँखा जस्तो ख । गाईको गोडा जस्तो ग । घरको चर्पीट जस्तो घ । म पछिका पुस्ताले क कमल भनेर पढे । ख खरायो भनेर पढे । अर्थात तिनले वस्तु चिनेर पढे । क पनि पढे । कसँग जोडिएको वस्तु पनि चिने । अर्को शब्दमा भन्दा अक्षर वस्तु चिनेर विधि (Relational) को प्रयोग गरे । काम क भनेर पढ्नेले गरेको काममा पढाइ जोडे । पाउलो फ्रेरेको शब्दमा रैथाने काममा सिकाइ (Generative) । यसबाट एउटा संवादी समाधान जन्मियो । विधि कुन ठीक हो भन्ने संवाद गौण हो । कसलाई कुन विधि ठीक लाग्छ भन्ने प्रश्न प्रमुख हो । यो कुरा स्वीकार्नाले विधि शिक्षकको हुन्न भन्ने जानकारी दिन्छ । सिकारुको हुन्छ भन्ने तथ्य साबित गर्छ । । यो तरिकाले सोच्ने हो भने बहुविधिबारे शिक्षक तयारी गर्नुपर्छ । हामी भने एकल विधिमै छौं । जसरी पढाए पनि पढ्न लगाए पनि पढेर कुरा चाहिन्छ भन्ने चिन्तन नै गोजेनौं कि ?

तिलकाले क, कान्लानी का, बाबा भाजा कि, दाहिने की भनेर अघिल्ला पुस्ताले पढे । त्यसलाई हामीले बिर्सिएछौं । पनि कुरा बिर्सेदा हामी ह्रस्व र दीर्घ नजान्ने बनेछौं । वैदिक शब्दावलीमा शिक्षा जानेनछौं । आवाजलाई सही ढंगमा उच्चारण गर्ने बताउने विधा । वेद पढ्नेले हात हल्लाएको देखेर किन हल्लाएछन भनी नसोध्ने हामी । घोडाको पुच्छरसँग जोडेर जवाफ दिने पण्डित तथा गुरु पुरोहित । यसरी गोडिने हो भने मात्र भाषा लाग्छ-त्यो त शुद्ध लेख्न सिकाउने सिकाइ समाहित कला पो रहेछ । यसोभन्दा हामी देह अस्कालो पनि हुन्छौं । पश्चगामी चिन्तन भन्न सक्से । अग्रगामी चिन्तन भनेर विद्यालयलाई विद्यालय पढाउनेहरू जस्ता । लेखाउनेहरू जस्ता । यही ठीक हो भनी सही मान्नेहरू जस्ता । त्यसलाई स्वीकार्ने फरमान जारीगर्नेहरू जस्ता । अर्थात योग्य, लेख्य, र पाठ्यको भेद नबुझ्नेहरू । सिकाइ भाषा तथा पढाइ भाषा नबुझी नबुझाई किताब लेख्नेहरू । लेखाउनेहरू । पुर्खाको गहन सोचमा खोट मात्र खोज्नेहरू । काम, पानी भन्दा ह्रस्व र दीर्घको बोध कहाँ जोडने होला भनी नसोचिनेहरू । ऋ, लृ जस्ता अक्षर नपढाउँदा पुर्खाको ज्ञानमाथि धावा बोल्यौं कि भनी नसोच्नेहरू ।

**अक्षर चिन्ने कि पढ्ने कला जान्ने ?**

पढ्ने कला हो । पुर्खाले यो कुरा सिकाएका थिए । भैंसी चिन्न जोत, सिङ, छाला, कन्चीढो पढ्ने । केटी हेर्न जाँदा स्वभाव, बोली, हिंडाइ एकसाथ पढ्ने । खेती हेर्न जाँदा, मल, बीउ, रोग, उत्पादन, र बजार एकसाथ पढ्ने । यो हाम्रा दैनिकी थिए । साक्षरता कक्षामा पढ्दा हामीले आफ्ना कुरा जोड्थ्यौं । पराइका कुरा जोड्थ्यौं । अर्थात हामी पूर्णतामा सोच्दै रहेथ्यौं (Whole to part) । क्लस्टर छनौट विधिलाई दैनिकी बनाउँदा रहेथ्यौं । तर साक्षरता शिक्षा दिंदा भने पढ्ने, लेख्ने र गर्ने कुरा छुट्याउने रहेथ्यौं । क्लस्टर छनौट विधिलाई विलासिताको दिशा रहेथ्यौं । यसोगर्दा हाम्रा स्वभाविक जिज्ञासामा आधारित शिक्षण हुने रहेछन । हामी सिप भनिने या तालीम दिनेहरू विषयमा मात्र केन्द्रित बनाउन खोज्दा रहेथ्यौं । समाजशास्त्रीय शब्दावलीभन्दा हामी घर, गाई, खेत, नाता तथा पढाइबारे एकसाथ सोच्ने रहेथ्यौं । बेला बेलामा सम्बन्धित विषय पनि जोड्ने रहेथ्यौं । हाम्रा अनौपचारिक शिक्षाका तालीमले सोझै विषयमा हाल्ने रहेछ । कामबाट क पढ भन्ने । कामका कुरा गरेर क पढाउन खोज्ने ।

हामी देवनागरी अक्षर पढ्थ्यौं । ती अक्षरहरू त शरीर ऊर्जाका बिन्दुसँग जोडिने रहेछन । हामी रोमन अक्षरको अभ्यास गर्दा रहेथ्यौं । यस अर्थमा हामी महादेवको डमरुको नादलाई भुल्दा रहेथ्यौं । अनि क चाहिन्न । लृ चाहिन्न । ॐ चाहिन्न भन्ने रहेथ्यौं । यस अर्थमा पाणिनी बिर्सिने रहेथ्यौं । चोम्स्की र फ्रेरे घोक्ने रहेथ्यौं । आधुनिकताको नाममा सर्वनाशी भएथ्यौं । यसको अर्थ हो –हाम्रा अभ्यासहरूमा आयातीत सोच मिलाएमा हामी प्रगतिगामी भनिने थियौं । आफ्नोपना छोड्दा अगतिगामी पो भएथ्यौं ।

**जेमा पनि पढ्ने कि किताबै खोज्ने ?**

ठेकी देख्नेले गणित त्यसमै पढ्न सक्थ्यो । विज्ञान त्यहीं खोज्न सक्थ्यो । देख्न सक्थ्यो । सामाजिक त्यहीं थियो । भाषा त्यहीं थियो । सिर्जना त्यहीं थियो । नवीनता त्यहीं थियो । समालोचना गर्ने कुरा पनि त्यहीं थियो । बजारको जानकारी त्यहीं थियो । यस अर्थमा ठेकीमै स्टिम (STEAM) भन्दा माथिको पढाइ छ । यसरी पढ्ने कला सिकाउने र त्यसैबारे लेखाउने हो भने फ्रेरेले सोचेकोभन्दा पनि धेरै व्यावहारिक पढाइ हुने थियो । उनको पेडागोगी अफ होप नपढे पनि हुने थियो । पेडागोगी अफ ओप्रेस्डले मान्छेलाई विद्रोही मात्र बनायो भन्नुपर्ने पो रहेछ । यो कला सिकाउने हो भने हामी बिना किताबका बिज्ञ बन्न सक्थ्यौं । तर हामीले यो अभ्यास नै गरेनौं । फेमिली लिटरेसी भन्दा पनि । व्यक्तिगत साक्षरता (Individual literacy) भन्दा पनि । तर हामीले भने सामाजिक साक्षरता (Social literacy) लाई मात्र ब्रह्म ठान्यौं । सामूहिकता । सशक्तिकरण । यिनै शब्दावली मात्र रट्यौं । यो सोच बन्नासाथ हामी जेमा पनि पढ्न सक्छौं । एक्काइसौं शताब्दीको २१० सिपको

पढाइ भनेको यही हो । जेमा पनि पढ्ने । जहिले पनि पढ्ने । जोसुकैसँग पनि पढ्ने । यो तरिकाले शिक्षण संस्था माग्दैन । शिक्षक माग्दैन । बरु संस्कार माग्छ । नेपालीहरू अनौपचारिक रूपमा प्रश्न गर्छौं । घर कता हो ? किन आउनु भयो ? के गर्नुहुन्छ ? यी र यस्ता प्रश्नमा पढाइ जोड्न सकिन्थ्यो । हामी चाहिं आगतातिर्नै बस्यौं । आधुनिक प्रविधिमा जोडे पनि । किताबमा जोडे पनि । परम्परागत प्रविधिमा जोडे पनि ।

**वर्तमान अभ्यासको आलोचना के छ ?**

आलोचकहरूले भनेका छन् कि नेपालको साक्षरता शिक्षा कार्यक्रम बनेको छ । संघीय सरकारको कार्यक्रम । संविधानले भनेकोभन्दा विपरीत । यस अर्थमा हामीसँग स्थानीय निकाय छ । तह छैन । स्थानीय एकाइ छ । स्थानीय सरकार छैन । अधिकार केन्द्रीकरणको अभ्यास छ । विकेन्द्रीकरणको व्यवहार छैन । केन्द्रीय सामग्रीको बोलबाला छ । स्थानीय सामग्रीको उभार भएको छैन । छिटफुट रूपमा भएकालाई पनि संस्थागत सम्झना (Institutional memory) का रूपमा संग्रहित गरिएको देखिँदैन । त्यसैले त साक्षरता कक्षाका लागि परिचालित व्यक्तिहरूको रोष्टर बनाइएको छैन । बने बनाइएका आंशिक रोष्टरका विवरणलाई पनि डिजिटली अद्यावधिक गर्ने प्रबन्ध गरिएको छैन । त्यसै हालत साक्षर हुनेहरूको पनि छ । कुन साक्षरले कुन खाले साक्षरोत्तर सीप चाहन्छ ? कसले के चाहन्छ भन्ने कुराको जानकारी दिने व्यवस्था पनि छैन । को दोहोरिएर पढ्न आयो ? कसले एक पटक पनि पढेन ? यस्ता कुराको पटके जानकारी मात्र छ । त्यसलाई अद्यावधिक भने गरिएको छैन । न त शिक्षाको वातावरणीकरण (Literalization) गरिएको छैन । बजारीकरणबाट भएका अक्षरीकरणहरूमा पढ्ने तथा पढाउने संस्कार पनि बनेको छैन । नुन, पेय पदार्थ, खाद्य पदार्थ, ग्यास सिलिण्डर, चुरोट, रक्सी आदिमा भएका जानकारीहरू हेर्ने अभ्यास पनि छैन । मिति हेर्ने आदत पनि छैन । बनमा उत्पादन गरिएका रूखको बारेमा पनि जानकारी लिने गरिएको छैन । तेस्रो उमेरको विश्वविद्यालय (University of third age) लाई पनि संस्थागत गरिएको छैन । मासिक भत्ता पाएका व्यक्तिलाई उपयोग गरी निरन्तर शिक्षा वा साक्षरोत्तर शिक्षा दिने अभ्यासलाई व्यवहारमा उतारिएको छैन ।

**भोलि के गर्न होला ?**

हिजो दोहोर्याउने एउटा अभ्यास हो । पुनरोत्पादन । हिजोबाट सिकेर अघि बढ्नु दोस्रो अभ्यास हो । अग्रगामी सोच । कार्य । हामी भने हिजोलाई दोहोर्याउनमै अभ्यस्त छौं । त्यसैले अभियानकै कुरा गर्छौं । बाजा बजाउने र फोटो खिच्नमै समय खर्चेर थाक्छौं । यो कुरालाई बदल्ने तरीका के होला भनी गर्दैनौं । गर्ने पहिलो बाटो मधेशका पुराना घरमा भेटिन्छ । थारूको घरका भित्तामा तस्वीर छन् । मुस्लिमका घरका भित्तामा पनि तस्वीर छन् । ती तस्वीरमा अक्षर छैनन् । अक्षर जोडिदिए साक्षर भित्ता बन्छन् । यसका लागि केही बढ्ता इन्तजाम भए पुग्छ । लेख्न स्थानीय विद्यार्थीलाई लगाए हुन्छ । सिर्जनात्मक पाठ्य यसका केन्द्र हुनसक्छन् । सिकाइ केन्द्र । दोस्रो बाटो त्यहाँको सिकाइमा हुन्छ ।

**राजनीति । कूटनीति । तिकडमबाजी ।**

नेपालले साक्षरताका १८ सूचक बनाएको छ । पहिलो सूचकले भन्छ –निरक्षरहरूले अक्षरहरू चिन्नु पर्छ । यसका लागि बुद्धि बाटले हुन्छ । हिजोको बुझाइमा अक्षरहरू किताबमा पढ्नुपर्छ भन्ने थियो । अहिले त ती अक्षरहरू पत्रमा लेख्ने हुन्छ । नदी किनारका ढुङ्गामा लेख्ने हुन्छ । एकल भाषी अक्षर लेख्ने पनि हुन्छ । बहुभाषी अक्षर लेख्ने पनि हुन्छ । स्थानीय पालिकामा बोलिने भाषाका लिपिहरू लेखिदिए हुन्छ । देवनागरी र रोमन अक्षर मात्र लेखिदिए पनि हुन्छ । यो काम धार्मिको पनि हैन । शिक्षालयले गरे पनि हुने । पालिकाले गरे पनि हुने । आ गर्नैपर्ने । दोस्रो सूचकले मूल्य सूची र बिल पढ्ने क्षमता खोज्छ । स्थानीय बजारको मूल्यसूची भित्तामा लेखिदिए हुन्छ । जापानीले जस्तो किसानले बेचेको मूल्य राखि । होलसेल मूल्य राखि । खुद्रा मूल्य राखि । यो काम व्यापारीले पनि गर्न सक्छन् । बिल पनि त्यसरी नै भित्तामा लेखिदिए हुन्छ ।

तेस्रो सूचक परिवारको नाम, उमेर आदि लेख्ने र पढ्ने हो । हरेक घरले यो जानकारी राख्न सक्छ । लाहुरेहरूको तरीका यसमा प्रयोग गर्न सकिन्छ । उनीहरूले लाहुर जाँदाको आफ्नो फोटो सगर्व घरको भित्तामा सजाएका छन् । हामीले नाम र उमेर सजाऔंली । बच्चा जन्मिए नाम थप्ने । कोही मरे नाम झिक्ने । उमेर बढदा अद्यावधिक गर्ने । यसो गर्दा पढाइ पनि भयो । लेखाइ पनि भयो । त्यस्तै मोबाइल तथा क्याल्कुलेटरको अङ्क र अक्षर चिन्ने चौथो सूचक हो । यसका लागि डाँडाडाँडामा मोबाइल तथा क्याल्कुलेटरको चित्र लेखिदिए हुन्छ । मोबाइल तथा क्याल्कुलेटर बेच्ने पसले तथा कम्पनीमार्फत यो काम गर्न गराउन सकिन्छ । उनको प्रचार प्रसार हुन्छ । हाम्रा निरक्षरहरूले मोबाइल तथा क्याल्कुलेटरमा साक्षर बन्ने अवसर पाउँछन् ।

० देखि ९ अङ्कसम्म लेख्ने पाँचौं सूचक हो । निरक्षरहरू गन्न सक्छन् । भन्न सक्छन् । लेख्नमा अभ्यस्त छैनन् । त्यसो हुँदा उनीहरूलाई सादृश्यता (Analogy) को नीति उपयोगी हुन्छ । खाता तल राखिएको फलामको बाँदी जस्तो एक । कुकुरको पुच्छर जस्तो सात । नाङ्लो जस्तो सुन्ना । यस्ता सादृश्यता स्थान सापेक्ष हुन्छन् । त्यहींका मान्छेले बनाउन जान्ने । भाषा सापेक्ष हुन्छन् । तिनैले निकाल्न जान्ने । निरक्षरलाई के जस्तो देखिन्छ यो अङ्क भन्नासाथ उनीहरूले नै भन्छन् । साक्षर बनाउन जान्ने व्यक्तिले यो काम आफैं गर्न सक्छ । गराउन सक्छ । छैठौं सूचक एक देखि १०० सम्म गन्न जान्नु हो । यो सबै निरक्षरले जानेका हुन्छन् । चेपाङले एक पोन दुई पोन गर्लान् । तामाङले एक दश दुई दश भन्लान् । बाहुन क्षेत्रीले एकबीस, दुईबीस गर्लान् । मधेशीले एकदेखि सयसम्म नै गन्लान् । यो तरीकालाई साक्षरता शिक्षकले उपयोग गर्न सक्छन् । आ–आफ्नो भाषामा भन । सक्छौ भने सोही भाषाको लिपिमा लेख । नसके देवनागरीमा लेख । रोमनमा लेख ।

लेनदेनको हरहिसाब राख्ने सातौं सूचक हो । मौखिक संस्कृतिका हामी मुखले नै सबै हिसाब गर्छौं । लेख्न जान्दैनौं । जेन जीवालाहरू क्याल्कुलेटर खोज्छन् । यसलेहरू मौखिक तथा क्याल्कुलेटर

चिन्ने पनि छन् । लेख्नका लागि कलम कागज र क्याल्कुलेटर चाहिनेवाला पनि छन् । क्याल्कुलेटर मात्रै भए हुने पनि छन् । यो कुरा साक्षरता शिक्षकले बुझेर काम गर्न गराउन सक्छन् । चित्र, पोष्टर, साइनबोर्ड तथा ट्राफिक संकेत पढ्न सक्नु आठौं सूचक हो । यसका लागि पालिकाहरूले ठाउँ ठाउँमा चित्र कोराउन सक्छन् । घरको चित्र, वडाको नक्सा, अरू जे जे पनि हुनसक्छ । पालिकाले बनाएका बाटामा अहिले साइनपोष्ट छैनन । टोल वा वडाका नाम छैनन् । त्यति गर्नासाथ दोहोरो काम हुन्छ । नयाँ मान्छेले स्थानको जानकारी पाउँछ । निरक्षरले अक्षर चिन्न पाउँछ । साक्षरले पढ्ने कुरा पाउँछ । यो पनि सहज कार्य हो ।

सभा समारोहमा विचार व्यक्त गर्नु नवौं सूचक हो । निरक्षरले नजान्ने भनेको रित हो । सभामा सम्बोधन गर्ने रित । विषयवस्तु राख्ने तरीका । यसका लागि सामान्य अभ्यास गराए हुन्छ । त्यो हो निरक्षरका पेशामा भएका राम्रा अनुभवको खोजी । तीता अनुभवको । सम्भावनाका कुराको । पाउलो फ्रेरेको शब्दमा भोगेका विषय (Generative theme) मा बोल्न लगाउने । औपचारिकताका कुरा नभन्ने । यो काम जसले गराए पनि हुन्छ । जहाँ गराए पनि हुन्छ । भने हुन्छ- आज नमस्कार अनुभव साटासाट गर्ने । थारूको शब्दमा बातचीत गर्ने । मधेशी शब्दमा बतियाउने । गाउँघरको शब्दमा धमेलिचालेको कुरा गर्ने । दशौं सूचक घडी हेरेर समय बताउने बनाउनु हो । सार्वजनिक ठाउँमा घडी राखिदिए पुग्छ । अब, दुई सयमा भित्तेघडी पाइन्छन । सुरक्षा नहोला । चोरी होला । यो समस्या मान्ने हो भने नजीकको पसलेलाई जिम्मा दिए हुन्छ । यसो असको परमा हुन्छ । बिहान दिउँसो सार्वजनिक स्थलमा । यति गर्नासाथ घडी हेर्ने र समय बताउन केही गाह्रो हुँदैन ।

भित्तेपात्रो हेरेर तिथि मिति भन्ने कुरा एघारौं सूचक हो । पालिकाहरूले बनाएको भित्तेपात्रो दिए पनि हुन्छ । सार्वजनिक ठाउँमा मौसमैपिच्छे फेरबदल गर्ने जिम्मामा कसैलाई भित्तेपात्रो लेखाए पनि यो काम हुन्छ । तिथि चाहिनेले तिथि हेर्छन् । बार चाहिनेले बार । पूरापूर जानकारी चाहिनेले पूरापूर कुरा हेर्छन् । यसो गर्नासाथ निरक्षरहरूले पनि यो सीप त्यसै सिक्छन् । आइतबार जनाउन सूर्यको चिन्ह । सोमबार चिन्न चन्द्रमाको चिन्ह । यसरी क्यालेण्डर बनाउने हो भने साक्षरताको यो सूचक सबैले पूरा गर्छन् । चिन्हसँगै क्रमशः अक्षरहरू जोड्छन् । बाह्रौं तथा अन्तिम सूचक बैंक भाउचर तथा चेक भर्ने हो । अनिवार्य बचत अभियान चलाउनासाथ चेक तथा भाउचर भर्ने काम जरूरी हुन्छ । आफैंले भर्नुस त भने पुग्छ । नाम भर्ने । मिति भर्ने । रकम भर्ने । यति न हो । केही पालिकाले अनिवार्य विद्यार्थी बचत अन्तर्गत यो काम गरेका छन् । केहीले बालिका बचत अन्तर्गत यही काम गरेका छन् । स्थानीय बैंक तथा वित्तीय संस्थाको सहयोगमा यो काम गर्न गराउन सकिन्छ । देशमा बचत पनि हुने । बचत गर्ने संस्कार पनि बन्ने । यति गर्नासाथ निरक्षरहरू आफैं सिक्न थाल्छन । जान्दछन् ।

**निचोड**


साक्षरता शिक्षा कार्यक्रम भयो । अभियान भयो । अब यसलाई संस्कृति बनाउनु पर्छ । कार्यक्रम बनाउँदा कर्मचारी लाग्यौं । अभियान बनाउँदा स्थानीय सरकारलाई लगायौं । संस्कृति बनाउन वातावरणलाई साक्षरीकरण गरौं । अहिले मोबाइल संस्कृति बन्दै छ । वाईफाइ सेवा भएका ठाउँहरू अनौपचारिक रूपका स्वस्फूर्त सिकाइ केन्द्रहरू बन्दैछन् । शहरी क्षेत्रमा व्यक्ति व्यक्ति नै सिकाइ केन्द्र बनेको छ । वाइफाइको सीमित उपलब्धता भएको ठाउँमा पनि रैथाने केन्द्र विकसित हुँदैछन् । साइबर केन्द्रहरू बन्दैछन् । यो स्थितिमा प्रविधिजन्य साक्षरता प्लेटफर्म पनि बन्ने संभावना देखिएको छ । नेपाल सरकारका सबै सूचकलाई प्रविधिमा मिलाएर स्वसाक्षरता संस्कृति विकसित हुने अवसर जुटेको छ । त्यतिबेला सम्मका लागि साक्षरताको वातावरणीकरणले काम गर्नसक्छ । गराउन सकिन्छ । अहिलेको डिजिटल प्लेटफर्ममा निरक्षरलाई के दिने ? साक्षरलाई के दिने ? साक्षरोत्तरलाई के दिने ? आजीवन शिक्षावालालाई के दिने ? यो विषयमा मात्र सोच पुर्याए हुन्छ । पौडी खेलमा प्रयोग हुने शब्द टिपेर सोच्ने हो भने, प्रश्न हो– चौकटे हान्ने कि ? ब्यागुते मात्र छाड्ने ? यो त सरकार चलाउनेको मर्जी हो । पैसा छैन भन्ने कि बिना पैसा तथा कम पैसामा चल्ने विकल्पहरूको खोजी गर्ने ? साक्षरता शिक्षाका लागि सोच्नुपर्ने कुरा यति मात्रै हो ।

# बागमती प्रदेश विश्वविद्यालय चुनौती र आगामी कार्यदिशा

प्रा. डा. चन्द्रमणि पौडेल
बागमती प्रदेश विश्वविद्यालय
अध्यक्ष

## परिचय

बागमती प्रदेश विश्वविद्यालय प्रदेश उच्चशिक्षा ऐन, २०७८ बमोजिम प्रदेश सरकारबाट स्थापित सार्वजनिक विश्वविद्यालय हो । यो विश्वविद्यालय बागमती प्रदेश उच्चशिक्षा ऐनअनुसार प्रदेश सरकारबाट स्वीकृत भई जारी भएको बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ द्वारा संचालित एक स्वशासित अविच्छिन्न उत्तराधिकारवाला संस्था हो । प्रदेश उच्चशिक्षा ऐन, २०७८ र आफ्नै विधान बमोजिम यस विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) द्वारा सञ्चालित हुन्छ । बागमती विश्वविद्यालय विधानको प्रस्तावनाले यस विश्वविद्यालयको स्थापनाको उद्देश्य र पठनपाठन हुने विषयहरू बारे दिशानिर्देश गरेको छ । संरक्षक समिति विश्वविद्यालयको सर्वोच्च अंग हो । विश्वविद्यालयको दैनिक प्रशासनिक कार्य संचालनसम्बन्धी निर्णय लिने निकायको रूपमा कार्यकारी परिषद् रहेको छ । यसै विश्वविद्यालयका सबै प्राज्ञिक कार्यको नीतिनिर्माण र कार्यान्वयन गर्ने प्राज्ञिक परिषद्को व्यवस्था ऐन तथा विधानमा गरिएको छ । विश्वविद्यालयको संगठन संरचना यस्तो छ ।



विश्वविद्यालयमा विभिन्न जिम्मेवारीमा पदाधिकारीहरू रहने व्यवस्था छ । जस अनुसार :

क) अध्यक्ष

ख) सेवा आयोगका अध्यक्ष तथा सदस्य

ग) उपकुलपति

घ) डिनहरू

ङ) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू

च) प्राचार्य

**विश्वविद्यालय सेवा आयोग**

विश्वविद्यालयको आवश्यकताअनुसारका शिक्षक तथा कर्मचारीहरू रहने व्यवस्था छ । शिक्षक तथा कर्मचारीहरूको दरबन्दी सेवा तथा सर्तहरू संरक्षक समितिले निर्धारण गरे बमोजिम रहन्छ । शिक्षक तथा कर्मचारीहरूको स्थायी पदपूर्ति गर्ने एक स्वतन्त्र सेवा आयोग रहने व्यवस्था छ । सेवा आयोगले खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट गरी विषयगत शिक्षक तथा कर्मचारीहरू नियुक्तिका लागि सिफारिस गर्दछ । सेवा आयोगको सिफारिस बमोजिम विश्वविद्यालय कार्यकारी परिषद्ले उनीहरूलाई नियुक्त गर्ने व्यवस्था छ ।

**वर्तमान अवस्था**

हामी विश्वविद्यालय स्थापनाको पहिलो वर्षमा छौं । विश्वविद्यालयको आफ्नो जग्गा, भवन र अन्य पूर्वाधारहरू तयार भइसकेका छैनन् । यसका लागि संरक्षक समितिले निर्णयहरू गरी पहल अगाडि बढाएको छ । यसै विश्वविद्यालयका अध्यक्षको नियुक्ति भइसकेको र अन्य पदाधिकारीहरू नियुक्तिको प्रक्रिया अगाडि बढेको छ । आवश्यक कर्मचारीहरूको पदपूर्ति र कार्यालयको स्थापना गर्दै अगाडि बढ्ने निर्णय भएको छ । हाल प्रदेश सामाजिक विकास मन्त्रालय भित्रकै एक सदनमा संरक्षक समितिको कार्यालय सञ्चालित छ ।

नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेको उच्चशिक्षाको जिम्मेवारीलाई पुरा गर्ने उद्देश्यले बागमती प्रदेशको उच्चशिक्षाको जिम्मेवारी लिने गरी यो विश्वविद्यालयले सङ्गठित ढङ्गले प्रदेश सरकार, स्थानीय तहहरू, केन्द्र सरकारका निकायहरू निजी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गर्दै विश्वविद्यालयका कार्यहरू अगाडि बढाउने छ ।

**वर्तमानका चुनौतीहरू**

विश्वविद्यालय स्थापनाको सुरुवाती चरण चुनौतीहरूले भरिपूर्ण छ । बागमती प्रदेश संघीय राजधानी काठमाडौं उपत्यका रहेको प्रदेश हो । यस प्रदेशभित्र संघ सरकारबाट संचालित ५ वटा विश्वविद्यालयहरू छन् । विश्वका नब्बेभन्दा बढी विभिन्न विश्वविद्यालयका कार्यक्रमहरू यहाँ सञ्चालित छन् । यस्तै

अन्य प्रदेशमा केन्द्रीय कार्यालय रहेका विभिन्न विश्वविद्यालयहरूका महत्वपूर्ण कार्यक्रम र कलेजहरू यस प्रदेशमा सञ्चालित छन् । यसैले यस प्रदेशमा उच्चशिक्षाको पहुँचको समस्या छैन । सबैजसो जिल्लामा त्रि.वि.का सामुदायिक कलेजहरू छन् । प्राविधिक र साधारण धारका सबै कार्यक्रमहरूको पठन पाठन यस प्रदेशभित्रै भइरहेका छन् । चिकित्सा शिक्षाका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठान निजी मेडिकल कलेजहरू प्रशस्त रहेका छन् । यसैले नयाँ भन्ने यस बागमती विश्वविद्यालयलाई निम्नानुसारका महत्वपूर्ण चुनौती रहेका छन् ।

१. नयाँ कार्यक्रमको पाठ्यक्रम निर्माण र सञ्चालन
२. आफ्ना कार्यक्रमहरूमा विद्यार्थी आकर्षित गर्ने
३. पूर्वाधारको निर्माण गर्ने
४. कक्षा १२ पछि विद्यार्थी विदेश जाने बढ्दो प्रवृत्ति विरुद्ध प्रदेशभित्रै रोजगारीमूलक र स्वरोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन
५. आर्थिक साधनको जोहो
६. समुदायसँग बलियो सहसम्बन्ध निर्माण
७. दलगत राजनीतिको प्रभावबाट मुक्त राख्नु

**सम्भावनाहरु**

नयाँ विश्वविद्यालय भएकाले यससँग थुप्रै सम्भावनाहरू पनि देखिएका छन् । पुराना विश्वविद्यालयका समस्याहरूबाट सिक्दै सुरुवाती चरणबाटै त्यस्ता समस्याहरूबाट बचाउँदै अगाडी बढ्ने सुविधा यससँग छन् । संघीय राजधानी भएको प्रदेश भएकाले यहाँ कार्यरत विद्वान एवम् विज्ञहरूको सहयोग जुटाउन पनि सहज छ । हेटौंडामा प्रदेश राजधानीको केन्द्रीय कार्यालय रहने हुनाले प्रदेश सरकारसँगको सहकार्यमा सामीप्यता रहने छ । यस विश्वविद्यालयका अगाडी रहेको मुख्य सम्भावनाहरूलाई यसरी राख्न सकिन्छ ।

१. नयाँ विश्वविद्यालय हुनाले छरितो प्रणाली विकास गर्न सकिने ।
२. सुरुदेखि नै सुचना प्रविधिमा आधारित व्यवस्थापन र पठनपाठन गराउन सकिने ।
३. अनुसन्धान र नवप्रवर्तनलाई सुरुदेखि नै जोडेर लैजान सकिने ।
४. बजारको मागअनुसार पाठ्यक्रम निर्माण गरी लागु गर्न सकिने ।
५. सबै भौतिक संरचनाहरू अहिलेको युग सुहाउने बनाउन सकिने ।
६. विभिन्न क्षेत्रका जन-समुदायसँग जोडेर आवश्यकता पहिचान गरी पाठ्यक्रम निर्माण गर्न सकिने ।
७. नेपालमा सञ्चालित नभएका तर विश्वबजारमा माग भएका कार्यक्रमहरू सञ्चालन गर्न सकिने ।

**कठिनाइहरु**

यस विश्वविद्यालयका सामु केही कठिनाइहरु पनि रहेका छन् । नयाँ संरचना निर्माण गर्ने, स्रोत जुटाउनेदेखि विद्यार्थी आकर्षित गर्नेसम्मका कठिनाइहरू रहने देखिन्छ । संघीय राजधानी रहेको प्रदेशभित्र काठमाडौंबाहिरको जिल्लामा खोलिने विश्वविद्यालयलाई प्रस्फुटित गर्न निकै मेहेनत गर्नुपर्ने देखिन्छ । यस विश्वविद्यालयका सामु केही कठिनाइहरू निम्नानुसार रहेका छन्

१. स्रोतको अभाव
२. जग्गाको अभाव
३. नयाँ पाठ्यक्रम निर्माण र सञ्चालन गर्नुपर्ने
४. नयाँ प्रणाली विकास गर्नुपर्ने
५. हेटौंडाजस्तो सानो सहरमा विश्वविद्यालयको महत्व र यसको शैक्षिक आयाम बुझाउँदै जन समर्थन र सहकार्य गर्ने कठिनाइ
६. दलगत राजनैतिक हस्तक्षेपबाट बचाएर लैजानुपर्ने

**आगामी कार्यदिशा**

यस प्रदेशमा उच्चशिक्षामा पहुँच अब समस्याको रूपमा रहेको छैन । गुणात्मक उच्चशिक्षाका लागि प्रतिस्पर्धा आजको वास्तविकता हो । त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय जस्ता स्थापित विश्वविद्यालयहरूसँग गुणस्तर र विषयगत क्षेत्रमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । प्रतिस्पर्धी बन्न नसक्दा विद्यार्थीमा आकर्षण पैदा गर्न सकिन्न । विद्यार्थी विदेश जाने बढ्दो प्रवृत्तिसँग जुध्न स्वरोजगार सिर्जना गर्न सक्ने र नेपाली बजारमै खपत हुन सक्ने रोजगार मूलक शिक्षा यस विश्वविद्यालयको मुख्य उद्देश्य हो ।

यसका लागि विश्वविद्यालयले निम्नानुसार रणनैतिक कार्यक्रम र कार्यदिशा अवलम्बन गर्ने छ ।

**क) कार्यालय स्थापना**

विश्वविद्यालयले आफ्नो स्थायी संरचना निर्माणका लागि जग्गा प्राप्त भएर भौतिक संरचना निर्माण नहुँदासम्म भाडाको घरमा आफ्नो कार्यालय स्थापना गरी कार्य सुचारु गर्ने छ । विश्वविद्यालयको केन्द्रीय कार्यालय, बोर्ड अफ ट्रष्टीको कार्यालयका लागि आवश्यक फर्निचर एवम् उपकरणहरूको व्यवस्था गर्ने छ । विश्वविद्यालयको प्रथम सांगठनिक व्यवस्थापन सर्वेक्षण गरी न्यूनतम संख्याका कर्मचारीहरू करार सेवाबाट पदपूर्ति गरिने छ ।

**ख) विश्वविद्यालयका नियम विनियमहरु तर्जुमा**

विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त निकाय हो । प्रदेश उच्चशिक्षा ऐन र विश्वविद्यालयको विधानले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय सञ्चालनका लागि यी नियमहरू तर्जुमा गरिने छ ।

१. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धि नियम
२. आर्थिक प्रशासन सम्बन्धी नियम
३. कर्मचारी प्रशासन सम्बन्धी नियम
४. विद्यार्थी भर्ना, मूल्याङ्कन तथा प्रमाणीकरण सम्बन्धी विनियम

यी नियम तथा विनियमहरू तर्जुमा गर्न आवश्यक विशेषज्ञ सेवा विश्वविद्यालयबाहिरबाट लिइने छ।

**ग) विश्वविद्यालयको रणनैतिक योजना निर्माण**

स्थापना कालदेखि नै विश्वविद्यालयलाई योजनाबद्ध विकास गर्ने उद्देश्यका साथ १० वर्षे रणनैतिक योजना निर्माण गरिने छ। यो रणनैतिक योजनाका उद्देश्यहरू र लक्ष्यहरू प्राप्त गर्न वार्षिक योजना तथा बजेट विनियोजन गरेर कार्यहरू अगाडी बढाइने छ।

**घ) विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा विकास**

विश्वविद्यालय सञ्चालनका लागि भौतिक संरचना निर्माण गर्नु अपरिहार्य आवश्यकता हो। भौतिक संरचना निर्माण तथा विकास नगरी विश्वविद्यालयका कार्यक्रमहरू सञ्चालन गर्न सकिँदैन। यसका लागि विश्वविद्यालयले जग्गा प्राप्तिका लागि आवश्यक पहल सुरु गरिसकेको छ भने थप जग्गा तथा भौतिक संरचना प्राप्ति, निर्माण र विकासका योजनाहरू अगाडी बढाइने छ।

विश्वविद्यालयका लागि निम्नानुसार मुख्य संरचना आवश्यक हुने छ।

१. केन्द्रीय कार्यालय
२. फ्याकल्टी अनुसारका महाविद्यालयका लागि शैक्षिक प्रशासनिक भवन
३. प्रयोगशाला तथा कार्यशाला भवनहरू
४. पुस्तकालय भवन
५. अनुसन्धान, नवप्रर्वतन र अन्वेषणका लागि प्रयोगशाला कार्यशाला, फर्म, लगायतका संरचना
६. आवासीय भवनहरू
७. छात्रावास भवनहरू

**ङ) पाठ्यक्रम निर्माण**

विश्वविद्यालय पठन पाठन, अनुसन्धान र अन्वेषणका केन्द्र हुन्छन्। यसका लागि समयानुकूल एवम् स्थानीय र विश्व श्रम बजारको माग अनुसारका विषयमा जनशक्ति उत्पादन गर्ने उद्देश्य र लक्ष्यसहितका पाठ्यक्रमहरू निर्माण गरी लागू गरिनु पर्दछ। बागमती विश्वविद्यालयले बागमती प्रदेशभित्र रहेका विभिन्न विद्वान्, विशेषज्ञ, नागरिक समाज उद्योगपति, विद्यार्थी अभिभावकहरूसँग छलफल गरी आवश्यक सर्वेक्षणका आधारमा आवश्यकता मूल्याङ्कन

(Needs assessment) गर्ने छ । यस्तो Needs assessment को आधारमा सम्बन्धित विषयका पाठ्यक्रमहरू निर्माण गरी लागू गरिने छ ।

बागमती प्रदेश विश्वविद्यालयले पहिलो चरणमा निम्न क्षेत्रमा आवश्यक पाठ्यक्रम तर्जुमा गरी लागू गर्ने छ ।

१. विज्ञान तथा प्रविधि एवम् इन्जिनियरिङः विज्ञान प्रविधि अन्तर्गत Needs assessment को आधारमा विभिन्न विधाका इन्जिनियरिङ विषयहरू, विभिन्न क्षेत्रमा प्रविधि विकाससँग सम्बन्धित पठन पाठन गराइने छ ।

२. व्यवस्थापन संकायः व्यवस्थापन संकायअन्तर्गत पछिल्लो समयका लागि आवश्यक विषयहरू सञ्चालन गरिने छ ।

३. कानून पाठ्यक्रमहरू समय अनुसार परिमार्जन गरिने पद्धति लागू गरिने छ ।

### च) विद्यार्थी भर्ना र पठनपाठन

आउँदो वर्ष २०८२/०८३ मा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने अठोटका साथ विश्वविद्यालय योजनाबद्ध रूपमा अगाडी बढ्ने छ । यसका लागि प्रदेश सरकार, स्थानीय तह, अभिभावक र विद्यार्थीहरूको सहयोगको अपेक्षा गरिएको छ ।

### छ) विद्यार्थी मूल्याङ्कन प्रणाली

वर्तमान नेपालको उच्चशिक्षामा देखिने एउटा महत्वपूर्ण समस्या विद्यार्थी मूल्याङ्कन प्रणाली हो । पुरानो ३ घण्टे paper pen examinations विद्यार्थी मूल्याङ्कनको मुख्य आधार बनाइएको छ । तर यो प्रणालीले मात्र विद्यार्थीहरूको सही मूल्याङ्कन गर्न सकिँदैन । यसैले बागमती विश्वविद्यालयले युग सुहाउँदो वैज्ञानिक विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरण प्रणाली विकास गरी लागू गर्ने छ ।

### ज) वैज्ञानिक र व्यवहारिक शैक्षिक पात्रो

बागमती विश्वविद्यालयले वैज्ञानिक एवम् व्यवहारिक शैक्षिक पात्रो (Academic Calendar) निर्माण गरी लागू गर्ने छ । कुन मितिमा पठनपाठन सुरु हुने, कति समय पठनपाठन हुने, कुन मितिमा परीक्षा हुने र नतिजा प्रकाशन तथा प्रमाणीकरण गर्ने कुरा पूर्वनिर्धारित शैक्षिक पात्रोअनुसार हुने छन् ।

अन्त्यमा विश्वविद्यालय पवित्र शैक्षिक प्राज्ञिक उद्देश्यसहित स्थापना भएको छ । यसका सामु देखिएका सबै कठिनाइहरू र चुनौतीहरूको सामना गर्दै निश्चित कार्यदिशाहरू निर्माण गरी अगाडी बढ्ने छ । यसले आफ्ना स्थापनाका उद्देश्यहरू पूरा गर्न सक्षम हुने विश्वास लिएको छु ।

## उच्चशिक्षामा समकालीन रुपान्तरणको आवश्यकता

डा. लेखनाथ शर्मा
पूर्व प्राध्यापक त्रिभुवन विश्वविद्यालय

**पृष्ठभूमि** (Background)

उच्चशिक्षाको भूमिका व्यक्ति, समाज, राष्ट्र र विश्वको विकास र संवर्धनका लागि अपरिहार्य छ । आर्थिक विकास, राष्ट्रिय संपदा संस्कृतिको सम्वर्धन, नागरिक चेतना, शान्तिपूर्ण सहअस्तित्व, समावेशी र न्यायपूर्ण समाज, नागरिक स्वास्थ्य र सुरक्षा र राज्यका सबै क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उच्चशिक्षाले नै प्रदान गर्ने हो । यसको साथै समाजको लागि उत्पादनमुखि जनशक्ति र श्रमबजारको आवश्यकता अनुरुप सक्षमता भएका नागरिकहरूको उत्पादन गर्ने तथा व्यक्तिलाई रोजगारमूलक बनाउँदै व्यक्तिगत र पारिवारिक उन्नतिका लागि सक्षम बनाउने पनि उच्चशिक्षा नै हो । अहिले विश्वका विकसित देशहरूको विकासको कारक तत्व नै गुणस्तरीय उच्चशिक्षा देखिएको छ । उच्चशिक्षाको महत्व प्राचिन कालदेखि वर्तमानसम्म कायम छ तर उच्चशिक्षाको प्रकृति, प्रारुप, व्यापकता र मानव जीवनमा उपयोगको मात्रा फरक भएको छ । यद्यपि प्राचिन कालदेखि अहिले २१ औं शताब्दीमा आईसम्म विश्वविद्यालयको मुल साभा लक्ष्यमा त्यति ठुलो विचलन छैन ज्ञानको निर्माण र समकालिन समाजको आवश्यकता अनुसार चाहिने जनशक्ति उत्पादन र प्रयोगको निरन्तरता देखिन्छ । यस अतिरिक्त २० औं शताब्दि देखि विश्वविद्यालय शिक्षाको दर्शन समग्र राष्ट्रनिर्माण देखि अन्तर्राष्ट्रिय रुपमा विश्वशान्ति, दिगोविकास र वातावरण जोगाउने र सम्पूर्ण मानव सभ्यताको जगेर्ना गर्न योगदान दिने भन्नेमा निर्देशित भएर आवश्यक जनशक्ति, अनुसन्धान, प्रविधि निर्माण, व्यवसायिकता लगायतका कार्यक्षेत्रमा राज्यको प्राथमिकता अनुरूप काम गर्ने गरी उच्चशिक्षालाई परिभाषित गरिएको छ ।

औद्योगिक क्रान्तिको परिणाम अनुरूप आर्थिक उत्पादन र सेवा क्षेत्रमा उपयोग हुने प्रविधिको प्रयोगको किसिम र मात्रा अनुरूप रोजगारीका क्षेत्रमा हुने परिवर्तनले माग गर्ने जनशक्तिको सक्षमता अनुरुप उच्चशिक्षामा परिवर्तन आएको छ । अर्कोतर्फ औद्योगिक क्रान्तिको कारक तत्व पनि उच्चशिक्षा नै हो । तसर्थ उच्चशिक्षा र औद्योगिक क्रान्ती एकआपसमा अन्तर सम्बन्धित छन् । विश्वमा ४ वटा औद्योगिक क्रान्ति सम्पन्न हुने अवस्थामा छन् । सूचना प्रविधि, कृत्रिमबुद्धि, रोबोट, क्वान्टम कम्प्युटिङ, लर्निङ एनालाईटिक्स लगायतका विकासले चौथो औद्योगिक क्रान्तिलाई जन्माइयो र बढ्दैछ । यसैक्रममा सूचनाप्रविधिको प्रयोगमा कोभिड १९ ले दूर सिकाइ तथा अनलाइन सिकाइ र पठाइ गर्ने कामलाई मान्यता दियो । सूचना प्रविधिको प्रयोगले रोजगारी बजारले विशेष सक्षमताका नागरिकको अपेक्षा गर्यो र यी सबैका कारण उच्च शिक्षाको क्षेत्रमा बहुआयामिक परिवर्तन देखिन थाल्यो । प्राज्ञहरूको निर्णय अनुरूप अध्ययन, अध्यापन, अनुसन्धान हुने परम्परागत प्राज्ञिक स्वायत्तताको परिभाषालाई राज्य निर्देशित र समाजको आवश्यकता अनुरूपका विषयक्षेत्रमा विश्वविद्यालय वा

उच्चशिक्षाका पाठ्यक्रम हुनुपर्ने तर अध्ययन अध्यापन गर्ने गराउने कार्यमा स्वायत्तता पाउने गरी नयाँ किसिमले परिभाषित गरियो । प्राज्ञहरूलाई अलग किसिमको प्राज्ञिक स्वायत्तता अहिले प्राप्त छ । अध्ययन अनुसन्धान गर्ने र यसबाट प्राप्त ज्ञान र प्रविधिको प्रस्तुतिको स्वतन्त्रतालाई अक्षुण्ण राख्दै ज्ञान निर्माणमा प्राज्ञको ईच्छा र क्षमता अनुसारका अध्ययन, अध्यापन र अनुसन्धान गर्ने गराउने पुरानो प्राज्ञिक स्वायत्तता भन्दा पनि राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय प्रतिस्पर्धालाई मध्यनजर गर्दै देशको सामाजिक, आर्थिक विकासको आधार तयारगर्ने गरी प्राज्ञ र विश्वविद्यालयहरूले काम गर्नुपर्ने दायित्व वर्तमान समयमा राज्य र समाजले नै उच्चशिक्षा संस्थालाई सुम्पिएको छ । यसै दायित्व अन्तर्गत सम्झौतामा आधारित प्राज्ञिक स्वायत्तता अहिले प्रचलित प्राज्ञिक स्वायत्तता हो । विश्वविद्यालय वा उच्चशिक्षाका संस्थाहरू यीनै दायित्व पूरा गर्ने गरी सञ्चालित हुनुपर्ने अहिलेको आवश्यकता हो । नेपालको उच्चशिक्षामा पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगार बजार अनुरूप उच्चशिक्षाको गुणस्तर नभएको र उच्च अध्ययनका लागि विदेशिने प्रवृत्ति बढेको र उच्चशिक्षामा पुनर्संरचना आवश्यक छ भन्ने बहस उठान भएको अवस्था छ ।

उच्चशिक्षामा अन्तर्राष्ट्रिय प्रवृत्ती (International Trends in Higher Education) उच्चशिक्षालाई सार्वजनिक वस्तु र कर्पोरेट वस्तुको रूपमा लिएर विश्वमा बहस चलिरहेको छ । शिक्षालाई आधारभूत अधिकारको रूपमा लिने र यसको सार्वजनिक मुल्यलाई हेर्ने हो भने राज्यले नै सबै नागरिकका लागि शिक्षाको व्यवस्था गर्नुपर्छ भन्ने एउटा धार र शिक्षा व्यक्तिगत उपलब्धि र सम्पत्ति पनि हो त्यसर्थ उपभोक्ताले नै यसको व्यवभार लिनु पर्छ र बजारमा छाडिनु पर्छ भन्ने अर्को धार उच्चशिक्षा व्यवस्थापनका सवालमा टकराबमा छन् । समाज विकासको अहिलेको अवस्थाले विश्वविद्यालयबाट समाजको अपेक्षा बढेको छ । विश्वविद्यालय (university) अहिले बहुविधाआलय (multiversity) भएको छ अर्थात् अहिले विश्वविद्यालयको बहुउद्देश्य छन् बहुकार्यमा संलग्न छन् । कामका लागि तयारी र रोजगार क्षेत्रमा योग्य जनशक्ति निर्माणको आवश्यकताले उच्चशिक्षा वा विश्वविद्यालय शिक्षामा विश्वविद्यालयका प्राज्ञ मात्र होइन विश्वविद्यालयभन्दा बाहिरी समाजका व्यक्तिहरू विश्वविद्यालयमा संलग्न गराइ उच्चशिक्षा व्यवस्थापन गर्नुपरेको छ । विश्वविद्यालय वा उच्चशिक्षा संस्थाबाट दिक्षित भएर निस्किएका विद्यार्थीहरूलाई उनिहरूले आफ्नो कामको क्षेत्रमा सिपै कार्य सम्पन्न गर्न सक्ने गरी तयारी गर्ने मात्र होइन उनिहरूमा रोजगारी सिर्जना नयाँ नयाँ अन्वेषण गर्ने क्षमता उपलब्ध गराउनु पर्ने गरी शिक्षाको व्यवस्थापन गर्ने बाध्यता संसारका उच्चशिक्षा वा विश्वविद्यालयलाई छ । यसले गर्दा अन्तर्राष्ट्रिय रूपमा विश्वविद्यालय वा उच्चशिक्षाका संस्थाहरूले उद्योगी, व्यवसायी, अनुसन्धाता, इन्ट्रोप्रेनुअर सबैको संलग्नतामा शैक्षिक कार्यक्रमको निर्माण, कार्यान्वयन र लगानी परिचालन गरिरहेका छन् । यो अवस्था २० औं शताब्दी पहिलेका विश्वविद्यालय र उच्चशिक्षाका संस्थालाई थिएन । नेपालमा पनि शिक्षा क्षेत्रमा उल्लेखित दुईधारका चिन्तन र कामका लागि तयार जनशक्ति निर्माणको सैद्धान्तिक र व्यवहारिक चिन्तन प्रणाली अनुरूप नै उच्चशिक्षा व्यवस्थापन भैरहेको छ । उच्चशिक्षाका सवालमा वैचारिक र व्यवस्थापकिय किसिमका जटिलताहरू अहिले छन् ।

कोभिड १९ को विश्वव्यापि प्रभावले सबै तहका शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट दूर सिकाइको व्यवस्थापन गर्नुपर्ने बाध्यकारी अवस्थाले सूचना तथा संचार प्रविधिको प्रयोगको निरन्तरशीलता बढेसँगै उन्नत विश्वविद्यालयहरूले अनलाइन प्रणालीलाई मूलप्रवाहीकरण गरेका छन् । विश्वविद्यालयहरू प्रशासन तथा शिक्षण सिकाइ अनुसन्धान सबै कार्यमा डिजिटलाईज्ड भएका छन् । सूचना तथा प्रविधिमा भएको अन्वेषणका कारण र प्राप्त सूचना प्रविधिका साधनहरूको प्रभावकारिताका कारण अहिले यसको प्रयोग वैकल्पिक शिक्षा प्रणालीको रूपमा र आपतकालको शिक्षा व्यवस्थापनमा प्रभावकारी हुँदै गएको देखिएको छ । यस अतिरिक्त अहिले संसारका सबै जसो विश्वविद्यालयहरूले संयुक्त सिकाइ मोडेललाई अपनाएका छन् र विद्यार्थीहरूको प्रत्यक्ष कक्षा संलग्नताको मात्र घटाई शिक्षामा हुने लगानीको मात्रा न्यूनिकरण प्रयास भएको छ ।

साथै चौथो औद्योगिक क्रान्तिका कारण उद्योग, सेवा व्यवसाय, शिक्षा, व्यापार लगायत सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगले अन्तर्राष्ट्रिय रूपमा रोजगारी बजारमा पनि उच्चशिक्षा प्राप्त जनशक्तिको आवश्यकता हुने र विकसित देशहरूको अर्थतन्त्रले त उच्चशिक्षा भन्दा तल्लो तहको शिक्षाबाट रोजगारी पाउन समेत गाह्रो हुने अवस्था देखाएको छ । कामको क्षेत्रमा उच्चशिक्षा प्राप्त जनशक्तिको आवश्यकताले अहिले आम उच्चशिक्षाको (mass higher education) अवधारणा अनुरूप हरेक देशको उच्चशिक्षा व्यवस्थापन भएको छ । सरकारी लगानीका सार्वजनिक विश्वविद्यालय वा उच्चशिक्षाले मात्र उच्चशिक्षाको मागलाई धान्न नसक्ने भएपछि विकसित, विकासोन्मुख, अल्पविकसित सबै खाले देशले शिक्षामा नीजिकरणलाई स्थान दिएको पाईन्छ । सार्वजनिक कोषको दायित्वबाट शिक्षालाई अलग गर्ने, तर शिक्षाको पहुँच जनतामा पुर्याउने नीति अनुरूप कुनै एक मातृविश्वविद्यालयबाट अन्य कलेजहरूलाई सम्बन्धन दिने गरी सामुदायिक र नीजि व्यवस्थापनका कलेजहरूको मात्रा अन्तर्राष्ट्रिय रूपमा नै बढ्यो ।

अन्तर्राष्ट्रिय रूपमा नै उच्चशिक्षामा राज्यकोषबाट हुने लगानीको मात्रा कम देखिन्छ । विश्वमा शिक्षामा गरिने लगानीको प्रतिफल अनुपात गणना गरी आधारभूत शिक्षामा गरेको लगानीले उत्पादन लगायतका पक्षमा राम्रो प्रतिफल दिएको भन्ने अध्ययन निष्कर्षलाई साथ दिँदै आधारभूत शिक्षामा लगानी बढाई दिने गरिएको छ । राज्यले जनताका लागि सामाजिक सेवा क्षेत्रहरू विस्तार गर्दा गरिने बजेटको व्यवस्थापनमा शिक्षा क्षेत्रको बजेट कटौति गर्ने गरेको अन्तर्राष्ट्रिय अभ्यास देखिन्छ र नेपालमा पनि यो देख्न पाइन्छ । यस अतिरिक्त शिक्षा क्षेत्रमा प्राप्त बजेटबाट उच्चशिक्षा क्षेत्रमा कम अनुपातमा बजेट विनियोजन गर्ने परिपाटि देखिन्छ र लगानीका हिसाबले उच्चशिक्षा प्राथमिकतामा नपरिरहेको अवस्था विभिन्न देशहरूबाट पुष्टि हुन्छ । शिक्षामा नवउदारवादी विश्वदृष्टिकोणका कारण विकसित देशहरूमा पनि उच्चशिक्षाको लगानी घट्दो क्रममा नै छ । खासगरी विकासोन्मुख र अल्पविकसित देशहरूका सन्दर्भमा त उच्चशिक्षाको लगानी जोखिम झनै बढि छ ।

उच्चशिक्षामा कमाउँदै पढ्दै र विद्यार्थीहरूलाई शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था उच्च शिक्षामा सहभागिता बढाउने नयाँ प्रवृत्ति हो । विकसित र विकासोन्मुख दुवै खाले देशमा यसको अभ्यास देखिन्छ । हप्तामा तोकिएको घण्टा काम गर्न पाउने गरी विश्वविद्यालय तथा उच्चशिक्षाका शिक्षण कार्यक्रमहरू तय भएका हुन्छन् । धेरै देशहरूमा कोभिड पछि हप्तामा तीन दिन प्रत्यक्ष कक्षा र अन्य दिन अनलाइन अध्ययन गर्ने गरी शिक्षणसिकाइ व्यवस्थापन गरिएको थियो र यो किसिमको शैक्षिक व्यवस्थापन अहिले पनि निरन्तर भएको छ । कमजोर आर्थिक अवस्था भएका परिवारबाट आएका विद्यार्थीहरूका लागि यो व्यवस्था उच्चशिक्षा आर्जनको उपयुक्त विकल्प हो । राज्यहरूले विद्यार्थी ऋणको व्यवस्था गरेका हुन्छन् र यहि ऋणका आधारमा विद्यार्थीहरू पूर्णकालिन विद्यार्थी भएर अध्ययन गर्छन् । तर विद्यार्थी ऋणका कारण अध्ययन समाप्त हुँदा ठूलो धनराशीको ऋण विद्यार्थीले रोजगार भए पछि निश्चित किस्तामा चुक्ता गर्नुपर्छ । यहि हरका कारण पनि उच्चशिक्षामा सहभागिता दर ह्रास भएको छ भन्ने अध्ययनहरूले बताएका छन् । ऋणको बोझबाट टाढा राख्न विद्यार्थीहरूका लागि पनि कमाउँदै पढ्दैको उच्चशिक्षा व्यवस्थापनले सहज बनाउँछ । अन्य कतिपय देशहरूमा उद्योग, व्यवसाय, सेवाक्षेत्र सबैसँग विश्वविद्याल वा उच्चशिक्षा संस्थाले सहकार्य गरेका हुन्छन् र निश्चित सहकार्य सम्झौता अनुरूप इन्टर्न विद्यार्थीहरूले निश्चित पारिश्रमिक प्राप्त गर्छन् । भारतको विश्वविद्यालय अनुदान आयोगले इन्टर्न र प्रशिक्षुहरूका लागि पारिश्रमिक लगायतका विषयमा निर्देशिका ड्राफ्ट गरी सहकार्य सम्झौता, मोडल पर्सन लगायतको व्यवस्था मार्फत काम गर्ने, कमाउने, सिक्ने कार्यलाई उच्चशिक्षा नीति २०२० अनुरूप नै कार्यान्वयनमा लैजाँदै छ ।

खुला र भर्चुअल विश्वविद्यालयको स्थापना र सञ्चालन उच्चशिक्षामा देखिएको अर्को नयाँ प्याराडाइम हो । विश्वविद्यालय वा उच्चशिक्षा विद्यार्थीको निवाससम्म पुर्‍याउने कार्य खुला तथा भर्चुअल विश्वविद्यालयहरूले गरेका छन् । कतिपय युरोपियन देशहरूमा खुला विश्वविद्यालयलाई विश्वविद्यालयभित्रको विश्वविद्यालयका रूपमा सञ्चालन गरिरहेको छन् । खास गरी निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका लागि कोर्सहरू तयार गरी विश्वविद्यालयहरूले विश्वविद्यालयभित्र खुला विश्वविद्यालय सञ्चालन गरी शिक्षा दिने र आर्थिक कमाई गर्ने गरेका उदाहरणहरू पनि छन् । खुला तथा दूर शिक्षाको इतिहास अध्ययन गर्दा सिकाइ मोड र सिकाइ साधनको प्रयोगका आधारमा विभिन्न पुस्ताका खुला तथा दूर शिक्षाका मोडेलहरू देखिन्छन् । तर अब अहिले उच्चशिक्षाका क्षेत्रमा खुला तथा दूर विश्वविद्यालय/भर्चुअल विश्वविद्यालय मोडेलहरू र परम्परागत उच्चशिक्षामा सीमाङ्कन गर्न सकिने आधार घट्दै गएको छ । परम्परागत उच्चशिक्षा प्रणालीले पनि सूचनाप्रविधिलाई यथेष्ट प्रयोग गर्ने र खुला तथा दूर उच्चशिक्षाका संस्थाहरूले प्रत्यक्ष सिकाइलाई दूर सिकाइमा जोडाउँदै लैजाने र गुणस्तरीय शिक्षामा जोड गर्ने प्रवृत्तिले अब दुई थरी उच्चशिक्षाको भिन्नता मेटिएको छ । खासमा कोभिड पछि सूचना प्रविधिको प्रयोगबाट लिइने शिक्षाको सामाजिक मान्यता प्राप्त हुँदैगएपछि यो परिवर्तन अझ स्पष्ट देखिएको छ । खुला तथा भर्चुअल उच्चशिक्षाको व्यवस्था अध्ययन र कमाईलाई संगसँगै लैजान एक उपयुक्त व्यवस्थापन हो । परम्परागत प्रणालीमा पनि सूचना प्रविधि र कृत्रिमबुद्धि जोडिन सिकाइ प्रणालीलाई संयोजन

गरेमा अहिले जस्तो हप्तामा ६ दिन नै विद्यार्थीहरूलाई कक्षामा ल्याउन पर्दैन । यसबाट उच्चशिक्षा संस्थाहरूले खर्च कटौती र विद्यार्थीहरूले काम गर्ने अवसर प्राप्त गर्न सक्छन् । नयाँ प्रविधि र विधिको प्रयोगले विद्यार्थीहरूको सिकाइको समय लचक बन्न पुग्छ र अहिले भन्ने गरेको शिक्षामा लचकताको अभिप्राय पुष्टि हुन्छ ।

**नेपालको उच्चशिक्षामा पुनर्संरचना वा सुधारका केहि महत्वपूर्ण पक्षहरू**

नेपालको उच्चशिक्षामा बजारमा ल्याईका नकारात्मक टिप्पणी मात्र होईन सकारात्मक पक्षहरू पनि छन् । आजसम्म नेपालको उच्चशिक्षाका उत्पादनहरू नै देश सञ्चालनका विभिन्न क्षेत्रमा कार्यरत छन् । अन्तर्राष्ट्रिय जगतमा पनि कतिपय अवस्थामा प्रतिस्पर्धी छन् । शिक्षा क्षेत्र अति गतिशिल क्षेत्र हो कि परिवर्तन अनुसार शिक्षालाई परिमार्जन र परिवर्तनका लागि शिक्षाले काम गरेको हुन्छ । एक परकका लागि गुणस्तरीय मानिएको शिक्षा अर्को अवस्थामा अपूर्ण हुनछ । तसर्थ निरन्तर सुधार उच्चशिक्षाको सबलिकरणको पहिलो शर्त हो । नेपालको सन्दर्भमा निरन्तर सुधार र त्यसमा पनि सिकाइ विधिमा परिवर्तन गर्न नसक्नु कमजोरीको पक्ष हो । उच्चशिक्षाका क्षेत्रमा देखिएको अन्तर्राष्ट्रिय प्रवृत्ति, युवाहरूको बढ्दो स्थानान्तरणका कारण अन्तर्राष्ट्रिय बजारमा रोजगारी प्राप्त गर्नुपर्ने अवस्था र देशको आर्थिक, सामाजिक विकासको लागि अपेक्षित गुणस्तरीय जनशक्ति उत्पादनका लागि नेपालको उच्चशिक्षामा पनि केहि आधारभूत पक्षमा सुधारका प्रयास गर्नु जरुरी छ । यहा उच्चशिक्षाका संस्था र इकाइहरू नभएका होइनन् तर समग्ररूपमा हेर्दा उच्चशिक्षा प्रशासन, शिक्षामा गुणस्तर र विशिष्टताका लागि केहि सुधार गर्नुपर्ने पक्षहरू महत्वपूर्ण छन् र तिनलाई यहाँ छलफल गरिएको छ । यहाँ उल्लेख भएका सुधारका पक्षहरू सामान्य प्रकृतिका आंशिक क्षेत्रहरू हुन् तर महत्वपूर्ण विषयहरू हुन् भन्ने मान्यतामा छलफल गरिएको छ । यस अतिरिक्त उच्चशिक्षाका संस्थाहरूको विशिष्ट अवस्थिति र प्रकृतिका कारण सुधारका निर्दिष्ट क्षेत्रहरू हुनसक्छन् र तिनिहरूलाई परिस्थितिय समस्या र समाधानका आधारमा सुधार गर्न जरुरी हुन्छन् ।

**१. गुणस्तर:**

नेपालको उच्चशिक्षामा अहिले उठेको सवाल सान्दर्भिक र गुणस्तरीय शिक्षा हो । गुणस्तरीयताका सन्दर्भमा विभिन्न कोणबाट टिकाटिप्पणीहरू भएका छन् । गुणस्तरीयताको प्रश्न लगानी र असल प्रशासन व्यवस्थासंग जोडिएको छ । समग्र रूपमा नेपालको सार्वजनिक उच्चशिक्षा आम सर्वसाधारणलाई कम लागतमा प्रदान गरिएको छ । तसर्थ यसको गुणस्तर कायम हुनु अनिवार्य छ । उच्चशिक्षालय वा विश्वविद्यालयमा अहिले देखिने मुल समस्या कार्यान्वयनमा छ । शोध, योजना, र कार्यक्रमहरू छन् तर व्यवस्थापन र कार्यान्वयनमा कमजोरी छ । नेतृत्व परिवर्तनसंगै नयाँ तरिकाबाट काम गर्ने, पुरानोमा आधार नगर्ने परिपाटीले उच्चशिक्षामा निरन्तर विकास श्रृंखला विश्रृंखलित हुँदा प्रत्येक पटक नयाँ शुरू गरेजस्तो हुँदा कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन नभएको अवस्था छ । हरेक नयाँ आउने

नेताहरूले नयाँ गर्नुपर्ने पुरानोको निरन्तरतामा गएमा आफ्नो अस्तित्व नरहने जस्ता त्रुटिपूर्ण बुझाइका कारण शिक्षाका अनावश्यक पाठ्यक्रम, शिक्षण, सिकाइ कार्यमा कमजोरीहरूको निरन्तर सुधारलाई उत्कृष्ट बनाउँदै जानुको सट्टा अपर्याप्त र गुणस्तर खस्किँदो छ । शिक्षक विद्यार्थी अनुपात हेर्दा विभिन्न विश्वविद्यालयमा फरक फरक छन् कतिपयमा १:१२ को अनुपात हुँदा पनि उपलब्धि कमजोर छ । प्रशस्त स्टाफहरू छन् तर सेवा प्रवाहको प्रभावकारिता कमजोर छ । विद्यार्थी संख्या घट्दो छ, लगानी अपर्याप्तता र सार्वजनिक विश्वविद्यालयमा निजी कार्यक्रमका रूपमा कार्यक्रम सञ्चालित भएर एउटै संस्थाभित्र विद्यार्थीमा वर्ग विभाजन, प्राध्यापक-कर्मचारीमा वर्ग विभाजनको परिस्थिति छ । विद्यार्थीहरूले राजनीति गर्ने विषय निशुल्क वा कम शुल्कमा शिक्षा दिनुपर्ने भन्ने छ र अर्कोतिर बढी शुल्कका कार्यक्रमहरूमा पनि मुद्दाहरू छन् । भूमिगतिकरणको नकारात्मक प्रभाव परिरहेको छ । करारमा कार्यरत शिक्षक कर्मचारीको स्थायित्वको जटिलता छ । यी समग्र मुद्दाहरू असल प्रशासनसँग जोडिएका मुद्दाहरू हुन् र शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सरोकार राख्छन् ।

२. विस्तार र मर्जर:

उच्चशिक्षाको प्रारम्भका वेलामा उच्चशिक्षा अध्ययन गर्नेको संख्या र आज अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा हजारौं गुणाको वृद्धि छ । नेपालको संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय प्रतिबद्धताले उच्चशिक्षाको पहुँच सबैमा दिनुपर्ने छ । साथै अन्तर्राष्ट्रिय रूपमा रोजगारी बजारमा पनि उच्चशिक्षा प्राप्त जनशक्तिको आवश्यकता हुने र विकसित देशहरूको अर्थतन्त्रले त उच्चशिक्षा भन्दा तल्लो तहको शिक्षाबाट रोजगारी पाउन समेत गाह्रो हुने अवस्था देखिएको छ । सार्वजनिक सरकारी उच्चशिक्षा संस्थाहरूले बढ्दो विद्यार्थीको मागलाई सम्बोधन गर्न नसकेपछि निजि व्यवस्थापनमा र सामुदायिक व्यवस्थापनमा त्रिभुवन विश्वविद्यालयमार्फत् कलेज क्याम्पसहरूको सम्बन्धन लिने र सञ्चालन गर्ने अभ्यास भयो । सन १९८० पछि सम्बन्धन प्राप्त क्याम्पसहरू वा कलेजहरूको स्थापना सुरु भयो तर सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थापना अहिले रोजगारी, कमाई, प्रतिष्ठा आदिसँग जोडिएर १०८५ संख्यामा सम्बन्धन प्राप्त क्याम्पस कलेजहरू नै भयो । अन्तर्राष्ट्रिय अनुभव र हाम्रा छिमेकी देशहरूको अनुभव र अध्ययनमा सम्बन्धन र नीजि उच्चशिक्षाले पहुँच त बढायो तर गुणस्तर घटायो भन्ने अध्ययनको निष्कर्ष छ । नेपालको सन्दर्भमा पनि यो अनुभव गर्न सकिन्छ तर अध्ययन भएको छैन । उच्चशिक्षामा सन्तुलित र अर्थतन्त्रले धान्ने किसिमको विस्तार मात्र उपयुक्त हुन्छ । विद्यार्थी सङ्ख्या घट्दो र उच्चशिक्षाका संस्थाहरू बढ्दो अवस्था र शिक्षामा अन्तर्राष्ट्रियकरणको परिस्थिति नेपालको उच्चशिक्षाका नीतिले प्राथमिकिकरण नगरिएको अवस्थामा धेरै उच्चशिक्षा संस्थाहरू टिकाउन नसक्ने सञ्चालन खर्चको अभावमा शिक्षामा न्यूनतम गुणस्तर राख्न सक्छ । विद्यार्थीका शुल्कका भरमा मात्रै सञ्चालन गर्न खोजियो भने बढ्दो खर्च र महंगी र परिणाममा कमाईको सङ्कुचनको जटिलतो परिस्थितीले उच्चशिक्षाका संस्थाहरू समस्यामा पर्छन् । अहिले सार्वजनिक उच्चशिक्षाका संस्थाहरूमध्ये कतिपय आर्थिक जटिलतामा पै छन् ।

भारतको नयाँ शिक्षा नीति २०२० ले अहिले भएका उच्चशिक्षा संस्थाहरूलाई मर्जर गरी एक तिहाइ बनाउने नीतिगत लक्ष्य लिएको छ र समय सीमा १५ वर्ष राखेको छ । उच्चशिक्षा मर्जरको अभ्यास अन्य मुलुकमा प्रबल रूपमा १९६० देखि नै भएको पाइन्छ । मर्जर भएका उच्चशिक्षा संस्थाहरूमा धेरै नाफाबालाका देखिए र सार्वजनिक संस्था पनि भएका छन् । तर कारण फरक फरक देखिन्छन् । ग्रान्ट प्राप्तिमा प्रतिस्पर्धा, विद्यार्थी घट्ने, शिक्षक कर्मचारीका लागि न्यूनतम सुविधा र सञ्चालन खर्चमा कमी र नयाँ प्रविधि परिवर्तनका कारण शिक्षामा गर्नुपर्ने परिवर्तन गर्न नसक्दा संस्थाको लोकप्रियता नाश हुने जस्ता कारण संस्थाहरू आन्तरिकरूपमा नै मर्जर गरी सबल संस्था बन्ने लक्ष्यले मर्जर भएका छन् । सामान्यतया नाफामूलक उच्चशिक्षा संस्थाहरूमा नाफाका लागि बाह्य तत्वहरूको प्रभाव जस्तै नयाँ संस्थाहरू खोलिने, अन्य देशका राम्रा उच्चशिक्षाका संस्थाहरूले अफसोर क्याम्पस र दूरशिक्षाको अवसर बढाई दिने, सुधार र सञ्चालनका लागि खर्च बढ्ने, आम्दानी घट्ने जस्ता प्रतिस्पर्धात्मक कार्यले नाफामा संकट उत्पन्न भएर नाफामूलकतर्फ सञ्चालित उच्चशिक्षा संस्थाहरू मर्जरमा गएका छन् । देशमा आएको आर्थिक मन्दिले सार्वजनिक तथा नीजी दुवै खाले उच्चशिक्षालाई मर्जरमा लगेका उदाहरण छन् । अर्कोतर्फ राज्यले वा विश्वविद्यालयले शक्तिकेन्द्रित आफ्ना उच्चशिक्षाका ईकाईहरूलाई नीति तथा कार्यक्रम अन्तर्गत राखेर गरिएका मर्जर छन् ।

मर्जरका सवालमा प्रतिरोध बल पनि देखिन्छ । संस्थाहरूको स्थापनामा सांस्कृतिक पक्ष, सामाजिक पक्ष, राजनैतिक पक्ष, लगानी गर्ने तथा संस्थागत योगदानकर्ताहरूको चाहने जस्ता विषयहरू अवरोधकका रूपमा पनि आउँछन् । यीनको सम्बोधनको रणनीति बिना अहिले भनिए जसरी मर्जर सहज सम्भव छैन । नेपालको अहिलेको अवस्था हेर्दा मर्जरका लागि संकटमोचन र सशक्तिकरण दुवै खाले सम्भाव्य कारण छन् र प्रतिरोधी बलहरू पनि छन् । तसर्थ अध्ययन सहित मर्जरको नीति लिनुपर्नेछ । अन्तर्राष्ट्रिय अनुभव, अभ्यास र अध्ययनका आधारमा नेपालले पनि मर्जरको विशेष नीति लिनुपर्छ । विश्वविद्यालयहरू आफैले मात्र पनि अहिलेको सम्बन्धन प्राप्त र आंगिक दुवै क्याम्पसको पुनर्संरचना सङ्ख्या र स्थानका हिसाबले गर्नुपर्ने छ । अनुगमनका आधारमा ज्यादै कम विद्यार्थी सङ्ख्या, शैक्षिक गुणस्तर कायम गर्न नसकेको, गुणस्तरीय जनशक्ति नभएका र आन्तरिक आम्दानीले व्यवस्थापन सञ्चालन खर्च पनि धान्न नसकेका संस्थाहरूलाई मर्जर वा खारेजीको स्पष्ट खाका तयार पारी निश्चित वर्ष तोकि मर्जर वा खारेजीमा जाने स्वैच्छिक निर्णय लिने अवसर दिनुपर्छ । संस्थाको मर्जर वा खारेजीमा विद्यार्थीलाई कष्ट दिने र विद्यार्थीका हकहरू नष्ट हुने अवस्था बनाउन हुँदैन ।

६. लगानी:

विश्वमा नै शिक्षामा गरिने लगानीको प्रतिफल अनुपात गणना गरी आधारभूत शिक्षामा गरेको लगानीले उत्पादन लागतका पक्षमा राम्रो प्रतिफल दिएको भन्ने अध्ययन निष्कर्षलाई साथ लिई आधारभूत शिक्षामा लगानी बढाइ दिने गरिएको छ । सामाजिक सेवा क्षेत्रहरू विस्तार गर्दा शिक्षा क्षेत्रको बजेट

कटौती गर्ने र शिक्षा क्षेत्रमा प्राप्त बजेटबाट समेत उच्चशिक्षा क्षेत्रमा कम अनुपातमा बजेट विनियोजन गर्ने परिपाटि देखिन्छ । खासगरी विकासोन्मुख र अल्पविकसित देशहरूका सन्दर्भमा यो परिदृश्य छ । नेपालको अहिलेको अवस्था पनि यस्तै छ । सामाजिक सुरक्षाका क्षेत्रहरू बढाउने तर उत्पादन संकुचन हुने र यसको असर अर्थतन्त्रमा परेपछि शिक्षा क्षेत्रले कम बजेट पाउने अवस्था आउने सम्भावना छ । यसको अतिरिक्त विकसित देशहरूले उच्चशिक्षा र अनुसन्धानमा अत्यधिक लगानी गरेका छन् र प्रतिफल पनि बढेको छ । शिक्षाको गुणस्तर राम्रो बन्ने र प्रविधिको विकासलाई रूऔद्योगिकरण र उद्यममा रूपान्तरण हुँदा रोजगारीमा विभिन्न तहका जनशक्तिको खाँचो हुने देखिएको छ भने विकसित देशमा जन्मदर कम र लामो आयुका कारण वृद्धहरूको सेवाका लागि समेत मानिसहरू चाहिने र स्थापित आर्थिक क्षेत्रमा आफ्ना नागरिकहरूले नपुग्ने अवस्था छ । यसैलाई मध्यनजर गरेर विकसित उच्चशिक्षा भएका देशहरूले अध्ययनका लागि बाहिर विद्यार्थीहरू लिने गर्छन् । यसबाट दोहोरो फाइदा प्राप्त गरेका छन् – आर्थिक र तयारी जनशक्ति । विदेशी विद्यार्थी र शिक्षक गुणस्तरीय उच्चशिक्षाको एक आधार भन्ने विषय नीतिगत रूपमा नै राखेका छन् र सोहि अनुसार कार्यान्वयन पनि छ । यसको असर कमविकसित देशबाट विद्यार्थीहरूको स्थानान्तरणको मात्रा बढ्दो छ । विद्यार्थीहरू विदेशिनुमा धकेल्ने र तान्ने दुवै कारण छन् । देशको आर्थिक क्रियाकलापको सुस्तता र विकासको अभावमा रोजगारीको अवस्था सिर्जना नहुने, उच्चशिक्षाका संस्थाहरूमा अति राजनीतिका कारण पठनपाठन अवरुद्ध हुने, शैक्षिक सत्रको सुरुवात, परीक्षाको अव्यवस्था र अनावश्यक लामो समय लगाउने धकेल्ने कारण र विदेशीहरूले अध्ययनको र कामको अवसर दिने हुँदा विदेशमा अध्ययनमा जानसक्दा उत्तम भविष्य देखिने तान्ने कारणले विद्यार्थीहरू विदेशिने संख्या बढ्दो छ । शिक्षामा भइरहेको भूमण्डलीकरण, अन्तर्राष्ट्रियकरणले हामीजस्ता देशहरूले लाभ लिन सक्नेका सट्टा उल्टो घाटा भइरहेको अवस्था छ ।

त्रिभुवन विश्वविद्यालय पुरानो भएर पनि समकालिक आवश्यकता अनुसारको अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनि विद्यार्थी उत्पादन गर्ने र विदेशी विद्यार्थी लिन सक्ने अवस्थाका लागि लगानी बाधक छ । काठमाण्डौ विश्वविद्यालयले केहि मात्रामा विदेशी विद्यार्थीहरू लिन सकेको छ । गुणस्तरीय शिक्षक नियुक्ति, अन्तर्राष्ट्रिय प्राध्यापक तथा अनुसन्धानकर्ताहरूलाई काममा लगाउन उपयुक्त तलबसुविधा, प्रयोगशाला दिन नसकिने, शिक्षक तथा कर्मचारीहरूको पेशागत क्षमता विकासमा लगानी गर्न नसकिने जस्ता कारण विश्वविद्यालयले अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई आकर्षण र नेपालका विद्यार्थीहरूलाई यहाँ पढ्न प्रोत्साहित गर्ने अवस्था छैन । तसर्थ लगानी र गुणस्तरीयताको सम्बन्धलाई रणनीतिक हिसाबले व्यवस्थापन गर्नुपर्ने अहिलेको आवश्यकता छ ।

उच्चशिक्षामा अहिलेको अवस्था आवश्यक मात्रामा लगानी नहुनु र भएको लगानीको प्रभावकारी कार्यान्वयन पनि नहुनु हो । विश्वविद्यालयले आधुनिक प्रविधिको प्रयोग, पाठ्यक्रम र अध्ययन अध्यापन

विधिमा सुधार, अनुसन्धानमा प्राथमिकता दिने गरी शैक्षिक कार्यक्रमको सुधार गर्ने हो भने अहिलेको मात्राको बजेटले पुग्दैन । केहि वर्ष भन्दै दोब्बरको लगानी चाहिन्छ । यसका लागि खर्च व्यवस्थापन कसरी गर्ने भन्ने सबै भन्दा ठूलो चुनौती हो । उच्चशिक्षामा लगानीका वैकल्पिक व्यवस्थाका सम्बन्धमा मुलत ३ तरिकाको प्रयोग भएको पाईन्छ १. लागत घटाउने २. लागत साझेदारी र ३. आम्दानी गर्ने । उच्चशिक्षा संस्थाहरूले लगानीका स्रोतका लागि पनि ३ तरिकालाई प्रयोगमा ल्याउनु पर्छ । लागत घटाउने भनेको प्रभावकारी खर्च व्यवस्थापन हो जसमा खर्च गर्ने कार्यकलापहरूको नै कटौति गर्नु हो । जस्तै अनावश्यक दोहोरो सुविधाहरूको कटौति, भौतिक निर्माणमा सस्तो र टिकाउ मोडेल र ठाउं अनुसारको विविधता, अध्ययन अध्यापनमा सूचना प्रविधिको प्रयोगबाट मास्व अवको प्रयोगमात्रा कम गर्ने, शैक्षिक कार्यक्रमहरूलाई एकिकृत गर्ने, जनशक्तिबाट लिनुपर्ने कार्यघण्टा पुरापुर उपयोग गर्ने, जनशक्तिको प्रकृति र उपयोगलाई नयाँ व्यवस्था गर्ने, विद्यार्थी कम भएका कार्यक्रमहरूलाई केहि क्याम्पसहरूमा केन्द्रित गरी अन्यबाट कार्यक्रम कटौति गर्ने जस्ता उपायहरू छन् । यसका लागि राम्रो अध्ययनका आधारमा योजना तयार गर्नुपर्छ । लागत साझेदारीमा मुलत विद्यार्थी वा उनका परिवारमा लागत साझेदारी गर्ने नै हो । लागत साझेदारीमा साझेदारको अवस्था पहिचान र सहभागिताको अंश निर्धारण महत्वपूर्ण हुन्छ र राज्यको लगानीको सुनिश्चितता पछि कति मात्रामा विद्यार्थी वा अभिभावकले खर्चभार बेहोर्ने निश्चित गर्नुपर्छ । आम्दानी गर्ने उपाय अन्तर्गत विभिन्न स्रोतहरूको पहिचान र ती स्रोतहरूबाट सहयोग प्राप्त गर्न विश्वासिलो वातावरण तयार गर्नुपर्छ ।

अहिले नेपालमा कर्पोरेट रेस्पोन्सिबिलिटि फन्डको उच्चशिक्षामा उपयोग भएको र गराउने नीति नै देखिदैन । विश्वविद्यालयका लागि सहकार्यमा जान सके र नीतिगत व्यवस्था गराउन सके यो एउटा राम्रो स्थायी स्रोत हुन्छ । उद्योग व्यवसायीसंगको सहकार्य, एलुमनाई, अन्य दाताहरूलाई विश्वासमा लिई स्रोत वृद्धि गर्ने । यो पक्ष सहज छैन, यदि उच्चशिक्षाका नेतृत्व र प्रक्रियामा विश्वास नभएमा यो स्रोतबाट लगानी प्राप्त गर्न सकिदैन । युरोप, अमेरिकाका उद्यममा आधारित विश्वविद्यालयहरूले उद्योग व्यवसाय साझेदारी, समुदाय साझेदारी, समुदाय कार्य, अक्षय कोष खडा गर्ने, पुरा शुल्क लिने गरी छोटा तर रोजगारी र सीप विकासमा उपयुक्त हुने कोर्सहरू सञ्चालन गर्ने, पूर्ण शुल्कीय विद्यार्थी अध्यापन गर्ने कार्यक्रमहरू चलाउने, निरन्तर शिक्षाका लागि पूर्ण शुल्कीय कार्यक्रमहरूको निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा खुला तथा दूरसिकाइको मोडमा सञ्चालन गर्ने, विभिन्न देशका वा संस्थाका चेयरहरू राखी अनुसन्धान कोष बढाउने, आफ्ना भौतिक साधनहरूको उपयोग नीतिमा परिवर्तन गरी आम्दानी बढाउने जस्ता कार्यहरू गरेको देखिन्छ । नेपालमा यी कार्यहरू त्यतिको पाईदैन । आम्दानी वृद्धिका लागि यी कार्यहरू महत्वपूर्ण छन् र यहाँ पनि सम्भावनाहरू छन् । अर्को महत्वपूर्ण पक्ष बाह्य लगानीका स्रोतहरूको प्रयोग हो । आवश्यकता अनुसार बैंकबाट अनुदान र ऋण लिने, विदेशी दातृ निकाय, सरकार सरकार साझेदारी, उच्चशिक्षा संस्थाहरूबिच साझेदारी र संयुक्त कार्यक्रम तथा अनुसन्धान परियोजना सञ्चालन, अनलाइनमा साझेदारी कोर्सहरूको सञ्चालन

आदि भौतिक लगानी परिचालनका क्षेत्रहरू हुन । यी स्रोतहरूको परिचालनका लागि नियम, कानून, प्रकृया, लगानी कर्ता, संस्थाको प्राथमिकता र प्रकृया मैत्रि हुन आवश्यक छ । विश्वविद्यालयहरूलाई यस सम्बन्धमा स्वायत्तता प्राप्त हुनु पर्ने मात्र होईन, सरकारी निकायहरूको सहयोग आवश्यक हुन्छ । अहिले कानूनी कारणबाट कतिपय सहयोग लिन सकिदैन भने विश्वविद्यालयभित्रको कार्य सांस्कृतिक पक्ष र सबैले पारिश्रमिक पाउनुपर्ने मान्यता बाधक छ ।

**४. कमाउँदै सिक्ने:**

नेपालको उच्चशिक्षा सम्बन्धि नीतिले कमाउँदै सिक्दै भन्ने नीतिगत भाष्य सिर्जना गरेको छ र सोही अनुसार कार्यक्रमहरू निर्माण गर्नुपर्छ भन्ने छ । तर अहिलेसम्म कमाउँदै सिक्दैको कार्यक्रमिक व्यवस्थापन, कानुनी वा विस्तृत नीति तथा कार्यक्रम बनेर आएको देखिदैन केहि छिटपुट उदाहरणहरू अहिले अभ्यासमा छन् । कमाउँदै सिक्दै कार्यक्रमको सञ्चालन विश्वविद्यालय र विभिन्न सरोकारवाला समूह, संस्था, उद्योग, व्यवसायहरूसँगको अर्थपूर्ण र योजनाबद्ध सहकार्यमा मात्र सम्भव हुन्छ। यसका लागि निश्चित कार्य निर्देशिका र सम्बन्धितहरूमा सहकार्यलाई एक सार्वजनिक दायित्वको रूपमा बोध हुनु आवश्यक हुन्छ । अन्यथा नेपालको सन्दर्भमा आर्थिक क्रियाकलापहरू उत्पादन, सेवा व्यवसाय क्षेत्रहरूको विकास कम भएको र रोजगार क्षेत्रहरूको सिर्जना कम भएको अवस्थामा सहज कार्यान्वयन हुदैन । छिमेकी देश भारतको अभ्यास हेर्ने हो भने निश्चित आय समूहका परिवारका केटाकेटी, पिछडिएका पछाडि पारिएका जात वा जाती, पेसागत समूह, र भौगोलिक दुरतामा रहेका परिवारका केटाकेटीका लागि कमाउँदै पढ्दैको कार्यक्रममा समावेश गर्ने नीतिगत व्यवस्था छ । यो सकारात्मक विभेदको सिद्धान्तमा आधारित छ । यो कार्यक्रमको सञ्चालनका लागि विश्वविद्यालय स्वयमले यी समूहका विद्यार्थीहरूलाई रोजगार दिने कानूनी व्यवस्था हुनुपर्छ अहिले यो प्रावधान नेपालका विश्वविद्यालयमा नीतिगत रूपमा गरिएको छैन । विश्वविद्यालयले आर्थिक आर्जनका सेवा, उत्पादन, अभिनवका कार्यक्रमहरू संचालन गर्नुपर्छ, अन्यथा विद्यार्थीका लागि कमाउने र अध्ययन गर्ने अवसर दिन सकिदैन । साथै विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू पनि त्यसै किसिमले सिर्जना गरिनुपर्छ । कार्यक्रमहरू प्राज्ञिक उपाधि केन्द्रित छन् । प्रयोगिक विज्ञानका कार्यक्रमहरू पनि यसमा समावेश गर्ने र सहायक किसिमका योग्यता प्राप्त गर्ने र विभिन्न योग्यताहरूबाट प्राप्त क्रेडिट संकलनका आधारमा उपाधी प्रदान गर्ने व्यवस्था आवश्यक हुन्छ । यस्ता कार्यक्रमहरूमा सिकाइको केन्द्र नै कामगर्ने स्थानलाई बनाउँदै सिकाइ गराउन सकिन्छ र ग्राजुएट हुँदा नै उनीहरूले गर्ने कामको क्षेत्रमा सिधै काम गर्न सक्ने तयार व्यक्ति बन्न सक्छन् ।

अन्तर्राष्ट्रिय रूपमा हेर्दा कमाउँदै पढ्दै गरेका विद्यार्थीहरू सबैले उनीहरूको अध्ययन क्षेत्रमा नै मिल्ने काम गरेका हुदैनन् । Learning while EarningM the new normal 2015 प्रतिवेदनले काम गर्दै पढ्दै गर्नेमा महिलाको सङ्ख्या धेरै, करिब २८ प्रतिशतले खाना तथा व्यक्तिगत सेवा पेसा, ९ प्रतिशतले

व्यवस्थापकिकाय पेशा, ४० प्रतिशत देखि ७५ प्रतिशत सम्मले त पुरा समय काम गरेर अध्ययन गरेको प्रस्तुत गरेको छ। विद्यार्थीहरू संलग्न भएका अन्य पेशाहरूमा श्रमिक, शिक्षा क्षेत्र, स्टोर, स्वास्थ्यसुरक्षा सहयोग, स्वास्थ्यका पेशागत र प्राविधिक पक्ष, सामुदायिक सेवाहरू जस्ता क्षेत्रहरूमा विद्यार्थीहरूले काम गरेका छन् यो तथ्यांक अमेरिकाको हो। अन्य विकसित मुलुकको अवस्था हेर्दा पनि कामका क्षेत्रहरू यस्तैपस्तै नै देखिन्छन्। अध्ययन विषय र क्षेत्रको कुरा गर्दा अमेरिकाकै उदाहरण हेर्ने हो भने ७० देखि ८० प्रतिशत विद्यार्थीहरू स्नातक योग्यता उपाधिका लागि काम गर्दै पढ्दै गरेका हुन्छन्। तर नेपालका उच्चशिक्षा संस्थाहरूले यस्ता उपाधिहरू प्रदान गर्ने गरी शैक्षिक कार्यक्रम सञ्चालन गरेकै छैनन् र यस किसिमको सोच तर्फ गएको अवस्था पनि तत्काल देखिदैन। नेपालको सन्दर्भमा विद्यार्थीहरूले काम पाउने रोजगारका क्षेत्र नै अपुरो छ। तसर्थ विश्वविद्यालयले एक छुट्टै एकाइ खडा गरी विभिन्न रोजगार क्षेत्रहरूसँग सम्बन्ध बनाउने र विद्यार्थीहरूका लागि कामको सुनिश्चितता गर्नुपर्छ। स्वस्फूर्त रूपमा विद्यार्थीहरूले काम पाउने र अध्ययनसँगै लैजान कठिन छ। उदाहरणका लागि त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरू देशै भरी छन् र पहाडि भूभागहरूमा कामको क्षेत्र कृषि र पशुपालन छ ता व्यवसायिक छैन अन्य क्षेत्रमा पनि फरक फरक छन्। यस्तो कम विकसित अर्थतन्त्र भएको देशमा कमाउँदै सिक्दैका लागि लिनुपर्ने मोडेल नै फरक गर्नुपर्छ। अन्य देशको अभ्यास हुबहु काम लाग्दैन। औद्योगिकरणको प्रक्रियासँगसँगै कमाउँदै पढ्दै भन्ने नीति कामयाबी हुन्छ।

५. उत्कृष्टताको केन्द्र:

उत्कृष्टताका केन्द्र बनाउने भन्ने अहिलेको सर्वस्वीकृत भाषा छ। यस्ता केन्द्र बनाउँदा शिक्षण, अनुसन्धान, अन्वेषण र अभिनवका क्षेत्रमा केन्द्रित गरी विभिन्न एकाइहरूलाई शिक्षण, अनुसन्धान, उद्यमशीलता र विभिन्न विषय र विधामा उत्कृष्टता विकास गर्ने अवसरका लागि उनिहरूलाई नै योजना बनाउन दिने र कार्यान्वयनमा लैजान आवश्यक स्रोतसाधन सहित प्रशासनिक व्यवस्था गरिदिनुपर्छ। अहिलेको जस्तो विश्वविद्यालयका सबै क्याम्पसहरूलाई एकै किसिमको कार्यक्रम होइन, अलग र नयाँ अहिलेको श्रम र रोजगार बजार अनुसार विकास गरी कार्यान्वयनमा ल्याउनुपर्छ। प्राज्ञिक र व्यावसायिकता स्वायत्तता प्रदान गर्दै लगानीको निश्चित मोडेल कायम गर्नुपर्छ जसबाट कसले कति खर्च व्यहोर्ने हो स्पष्ट हुनुपर्छ। उत्कृष्ट विश्वविद्यालयको आधारहरू हेर्यौं भने प्रशस्त लगानी, मेधावी शिक्षक, मेधावी विद्यार्थी, असल र प्रभावकारी प्रशासन, अनुसन्धान तथा अन्वेषणमा आधारित शैक्षिक कार्यक्रम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई प्रधान पक्ष मानिएको छ। यो आधारमा मूल्याङ्कन गर्ने हो भने विश्वका स्तरीकृत भएका विश्वविद्यालय वा उच्चशिक्षाका अवस्थामा पुग्न नेपालका उच्चशिक्षा संस्थाहरूले लगानी देखि कार्यक्रम जनशक्ति र विद्यार्थीहरू छनौटका लागि कुलीन छनौट प्रणालीमा जानुपर्छ तर त्रिभुवन विश्वविद्यालय जस्तो राज्यले उच्चशिक्षाका लागि सार्वजनिक दायित्व प्रदान गरेकाको उच्चशिक्षा संस्थाले कुलीन छनौट र विद्यार्थी शुल्कबाट बढी खर्चभार व्यहोर्ने गरी उत्कृष्टता केन्द्रमा जान असम्भवै त होइन कठिन छ। यस्ता संस्थाहरूलाई कुलीनहरूको मात्र

उच्चशिक्षा /विश्वविद्यालय बनाउन सकिने परिस्थिति होइन । सबै किसिमका क्षमता भएका विद्यार्थीहरूलाई उनीहरूको रुचि, क्षमता, आवश्यकता अनुरूप विषय छनोट गरी अध्ययन गर्न पाउने तर गुणस्तरीय शिक्षा प्राप्त गर्ने समान अवसर दिनुपर्छ । विश्वविद्यालयले सबैलाई उच्चशिक्षाको अवसर दिँदै प्रतिभावानका लागि विशेष मौका प्रदान गरी अनुसन्धान, अन्वेषण र आविष्कारमा लगाउनु पर्ने हुन्छ । विभिन्न किसिमका उत्कृष्टताका केन्द्रहरू स्थापनामा हुँदा शिक्षाको गुणस्तर प्रत्याभूत हुन्छ र विद्यार्थीहरूको अध्ययनका लागि नै विदेशिने प्रवृत्तिलाई पनि केही हदसम्म कम हुन्छ । शिक्षाको गुणस्तर सुधार र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी शिक्षाको सुनिश्चितता नेपालका उच्चशिक्षालाई गुणस्तरमा उत्कृष्ट बनाउने आधार हो । शिक्षाको गुणस्तरलाई हेरिने आधारहरू प्रदायक र प्रापकहरूको दृष्टिकोणबाट हेरिन्छ । यसका लागि अलगअलग मापदण्डहरू हुन्छन् । सामान्यतया प्रशासन, लगानी, प्रतिभावान शिक्षक र विद्यार्थी, पाठ्यक्रमको सान्दर्भिकता र अद्यावधिकता, शिक्षणसिकाइ विधि, मूल्याङ्कन प्रणाली, विभिन्न सरोकारवालाहरूको संलग्नता उत्पादित जनशक्तिको रोजगारी, प्रविधि विकास र व्यवसायीकरणको मात्रा आदि उच्चशिक्षाका गुणस्तरका मापकहरू हुन् । गुणस्तरीय उच्चशिक्षाका लागि मूलतः ३ महत्त्वपूर्ण प्राज्ञिक प्रशासनिक सुधारको आवश्यक छ: पाठ्यक्रम सुधार, शिक्षक पेशागत विकास र कार्य संस्कृति सुधार । अहिलेको सन्दर्भमा विश्वविद्यालयका क्याम्पसहरूमा शिक्षण समय पनि पुरापुर नभएका उदाहरणहरू भेटिएका छन्, सिकाइ गराउनु त टाढाको विषय भएको छ ।

**६. कुल भर्नादरमा सुधार:**

नेपालको अहिलेको कुल उच्चशिक्षा भर्ना दर १५ प्रतिशतको हाराहारीमा छ । नेपालले जनसांख्यिकी लाभ लिने हो भने सक्रिय उमेर समूहका सबैलाई उत्पादनमुखी बनाउन उच्चशिक्षामा समावेश गर्नुपर्छ । विश्वविद्यालय उच्चशिक्षा उमेर समूह १९ देखि २५ वर्षका जनसंख्यालाई कुनै न कुनै रूपले उच्चशिक्षामा समावेश गरेमा मात्र देशले जनसांख्यिकी लाभ लिन सक्छ । नेपालमा पनि स्वास्थ्य सेवाको विस्तार र जीवनस्तरमा सुधारका कारण वृद्धवृद्धाको संख्या बढ्ने र एक प्रतिशतभन्दा कमको जनसंख्या वृद्धिदरले केही वर्ष पछि जनसांख्यिकी लाभ घट्दै जान्छ । आर्थिक विकासका लागि जनसांख्यिकी लाभ महत्त्वपूर्ण हुन्छ । यसर्थ उच्चशिक्षामा लगानी वृद्धि गरी उच्चशिक्षामा विविधीकरण र विस्तारसहित गरी भन्दा धेरैमा उच्चशिक्षाको पहुँच पुर्‍याउनु देशको आर्थिक विकासका लागि पनि महत्त्वपूर्ण छ ।

**७.आन्तरिक प्रशासन सुधार:**

भीमकाय संरचनाका उच्चशिक्षा संस्थाहरू जसका कारण नियमित अनुगमन तथा मूल्याङ्कन गर्न नसक्ने र गुणस्तरमा गिरावट आउँदा समेत सम्बन्धित संस्थालाई सहयोग र आवश्यकता अनुसार कारबाही गर्न नसक्ने अहिलेको कमजोर आन्तरिक प्रशासनिक अवस्था उच्चशिक्षामा गुणस्तरमा कमी आउँदै जानुको प्रमुख कारण छ । सामाजिक आवश्यकता र राजनैतिक पहुँच भर्ना या राजनैतिक

कहाँको लागि बिना अध्ययन र व्यवस्थित योजना बिना खोलिन्दै खुलेका सम्बन्धन प्राप्त क्याम्पसहरू शैक्षिक कार्यक्रमहरूमा दोहोरिएका र आवश्यकता अनुसारका नयाँ नयाँ विषयहरूको अध्ययन अध्यापन गर्न नदिने जड नीतिका कारण शिक्षामा विविधीकरण, गुणस्तर र रोजगारमूलक जनशक्ति उत्पादनमा समस्या भएको छ । तसर्थ आन्तरिक प्रशासनको सुधार, यसका नियम कानुनहरूमा नै पुनरावलोकन गरी परिमार्जन जरुरी छ । प्रशासनिक र शैक्षिक अनुगमन तथा मूल्याङ्कन र नतिजाका आधारमा दण्ड पुरस्कारको कार्यान्वयन नगरी मुलाहिजामा सबै कमजोरीमा छुट दिनुपर्ने अहिलेको अवस्था छ । यस्ता कार्यहरूबाट समग्र अपेक्षा शिक्षामा विविधीकरण, गुणस्तर सुधार र रोजगारयोग्य ग्राजुएट उत्पादन हुनसक्छ ।

**निष्कर्ष**

नेपालको उच्चशिक्षाका मुद्दाहरूका बारेमा प्राज्ञ, राजनीतिज्ञ, व्यवसायी, पत्रकार तथा नागरिक समाजले आआफ्नै ढङ्गले व्याख्या, विश्लेषण र समाधानका उपायहरू सुझाइरहेका छन् । यस लेखमा उल्लेख भएका दृष्टिकोण पनि नयाँ होइनन् । माथि उल्लेख गरिएका पक्षहरू नेपालको उच्चशिक्षाको पुनर्संरचना गर्ने वा सुधार गर्ने मूल पक्षहरू हुन् । यी पक्षहरूमा सुधार गर्न सकिए उत्कृष्ट उच्चशिक्षा संस्था निर्माण हुन जान्छ र जसका कारण सचेत, सक्रिय र उत्पादनशील नागरिकहरू निर्माण हुन्छ र समग्र राष्ट्रिय उत्पादनमा वृद्धि हुन्छ । गुणस्तरीय उच्चशिक्षा देश विकासको इन्जिन मानिएको छ । यसैले आन्तरिक प्रशासन सुधार, लगानी वृद्धि, गुणस्तरीय पाठ्यक्रम र अनुसन्धान र खोजमूलक सिकाइ प्रणाली, उच्चशिक्षामा सहज पहुँचको अवस्था सिर्जना र सूचना प्रविधिको प्रयोग जस्ता पक्षहरू नेपालको उच्चशिक्षा सुधारका लागि महत्वपूर्ण हुन् । राजनैतिक नेतृत्व, उच्चशिक्षाका नेतृत्व र प्राध्यापकहरू तथा आम, उद्योग, व्यवसायीहरूको सहकार्य गुणस्तरीय शिक्षा व्यवस्थापन गर्न र सैद्धान्तिक र प्रयोगिक दुवै सक्षमता भएका विद्यार्थीहरूको उत्पादनमा आवश्यक छ । नेपालको उच्चशिक्षामा अहिलेको अभाव सिकाइका क्रममा कामका क्षेत्रमा विद्यार्थीहरूलाई संलग्न गराउन नसक्नु जसका कारण सैद्धान्तिक ज्ञान भएका तर प्रायोगिक सीप, सक्षमता कम भएका जनशक्ति उत्पादन भए भन्ने हो । यसका लागि सबै उद्योग, व्यवसाय र सेवा क्षेत्रका संस्थाहरूले विद्यार्थीको सिकाइका लागि सहयोग गर्नुपर्छ र उच्चशिक्षाका नेतृत्वले यसको पहल लिनु आवश्यक छ । उच्चशिक्षाको बढ्दो लागतका कारण विद्यार्थीहरूलाई खर्च जोहो गरी अध्ययन गर्न कठिन अवस्था सिर्जना हुँदैछ । तसर्थ वैकल्पिक सिकाइ प्रणालीको प्रयोग संगसँगै काम गर्दै सिक्दै गर्ने अवसर सिर्जनामा सबैको जिम्मेवारी हुनु पर्छ । अहिलेका विद्यार्थीहरू नै देशको भविष्य भएकाले विद्यार्थीको उपयुक्त सिकाइमा सबैको ध्यान जान जरुरी छ र वर्तमानको उच्चशिक्षामा देखिएका असान्दर्भिकतालाई समयमा नै सुधार गर्न जरुरी छ ।

## अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन: बागमती प्रदेशको अभ्यासले देखाएको अवसर

दीपक शर्मा
महानिर्देशक-शिक्षा तथा मानवस्रोत विकासकेन्द्र

**विषय प्रवेश:**

संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको छ भने अनुसूची-९ ले शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश गरेको छ । संविधानले शिक्षालाई नागरिकको मौलिक हकमा समावेश गरेको छ । संविधानको धारा ३१ को उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनिएको छ । २०७२ सालमा संविधान जारी भै सकेपछीको संसदले २०७३ मा शिक्षा ऐन २०२८ मा संशोधन समेत गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड ज) अन्तर्गत आधारभूत र माध्यमिक शिक्षातर्फ स्थानीय तहले हेर्नुपर्ने विषयका २३ ओटा बुँदामा विस्तार उल्लेख गरिएका छन् । संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य रुपमा कानुन बनाउन संविधानले समय सीमा प्रदान गरेको पृष्ठभूमिमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी हकको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी भै कार्यान्वयनमा आएको छ । उक्त ऐनले दिएको अधिकार प्रयोग गरी सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ समेत जारी गरेको छ ।

नेपालले विद्यालय शिक्षामा विद्यार्थीको पहुँच र सहभागिताका लागि विगत तीन दशकमा गरेका प्रयास र हासिल गरेका उपलब्धीहरु राष्ट्रिय तहका शैक्षिक सूचकका दृष्टिले उल्लेखनीय रहेका छन् । तथापि देशभर अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनको सुनिश्चितताको सन्दर्भलाई विचार गर्दा शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समेटिएका तथ्याङ्कको विश्लेषणबाट २०८० सालको शैक्षिक सत्रमा ५ देखि १२ वर्ष उमेर समूहका २१३०७२ जना बालबालिका विद्यालय बाहिर रहेको अवस्था देखिएको छ । ती विविध कारणले विद्यालय बाहिर रहेका र देशभर छरिएका तर पहुँच एवम् सहभागिताका दृष्टीले हार्डकोर समूहमा पर्ने बालबालिकालाई विद्यालय भित्र ल्याउनु र त्यस उपरान्त विद्यालय उमेर समूहमा प्रवेश गरेका बालबालिका सबैलाई नछुटाइकन पठन पाठनको व्यवस्था मिलाउनु चुनौतीपूर्ण तर राज्यले नगरि नहुने कार्य समेत हो ।

**विद्यालय शिक्षामा प्रदेश सरकार:**

२०७४ को आम निर्वाचन पछि प्रदेश सरकारहरु क्रियाशील भएका हुन् । संविधानमा विद्यालय शिक्षाका विषयमा प्रदेश सरकारको सिधा भूमिका उल्लेख भएको नदेखिएपनि नागरिकको मौलिक

अधिकारप्राप्तिको दायित्व, राज्यका निर्देशक सिद्धान्त र अन्य कानुनी प्रबन्धबाट समेत प्रदेश सरकारमाथि केही महत्त्वपूर्ण जिम्मेवारी वा दायित्व थपेको छ। मूलतः सेवाकालीन शिक्षकको तालिम र पेसागत विकासका कार्यक्रमहरूको कार्यान्वयन गर्ने दायित्व संरचनात्मक प्रबन्ध र कार्यविवरणका हिसाबले पनि प्रदेश सरकारमाथि रहेको छ। यसका लागि हरेक प्रदेशमा शिक्षा तालिम केन्द्र सञ्चालनमा आएका छन्। शिक्षा ऐन २०२८ (संशोधन सहित)ले गरेको व्यवस्था र तदनुरूप राष्ट्रिय परीक्षा बोर्ड नियमावली २०७५ मा २०७८ मा गरिएको पहिलो संशोधनबाट माध्यमिक तहको कक्षा १० को परीक्षा (एसइई)को सञ्चालन र व्यवस्थापनका कतिपय अहम् जिम्मेवारी प्रदेश सरकारमाथि छ र प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयको मातहतमा स्थापना गरिएका शिक्षा विकास निर्देशनालयले यो भूमिका निर्वाह गर्दै आएका पनि छन्। शिक्षा नियमावली २०५९ मा २०७७ फागुनमा भएको नयाँ संशोधनले गरेको व्यवस्था अनुसार सार्वजनिक विद्यालयका स्थायी शिक्षकहरूलाई विभागीय कारवाही गरी सेवाबाट हटाउने समेतको महत्त्वपूर्ण जिम्मेवारी उक्त निर्देशनालयको शिक्षा निर्देशक माथि थपेको छ। २०७४ मा स्थानीय सरकार सञ्चालन ऐन जारी भै तदनुरूप स्थानीय तहमा हस्तान्तरण भएका कार्यहरू बाहेक साबिकमा क्षेत्रीय शिक्षा निर्देशनालय र यसका निर्देशकले गरि आएको विद्यालय शिक्षा सम्बन्धी कार्यहरू प्रदेश सरकारको शिक्षा विकास निर्देशनालय र त्यसका निर्देशकले गर्ने गरी व्यवस्थित गरिएको छ। यसका साथै शिक्षक सेवा आयोगले निर्धारण गरेको प्रबन्ध अनुरूप स्थायी शिक्षकको कार्य सम्पादन मूल्याङ्कनका आधारमा बढुवा गर्ने विषय प्रदेश सरकारको निर्देशनालयमाथि रहेका महत्त्वपूर्ण जिम्मेवारीहरू हुन्। यी कुराको अलावा विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय सरकारबाट वार्षिक रूपमा सशर्त अनुदान अन्तर्गत कतिपय कार्यहरू प्रदेश तहबाट सम्पादन हुँदै आएका छन्।

विद्यालय शिक्षामा प्रदेश सरकारहरूले प्रदेशगत रूपमा आ आफ्नै कार्यक्रम तथा बजेटबाट आ आफ्नै ढङ्गले प्राथमिकता तोकी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। बागमती प्रदेशको सन्दर्भमा कुरा गर्दा प्रदेश सरकार क्रियाशील भएको समयदेखि यसको अवधिमा विद्यालय शिक्षाको विकास र सुधारमा सङ्घीय सरकारको सशर्त अनुदान र परम्परागत तवरले गरिँदै आएका कामको अलावा कतिपय नयाँ कामहरू पनि भए गरेको देखिन्छ। यसरी प्रदेश आफैले गरेका कामहरूमध्ये नमूना विद्यालय विकास कार्यक्रम, सार्वजनिक विद्यालयलाई स्कूल बसका लागि अनुदान, एक विद्यालय एक नर्स कार्यक्रम, शैक्षिक उपलब्धीमा आधारित प्रोत्साहन कार्यक्रम, विद्यालय भौतिक पूर्वाधार विकास तथा निर्माण, माध्यमिक तहमा शुन्य दरबन्दी भएका विद्यालयलाई शिक्षण सिकाइ अनुदान, स्थानीय तहको सहकार्यमा प्रत्येक जिल्लामा बालविकास केन्द्रको स्तरोन्नती कार्यक्रम र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन भएको स्थानीय तहको घोषणा गर्ने लगायतका कामहरू रहेका छन्। यस लेखमा यी कामहरूमध्ये अनिवार्य तथा निःशुल्क शिक्षाको विषयमा केन्द्रित भएर केही चर्चा गर्ने प्रयास गरिएको छ।

**१. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्थाका केही महत्वपूर्ण विषयहरू:**
सबैले बुझ्ने भाषामा संविधानले स्पष्ट गरेको विषय के हो भने प्रत्येक नागरिक अनिवार्य तथा निःशुल्क शिक्षाको हकदार हो र नागरिकले यो हक पाएका छन् भन्ने सुनिश्चितता गर्नुपर्ने दायित्व राज्य र सरकारका सबै अङ्ग तथा निकायमाथि रहेको छ। यो कुरालाई दृष्टिगत गरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ मा कतिपय विशेष प्रावधानहरू राखिएका छन्। नेपालमा विद्यालय उमेर समूहमा ४ देखि १८ वर्षका बालबालिका पर्दछन् यसमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनले कक्षा १ देखि ८ सम्मको ८ वर्षे विद्यालय शिक्षालाई आधारभूत तह अन्तर्गत राखेको छ। वर्तमान कानुनी व्यवस्था अनुसार अनिवार्य शिक्षा भन्नाले तोकिएको ५ देखि १३ वर्ष उमेर समूहका बालबालिकाहरूलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भै नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पुरा गर्ने बाध्यकारी व्यवस्था हो। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४ ले शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने भनेको छ। यसै दफाको उपदफा (१) मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ भनिएको छ अर्थात् यो बाध्यकारी व्यवस्थाको कार्यान्वयनको जिम्मेवारी तीनै तहमा रहेको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ मा केही कठोर प्रकृतिका कानुनी व्यवस्थाहरू पनि रहेका छन्। उदाहरणका लागि बालबालिकालाई विद्यालय भर्ना नगराउने वा भर्ना भएपनि आधारभूत तह पुरा नगरि विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहले प्रदान गर्ने सुविधाबाट वञ्चित गर्न सकिने व्यवस्था ऐनको दफा ७ को उपदफा (५) ले गरेको छ भने कानुनले नै किटानी गरेको अवस्थामा बाहेक प्रधानाध्यापकले बालबालिका भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुने व्यवस्था दफा ९ को उपदफा (६) मा छ। विद्यालय प्रवेश गरेका बालबालिकालाई अध्ययन पुरा नहुँदै विद्यालयबाट निष्कासन गर्न ऐनको दफा १० ले निषेध गरेको छ। अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षाको जिम्मेवारी स्थानीय तहको हुने किटानी प्रबन्ध ऐनको दफा १८ ले गरेको छ। राज्यका सबै निकाय विशेषतः जनताको दैनिक सम्पर्कमा रहने सबै स्थानीय तहका लागि कठोर र चुनौतीको अर्को विषय के हो भने प्रचलित अन्य कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत शिक्षा पुरा नगरेको व्यक्ति २०८१ साल वैशाख १ पछि देहायका विषयमा योग्य नहुने समय सीमासहितको किटानी व्यवस्था ऐनको दफा १९ मा रहेको छ

१. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेका कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैर सरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनित हुन वा कुनै रोजगारी प्राप्त गर्न।

८. कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैर सरकारी संस्थाको संस्थापक, शेयरधनी, सञ्चालक वा सदस्य वा पदाधिकारी हुन ।

उल्लेख गरिएको ऐनको दफा १९ ले गरेको व्यवस्था र उक्त ऐन कार्यान्वयन पछिका ५ वर्षमा भए गरिएका प्रबन्धहरूलाई हेर्दा बाँकी रहेको ५ वर्ष कार्य सम्पादनको दृष्टिले निकै विचारणीय र चुनौतीपूर्ण देखिन्छ तर सार्वजनिक रूपमा यस विषयमा देखिनु पर्ने चासो र बहस अपेक्षाकृत रूपमा न्यून रहेको अवस्था पनि छ ।

**अनिवार्य तथा निःशुल्क शिक्षामा बागमती प्रदेशको अभ्यास:**

बागमती प्रदेश भित्रको दोलखा जिल्लाका सबै स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा भै सकेको पृष्ठभूमीमा आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारले ११ ओटा स्थानीय तह छनौट गरि यो कार्यक्रम अगाडि बढाएको देखिन्छ । आर्थिक वर्ष २०८०/०८१ मा थप १८ स्थानीय तहमा यो कार्यक्रम विस्तार भएको पाइन्छ । बागमती प्रदेश सरकारले स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको सुनिश्चितताका लागि अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय सरकारबाट अनिवार्य तथा निःशुल्क शिक्षा आयोजना तथा कार्यक्रमका लागि प्राप्त विशेष अनुदानबाट कार्यक्रम सञ्चालन गरेको देखिन्छ भने यो प्रकृयामा विषयगत मन्त्रालयको हिसावले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायको औपचारिक संलग्नता भने देखिदैन । राष्ट्रिय योजना आयोगले दिएको विशेष अनुदान प्राप्त गर्न सक्ने अवसरलाई भने बागमती प्रदेशले अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनको लागि सदुपयोग गर्ने प्रयास गरेको र आफ्नो प्रस्तावद्वारा आयोगलाई कार्यान्वयनमा विश्वस्त तुल्याएको वा सहमत गराएकाले नै यो अनुदान प्राप्त गर्न सकेको हो भन्न सकिन्छ ।

यो कार्यक्रम कार्यान्वयनका लागि बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले विनियोजन ऐनले दिएको अधिकार प्रयोग गरी अनिवार्य तथा निशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि २०८० जारी गरी कार्य प्रणालीलाई व्यवस्थित गरेको देखिन्छ । प्रदेश सरकारले पाचवर्ष पुरा भै तेह्र वर्ष उमेर पुरा नभएका बालबालिकालाई आधारभुत तहसम्म अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा प्रदान गर्ने इच्छुक स्थानीय तहबाट सार्वजनिक सूचनाद्वारा प्रस्ताव आह्वान गरी उक्त प्रस्तावको मूल्याङ्कनको आधारमा स्थानीय तह छनौट गर्ने व्यवस्था गरेको देखिन्छ । यसले स्थानीय तहलाई तत्परताको आधारमा मात्र सहयोग गर्ने रणनीति अख्तियार गरेको देखिन्छ ।

प्रदेशले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको आधार तथा प्रकृया पनि कार्यविधिमा व्यवस्थित गरेको देखिन्छ । जसमा मूलतः स्थानीय तहले घरधुरी सर्वेक्षणका आधारमा उल्लेखित उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गर्नु पर्ने, ती पहिचान भएका बालबालिकालाई विद्यालयमा भर्ना गराउने वा उपयुक्त वैकल्पिक कार्यक्रमहरूबाट नियमित पठन पाठनको व्यवस्था

गर्ने, तोकिएको उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर छैनन् भन्ने कुरा वडाको शिक्षा समितिले सुनिश्चितता गर्नु पर्ने र स्थानीय तहका सबै वडाबाट लिखित सुनिश्चितता प्राप्त भएपश्चिमात्र स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन भएको घोषणा गर्न सक्ने प्रावधानहरू रहेका छन् । यो कार्यक्रम अन्तर्गत बागमती प्रदेशका कुल ११९ स्थानीय तहमध्ये आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ मा गरी कुल २९ स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनको सुनिश्चितता भैको घोषणा गरि सकेका छन् । यसमा उल्लेखनीय विषय के पनि छ भने दोलखा जिल्लाका सबै स्थानीय तहमा यो विषय घोषणा भै सकेको अवस्था छ ।

**अन्त्यमा**

बागमती प्रदेश सरकारले स्थानीय तहलाई उसले गर्नै पर्ने अनिवार्य तथा निःशुल्क शिक्षाको प्रबन्धका लागि सहजिकरण, प्रोत्साहन र एक प्रकारले दबाबमूलक कार्यक्रम समेत गर्दै आएको छ । हालसम्म यसले गरेका कार्यहरूबाट मूलतः तीनओटा सिकाइहरू प्राप्त गर्न सकिन्छः पहिलो, अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनमा प्रदेश सरकारहरूले सृजनात्मक ढङ्गले नवीनतामूलक कार्यहरू गर्न सक्दछन् । दोस्रो, बागमती प्रदेशको यो मोडल विद्यालय शिक्षामा तीनै तहको लागत साझेदारीको अवधारणा कार्यान्वयनका लागि उत्प्रेरकको रूपमा काम लाग्न सक्दछ । तेस्रो, विद्यालय शिक्षामा अधिकार र जिम्मेवारीको बाँडफाँडमा कतिपय विषयमा अझै पनि बहस भइ रहेको अवस्थामा यस्ता अभ्यास तीनै तहमा समन्वय सहकार्य र सह अस्तित्वको एउटा उदाहरण बन्न सक्दछन् ।

**सन्दर्भ सामग्री:**

नेपाल सरकार (२०२८), शिक्षा ऐन (संसोधन सहित) । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०५९), शिक्षा नियमावली (संसोधन सहित) नेपालको संविधान । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७२), नेपालको संविधान । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७४), स्थानीय सरकार सञ्चालन ऐन । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७५), अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७६), राष्ट्रिय परीक्षा बोर्ड नियमावली । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७७), अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली । काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

शिक्षा विकास निर्देशनालय (२०८१), अनिवार्य तथा निःशुल्क शिक्षा वार्षिक प्रगति प्रतिवेदन आव २०८०/०८१। हेटौंडाः प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय ।
शिक्षा विकास निर्देशनालय (२०८१), स्थिति प्रतिवेदन (Status Report) आ.व. २०८०/०८१। हेटौंडाः प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय ।

(यस लेखमा व्यक्त भएका विचारहरू लेखकका निजी विचार हुन् र ती विचारहरूले लेखक आबद्ध संस्थाको आधिकारिक धारणाको प्रतिनिधित्व गर्दैनन् ।)

मितिः २०८१ भाद्र २५ गते मंगलबार

# शिक्षा क्षेत्रमा नैतिकता र जवाफदेहिता

बद्रीनाथ गैह्रे
प्रदेश सचिव-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश

## १. पृष्ठभूमि:

शिक्षा सभ्यताको आधार हो । यसले हरेक व्यक्तिको सर्वाङ्गीण विकास गर्दै असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्न मद्दत गर्छ । त्यसैले शिक्षालाई देश विकासको पूर्वाधारको पनि पूर्वाधारका रूपमा लिइन्छ । आधुनिक जीवनमा शिक्षा विना एकातिर दैनिक गुजारा चलाउन सकिँदैन भने अर्कोतिर विश्व समुदायसँग साक्षात्कार गर्न समेत सकिँदैन । तसर्थ आधुनिक राज्य प्रणालीमा शिक्षालाई महत्व प्रदान गर्दै राज्यद्वारा विशेष व्यवस्था गरिएको पाइन्छ । विश्वका अधिकांश देशमा आधारभूत तहको शिक्षालाई निःशुल्क गरिनुको साथै मुलुकको विकासका लागि आवश्यक पर्ने एवम् अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने नीति लिएको पाइन्छ ।

नेपालमा वि.सं २०२८ सालमा शिक्षा ऐन आएसँगै आधुनिक शिक्षा प्रणालीको विकास भएको मानिए तापनि शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने क्षेत्रहरू असीमित रहेका छन् । एकातिर मुलुकको विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सकिरहेको छैन भने अर्कोतिर उत्पादित जनशक्ति आन्तरिक बजारमा खपत हुन नसक्दा बेरोजगारीको अवस्था भयावह बनेको छ, जसका कारण आर्थिक रूपमा क्रियाशील जनशक्तिको ठूलो हिस्सा विदेश पलायन हुँदै गइरहेको छ । साथै शिक्षा क्षेत्रमा मौलाउँदो भ्रष्टाचार तथा अन्य विकृतिको नियन्त्रण हुन नसक्दा राज्यप्रतिको विश्वसनीयतामाथि नै प्रश्नचिन्ह उठेको छ । शिक्षा क्षेत्रमा राज्यद्वारा गरिएको लगानी अनुरूपको प्रतिफल समेत प्राप्त हुन सकिरहेको छैन ।

पछिल्लो समय नेपालको सम्पूर्ण सार्वजनिक सेवामा नैतिकता तथा जवाफदेहिता ह्रास हुँदै गइरहेको छ । यसबाट शिक्षा क्षेत्र समेत अछुतो बन्न सकिरहेको छैन । नैतिकताको जग बसाउने क्षेत्रको रूपमा रहेको शिक्षा क्षेत्रमा नैतिकता तथा जवाफदेहिता प्रवर्धन गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

## २. नैतिकता र यसका पूर्वाधारहरू

असल आचरण र खराब आचरणको बारेमा विस्तृत अध्ययन गर्ने र व्यक्तिलाई असल आचरण अवलम्बन गर्न प्रेरित गर्ने व्यावहारिक विज्ञान नै नैतिक शास्त्र हो । यो मानव जीवनमा के गर्नुहुन्छ वा के गर्नुहुँदैन, के ठीक हो र के बेठीक हो भन्ने बारेमा फैसला गर्ने आधार (Measuring Rod) हो । यसको उद्देश्य मानव चरित्र र व्यवहारलाई आदर्श बनाउनु नै हो । नैतिक शास्त्रले असल र आदर्श जीवन कसरी जिउने ? हाम्रा अधिकार, जिम्मेवारी र कर्तव्य के के हुन् ? उचित र अनुचित कार्यहरू के के हुन् ? नैतिक निर्णय र यसका आधारहरू के हुन् ? भन्ने जस्ता प्रश्नको उत्तर प्रदान

गरी व्यक्ति, समूह, समुदाय एवम् सङ्गठनलाई नैतिकवान बनाउन सहयोग पुऱ्याउँछ । अन्तस्करण, कानुन तथा नियमहरू, आचारसंहिता, संस्कृति, शिक्षा आदि नैतिकताका स्रोत हुन् ।

नैतिकताको आवश्यकता व्यक्तिगत जीवनमा भन्दा सार्वजनिक जीवनमा ज्यादा पर्दछ, किनकी सार्वजनिक निकाय एवम् पदाधिकारीहरूले सर्वसाधारणले तिरेको कर रकमसमेत रहेको सार्वजनिक कोषबाट सुविधा प्राप्त गरेका हुन्छन् । सार्वजनिक सेवामा नैतिक मूल्य, मान्यताको अवलम्बन हुन सकेमा मात्रै सार्वजनिक सेवाप्रति नागरिकको विश्वास एवम् अपनत्व कायम गर्न सकिन्छ ।

सार्वजनिक सेवामा नैतिकता कायम गर्न केही पूर्वाधारहरू आवश्यक पर्दछ । नैतिक मानक (Ethical Standards) को निर्धारण, कानुनी व्यवस्था र संस्थागत सुधारको समग्रतालाई नै सार्वजनिक क्षेत्रको नैतिक पूर्वाधारको रूपमा लिन सकि । यसलाई हामी सार्वजनिक सेवामा नैतिकताको पालना र प्रवर्द्धनका लागि अत्यावश्यक पूर्वशर्तहरूको रूपमा पनि बुझ्न सक्छौं । केही मुख्य नैतिक पूर्वाधारहरू यसप्रकार छन् -

(क) नैतिकताप्रति राजनीतिक क्षेत्रको स्थायी प्रतिबद्धता (Political commitment)
(ख) प्रभावकारी कानुनी ढाँचा - स्वतन्त्र अनुसन्धान र कारवाहीलाई बल पुऱ्याउने कानुनी रूपरेखा, प्रभावकारी उत्तरदायित्व संयन्त्र र सार्वजनिक संलग्नता एवम् परीक्षण (Legal framework)
(ग) सार्वजनिक सेवामा आबद्ध कर्मचारीहरूले पालना गर्नुपर्ने कार्यान्वयनयोग्य नैतिक नियमहरू वा आचारसंहिता (Workable code of conduct)
(घ) व्यवसायिक सामाजिकीकरण (Professional socialization mechanism)- सीप विकास तालिम, शिक्षा प्रदान गरी कर्मचारीलाई नैतिक सिद्धान्त प्रति जागरूक बनाउने
(ङ) सहयोगी/ अनुकूल सार्वजनिक सेवाको अवस्था (Supportive public service conditions)
(च) मानव अधिकार (Human Rights)
(छ) प्रजातान्त्रिक अभ्यास (Democratic Exercise) /सहभागितामूलक व्यवस्थापन
(ज) पारदर्शिता, निष्पक्षता र सार्वजनिक निष्ठा (Transparency Impartiality and Public Honesty)
(झ) नैतिक नियमसम्बन्धी समन्वयकारी निकायहरू (Ethical Norms Coordinating Agency): संसदीय समिति, विभाग, नैतिक अवस्था हेर्ने अधिकार प्राप्त स्वायत्त निकाय
(ञ) प्रभावकारी उत्तरदायित्व संयन्त्र (Efficient accountability mechanism)
- आन्तरिक: प्रशासनिक कार्यविधि, लेखापरीक्षण, कार्यसम्पादन मूल्याङ्कन
- बाह्य: संसदीय समिति, अनुगमन संयन्त्र, सार्वजनिक सुनुवाई र परीक्षण
(ट) केन्द्रीय नैतिकता समन्वय र प्रवर्द्धन निकाय (Central ethics coordination and promotion body)

(ठ) सक्रिय नागरिक समाज (Active civil society) - पदाधिकारीहरूको कामकारबाही प्रति Watchdog को रुपमा निगरानी राख्न सक्ने ।

सार्वजनिक सेवामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूबाट अन्यको तुलनामा उत्कृष्ट र अनुकरणीय नैतिकताको अपेक्षा गरिएको हुन्छ । सार्वजनिक जिम्मेवारी वहन गर्ने व्यक्तिहरूमा निम्न गुणहरू हुनुपर्दछ: इमान्दारिता (Honesty), निष्ठा (Integrity), आदरभाव (Respectfulness), उत्तरदायित्व (Accountability), गोप्यता/विश्वसनियता (Confidentiality), समयलाई महत्व (Valuing Time), निष्ठापूर्ण आचरण (Loyalty), वस्तुनिष्ठ (Objectivity), कानुनप्रतिको आज्ञाकारिता (Obedience to the law), पारदर्शिता (Transparency) आदि ।

**३. जवाफदेहिता र यसका पूर्वाधारहरु**

आफूलाई प्राप्त अधिकार र श्रोतको प्रयोग गरी गरिएको कार्यसम्पादनको सम्बन्धमा सरोकारवाला सामु जवाफ दिनु पर्ने दायित्व नै जवाफदेहिता/उत्तरदायित्व हो । जवाफदेहितामा एकातिर जिम्मेवारी निर्वाह गर्नु पर्दछ भने अर्कोतिर जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रयोग गरिएको अधिकार र श्रोतको औचित्य पुष्टि गर्न सरोकारवालालाई जवाफ दिनु पर्दछ ।

सार्वजनिक व्यवस्थापनका सन्दर्भमा कुरा गर्नुपर्दा सार्वजनिक अख्तियार प्रयोग गर्ने अधिकारी तथा निकायहरूले आफ्नो कार्यको पूर्ण दायित्व वहन गर्ने अवस्था, कामको जवाफ सरोकारवालालाई दिने वा सो सम्बन्धी तत्परता र मान्यतालाई सार्वजनिक जवाफदेहिता भनिन्छ । यो सार्वजनिक अधिकारी तथा निकायहरूलाई आफ्नो कामप्रति संवेदनशील, सशक्त र सरोकारवालाप्रति सकारात्मक र समर्पित बनाउने औजार एवम् उपाय पनि हो । यो विषय सार्वजनिक अधिकारी र निकायले आफ्ना काम, कर्तव्य र अधिकारको प्रयोग तथा प्रगति कसरी गरिरहेका छन् ? भन्ने नागरिक जिज्ञासालाई सम्बोधन तथा सार्वजनिकीकरण गर्ने कार्यसँग सम्बन्धित छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले आफूले पाएको अधिकार प्रयोगको सिलसिलामा सम्पादन गरेको कामबाट सृजित राम्रो वा नराम्रो दुवै किसिमको प्रतिफलका लागि सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्छ भन्ने नै सार्वजनिक जवाफदेहिताको मूल ध्येय हो ।

सार्वजनिक जवाफदेहिता आधुनिक अवधारणा हो । लोकतन्त्रको आधारस्तम्भको रुपमा सार्वजनिक जवाफदेहितालाई लिइन्छ । शासनको अझ सुधारिकृत र जनमैत्री अभ्यासको अर्को अध्याय सुशासनको मान्यता जन्मे पश्चात् सुशासनको महत्वपूर्ण आधारतत्वको रुपमा आज सार्वजनिक उत्तरदायित्व बढी चर्चा र प्रचलनको मान्यताका रुपमा स्थापित भएको छ ।

सार्वजनिक जवाफदेहिताको परिपालनाका लागि राजनीतिक र कानुनी निगरानी (Political and Legal Oversight), संस्थागत प्रतिस्पर्धा (Institutional Competition), कार्यात्मक प्रशासकीय संयन्त्र (Functional Administrative Mechanism), ग्राहकमुखी वा प्रिन्सिपल एजेन्ट मोडेल (Principal-agent Model), कार्य विशिष्टता (Task Specificity), स्वतन्त्र अम्बुड्समेन (Independent Ombudsmen), नागरिक नियन्त्रण (Citizen Control) जस्ता पूर्वसर्तहरू आवश्यक हुन्छ भन्ने मान्यता रहेको छ । Michael E. Lowe ले निम्न तत्वहरू प्रभावकारी जवाफदेहिताका लागि आवश्यक हुन्छ भनेका छन्:

(क) राजनैतिक इच्छाशक्ति र प्रतिबद्धता
(ख) स्पष्ट परिभाषित अधिकार र जिम्मेवारी
(ग) मापनयोग्य कार्यसम्पादन मापदण्डहरू
(घ) निर्णयमा पारदर्शिता
(ङ) प्रभावकारी वित्तीय नियन्त्रण र अनुशासन
(च) निष्पक्ष र प्रभावकारी खरिद एवम् बोलपत्र प्रक्रिया
(छ) अनुगमन र अनुसन्धान व्यवस्था
(ज) सक्षम भ्रष्टाचार नियन्त्रण संयन्त्र
(झ) सूचनाको सहज उपलब्धता र पहुँच
(ञ) स्वतन्त्र एवम् प्रभावकारी खोज पत्रकारिता
(ट) अधिकारको विकेन्द्रीकरण र प्रत्यायोजन
(ठ) संसदीय कारबाहीको प्रत्यक्ष प्रसारण

**जवाफदेहिता मापन गर्ने सूचकहरू**

- कानुन नियम र कार्यविधि: कार्यसम्पादन गर्दा अवलम्बन गरिएको नियम कानुन ।
- कार्य परिमाण: सम्पादित कामको परिणाम वा सङ्ख्या ।
- समय: काम गर्न लागेको समय ।
- कार्यस्तर: कामको गुणात्मक पक्ष ।
- स्वच्छता: काम गर्दा व्यक्तिको आचरणगत पक्ष वा निष्पक्षता र सदाचार ।
- सत्प्रयास: कार्य परिणाम भए पनि नभए पनि गरिएको प्रयास ।
- कार्यकुशलता: काम र त्यसका लागि लागेको स्रोत साधन ।
- प्रभावकारिता: कामबाट सरोकार पक्षको उद्देश्य पूरा भयो भएन ।

**४. नेपालको शिक्षा प्रणाली र विद्यमान समस्या एवम् विकृतिहरू**

नेपालमा २००४ सालको संवैधानिक कानुनले व्यवस्था गरेपछि मात्रै सर्वसाधारणका लागि

विद्यालयहरू खोल्ने क्रम सुरु भयो । २००७ सालमा नेपालको साक्षरता प्रतिशत जम्मा २% रहेको थियो भने ३२१ प्रा.वि., ११ मा.वि. र १ महाविद्यालय खोलेका थिए । सात सालको राजनीतिक परिवर्तनपछि मात्र केही जनताको पहुँचमा शिक्षा पुगेको थियो । २०२८ सालमा नयाँ शिक्षा ऐन लागू भएपछि भने शिक्षा क्षेत्रले गति लिएको पाइ । २०२८ सालको शिक्षा ऐन अन्तर्गत नेपालको शैक्षिक क्षेत्रले केही नवीनता प्राप्त गरेको भएता पनि शैक्षिक परिणामहरू प्रायः आयातीत नै छन् । जसका कारण शिक्षाले नेपाली समाजको वास्तविक चरित्र ग्रहण गर्न सकेको छैन । हालसम्म उक्त ऐनलाई पटक पटक संशोधन गर्दै चलाइएको छ । समय सापेक्ष कानुन बन्न सकिरहेको छैन । विभिन्न कालखण्डमा फरक फरक नीतिगत र संरचनागत व्यवस्थाहरू हुँदै नेपालको शिक्षा प्रणाली हालको अवस्थामा आइपुगेको छ ।

हाल विद्यालयस्तरीय शिक्षालाई १२ कक्षासम्म राखिएको छ । कक्षा आठसम्म आधारभूत र ९ देखि १२ लाई माध्यमिक तहमा विभाजन गरिएको छ । कक्षा १२ भन्दा माथिको शिक्षालाई उच्च शिक्षा वा कलेज र क्याम्पसको शिक्षाको रूपमा पठन पाठन गरिँदैछ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था छ । उक्त हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपाङ्गता भएका तथा आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेजस्ता हकहरूको व्यवस्था गरेको छ । नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने जस्ता नीतिहरू उल्लेख छन् । त्यसैगरी संविधानले आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको कार्यक्षेत्रभित्र राखेको छ भने प्रदेश तहलाई प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय एवम् संग्रहालयको जिम्मेवारी दिएको छ । केन्द्रीयस्तरका विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञाप्रतिष्ठान, केन्द्रीय पुस्तकालय, विश्वविद्यालय मापदण्ड र नियमनको अधिकार संघीय सरकारमा राखेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले "शिक्षित, सभ्य, स्वस्थ, जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" को दूरदृष्टिसहित सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य लिएको छ । शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र नियमनका लागि संघीय तहमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली

२०३३, शिक्षक सेवा आयोग नियमावली २०५७, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, विश्व विद्यालय अनुदान आयोग ऐन, विभिन्न विश्वविद्यालयका ऐनहरू, सो सम्बन्धी नियमावलीहरू आदि रहेका छन् भने प्रदेश तथा स्थानीय तहहरूले समेत आवश्यक नीति तथा कानून निर्माण गरी कार्यान्वयन गरिरहेका छन् ।

उल्लेखित व्यवस्थाहरू सहित तीनै तहका सरकार अन्तर्गतका पुरै संरचनाहरू क्रियाशील हुँदा र वार्षिक १० प्रतिशत भन्दा बढी बजेट शिक्षा क्षेत्रमा लगानी हुँदा पनि शिक्षा क्षेत्रको गुणात्मक विकास हुन सकिरहेको छैन । भरखरै भएको माध्यामिक शिक्षा परीक्षा (SEE) र कक्षा १२ को परीक्षाको नतीजाले नै हाम्रो शिक्षाको अवस्था चित्रण गर्दछ । शिक्षा क्षेत्रमा नैतिकता र जवाफदेहिता ह्रास हुँदै गएका कारण यस क्षेत्रको समुचित विकास हुन सकेको छैन भने अर्कोतर्फ विभिन्न विकृति विसङ्गतिहरू मौलाएका छन् । यस सम्बन्धी केही तथ्यहरू निम्नानुसार छन् -

- प्रजातन्त्रको पुन स्थापना पश्चात् निजी विद्यालयहरू प्रशस्त खुले तर सार्वजनिक विद्यालयहरूको स्थिति दिन प्रतिदिन नाजुक बन्दै गयो । २०४६ देखि हालसम्म शिक्षाको समस्या पहिचान गरी समाधानका उपायसहितको प्रतिवेदन पेश गर्ने दर्जनौं शिक्षा आयोगहरू बने तर त्यसका सुझावहरू कार्यान्वयन भएनन् । केही राम्रा नीतिगत प्रयासहरू त भए तर ती पनि अस्थिरताका सिकार भए । शिक्षा प्रणालीमा दिगोपन वा स्थायित्व हुन सकेन ।
- संविधानले नै प्रत्याभूत गरेको माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन स्थानीय सरकारबाट हुन थालेको भएतापनि शिक्षा क्षेत्रको गुणात्मक सुधारका लागि स्थानीय तहले ध्यान दिन सकेका छैनन् । उल्टै आफु अनुकूलको विद्यालय व्यवस्थापन समिति निर्माण, कार्यकर्ता तथा आफन्तलाई शिक्षक नियुक्ति, हरेक विषयमा राजनीतिक हस्तक्षेपजस्ता कारणले सामुदायिक विद्यालयहरूको अवस्था झन् दयनीय बन्दै गइरहेको छ । अधिकांश स्थानीय जनप्रतिनिधिहरूमा नैतिकता र जवाफदेहिताको खडेरी देखिएको छ ।
- स्थानीय तह मात्र होइन शिक्षा क्षेत्रको सुधारका लागि संघीय एवम् प्रादेशिक तहले समेत ठोस कदम चाल्न सकेको देखिँदैन । हालसम्म नयाँ शिक्षा ऐन जारी हुन सकेको छैन, संघीयता अनुरूप तीन तहको सरकारबीच समन्वय सहकार्यको मोडल स्थापित हुन सकेको छैन । यसमा राजनैतिक नेतृत्व जवाफदेही हुनुपर्ने देखिन्छ ।
- हाम्रो कार्यक्रम तथा बजेट प्रणाली नै दोषी छ । कुनै विद्यालयमा न्यूनतम आधारभूत पूर्वाधार समेत छैनन् भने कतै पूर्वाधार छन् विद्यार्थी छैनन् । आवश्यकताको आधारमा भन्दा पहुँचका आधारमा कार्यक्रम तथा बजेट निर्माण गर्ने प्रवृत्ति रहेसम्म सबै क्षेत्रमा सन्तुलित विकास हुन सक्दैन । सरकारले शिक्षामा गरेको लगानी उपलब्धीमूलक देखिएको छैन । समग्र हाम्रो समग्र प्रणालीप्रति नै नैतिकता र जवाफदेहिताको प्रश्न चिन्ह खडा छ ।
- मुलुकको शिक्षा प्रणाली हुने खाने र हुँदा खाने वर्गमा विभाजित देखिन्छ । सामुदायिक विद्यालयप्रतिको विश्वसनीयता कमजोर हुँदा संस्थागत विद्यालयहरू मौलाएका छन् । शिक्षा जस्तो आधारभूत

सेवामूलक क्षेत्रको व्यापारीकरण भएको छ । एकातिर सामुदायिक विद्यालयहरूको सुधार हुन नसक्नु अर्कोतर्फ संस्थागत विद्यालयहरूको मनोमानी नियन्त्रण हुन नसक्नु राज्यको असक्षमता नै हो । यसको जवाफदेहिता सम्बन्धित सबैले निर्वाह गर्नै पर्छ ।

- मुलुकको विकास र समृद्धिका लागि सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा आवश्यक पर्दछ । राष्ट्रिय विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने मात्रै होइन परिवर्तित विश्व परिवेशमा प्रतिस्पर्धा गरी विश्व बजारमा बिक्न सक्ने जनशक्ति उत्पादन गर्ने शैक्षिक प्रणाली आवश्यक हुन्छ तर हाम्रा विद्यालय तथा कलेजहरू बेरोजगार एवम् सीपहीन जनशक्ति उत्पादन गर्ने थलो बन्न पुगेका छन् ।
- हाम्रो उत्पादित जनशक्तिले वास्तविक नेपाली समाजको यथार्थ पढ्ने पाएका छैनन् र हाम्रो आवश्यकताको सम्बोधन पनि हुन सकेको छैन । आफ्नो स्रोत र साधन उपयोग गर्ने ज्ञान नभएका विद्यार्थीले ज्ञानको माध्यमबाट देश विकासको लागि ठोस योगदान दिन सक्दैनन् ।
- हामीकहाँ धेरै वर्ष एउटै पाठ्यक्रम चलिरहन्छ र यसको परिमार्जनमा विभिन्न बाधा आइपर्छन्, जसले गर्दा पाठ्यक्रमलाई समयानुकूल परिवर्तन गर्न र लागू गर्न सकिएको अवस्था छैन ।
- शिक्षा ऐन, नियमावली र अन्य कानूनमा शिक्षक, कर्मचारी एवम् विभिन्न संरचना र तहका पदाधिकारीलाई नैतिक, जिम्मेवार एवम् जवाफदेही बनाउन राखिएका आचारसंहिता लगायतका प्रावधानहरूको कार्यान्वयन पक्ष एकदम फितलो देखिन्छ । शिक्षक तथा अन्य पदाधिकारीहरू राजनैतिक दलका कार्यकर्ताको रूपमा चिनिन्छन्, पेशागत हकहितका लागि भनेर खोलिएका सङ्गठनहरू राजनैतिक दलका भातृ सङ्गठनको रूपमा काम गरेको आरोप लाग्ने गरेको छ ।
- शिक्षकहरू पुरा समय कक्षा कोठामा पढाउन पनि आँट गर्दैनन्, आफ्ना विषयवस्तुमा नियमित अध्यावधिक भई सोही अनुरूप अध्यापन गर्नुपर्ने शिक्षकहरू आफ्नो जिम्मेवारी पुरा नै गर्दैनन्, सृजनशीलताको कमी भएका र समसामयिक अध्यावधिक नहुने शिक्षकहरूबाट विद्यार्थीले के सिक्ने हुन् ? कक्षा कोठामा मदिरा सेवन गरेर पढाउने, विद्यालय समयमा दलका कार्यक्रम वा अन्य पेशा व्यवसायमा भेटिने, आफ्नै विद्यार्थीमाथि अनैतिक क्रियाकलाप गर्ने शिक्षकहरूबाट कसरी नैतिकताको पाठ सिक्ने? यस्ता प्रश्नहरू उठ्ने अवस्थाको सिर्जना हुनुमा समग्र पद्धति नै दोषी देखिन्छ ।
- दक्ष जनशक्ति उत्पादन गराउनुपर्ने शिक्षकहरू नै अदक्ष हुन्छन् भने कस्ता जनशक्ति उत्पादन भइरहेका छन् ? अधिकांश व्यक्तिहरू अन्य क्षेत्रमा असफल भएपछि मात्र शिक्षण पेसा अपनाउने गरेको पाइन्छ । शिक्षकका लागि पर्याप्त तालीमका कार्यक्रम छैनन् । जबसम्म उत्कृष्ट र दक्ष व्यक्तिहरूलाई शिक्षा सेवामा आकर्षित गर्न र उनीहरूलाई नियमित तालीम प्रदान गर्न सकिँदैन तबसम्म शिक्षाको गुणस्तर वृद्धि हुन सक्दैन ।
- विद्यालय/कलेजलाई शान्ति क्षेत्रका रूपमा लिइएतापनि शैक्षिक गतिविधिबाहेक अन्य कार्यका लागि विद्यालयलाई उपयोग गर्ने तथा विभिन्न बहानामा तालाबन्दी गर्ने, तोडफोड, आगजनी गर्ने जस्ता गतिविधिहरू देखिन्छन् यसले एकातिर नियमित पठनपाठनमा असर पर्छ नै अर्कोतिर भएका

सिक्दै गरेका कलिला बालबालिकामा समेत नकारात्मक प्रभाव पर्दछ ।

- आधुनिक समयमा शिक्षालाई आधुनिक प्रविधिसँग जोड्न सकिएन भने तथा प्राविधिक शिक्षा प्रदान गरिएन भने त्यस्तो शिक्षा प्रणाली निकम्मा साबित हुन पुग्छ । हाम्रो शिक्षा प्रणाली पुरानै ढर्रामा चलिरहेको छ, एकातिर प्राविधिक धारको शिक्षाको पहुँच कमजोर छ भने पहुँच पुगेकोमा समेत विद्यार्थी आकर्षित गर्न र टिकाइ राख्न समस्या देखिन्छ अर्कोतिर सिकाइ पद्धतिमा आधुनिक प्रविधि र विधिहरूको प्रयोग हुन सकेको छैन । शिक्षकहरू समेत प्रविधिमैत्री र सृजनशील हुन सकेका छैनन् ।
- हाम्रो शिक्षामा नैतिक मूल्यहरूको कमी देखिन्छ । जसका कारण उत्पादित जनशक्ति नैतिकवान हुन सकिरहेका छैनन् । समाजमा हत्या, हिंसा, अराजकता व्याप्त छ । शिक्षक, कर्मचारी हुन या जनप्रतिनिधि भ्रष्टाचार र अनियमिततामा मुछिएका छन् । निजी क्षेत्रमा उस्तै विकृति देखिन्छ । समाज असभ्य, असहनशील र संवेदनहीन बन्दै गइरहेको छ । हाम्रो प्रणालीको दर्पण नै समाज हो त्यसैले नेपालको शिक्षा कस्तो छ हाम्रो समाजबाट छर्लङ्ग हुन्छ ।
- काठमाडौंलगायतका कतिपय ठूला सहरी बाहिरका विद्यालयमा वर्षौंदेखि सयभन्दा कम विद्यार्थी छन् । कहीं त शिक्षकको दरबन्दी भन्दा कम विद्यार्थी रहेको तथ्य पनि बेलाबेलामा सुन्न पाइन्छ । कुनै स्थानमा न्यूनतम आवश्यक शिक्षक नहुँदा पठनपाठन नै प्रभावित बनेको छ । विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी व्यवस्थापनमा तालमेल मिल्न सकेको छैन ।
- उच्च शिक्षा समेत अस्तव्यस्त छ । विश्वविद्यालयका अदूरदर्शी नीतिले गर्दा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा कमी आएको छ । आज धेरै विद्यार्थीहरू उच्च शिक्षा प्राप्त गर्नका लागि विदेश गएका छन् । जे जति विद्यार्थीहरू नेपालमा अध्ययन गरिरहेका छन् तिनीहरू पनि निजी कलेजमा अध्ययनरत छन् । परीक्षा, रिजल्ट, भर्ना, पठनपाठन र कक्षा सञ्चालनमा पनि नियमितता छैन । पठनपाठन समय सापेक्ष छैन । शिक्षकहरू सम्बन्धित विषयमा विज्ञ नहुनु अर्को समस्या हो । तल्लो कक्षाको कोर्स र माथिल्लो कक्षाको कोर्समा समन्जस्यता छैन । यी विविध कारणले विद्यार्थीहरूको अनुत्तीर्ण प्रतिशत धेरै छ । त्यसै गरी राजनीतिक प्रभावका कारणले महिनौंसम्म पनि पठनपाठन बन्द हुन्छन्, क्याम्पसमा ताला लाग्ने गर्छ । योग्यता होइन राजनीतिक भागबण्डामा पदाधिकारीको नियुक्ति हुनु यसको मूल कारण देखिन्छ ।
- पेसागत आचरणको अनुगमन विधि र संयन्त्र कमजोर छ । अनुशासनको पालना नहुँदा कारबाही समेत हुन सक्दैन । अभिभावकको रूपमा रहेको राजनीतिक क्षेत्र नै शुद्धीकरण हुन नसक्दा त्यसको प्रत्यक्ष असर तल्लो तहसम्म परेको छ ।

माथि उल्लेखित अवस्था कुनै एक निकाय, तह वा पदाधिकारीको कमजोरीका कारण एकै पटक सृजना भएको भने होइन । यो अवस्था आउनुमा विगत लामो समयदेखिको राजनीतिक नेतृत्व, शैक्षिक नेतृत्व, हाम्रो समाज अनि संस्कार सबै दोषी छ । तर पनि नेतृत्वदायी भूमिकामा रहने व्यक्तिहरू बढी जवाफदेही हुनुपर्ने देखिन्छ ।

### ५. विद्यमान नैतिकता र जवाफदेहिताका पूर्वाधारहरू

माथि उल्लेखित तथ्यहरूले नकारात्मक पक्षहरूलाई मात्रै इङ्गित गरेतापनि केही सकारात्मक प्रयासहरू पनि भएका छन् । संविधान देखि ऐन कानून, नीतिहरूले सार्वजनिक क्षेत्रमा नैतिकता, जवाफदेहिता एवम् व्यावसायिकता अभिवृद्धिका लागि थुप्रै व्यवस्थाहरू गरेको छ । त्यसैगरी केही पदाधिकारी, कर्मचारी तथा शिक्षकहरूको सृजनशीलता, एवम् निरन्तर प्रयासबाट केही सामुदायिक विद्यालय तथा कलेजहरूले अनुकरणीय प्रगति पनि गरेका छन् । संस्थागत विद्यालय छाडेर सामुदायिक विद्यालयमा भर्ना गर्ने क्रम बढ्दो छ ।

शिक्षा क्षेत्र एक महत्वपूर्ण क्षेत्र हो । यस क्षेत्रको नियमन, व्यवस्थापन एवम् नैतिकता र जवाफदेहिता प्रवर्धनका लागि रहेका केही पूर्वाधारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

- संविधान देशको मूल कानुन हो । यसले राज्य सञ्चालन प्रणालीलाई व्यवस्थित गराउन र राज्यलाई नागरिकप्रति जवाफदेही बनाउन आवश्यक व्यवस्था गरेको हुन्छ । नेपालको संविधानले सामाजिक, सांस्कृतिक मूल्य मान्यतालाई प्रवर्द्धन गर्नका लागि राज्यको निर्देशक सिद्धान्तमा समावेश गरेको मूल्य र मान्यताहरू शिक्षा क्षेत्रको हकमा पनि उत्तिकै लागू हुन्छ -
  - राष्ट्रिय गौरव
  - उद्यमशीलता
  - लोकतन्त्र
  - अनुशासन
  - जनपक्षीयता
  - मर्यादा
  - श्रमको सम्मान
  - सहिष्णुता
- शिक्षा ऐन २०२८ ले विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने, नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने व्यवस्थाका साथै राष्ट्रिय परीक्षा बोर्ड, राष्ट्रिय शिक्षा परिषद्, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायत विद्यालयस्तरसम्म विभिन्न किसिमका संरचनागत व्यवस्था गरी विद्यालय शिक्षाको व्यवस्थापन र नियमनसम्बन्धी कार्यको मार्गदर्शन गरेको छ ।
- शिक्षा नियमावली २०५९ ले विद्यालयहरूले पालना गर्नुपर्ने सर्तहरू, शिक्षकको नियुक्ति, सरुवा, विद्यालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य अधिकार, शिक्षक अभिभावक सङ्घ, विभिन्न तहका परीक्षा समिति, अनौपचारिक शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, विद्यालयको प्रधानाध्यापक र शिक्षक नियुक्ति तथा तीनका काम, कर्तव्य र अधिकार एवम् सेवा, शर्त तथा सुविधा, शिक्षक तथा विद्यार्थीका आचारसंहिता, सजायसम्बन्धी व्यवस्था लगायत विद्यालय शिक्षा व्यवस्थापनका आधारभूत पक्षहरूको निर्धारण गरी विभिन्न संरचना एवम् पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने प्रयास गरेको छ ।
- यसैगरी उच्च शिक्षा र विश्वविद्यालयसम्बन्धी ऐन, कानून तथा सार्वजनिक पदाधिकारी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूका लागि निर्धारित आचारसंहिताले उच्च शिक्षालाई मार्गदर्शन गरेको छ ।

- सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिता, २०७८ ले पनि कर्मचारीको आचरण सम्बन्धी व्यवस्था गरेको छ, जसमा पदीय आचरण निम्नानुसार छन् -
  - सदैव राष्ट्र र वृहत्तर हितलाई ध्यान दिई राष्ट्रभक्तिलाई आत्मसात् गर्नुपर्ने, कार्यसम्पादन गर्दा र गराउँदा राष्ट्रिय नीति, कानुन, सार्वजनिक हित र प्राथमिकताको अधीनमा रहनुपर्ने ।
  - कर्तव्यपालनाको प्रयोग बिना डर, मुलाहिजा र पक्षपातरहित रूपमा गर्नुपर्ने, कार्यसम्पादन गर्ने गराउने सिलसिलामा दक्षता प्रभावकारिता, नियमितता र मितव्ययितालाई दृष्टिगत गर्नुपर्ने ।
  - नेपाल राष्ट्र, नेपाली जनता तथा सरकारप्रति वफादार रहने, साथै पदीय धाक, रवाफ र आडम्बर प्रदर्शन नगर्ने ।
  - आफू वा आफ्नो कार्यालयले गर्नुपर्ने काम पन्छाएर कर्तव्य पालनाबाट पछि नहट्ने, आफूलाई नभएको आफू वा आफ्नो कार्यालयले गर्नुपर्ने काम पन्छाएर कर्तव्य पालनाबाट पछि नहट्ने, आफूलाई नभएको अधिकार र क्षेत्राधिकारमा प्रवेश गरी कुनै पनि काम नगर्ने, नगराउने ।
  - आफ्नो पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रहनुपर्ने तथा अरूको लागि अनुकरणीय हुने गरी सबैलाई शिष्ट तथा मर्यादित व्यवहार गर्नुपर्ने ।
- अन्य विभिन्न ऐन कानुन (भ्रष्टाचार निवारण ऐन, अ.दु.अ.आ. ऐन, सुशासन ऐन/नियमावली/निर्देशिका कार्ययोजना, सूचनाको हक सम्बन्धी ऐन, मुलुकी ऐन, कागजातमा उल्लेख भएका नैतिक मूल्य र मान्यताहरू शिक्षा क्षेत्रका लागि पनि लागू हुन्छ ।
- संसद तथा संसदीय समितिहरू, नियमनकारी निकायहरू, समुदाय, नागरिक समाज तथा सञ्चार क्षेत्रले समेत नैतिकता र जवाफदेहिता प्रवर्धनका लागि भूमिका निर्वाह गर्ने गर्दछन् ।

**९. नैतिकता र जवाफदेहिता प्रवर्द्धनका लागि गर्नुपर्ने कार्यहरू –**

समग्र सार्वजनिक क्षेत्रमा ह्रास हुँदै गइरहेको नैतिकता एवम् जवाफदेहिता त्यति सजिलै पुनर्स्थापना गर्न सकिने त देखिँदैन । यसका लागि राज्यका नीति निर्माताको रूपमा रहने राजनैतिक नेतृत्वबाट ठोस कदम चाल्नुपर्ने देखि । हाम्रा समाज, संस्कृति र आचरण समेत दोषी रहेकोले त्यसमा समेत सुधार हुन आवश्यक छ । शिक्षा नैतिकता एवम् सभ्यताको आधार भएकोले समग्र शासकीय प्रणालीको सुधार एवम् सामाजिक सांस्कृतिक रूपान्तरणमा शिक्षाको प्रमुख भूमिका रहने हुँदा शिक्षा क्षेत्रमा नैतिकता, जवाफदेहिता एवम् व्यावसायिकता अभिवृद्धि गर्ने कार्यलाई पहिलो प्राथमिकता दिनुपर्ने देखिन्छ ।

शिक्षा क्षेत्रमा रहेका तमाम समस्या एवम् विकृतिहरूलाई नियन्त्रण गरी यस क्षेत्रमा नैतिकता, जवाफदेहिता र व्यावसायिकता प्रवर्द्धन गर्नका लागि निम्नानुसारका कार्यहरू गर्नुपर्ने देखिन्छ -

- सरोकारवालाहरूसँग पर्याप्त छलफल गरी वर्तमान समस्या र वेथितीलाई अन्त्य गरी भविष्यका चुनौतीहरूलाई सामना गर्न सक्ने दूरदृष्टि सहितको संघीय शिक्षा ऐन तत्काल जारी गर्ने । उक्त ऐनसँग समन्वयात्मक हुने गरी प्रादेशिक तथा स्थानीय तहमा आवश्यक नीतिगत र कानुनी पूर्वाधार निर्माण गर्ने ।

- प्रभावकारी नीतिगत र संरचनागत व्यवस्था गरी संस्थागत विद्यालयहरूको प्रभावकारी नियमन गर्ने, शिक्षामा भइरहेको व्यापारीकरणलाई नियन्त्रण गरी संस्थागत विद्यालय तथा कलेजहरूलाई राज्य र समाजप्रति पूर्णरूपमा जवाफदेही बनाउने ।
- शिक्षा क्षेत्रमा भएको राजनीतिकरणको अन्त्य गरी विश्वविद्यालय, कलेज तथा विद्यालयहरूमा खुला प्रतिस्पर्धामार्फत् दक्ष र योग्य व्यक्तिहरूलाई पदाधिकारी, शिक्षक एवम् कर्मचारीमा नियुक्ति गर्ने ।
- मुलुकका लागि कुन समयमा कुन किसिमको जनशक्ति कति आवश्यक पर्छ त्यसको विश्लेषण गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने । आवश्यकताको आधारमा प्राविधिक शिक्षालयहरूको व्यवस्थापन गरी समयानुकूल र प्रविधिमैत्री शिक्षा प्रदान गरी निरन्तरता अभिवृद्धि गर्ने ।
- पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी आधुनिक प्रविधिसँग जोड्ने, तहगत पाठ्यक्रमबीच सामञ्जस्यता कायम गर्ने, सैद्धान्तिक भन्दा व्यवहारिक र नेपालको विशेषता सुहाउँदो पाठ्यक्रम निर्माण गर्ने । हरेक तहका पाठ्यक्रममा नैतिक मूल्य मान्यतालाई समावेश गर्ने ।
- परम्परागत सिकाई विधि र पद्धतिमा सुधार गरी विद्यार्थीको रुची अनुसारका विधि र आधुनिक डिजिटल प्रविधिको उपयोग गर्ने । विद्यार्थीहरूको क्षमता पहिचान गरी विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा प्रदान गर्ने ।
- परीक्षा तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी वैज्ञानिक र वस्तुनिष्ठ बनाउने, नियमित मूल्याङ्कन प्रणाली अपनाउने । आधारभूत तहमा विद्यार्थी फेल गर्ने पद्धतिको अन्त्य गर्दै तल्लो तहदेखि नै नियन्त्रण गर्ने ।
- आवश्यकताका आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गरी व्यवस्थापन गर्ने, विद्यार्थी न्यून भएका विद्यालय मर्ज गरी त्यहाँ कार्यरत शिक्षकलाई अन्यत्र व्यवस्थापन गर्ने । परीक्षाको नतिजाका आधारमा शिक्षकलाई प्रोत्साहन उपलब्ध गराउने ।
- वस्तुगत सूचक तथा मूल्याङ्कन पद्धति निर्माण गरी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक, प्रधानाध्यापक र शिक्षकहरूबीच कार्यसम्पादन करार गर्ने र सोको नतिजालाई दण्ड र पुरस्कारसँग आवद्ध गर्ने । शिक्षक तथा पदाधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कनमा विद्यार्थी, अभिभावक तथा व्यवस्थापन समितिको समेत भूमिका रहने व्यवस्था गर्ने ।
- सीप, सोच, संस्कार र कार्यशैलीमा रूपान्तर गर्ने गरी शिक्षकहरूलाई नियमित तालीम प्रदान गर्ने, तालीमलाई समयानुकूल र प्रविधिमैत्री बनाई शिक्षकहरूमा नवीनता, सृजनशीलता र उत्साह जागृत गराउने ।
- विद्यालय शिक्षामा स्थानीय तहलाई थप जिम्मेवार बनाउँदै शिक्षक नियुक्ति, क्षमता विकास, पूर्वाधार विकास, गुणस्तरका मापदण्ड निर्माण र नियमन, परीक्षा सञ्चालन लगायतका कार्यमा प्रदेश तहको भूमिका स्पष्ट गर्ने ।
- स्वदेशमा उच्च शिक्षाका लागि आकर्षित गर्ने भर्ना, परीक्षा सञ्चालन, नतीजा प्रकाशन लगायतका कार्य समयमै गर्ने, समयसापेक्ष कार्यक्रमहरू सञ्चालन गर्ने ।

- बजेट तथा कार्यक्रम प्रणालीमा सुधार गरी आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने । न्यूनतम पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकता दिने । विद्यार्थी संख्या, गुणस्तर अभिवृद्धिका लागि गरेका प्रयास, नतिजा आदिलाई सूचकको रुपमा लिई बजेट विनियोजन गर्ने ।
- विद्यालय व्यवस्थापन पद्धतिमा सुधार गर्ने, विद्यालय व्यवस्थापन समितिमा राजनीतिक व्यक्ति होइन प्राज्ञिक व्यक्ति चयन हुने गरी नीतिगत सुधार गर्ने । अभिभावकहरूलाई समेत थप जिम्मेवार बनाउने व्यवस्था गर्ने । शिक्षा क्षेत्रमा समुदायले अपनत्व लिन सक्ने अवस्था निर्माण गर्ने ।
- राष्ट्रिय सदाचार नीति जारी गरी नैतिकताको मापदण्ड तोक्ने र त्यसै अनुरूप हुने गरी सार्वजनिक पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावकहरूको स्पष्ट र एकीकृत आचारसंहिता निर्माण गरी सोको प्रभावकारी अनुगमन र कारवाहीको संयन्त्र निर्माण गर्ने ।
- सार्वजनिक जवाफदेहिता ऐन निर्माण गरी स्पष्ट रूपमा नीति निर्माण निर्णय प्रक्रिया र प्रशासकीय कार्यहरूमा राजनीति र प्रशासनिक भूमिकाको रेखा तय गर्ने । सबै तहका पदाधिकारी, कर्मचारी तथा शिक्षकहरूको जवाफदेहिता स्पष्ट गर्ने । जवाफदेहिता परीक्षण गर्ने प्रणालीको विकास गर्ने ।
- सेवा प्रवाह कानुन तय गरी सेवाको मापदण्ड तोक्ने तथा Standard Operation Procedure SOP निर्माण गर्ने । निर्णय प्रक्रियालाई सरलीकरण गर्ने, शैक्षिक क्षेत्रमा पारदर्शिता र सुशासन प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका व्यवस्थालाई प्रभावकारी बनाउने ।
- विद्यालय तथा शैक्षिक संस्थाहरूलाई Ethical organization को रुपमा रूपान्तरण गर्ने । उत्पादित जनशक्तिमा नैतिक मूल्य, इमान्दारिता, सत्यता, निष्पक्षता, मानवीयता, राष्ट्रप्रेम जस्ता गुणहरू प्रत्याभूति हुने वातावरण निर्माण गर्ने । शैक्षिक संस्थाहरूलाई मन्दिरको रुपमा पुज्ने संस्कारको विकास गर्न सकियोस् ।
- नियमनकारी निकायहरूको सक्रियता बढाउने, सार्वजनिक स्रोतको दुरुपयोग र गलत आचरण विरुद्ध कडा कारवाही गर्ने ।
- शिक्षक तथा कर्मचारीको वृत्ति विकास र अवसरलाई Probity Test सँग आबद्ध गर्ने ।
- पेशागत सङ्गठनहरूलाई नियमन गर्ने, दलीयरूपमा सङ्गठन खोल्ने प्रवृत्तिको नियन्त्रण गर्ने, शिक्षकहरूलाई राजनैतिक दलका सदस्य हुन र राजनैतिक गतिविधिमा भाग लिन नपाउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।
- विद्यालय तथा शैक्षिक संस्थाहरूमा शैक्षिक तथा प्राज्ञिक बाहेकका अन्य गतिविधिमा पूर्ण रोक लगाउने, शान्ति क्षेत्रको रुपमा विकास गर्ने ।

## ७. निष्कर्ष

नेपालको शिक्षा क्षेत्रमा रहेका समस्या एवम् विकृतिहरू हाम्रा सोच, मानसिकता, कार्यशैली, मूल्य, मान्यता एवम् पद्धतिका उपज हुन् । त्यसैले यस क्षेत्रको सुधारका लागि पनि सबै क्षेत्रमा सुधार

आवश्यक देखिन्छ । शिक्षा र संस्कार प्रदान गर्ने पहिलो पाठशाला हाम्रा घर, परिवार, समाज एवम् समुदायका मूल्य, मान्यता, संस्कृति र व्यवहारमा रूपान्तरण हुन जरुरी छ । राजनैतिक संस्कार र प्रणालीमा आमूल परिवर्तन गरी दिर्घकालीन सोच सहितको माटो सुहाउँदो नीति, कानूनहरू निर्माण गर्ने, सोको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत र स्रोतसाधनगत प्रबन्ध मिलाउनुपर्ने देखिन्छ । राज्यका सबै तहका पदाधिकारी, कर्मचारी, शिक्षकहरूलाई नैतिकताको कठघराभित्र राखेर आमनागरिकप्रति जवाफदेही बनाउने पद्धतिको विकास गर्ने हिम्मत भइसकेको छ । शिक्षा क्षेत्र राज्यको आधारभूत र अग्रणी क्षेत्र भएकोले यसको सुधारलाई पहिलो प्राथमिकतामा राखी तीनै तहका सरकारले यस क्षेत्रमा लगानी बढाई उक्त लगानीलाई प्रतिफलयुक्त बनाउनुपर्ने देखिन्छ । मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक सक्षम, दक्ष, नैतिक जिम्मेवार एवम् प्रतिस्पर्धी मानव संसाधनको विकास गर्ने, हाल देखा परेको बेरोजगारी तथा श्रमशक्ति एवम् बौद्धिकवर्गको पलायनको अवस्थाको अन्त्य गर्ने तथा राज्यप्रति आमनागरिकमा गुम्दै गएको विश्वासलाई जोगाउन व्यावसायिकता, नैतिकता एवम् जवाफदेहिता सहित शिक्षा क्षेत्रमा क्रान्तिकारी परिवर्तन हुन जरुरी देखिन्छ ।

**सन्दर्भ सामग्री:**

१. नेपालको संविधान ।
२. शिक्षा ऐन, २०२८ ।
३. शिक्षा नियमावली, २०५९ ।
४. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका प्रकाशनहरू ।
५. विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार तथा लेखहरू ।

# विद्यार्थी उपलब्धि परीक्षणको सन्दर्भमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र

चन्द्रकान्त भुसाल
महानिर्देशक-शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**लेख सार**

शिक्षालाई पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । त्यसैले शिक्षामा गरिने लगानीलाई विशेष महत्त्व दिई सोसम्बन्धि उत्तरदायित्वको व्यवस्थाका लागि परीक्षण निकायका रूपमा विभिन्न निकाय गठन गर्ने तथा त्यस सम्बन्धी परीक्षण, अध्ययन अनुसन्धान एवम् मूल्याङ्कनजस्ता कार्यहरू गर्ने गराउने प्रचलन विश्वका विभिन्न देशहरूमा हुने गरेको देखिन्छ । उक्त प्रकृतिका कार्यहरू सम्पादन गर्नका लागि राष्ट्रिय स्तरमा नेतृत्व गर्ने जिम्मेवारीसहित छुट्टै स्वायत्त प्रकृतिको संस्था रहने गरेको पनि विश्व सन्दर्भ पाइन्छ । नेपालको हकमा उक्त प्रकृतिको संस्थाको रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्य गर्दै आएको छ । विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षाका क्षेत्रमा समता प्रवर्धन, शैक्षिक पद्धतिको सक्षमता र प्रभावकारिता अभिवृद्धिमा सहयोग पुर्‍याउनुका साथै समग्र शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधारका माध्यमबाट गुणस्तरीय शिक्षाको राष्ट्रिय अपेक्षा पूरा गर्ने सम्बन्धमा समेत टेवा पुर्‍याउने उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना भई विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), पढाइ तथा गणितीय सीपको राष्ट्रिय परीक्षण (NARN) एवम् विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA) लगायतका कार्यहरू गर्दै आएको छ । प्रस्तुत आलेखले विद्यार्थी उपलब्धि परीक्षणको नेपाली सन्दर्भमा केन्द्र सम्बद्ध नीतिगत व्यवस्थाका साथसाथै केन्द्रबाट सम्पादन हुँदै आएका कार्यहरू एवम् चुनौती तथा समाधानका उपाय उल्लेख गर्ने र भावी दिशा निर्देशका विषयमा आधारभूत जानकारी पाठकमाझ प्रस्तुत गर्ने प्रयास गरेको छ ।

मुख्य पदावली: परीक्षण, उपलब्धि परीक्षण, गुणस्तर, समता, उत्तरदायित्व

## पृष्ठभूमि

विद्यार्थी उपलब्धि परीक्षणको नेपाली इतिहास त्यति लामो छैन । नेपालको सन्दर्भमा हेर्दा विद्यालय शिक्षाको संरचना, गुणस्तर, कार्यसम्पादनको जिम्मेवारी एवम् जवाफदेहितालाई संस्थागत गर्ने उद्देश्यका साथ विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) को कार्यान्वयनका क्रममा कक्षा ५ र ८ का मुख्य विषयको सिकाइ उपलब्धिलाई योजनाको उपलब्धिसूचकको रूपमा समेत उल्लेख गरी उक्त योजनाको उद्देश्य अनुसारको सिकाइ उपलब्धि परीक्षण गर्ने तथा विद्यालय शिक्षा क्षेत्रको उत्तरदायित्व र गुणस्तरको सुनिश्चितता गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गर्ने र केन्द्रले मानक तथा मापदण्डका आधारित रही विभिन्न तहका शैक्षिक निकायहरूको बाह्य मूल्याङ्कन समेत गर्ने उल्लेख भए अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत वि सं २०६६ मा केन्द्रको स्थापना भएको अवस्था छ । विगतमा कतिपय कार्यक्रम, आयोजना तथा परियोजनाहरूको प्रभाव हेर्ने प्रयोजनका लागि उपलब्धि परीक्षणहरू सञ्चालित भएतापनि नमूना छनौट तथा अनुसन्धान विधिको

प्रयोगका दृष्टिले विश्वसनीय र आवधिक सिकाइ उपलब्धि परीक्षण हुन नसकेको सन्दर्भमा आफ्नो जिम्मेवारी अनुसार केन्द्रले पहिलो पटक शैक्षिक सत्र २०६८ को अन्त्यमा कक्षा ८ का गणित, नेपाली र सामाजिक विषयको सिकाइ उपलब्धि परीक्षण गर्ने कामको सुरुवात गर्‍यो । तत्पश्चात् आजसम्म केन्द्रका तर्फबाट अन्तर्राष्ट्रिय मापदण्ड समेतसँग मिलान हुनेगरी एउटा कक्षाको लागि प्रत्येक तिन वर्षको चक्र निर्धारण गरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) सञ्चालन गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने कार्य हुँदै आएको पाइन्छ ।

नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको ऐतिहासिक पृष्ठभूमिलाई दृष्टिगत गर्दा विगतमा सन् १९९७ देखि २००८ सम्म तात्कालीन अवस्थामा सञ्चालित विभिन्न परियोजना, आयोजना तथा कार्यक्रमहरूको प्रभाव हेर्ने गरी परीक्षण कार्यहरू भएकोमा वि. सं. २०६६(सन २०१०) मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको महाशाखाका रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएपश्चात विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), विद्यालय एवम् शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA) जस्ता कार्यहरू सम्पादन सुरु भई केन्द्रले पछिल्ला वर्षहरूमा ती कार्यहरूका अतिरिक्त पूर्व सिकाइ तथा विकासस्तरको परीक्षण (ELDS), पढाइ तथा गणितीय सीपको परीक्षण (NARN), सेवाग्राही सन्तुष्टि सर्वेक्षण(CSS), प्रधानाध्यापक नेतृत्व क्षमता परीक्षण (HTLPA) लगायत समसामयीक शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गर्दै आएको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२३) ।

**नीतिगत / कार्यक्रमीय व्यवस्था**

सुरुका दिनमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका-२०६७, शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन मार्गदर्शन-२०६९ लगायतबाट सञ्चालित हुँदै आएको केन्द्रले हाल खासगरी शिक्षा ऐन-२०२८ (संशोधनसहित) र २०७४ मा जारी निर्देशिका समेतको आधारबाट आफ्ना क्रियाकलाप अगाडि बढाएको छ । ती नीतिगत व्यवस्थाहरूको सार संक्षेप निम्नानुसार उल्लेख गरिएको छ :-

**शिक्षा ऐन, २०२८**

ऐनको दफा ३ गमा केन्द्र सम्बन्धमा निम्न व्यवस्था छन्:-

(१) विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने ।

(२) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले एकजना प्रमुख शिक्षा परीक्षक नियुक्त गर्ने ।

(३) प्रमुख शिक्षा परीक्षकको नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य र मन्त्रालयको सचिव रहेको एक समिति रहने ।

(४) उपदफा ३ बमोजिमको समितिले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा काम गरेका व्यक्तिहरूमध्येबाट प्रमुख शिक्षा परीक्षकको पदमा नियुक्तिका लागि नाम सिफारिस गर्ने ।

(५) प्रमुख शिक्षा परीक्षकको नियुक्ति, पारिश्रमिक र सेवाको अन्य शर्तहरू तोकिए बमोजिम हुने ।

(६) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने । ऐनमा उल्लेखित उपर्युक्त व्यवस्थालाई दृष्टिगत गर्दा केन्द्रले विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेको एवम् लोकसेवा आयोगका अध्यक्षको अध्यक्षतामा रहने सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने प्रावधान राखेर केन्द्रलाई स्वायत्तता अभ्यास गर्न पाउने अवस्था सिर्जना गरिएको देखिन्छ (कानून किताब व्यवस्था समिति, २०७७) ।

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४**

शिक्षा ऐनको आठौं संशोधनका व्यवस्थालाई कार्यान्वयन गर्न जारी निर्देशिकाले केन्द्रका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार तोकेको छ-

- आवधिक रूपमा विद्यार्थी सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायहरूलाई पृष्ठपोषण प्रदान गर्ने ।
- आवधिक रूपमा शैक्षिक निकायहरूको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निमित्त सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने ।
- जवाफदेहिता वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादनस्तरको स्वःमूल्याङ्कनका लागि सहजीकरण गर्ने ।
- शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने ।
- शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने ।
- शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने ।
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजि तथा प्रयोग गर्ने गराउने ।
- सिकाइ उपलब्धि परीक्षण,कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय र सहकार्य गर्ने आदि (शैक्षिक गुणस्तर परीक्षण केन्द्र , २०७४) ।

निर्देशिकामा उल्लेखित व्यवस्थालाई विश्लेषण गर्दा आवधिक रूपमा विद्यालय शिक्षा सम्बद्ध विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने, आवधिक रूपमै शैक्षिक निकायहरूका साथै शैक्षिक कार्यक्रम, आयोजना र परियोजना समेतको कार्यसम्पादन परीक्षण गरी सेवा प्रवाह तथा गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने एवम् कतिपय समसामयिक शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी सरोकारवालाहरूलाई शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अनुसन्धानमा आधारित सुझाव प्रदान गर्ने विषयहरूलाई केन्द्रका काम कर्तव्य र अधिकारका रूपमा आत्मसात गरेको पाइन्छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७४) । विभिन्न नीतिगत व्यवस्थाको पृष्ठभूमिबाट अघि बढेको केन्द्रले खासगरी उपर्युक्त काम, कर्तव्य र अधिकारका आधारमा आफ्ना क्रियाकलापहरू अगाडि बढाएको अवस्था छ ।

**विद्यालय शिक्षा क्षेत्र योजना** (२०७९/८० २०८९/९०)

केन्द्रले गर्दै आएका कामहरूलाई अझ बढि व्यवस्थित गर्ने सन्दर्भमा नयाँ विद्यालय शिक्षा क्षेत्र योजनाले समृद्ध नेपाल, सुखी नेपालीको सरकारी चाहना समेतलाई मध्येनजर गर्दै निम्न व्यवस्था समेटेको छ:

- नेपालमा हालैका वर्षहरूमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विद्यालय शिक्षाका विभिन्न तह र कक्षामा गरिएका विद्यार्थी सिकाइ उपलब्धि परीक्षणका नतिजाले समग्र विद्यार्थी उपलब्धि कमजोर (Stagnanted) देखाएको
- प्रत्येक बालबालिकालाई विद्यालयको तयारी, आधारभूत सिकाइ एवम् गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गरी विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्ने
- मूल्याङ्कन र विद्यार्थी सिकाइ उपलब्धि परीक्षणलाई वस्तुगत, नियमित, विश्वसनीय तथा स्तरीकृत बनाउन यस कार्यमा सुधार गर्ने
- विद्यार्थीको शैक्षिक उपलब्धि सुधारका लागि सुदृढ शिक्षक व्यवस्थापन व्यवस्था तथा सुधारिएको शिक्षक प्रोत्साहन एवम् मूल्याङ्कन योजना (Scheme) मार्फत शिक्षकलाई जवाफदेही बनाउने
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणका नतिजालाई नियमित गर्नुका साथै तिनिहरूलाई विद्यार्थी उपलब्धि एवम् विद्यालय व्यवस्थापनमा सुधारको लागि उपयोग गरिने
- विद्यालय तहका सबै विद्यार्थीले तोकिएको न्युनतम शैक्षिक उपलब्धि हासिल भई विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा महत्वपूर्ण सुधार हुने
- लिङ्ग, सामाजिक आर्थिक अवस्था, अपाङ्गता, जातियता, भाषागत पृष्ठभूमि प्रादेशिक एवम् क्षेत्रीय वा अन्य तत्वको आधारमा विद्यार्थी भर्ना, कक्षामा सहभागिता र सिकाइ उपलब्धिमा देखिने अन्तरलाई न्यूनीकरण गर्ने ।

- सबै तहमा उपयुक्त संस्थागत संरचना एवम् सक्षम मानव संसाधनको व्यवस्थासहित शैक्षिक सेवा प्रवाहको प्रबन्ध गरी बालबालिकाको सिकाइका लागि उत्तरदायी प्रणाली स्थापना गरिने
- कक्षा १-३ को एकीकृत पाठ्यक्रम बमोजिम साक्षरता तथा गणित (Literacy and numeracy) को आधारभूत सक्षमतामा सुधार ल्याइने
- सिकाइमा भएको ह्रासलाई पुनःप्राप्ति गर्दै शिक्षाका उपलब्धिहरूको सुधारका लागि सिकाइ आपूर्ति तथा द्रुत सिकाइ योजना (REAL Plan) कार्यान्वयन गर्ने
- विद्यालयहरूलाई विद्यार्थी सिकाइमा अझै भन्दा अझै जवाफदेही बनाउने तथा सामयिक रूपमा विद्यालय कार्यसम्पादन परीक्षण एवम् विद्यार्थी सिकाइ उपलब्धि परीक्षण सञ्चालन गरी सिकाइ वातावरण तथा उपलब्धिहरू सुधारको लागि अवसरहरू पहिचान गर्ने
- नियमित रूपमा परीक्षणहरू सञ्चालन गरी सिकाइ उपलब्धिहरूको सुधारको मूल्याङ्कन गर्ने सरकारका तिनै तहमा सिकाइ उपलब्धि परीक्षण पद्धति सुदृढीकरणलाई निरन्तरता दिने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विभिन्न कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, कार्यक्रम र नीतिहरूको प्रभाव मूल्याङ्कन एवम् विविध शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी नीति निर्माण र पद्धति सुधारका लागि सूचित गर्दै सुधारका उपायहरू पहिचान गर्न प्रदेश र स्थानीय तह लगायतका सरोकारवालालाई सहयोग एवम् प्राविधिक सहायता प्रदान गर्ने
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई अझै व्यवस्थित तथा नियमित पार्न यसको वर्तमान पद्धतिलाई सुदृढ गर्ने एवम् नतिजालाई प्रयोग गर्नुका साथै शैक्षिक पद्धतिका विविध पक्षहरू, खासगरी शिक्षण तथा सिकाइमा सुधारका लागि परीक्षणका दस्तावेजहरूको खोजि र उपयोग गर्ने । (शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०२२)

**केन्द्रको वर्तमान कार्यावस्था**

तोकिएका नीतिगत एवम् कार्यक्रमीय व्यवस्थाको परिधिभित्र रही केन्द्रले आफ्नो स्थापनाकाल देखि मूलतः निम्न विभिन्न कार्य सम्पादन गर्दै आएको अवस्था छ:-

**(क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण** (NASA)

केन्द्रले गर्ने मुख्य कार्य विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण हो । विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण मार्फत शैक्षिक प्रणालीको अनुगमन गर्ने विश्वव्यापी प्रचलनलाई आत्मसात गर्दै विद्यार्थीमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि कुन हदसम्म हासिल हुन सके पहिचान गर्न केन्द्रले कक्षा ३,५, ८ र १० का विद्यार्थीहरूको राष्ट्रिय रूपमा नमुना लिई उपलब्धि परीक्षण गर्दै आएकोमा पछिल्ला दिनमा कक्षा ३ को हकमा पढाइ तथा गणितीय सीपको राष्ट्रिय परीक्षण[NARN] शुरु गरिएको छ । केन्द्रले उपलब्धि परीक्षण गर्दा विद्यार्थीका वैयक्तिक, पारिवारिक र अन्य विवरणहरूका साथै पृष्ठभूमि प्रश्नावली मार्फत सम्बन्धित विषय शिक्षक र प्रधानाध्यापकबाट समेतबाट जानकारी

संकलन गरी सिकाइ उपलब्धिको नतिजालाई विभिन्न पक्षहरूसँग तुलनासहित सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको खोजी गर्ने काम गर्दै आएको देखिन्छ ।

सिकाइ उपलब्धि परीक्षणलाई व्यवस्थित गर्ने प्रयोजनार्थ केन्द्रबाट पाठ्यक्रम विश्लेषण गरी परीक्षणको ढाँचा तयार गर्ने, उक्त ढाँचा अनुसार परीक्षणका लागि प्रश्नहरू तयार गर्ने, प्रश्नहरूको विश्लेषण (कठिनाइ स्तर, विभेदीकरण क्षमता र विश्वसनियता) गरी सोका आधारमा उपयुक्त प्रश्न छनौट गर्ने, प्रश्नका विभिन्न फरक फरक सेट तयार गर्ने तथा अन्तिम परीक्षण सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षणका लागि अङ्कन निर्देशिका तयार गर्ने, उत्तरपुस्तिका परीक्षण गराइ त्यसको तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन जारी गर्दै सम्बन्धित निकायलाई पृष्ठपोषण प्रदान गर्ने गरिएको छ ।

### उपलब्धि परीक्षणका उद्देश्य

नेपालको सन्दर्भमा हेर्दा राष्ट्रिय उपलब्धि परीक्षण सञ्चालन गर्नुको मूलभूत उद्देश्य निम्न देखिन्छः

- राष्ट्रियस्तरमा विद्यार्थीको उपलब्धि (National Achievement) स्तर पहिचान गरी सुधारका लागि सुझाव प्रदान गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू (Factors) खोजी गर्ने
- समयचक्रसँगै सिकाइ उपलब्धिको प्रवृत्ति (Trend) मा देखिने भिन्नता पहिचान गर्ने
- विद्यार्थी सिकाइको विद्यमान अवस्था पहिचान गरी शैक्षिक प्रणालीमा सुधारका लागि योजना बनाउने
- पाठ्यक्रम तथा पाठ्यसामग्री, परीक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, विद्यालयको पठनपाठनको वातावरण सुधारका लागि मार्गनिर्देश गर्ने
- शिक्षा सम्बन्धि नीति, योजना, कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनको प्रभावकारिताको लागि सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने
- शैक्षिक सेवा प्रवाहमा जवाफदेहिता (Accountability) कायम गर्ने एवम्
- शैक्षिक प्रणाली (Educational System) मा सुधारका लागि सुझाव दिने (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२३) ।

### उपलब्धि परीक्षणबाट अपेक्षा

उपलब्धि परीक्षणबाट विद्यालय शिक्षा प्रणालीको प्रभावकारिता एवम् समग्र सुधारका गतिविधिमा निर्धारित लक्ष्य (Purpose) पुरा गर्ने लगायतका निम्न खालका अपेक्षा राखेको देखिन्छः

- शिक्षा क्षेत्रमा गरिएको लगानीको मूल्य (Value for money) कायम हुने
- विद्यालय शिक्षा क्षेत्रमा जवाफदेहिता (Accountability) अभिवृद्धि गर्न सहज हुने
- कक्षाकोठामा हुने सिकाइ सहजीकरण प्रक्रियालाई व्यवस्थित गर्ने नैतिक दबाब (Moral Pressure) सिर्जना गर्न सकिने (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२२) ।

### उपलब्धि परीक्षणका विशेषता

उपलब्धि परीक्षणका विशेषताहरू विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा लिइने परीक्षाका विशेषता भन्दा पृथक देखिन्छन् । परीक्षाले मूलतः विद्यार्थी र शिक्षकलाई सिकाइको स्तरबारे जानकारी दिइ शिक्षण सिकाइमा सकारात्मक सुधार गर्ने आधार प्रदान गर्नुका साथै विद्यार्थी कक्षोन्नतिको निर्णय तथा सिकाइको प्रमाणीकरण गर्ने सहयोग गर्दछ । विद्यार्थी उपलब्धिको परीक्षणले भने आवधिक रूपमा हुने खास कक्षाका विद्यार्थीमा पाठ्यक्रमले तोकेका सक्षमता कति हासिल गर्न सके वा सकेनन् अर्थात सिकाइस्तर कस्तो रह्यो भन्ने जानकारी उपलब्ध गराउँछ । यस्ता परीक्षणबाट शैक्षिक प्रणालीको जवाफदेहिता (Accountability) बढाउनका साथै शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफल (Value for money) सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा समेत गरिन्छ (DFID, 2011) । उपलब्धि परीक्षणले कुनैपनि विद्यार्थीको सिकाइलाई प्रमाणीकरण नगर्ने भएकाले यस्ता खालका परीक्षणमा सहभागि विद्यार्थीको खासै मार्मा (Stake) होँदैन ।

### उपलब्धि परीक्षणमा लिइएका अनुभवसिद्ध आधार

विद्यार्थी सिकाइ उपलब्धिको परीक्षणका सन्दर्भमा अन्तर्राष्ट्रिय क्षेत्रका अनुभव महत्वपूर्ण रहने सन्दर्भलाई दृष्टिगत गरी नेपालले उक्त सम्बन्धमा विभिन्न विश्वव्यापी अनुभवलाई आधारको रूपमा लिएको अवस्था देखिन्छ ।

सबैका लागि शिक्षा (Education For All–EFA) सम्बन्धी सन् २००० मा सिनेगलको राजधानी डाकारमा आयोजित विश्व सम्मेलनमा सहभागी राष्ट्रहरूले उक्त सम्मेलनले दिशानिर्देश गरे अनुरूप विश्वका विभिन्न राष्ट्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सुरू गरेको देखिन्छ । विद्यार्थी उपलब्धि परीक्षणको विषयमा कुरा गर्दा Uganda ले National Assessment of Progress in Education (NAPE), Sri Lankaले National Education Research and Evaluation Center (NEREC), India ले National Council of Educational Research and Training (NCERT), Australia ले Australian Curriculum Assessment and Reporting Authority (ACARA), USA को भर्जिनिया राज्यले National Assessment of Educational Progress (NAEP) जस्ता संस्थाबाट उपलब्धि परीक्षणको कार्य गराउँदै आएको देखिन्छ । अमेरिकाको स्थिति हेर्दा उपलब्धि परीक्षण नतिजाका आधारमा No Child Left Behind (NCLB) नामक राष्ट्रिय नीति नै कार्यान्वयनमा ल्याइएको देखिन्छ (EDSC, 2011) ।

नेपालले उपर्युक्त खालका उपलब्धि परीक्षणका साथै Program for International Student Assessment (PISA), Trends in International Mathematics and Science Study (TIMS), Progress in International Reading Literacy Study (PIRLS) जस्ता अन्तर्राष्ट्रिय स्तरका

महत्वपूर्ण विद्यार्थी उपलब्धि परीक्षणका रूपमा लिइएका परीक्षणको आधार तथा अनुभवलाई समेत मध्येनजर गरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई अगाडि बढाएको देखिन्छ ।

**नेपालमा उपलब्धि परीक्षणको अभ्यासको अवस्था**

नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको अभ्यासको इतिहास धेरै लामो देखिँदैन । सन् १९९७ सालदेखि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना अघिसम्म उक्त अवधिमा नेपाल सरकारबाट सञ्चालित शिक्षा क्षेत्रका विभिन्न आयोजना, परियोजना तथा कार्यक्रमहरू मुख्यतः Basic and Primary Education Program (BPEP), Primary Education Development Project (PEDP) र Education For All (EFA)को विद्यार्थीमा पर्ने प्रभाव हेर्ने प्रयोजनार्थ विद्यार्थी उपलब्धिको परीक्षण भएको पाइन्छ । केन्द्रको स्थापना पछि विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई प्रभावकारी बनाउँदै जाने क्रममा शिक्षा ऐन, २०२८ (संशोधनसहित) मा भएको केन्द्र सम्बद्ध प्रावधान कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७८ सालमा स्वीकृत केन्द्रको कार्यसञ्चालन निर्देशिकाका प्रावधान समेतको आधार लिइ केन्द्रले व्यवस्थित रूपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन र व्यवस्थापनलाई गति दिएको पाइन्छ । केन्द्रद्वारा हालसम्म सञ्चालित विद्यार्थी सिकाइ उपलब्धिको परीक्षणको सार संक्षेप तालिका-१ मा उल्लेख गरिएको छ ।

**तालिका 1: हालसम्म सञ्चालित NASA & NARN को सारसंक्षेप**

| Assessment | Class | Subject |
|---|---|---|
| NASA 2011 | 8 | Nepali, Social Studies, Mathematics |
| NASA 2012 | 3 & 5 | Grade 3: Nepali and Mathematics; Grade 5: Nepali, Mathematics and English |
| NASA 2013 | 8 | Nepali, Mathematics and Science |
| NASA 2015 | 3 & 5 | Grade 3: Nepali and Mathematics; Grade 5: Nepali, Mathematics and English |
| NASA 2017 | 8 | Nepali, Mathematics and Science |
| NASA 2018 | 5 | Nepali and Mathematics |
| NASA 2019 | 10 | Nepali, Mathematics, Science and English |
| NASA 2020 | 8 | Nepali, Mathematics, Science and English |
| NARN 2020 | 3 | Nepali and Mathematics |
| NASA 2022 | 5 | Nepali, Mathematics, Science and English |
| NASA 2023 | 10 | Nepali, Mathematics, Science and English |
| NARN 2024 | 3 | Nepali & Mathematics |

(ERO, 2024)

माथिको तालिकाले केन्द्रबाट हालसम्म सञ्चालित NASA/NARN को सञ्चालन वर्ष, कक्षा र परीक्षण गरिएका विषयलाई चित्रण गरेको छ। सन् २०११ मा कक्षा-८ का नेपाली, सामाजिक अध्ययन र गणित विषयको परीक्षणबाट सुरु भएको यो यात्रा NASA को हकमा सन् २०२३ मा कक्षा-१० का नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयको परीक्षणसम्म आइपुगेको र NARN को हकमा पनि सन् २०२४ मा दोस्रो परीक्षण सम्पन्न भैसकेको तालिकाबाट देखिन्छ।

**पछिल्ला नतिजाको सार**

तालिका २, ३ र ४ मा कक्षा-८, कक्षा-१० र कक्षा-५ का पछिल्ला २-२ वटा वर्षका नतिजाहरूको अवस्था संक्षिप्तमा प्रस्तुत गरिएको छ।

**तालिका २ : कक्षा ८ को नतिजा सार (२०१३ र २०२०)**

| विषयहरू | नासा २०१३ | नासा २०२० | कैफियत |
|---|---|---|---|
| गणित | ४६ | ३२ | |
| विज्ञान | ४४ | ३८ | |
| नेपाली | ६२ | ५१ | |
| अंग्रेजी | नभएको | ३५ | |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र ,२०२०

**तालिका-३ : कक्षा ५ को नतिजा सार ( २०१८ र २०२२ )**

| Subject | NASA 2018 | 2022 | Remarks |
|---|---|---|---|
| Science | | | No comparison due to no test in 2018 |
| Mathematics | 500 | 484.6 | |
| English | | | No comparison due to no test in 2018 |
| Nepali | 500 | 499.8 | |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२४

**तालिका-४ : कक्षा १० को नतिजा सार ( २०१९ र २०२३ )**

| Subject | NASA 2019 | 2023 | Remarks |
|---|---|---|---|
| Science | 500 | 504.8 | |
| Mathematics | | | No comparison due to lack of comparable items |
| English | 500 | 515.1 | |
| Nepali | 500 | 498.6 | |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२४

उपर्युक्त तालिकाहरू तथा विद्यार्थी सिकाइ उपलब्धि परीक्षणको इतिहासलाई हेर्दा समग्रतामा निम्न निष्कर्षमा पुग्न सकिन्छ :

- विद्यार्थीहरूको सिकाइको अवस्था गिर्दो छ ।
- ६५-७० प्रतिशत विद्यार्थीहरूको न्यूनतम सिकाइ पनि हुन सकेन ।
- विद्यार्थीमा न्यूनतम सिकाइ सुनिश्चितता र गुणस्तर वृद्धि जरुरी छ ।
- शिक्षक उत्प्रेरित भएर शिक्षण नगरे सुधार हुँदैन । सकारात्मक र नकारात्मक दुवै विधिबाट उत्प्रेरित गर्नु जरुरी छ ।
- तल्ला कक्षाको सिकाइ कमजोर हुँदा माथिल्ला कक्षामा असर गरेको छ । सुधार तल्ला कक्षादेखि नै शुरू हुनु जरुरी छ ।
- पाठ्यक्रम राम्रो छ । कसरी यसको मर्म अनुसार कार्यान्वयन गर्ने ? केन्द्रदेखि विद्यालय तहसम्म क्षमताको कमी छ ।
- पाठ्यपुस्तक लेखन, माथिल्ला कक्षाको पाठ्यक्रम र शिक्षण विधिमा अनुसन्धानमा आधारित सुधार गर्नु जरुरी छ ।
- अबको पहिलो Campaign: न्यूनतम सिकाइ स्तरभन्दा तल कोही पनि नछोडियोस् भन्नेलाई बनाइनुपर्छ ।

NASA अध्ययनका प्राप्ति

- विद्यार्थीहरूको ठूलो संख्या कक्षा तहभन्दा तल छन् र अपेक्षित पाठ्यक्रम र प्राप्त पाठ्यक्रम बीच खाडल छ ।
- प्रदेशहरू बीचको उपलब्धिमा असमानता रहेको छ ।
- विद्यालयको प्रकारअनुसार उपलब्धिमा असमानता रहेको छ ।
- मातृभाषाले पनि उपलब्धिमा उल्लेखनीय अन्तर ल्याएको देखिन्छ ।
- उपयुक्त उमेरका विद्यार्थीहरूले राम्रो उपलब्धि हासिल गरेका छन् ।
- विद्यार्थीहरूको शैक्षिक उपलब्धि र सामाजिक-आर्थिक स्थितिबिचको सम्बन्ध सकारात्मक रहेको छ, तर यसको परिमाण विषयअनुसार भिन्न छ ।
- अन्य जातजातिहरूभन्दा जनजाति र दलित विद्यार्थीहरूको उपलब्धि न्यून छ ।
- शिक्षकको नियमितता र अध्ययन सामग्रीहरूको उपलब्धताको सिकाइ उपलब्धिसँग सकारात्मक सम्बन्ध छ ।
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले सिकाइ उपलब्धिमा घट्दो क्रम देखाउँछ ।
- सामाजिक सञ्जालमा पहुँचले पनि विद्यार्थी उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०८०

(ख) पढाइ र गणितीय सीप सम्बन्धि राष्ट्रिय परीक्षण (NARN)

विगतमा केन्द्रका तर्फबाट कक्षा ३, ५, ८ र १० मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) गर्दै आएकामा सन् २०२० देखि कक्षा-३ मा पढाइ तथा गणितीय सीपको राष्ट्रिय परीक्षण (NARN) सुरु गरेको छ। सन २०२० मा गरिएको उक्त परीक्षणमा औसत सिकाइ उपलब्धि निम्नानुसार देखिएको छ।

तालिका ४ : कक्षा ३ NARN २०२० उपलब्धि सार

| सीप | छात्राको औसत उपलब्धी प्रतिशत | छात्रको औसत उपलब्धी प्रतिशत | जम्मा |
|---|---|---|---|
| पढाइ सीप | ४३.६५ | ४३.०३ | ४३.५१ |
| गणितीय सीप | ३१.२१ | ३५.१२ | ३३.२२ |

स्रोत: ERO, 2020 उपर्युक्त तथ्याङ्कले पढाइ सीपमा छात्र र छात्राको औसत उपलब्धि प्रतिशत लगभग बराबर देखिन्छ भने गणितीय सीपमा भने करिब ५ % औसत उपलब्धिले छात्र अगाडी देखिन्छन्। औसत उपलब्धिका आधारमा गणितीय सीपमा भन्दा पढाइ सीपमा विद्यार्थीहरू करिब १०% औसत सिकाइ उपलब्धिले अगाडी देखिन्छन्।

**समस्या तथा चुनौती**

कतिपय प्रयास तथा उपलब्धिका बावजुद केन्द्रले आफ्नो कार्यसम्पादनका सन्दर्भमा मुलतः सिकाइ उपलब्धि परीक्षण सम्बन्धमा अनुभूत गरेका समस्या तथा चुनौतिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ:

(क) समस्या

- **मन्त्रालयको चासो र सहायता दुवै अपर्याप्त** : केन्द्र हाल मन्त्रालयअन्तर्गतको विभागीय निकायका रूपमा रहेको छ भने ऐनको परिकल्पना यसलाई स्वायत्त निकायका रूपमा राख्ने भन्ने देखिन्छ। अर्कोतर्फ केन्द्रको समग्र भौतिक व्यवस्थापकीय सुधारका लागि पनि मन्त्रालयका तर्फबाट यथोचित चासो र सहायता अपर्याप्त रहेको महसुस हुन्छ।
- **प्रतिवेदनको उपयोगमा सुस्तता**: केन्द्रका तर्फबाट अध्ययन एवम् परीक्षण भई जारी भएका प्रतिवेदनको उपयोगको अवस्थालाइ दृष्टिगत गर्दा उपयोगको गति धिमा प्रायः नै देखिन्छ।
- **प्रचार र सहकार्यमा न्यूनता**: वास्तवमै भन्ने हो भने कतिपय विद्यालय शिक्षा सम्बद्ध सरोकारवालाहरूलाई समेत केन्द्र र यसले गर्ने आधारभूत कार्यहरू बारेको जानकारी एकातर्फ छैन भने अर्कोतर्फ तिन तहका सरकारका निकाय लगायतको समन्वय एवम् सहकार्य पनि न्यून भएको प्रतित हुन्छ।

- **जनशक्तिको क्षमता वृद्धिका कार्यक्रमको अभाव:** केन्द्रका कामले प्रणालीको प्रभावकारिता परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अगाडि राज्यको विद्यालय शिक्षा प्रणालीको अवस्था चित्रित गर्नुपर्ने हुँदा यहाँ काम गर्ने जनशक्तिको अवस्था पनि सोहि बमोजिमको हुनुपर्नेमा त्यसो नभएको महसुस हुन्छ ।
- **भौतिक पूर्वाधार एवम् अन्य सुविधाको अत्यधिक न्यूनता:** शिक्षा ऐनको मर्म अनुरुप विद्यालय शिक्षा प्रणालीको प्रभावकारिता हेर्ने हिसाबले केन्द्र एउटा सुविधा सम्पन्न स्वायत्त निकायका रूपमा रहनुपर्नेमा भौतिक सुविधा, मानवीय क्षमता लगायत अन्य सुविधा हेर्दा केन्द्रको अवस्था दयनीय छ भन्दा अन्यथा नहुने स्थिति छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३) ।

(ख) चुनौती

- **केन्द्रलाई स्वायत्त निकायका रूपमा रुपान्तरण गर्नु :** शिक्षा ऐन २०२८ को मर्म र अन्तर्राष्ट्रिय मान्यता अनुरूप केन्द्रले स्वायत्त रूपमा आफ्ना गतिविधिहरू अगाडि बढाउन नसकेको अवस्थामा केन्द्रलाई स्वायत्त निकायका रूपमा अगाडी बढाउनु आवश्यक देखिन्छ ।
- **केन्द्रको विद्यमान संरचना तथा कार्यपद्धतिमा परिवर्तन गर्नु:** केन्द्रको विद्यमान संरचना मूल रूपमा कर्मचारीतन्त्रीय रहेको र मन्त्रालयको तर्फबाट भएकै छायाँमा पारिएको एकातर्फ देखिन्छ भने अर्कोतर्फ कार्यपद्धतिसमेत सो भन्दा माथि उठ्न नसकेको अवस्था छ । शैक्षिक/प्राज्ञिक एवम् प्राविधिक रूपमा दक्ष विज्ञ व्यक्तिको रोष्टर निर्माण गरी प्रभावकारी कार्यपद्धति सुधारसहित सोही अनुरूपको संरचना तयार पारी अगाडि बढ्नुपर्ने अवस्था छ ।
- **NASA चक्रको प्रभावकारी कार्यान्वयन गर्नु:** केन्द्रले उपलब्धि परीक्षण (NASA) सञ्चालन गर्दा तिन वर्षको चक्रमा सम्पादन गर्नुपर्नेगरी कार्यप्रक्रिया तय गरेपनि साधन स्रोत एवम् अन्य विविध कारणले उक्त चक्रको प्रभावकारी कार्यान्वयन चुनौतिपूर्ण देखिन्छ ।
- **प्रतिवेदनलाई प्रायोगिक एवम् पाठक मैत्री बनाउनु:** केन्द्रबाट जारी हुने प्रतिवेदनहरू सरोकारवाला पाठकहरूले प्रभावकारी रूपमा बुझ्न नसकेको भन्ने सुनिने गरेकामा त्यस्ता प्रतिवेदन अझ बढि प्रायोगिक एवम् पाठकमैत्री बनाउने एवम् केन्द्रका तथ्याङ्क सूचना दृष्टिकोण तथा व्यापक प्रतिवेदन पद्धतिका लागि प्रयोग गर्नु चुनौतीपूर्ण छ ।
- **नतिजालाई अन्तर्राष्ट्रिय जगतसँग जोड्नु:** केन्द्रले सञ्चालन गर्ने उपलब्धि परीक्षणका नतिजाहरूलाई विश्वव्यापी सक्षमता (Global Proficiency) एवम् दिगो विकास लक्ष्य (SDG) सँग प्रभावकारी हिसाबले जोड्नुपर्ने आवश्यकता छ ।
- **केन्द्रलाई साधन स्रोत सम्पन्न बनाउनु:** एउटा महत्वपूर्ण अनुसन्धान निकायका रूपमा केन्द्रलाई विकास गर्न सक्षम मानव स्रोतका अतिरिक्त आवश्यकीय भौतिक पूर्वाधार, जस्तै उपयुक्त भवनका साथै विद्युत Back up, ICT सामग्री, तथ्याङ्क प्रशोधन स्थान, Item Banking प्रणाली आदिको प्रबन्ध गर्नु औचित्य प्राय: हुन्छ ।

- **मानवस्रोतलाई क्षमतावान बनाउनु:** केन्द्रका कर्मचारी एवम् विज्ञहरूलाई समसामयिक परीक्षण पद्धति एवम् अनुसन्धानका विषयमा तालिम, अध्ययन भ्रमण, अनुभव आदानप्रदान जस्ता पक्षहरूमा सहभागी गराइ क्षमता विकास गर्नु अत्यावश्यक भैसकेको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२३)

**समाधान**

उल्लेख गरिएका समस्या तथा चुनौतिहरूलाई दृष्टिगत गर्दै केन्द्र सम्बद्ध गतिविधिहरूलाई प्रभावकारी तुल्याई अन्तर्राष्ट्रिय स्तर सुहाउँदो बनाउन निम्नानुसार अगाडि बढ्नु उपयुक्त देखिन्छ:

- शिक्षा ऐन २०२८(संशोधनसहित) मा तोकिएको विधि, प्रक्रिया अवलम्बन मार्फत केन्द्रको स्वायत्ततालाई कार्यान्वयन गर्ने
- सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यमा नासा नतिजाको प्रभावकारी कार्यान्वयनको वातावरण सिर्जना गर्ने
- उपयुक्त भौतिक तथा मानवसंसाधन क्षमता विकासको योजना तर्जुमा गरी केन्द्रको विद्यमान अवस्थामा वाञ्छित पुनर्संरचना गर्ने
- परीक्षण एवम् मूल्याङ्कनका क्षेत्रमा समय समयको तालिम प्राप्त सम्बन्धित कक्षामा अध्यापन गर्ने विषय शिक्षक तथा उच्च तहको विज्ञता भएका परिमार्जनकर्ता (Moderator) सहितको रोष्टर तयार पारी परीक्षण साधन विकास गर्ने गराउने
- विद्यालय शिक्षा क्षेत्र योजनासँग तालमेल मिलाउने गरी परीक्षण तालिका विकास गरी कार्यान्वयनमा ल्याउने
- उत्तरपुस्तिकाको परीक्षणका लागि वस्तुगत मार्गदर्शन तथा उत्तरकुञ्जिका विकास गर्नुका साथै तथ्याङ्क प्रविष्टि, सफाई एवम् विश्लेषणका लागि केन्द्रमा एउटा प्रभावकारी इकाइको प्रबन्ध गर्ने
- आवश्यकता अनुसार परीक्षण तथ्याङ्क विश्लेषणमा प्रश्न विश्लेषण विधि (Item Response Theory/IRT) र परम्परागत परीक्षण विधि (Classical Test Theory/CTT) दुवैको प्रयोग गरी परीक्षण सञ्चालन भएको ६ महिना भन्दा ढिला नहुने गरी प्रतिवेदनहरू सार्वजनिक गर्ने
- प्रतिवेदनको प्रयोगलाई बढावा दिन बहुप्रतिवेदन प्रणाली प्रयोग गर्नु उचित हुन्छ । विषयगत प्रतिवेदन (Thematic Report) केन्द्रका तर्फबाट तयार पार्ने एवम् यदि कुनै संस्थाले केन्द्रको तथ्याङ्कबाट विषयगत प्रतिवेदन (Thematic Report) तयार पार्न चाहेमा केही कानुनी प्रावधान सहित उपलब्ध गराउने
- प्रदेश तहलाई नासा कार्यान्वयनको अभियानमा सहभागी गराउन केन्द्रका तर्फबाट कोरा तथ्याङ्क (Raw Data) शुद्धिकरण गरी प्रदेशको सम्बन्धित मन्त्रालयलाई हस्तान्तरण गर्ने । त्यसका आधारमा प्रदेशले वार्षिक रूपमा प्रदेशस्तरीय विस्तृत प्रतिवेदन तयार पारी तदनुरूप सुधार कार्यक्रम कार्यान्वयनको प्रबन्ध गर्ने ।

- नासाका नतिजाहरूलाई विश्वव्यापी सक्षमता (Global Proficiency) संग जोड्नु तथा अन्य अन्तर्राष्ट्रिय वृहत दायराका परीक्षण (Large scale assessments) संग तुलना गर्नका साथै दिगो विकास लक्ष्य (SDG 4) सूचकमा आधारित विश्वव्यापी प्रतिवेदन प्रणालीलाई कडाईका साथ प्रयोग गर्ने
- केन्द्रलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रत्यक्ष प्रभाव र नियन्त्रणबाट स्वतन्त्र राखी स्वायत्त तथा स्वतन्त्र निकायका रूपमा विकास एवम् सवलीकरण गर्ने
- केन्द्रलाई अत्याधुनिक पूर्वाधार र सूचना प्रविधिसहित सुसज्जित (Equipped) गर्ने
- केन्द्रमा परीक्षण र मूल्याङ्कनका सम्बन्धमा यथोचित योग्यता र तालिम भएका पदाधिकारीहरू नियुक्त गर्न मिल्नेगरी स्थायी दरबन्दी सिर्जना गर्ने ।
- केन्द्रका सम्बन्धित प्रतिनिधिहरूलाई मूल्याङ्कन सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाबाट आव्हान गरिने क्षमता विकाससम्बन्धि विभिन्न कार्यक्रमहरूमा सहभागिताको अवसर प्रदान गर्ने
- सामयिक रूपमा गरिने राष्ट्रिय परीक्षणका नतिजाहरू विद्यालय तहसम्म प्रवाहिकरण गरी विद्यालयहरूलाई सिकाई सुधार योजना बनाउन र विद्यार्थी सिकाइ उपलब्धि बढाउने क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने
- राष्ट्रिय परीक्षण प्रणालीलाई सुदृढिकरण गर्नका लागि अन्तर्राष्ट्रिय परीक्षण साधनका कतिपय साधनहरूलाई Calibrating गर्ने एवम् IRT Modelling प्रयोग गरी तुलना गर्ने (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०८३) ।

**निष्कर्ष**

शिक्षा पद्धति खासगरी विद्यालय शिक्षाका क्षेत्रको उत्तरदायीत्वलाई प्रभावकारी तुल्याउने सन्दर्भमा विभिन्न खालका अध्ययन अनुसन्धान, परीक्षण एवम् मूल्याङ्कन गर्ने गराउने प्रचलन विश्वव्यापी रूपमा देखेको देखिन्छ । त्यस्ता प्रकृतिका कार्यहरू स्वायत्त प्रकृतिका संस्थामार्फत सम्पादन गर्ने गरिन्छ । नेपालको सन्दर्भमा त्यस्ता प्रकृतिका कार्य शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुँदै आएको छ । विद्यालय क्षेत्र सुधार योजनाले दिशानिर्देश गरे अनुरूप वि.सं. २०६६ मा स्थापना भई कार्य शुरू गरेको केन्द्रलाई शिक्षा ऐनको आठौं संशोधनबाटका आधारमा वि.सं. २०७४ मा निर्देशिका जारी भएपश्चात केन्द्रले विशेषत: विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण, पढाइ तथा गणितीय सीपको परीक्षण, पूर्वसिकाइ तथा विकासस्तर परीक्षण, प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन परीक्षण, सेवाग्राही सन्तुष्टि लेखाजोखा जस्ता विभिन्न कार्य गरी प्रतिवेदनमार्फत सम्बन्धित निकायलाई सुझाव प्रदान गर्दै आएको छ । तत्पनि केन्द्रलाई परिचित गराउने मुख्य पक्ष भनेको विद्यार्थी सिकाइ उपलब्धिको अवस्था पहिचानका लागि गरिने परीक्षण नै हो भन्न सकिने अवस्था छ । उक्त परीक्षणलाई प्रभावकारी बनाउन केन्द्र एवम् सरोकार निकायबाट भएका प्रयासका बाबजुद शिक्षा ऐन बमोजिम केन्द्रको स्वायत्तता अभिवृद्धि गर्नु, नासा चक्रको प्रभावकारी कार्यान्वयन गर्नु, नासाका नतिजाहरूलाई विश्वव्यापी

सक्षमता (Global Proficiency) एवम् SDG लक्ष्यसँग जोड्नु जस्ता विभिन्न चुनौतिहरू रहेका देखिन्छन् । प्रभावकारी सुधार कार्ययोजना तय गरी सम्बन्धित सरोकारवालासँगको समन्वयमा कार्यान्वयनमा लैजान सकेमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षणलाई व्यवस्थित बनाउन सहज हुने मात्र होइन समग्र शैक्षिक पद्धतिको सुधारलाई गति प्रदान गर्न सम्भव हुन्छ ।

**सन्दर्भ सूची**


ERO. (2020) A Report of National Assessment for Reading and Numeracy (Grade-3). Education Review Office (ERO).

ERO (2020). NASA Main Report (Grade-10). Education Review Office (ERO).

ERO (2022).NASA Main Report (Grade 8). Education Review Office (ERO).

ERO (2024).NASA Main Report (Grade 5). Education Review Office (ERO).

ERO (2024).NASA Main Report (Grade 10). Education Review Office (ERO).

ERO (2022). NASA Policy Guideline (Implementation of NASA with policy linking). Education Review Office (ERO).

MOEST (2022). School Education Sector Plan. Kathmandu: Ministry of Education, Science and Technoloy (MOEST).

ERO (2022).Education Review Journal. Education Review Office (ERO).

ERO (2023).Education Review Journal. Education Review Office (ERO).

ERO (2024).Education Review Journal. Education Review Office (ERO).

Bhusal, C.K. (2023). NASA in Nepal: Challenges and way forward. Saikchhik Smarika, 2023(2), Centre for Education and Human Resource Development (CEHRD).

DFID. (2011).Guidance note- A DFID practice paper.DFID.

ESDC. (2011).A final report on national assessment of grade 10 students.ESDS.

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०८०). सुधार कार्ययोजना. भक्तपुर, नेपाल ।

कानून किताब व्यवस्था समिति (२०७३). शिक्षा ऐन, २०२८,काठमाडौं, नेपाल ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७४). शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, भक्तपुर, नेपाल ।

# नेपालमा शिक्षक बढुवाको व्यवस्था र सुधारका सम्भावना

शिवकुमार सापकोटा
प्रशासकीय प्रमुख–शिक्षक सेवा आयोग

## १. परिचय

नेपालमा शिक्षा ऐन, २०२८ को छैटौं संशोधन (२०५५) बाट राष्ट्रिय शिक्षक सेवा आयोगको गठनसँगै शिक्षक बढुवा प्रणालीको विधिवत् प्रबन्धको प्रारम्भ भएको पाइन्छ । त्यसपछि शिक्षा ऐनको आठौं संशोधन (२०५७) बाट शिक्षक सेवा आयोग नामको स्वतन्त्र निकाय स्थापना भई यसलाई मूलतः प्रतिस्पर्धात्मक योग्यता परीक्षणको माध्यमबाट स्थायी शिक्षक छनोट गर्ने र विद्यालय तहका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक गरी तीनवटै तहका द्वितीय र प्रथम श्रेणीको पदमा कार्यरत स्थायी शिक्षकको बढुवा सिफारिस गर्ने अधिकार क्षेत्र प्रदान गरिएबाट शिक्षक बढुवा व्यवस्थालाई कार्यरूपमा स्थापित गरिएको हो । सम्वत् २०५७ सालदेखि आयोगले शिक्षक बढुवा कार्य सञ्चालन गर्ने क्रममा अनेकन् समस्या सामना गर्नु पर्यो, केही सिकाइ भयो र केही चुनौती पनि सामना गर्नु परेको छ । यी सबै पक्षलाई समेटेर शिक्षक बढुवाका सम्बन्धमा एउटा वृहत् चित्र प्रस्तुत गर्ने र हालसम्मको सिकाइका आधारमा शिक्षक बढुवाका सैद्धान्तिक र अभ्यासगत अन्तर्विरोधलाई विश्लेषण गरी भावी दिनका लागि स्पष्ट दृष्टिकोण निर्माण गर्न सहयोग पुर्‍याउने उद्देश्यले यो आलेख तयार गरिएको छ । यस आलेखले शिक्षकको वृत्ति विकासको पृष्ठभूमिमा बढुवा प्रणालीको अवधारणात्मक, कानुनी र अभ्यासगत पक्षहरूलाई मुख्य विषयका रूपमा समेट्ने प्रयास गरेको छ ।

## २. पृष्ठभूमि

सिद्धान्ततः शिक्षक बढुवालाई शिक्षकको पेसागत विकास (Professional Development) अवधारणाको एउटा अंग मानिएको हुन्छ । शिक्षण पेसामा शिक्षकको प्रवेश, पदस्थापना, तालिम, सरुवा, परिचालन, स्तरवृद्धि, तहवृद्धि, श्रेणीवृद्धि, तलब वृद्धि, कार्य विवरणमा स्पष्टता, व्यावसायिक नियन्त्रण, पेसागत भूमिकाको विस्तार (Professional Exposure), कार्यस्थलमा भौतिक सुविधा वृद्धि, सेवासर्तमा सुरक्षा एवम् फलाफिलोपन, पेसागत स्वायत्तता तथा जवाफदेहितामा बढोत्तरी जस्ता पक्षलाई अनुभव गर्न पाउने व्यावसायिक अवसर र पर्यावरणलाई नै समग्रमा पेसागत विकासको सैद्धान्तिक अवधारणा मानिन्छ । यस्ता पक्षहरूलाई अर्को शब्दमा पेसागत विकासका मापदण्ड पनि भनिन्छ । यसरी हेर्दा नेपालमा प्रचलित शिक्षक बढुवाको अभ्यासले उक्त कुन कुन मापदण्डलाई आत्मसात् गरेको छ भन्ने विषय नै चिन्तनीय सवाल हुन सक्छ ।

३. शिक्षक बढुवा प्रणालीको अध्यास

शिक्षा नियमावली, २०५९ को नियम ८९ अनुसार नेपाल सरकारले जिल्लास्तरमा सामुदायिक विद्यालयको लागि हालसम्म निकासा गरेको जम्मा १०५१२५ जटा स्थायी शिक्षक पदमध्ये प्रत्येक तहको तृतीय श्रेणीको २०% ले हुन आउने संख्या द्वितीय श्रेणीका र २% ले हुन आउने संख्या प्रथम श्रेणीका पद कायम हुने व्यवस्था गरेको छ। यसरी हेर्दा तीनवटै तहमा द्वितीय श्रेणीका जम्मा २१८२५ जटा र प्रथम श्रेणीका जम्मा २१८२ जटा पद रहेको पाइन्छ। तृतीय श्रेणीका सबै पद खुला प्रतिस्पर्धात्मक परीक्षा प्रणालीबाट पदपूर्ति हुने प्रबन्ध गरेकोमा शिक्षक सेवा नियमावली, २०५७ को नियम २८ (१) अनुसार द्वितीय र प्रथम श्रेणी पदहरु बढुवाद्वारा पूर्ति हुने कानुनी व्यवस्था रहेको छ। त्यसमा पनि बढुवाद्वारा पदपूर्ति हुने पदमध्ये २५% पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५% पदहरु कार्य सम्पादन मूल्याङ्कनका आधारमा बढुवाद्वारा पूर्ति गरिन्छ। आयोगले कार्य सम्पादनको मूल्याङ्कन गर्दा कार्य क्षमताको मूल्याङ्कन गर्ने प्रचलन रहेको पाइन्छ। तलको तालिकाले शिक्षकको तह र श्रेणीगत पदसङ्ख्या स्पष्ट पार्दछ।

**शिक्षकको तह र श्रेणीगत पद विवरण**

| क्र.सं. | तह | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|---|
| १ | प्राथमिक शिक्षक | ८०१७६ | १६०३५ | १६०३ |
| २ | निम्नमाध्यमिक शिक्षक | १२२२४ | ३२१५ | ३२४ |
| ३ | माध्यमिक शिक्षक | १२७२५ | २५७५ | २५५ |
| | जम्मा | १०५१२५ | २१८२५ | २१८२ |

कानुनी प्रावधान अनुसार पाँच शैक्षिकसत्रको स्थायी सेवा अवधि पूरा गर्ने शिक्षक बढुवाका लागि सम्भाव्य उम्मेद्वार बन्न योग्य बन्दछ। शिक्षक बढुवाका दुवै प्रकारका परीक्षण विधिमा समावेशी समूहका लागि कोटा विभाजनको प्रावधान राखिएको छैन।

क) आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५%) द्वारा बढुवाको लागि पाठ्यक्रम
आयोगद्वारा निर्धारित पाठ्यक्रम अनुसार तीनै तहका ६ वटै परीक्षाका लागि मोटामोटी एउटै साझा पाठ्यक्रम निर्धारण गरेको पाइन्छ। परीक्षाको ढाँचाका सम्बन्धमा प्रत्येक श्रेणीमा ४० अङ्कभारको ४० वटा बहुवैकल्पिक प्रश्नसहितको सामान्य परीक्षा र ६० अङ्कभारको ६ वटा विषयगत प्रश्न सहितको विषयगत परीक्षा गरी जम्मा १०० पूर्णाङ्कको सामान्य र विषयगत दुवैको एकीकृत परीक्षा एकैपटक सञ्चालन गर्ने अभ्यास रहेको छ।

### आन्तरिक प्रतियोगितात्मक परीक्षाका तह र श्रेणीगत पाठ्यक्रम ढाँचा

| क्र.सं. | प्राथमिक शिक्षक | | निम्नमाध्यमिक शिक्षक | | माध्यमिक शिक्षक | |
|---|---|---|---|---|---|---|
| | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
| १ | नेपालको राष्ट्रिय शिक्षा प्रणाली | नेपालको राष्ट्रिय शिक्षा प्रणाली | नेपालको राष्ट्रिय शिक्षा प्रणाली | नेपालको राष्ट्रिय शिक्षा प्रणाली | नेपालको राष्ट्रिय शिक्षा प्रणाली | नेपालको राष्ट्रिय शिक्षा प्रणाली |
| २ | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था | शिक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था |
| ३ | विद्यालय समुदाय सम्बन्ध | विद्यालय समुदाय सम्बन्ध | विद्यालय समुदाय सम्बन्ध | विद्यालय समुदाय सम्बन्ध | विद्यालय समुदाय सम्बन्ध | विद्यालय समुदाय सम्बन्ध |
| ४ | शैक्षिक योजना तथा व्यवस्थापन | शैक्षिक योजना तथा व्यवस्थापन | शैक्षिक योजना तथा व्यवस्थापन | शैक्षिक योजना तथा व्यवस्थापन | शैक्षिक योजना तथा व्यवस्थापन | शैक्षिक योजना तथा व्यवस्थापन |
| ५ | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना | कक्षा कोठा व्यवस्थापन तथा शैक्षणिक योजना |
| ६ | बालमनोविज्ञान तथा सिकाइ | बालमनोविज्ञान तथा सिकाइ | बालमनोविज्ञान तथा सिकाइ | बालमनोविज्ञान तथा सिकाइ | बालमनोविज्ञान तथा सिकाइ | बालमनोविज्ञान तथा सिकाइ |
| ७ | पाठ्यक्रम तथा पाठ्यसामग्री | पाठ्यक्रम तथा पाठ्यसामग्री | पाठ्यक्रम तथा पाठ्यसामग्री | पाठ्यक्रम तथा पाठ्यसामग्री | पाठ्यक्रम तथा पाठ्यसामग्री | पाठ्यक्रम तथा पाठ्यसामग्री |
| ८ | शिक्षामा समकालीन चिन्तन | शिक्षामा समकालीन चिन्तन | शिक्षामा समकालीन चिन्तन | शिक्षामा समकालीन चिन्तन | शिक्षामा समकालीन चिन्तन | शिक्षामा समकालीन चिन्तन |
| ९ | शिक्षाका समसामयिक मुद्दाहरू | शिक्षाका समसामयिक मुद्दाहरू | शिक्षाका समसामयिक मुद्दाहरू | शिक्षाका समसामयिक मुद्दाहरू | शिक्षाका समसामयिक मुद्दाहरू | शिक्षाका समसामयिक मुद्दाहरू |
| १० | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | शिक्षक व्यवस्थापन तथा पेसागत विकास |
| ११ | शैक्षणिक प्रक्रिया | शैक्षणिक प्रक्रिया | शैक्षणिक प्रक्रिया | शैक्षणिक प्रक्रिया | शैक्षणिक प्रक्रिया | शैक्षणिक प्रक्रिया |
| १२ | परीक्षा र मूल्याङ्कन | परीक्षा र मूल्याङ्कन | परीक्षा र मूल्याङ्कन | परीक्षा र मूल्याङ्कन | परीक्षा र मूल्याङ्कन | परीक्षा र मूल्याङ्कन |
| १३ | अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास |

यसमा ४० अङ्कलाई उत्तीर्णाङ्क मानिएको छ भने प्रतिस्पर्धात्मक अङ्कका आधारमा अन्तर्वार्ताका लागि उमेदवार छनोट हुने प्रबन्ध छ। अन्तर्वार्ता बापत १५ अङ्क र अनुभव बापत प्रत्येक वर्षको एक अङ्कका दरले जम्मा १० अङ्क प्रदान गर्ने गरी जम्मा १२५ पूर्णाङ्कको आन्तरिक प्रतियोगितात्मक परीक्षा विधिबाट शिक्षक बढुवाको व्यवस्था प्रचलित छ।

**ख) कार्य क्षमताको मूल्याङ्कनका आधारमा बढुवा**

शिक्षक सेवा नियमावलीको नियम २८ अन्तर्गत कार्य क्षमताका आधारमा शिक्षक बढुवाका लागि मूल्याङ्कन मापदण्ड, अङ्क विनियोजन र मूल्याङ्कन सूचकहरूको विस्तृत व्याख्या र विधि व्यवस्था गरिएको छ । त्यसै आधारमा अनुसूची-१ द्वारा निर्धारित कार्य सम्पादन मूल्याङ्कन फारमको प्रयोगबाट शिक्षक बढुवा गर्ने गरिएको छ ।

**कार्य क्षमता मूल्याङ्कनका आधारमा बढुवाका लागि अङ्कभार**

| क्र.सं. | सूचक | अङ्क |
|---|---|---|
| १ | नोकरीको जेष्ठता:<br>- स्थायी सेवा बापतको प्रतिवर्ष २.५<br>- अस्थायी सेवा बापतको प्रतिवर्ष १.२५<br>- सामान्यतः १८ वर्षको स्थायी सेवा भएमा पूरा अङ्क पाउने । | ३५ |
| २ | शैक्षिक योग्यता:<br>- न्यूनतम शैक्षिक योग्यता बापत अधिकतम १५ अङ्क<br>- माथिल्लो शैक्षिक उपाधि बापत ५ अङ्क । | २० |
| ३ | तालिम:<br>- शिक्षा शिक्षणसँग सम्बन्धित १० महिना सरहको तालिम बापत अधिकतम ७ अङ्क<br>- पेसागत विकास सम्बन्धी एक महिनाको सेवाकालीन तालिम बापत ३ अङ्क | १० |
| ४ | कार्य सम्पादन:<br>- अध्यापित विषयमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क अनुपातका आधारमा १५ अङ्क<br>- शिक्षणसँग सम्बन्धित विषयमा अनुसन्धान गरेबापत ५ अङ्क<br>- विशेष जिम्मेवारी बापत ५ अङ्क<br>- कार्य सम्पादनको मूल्याङ्कन (कासमू) बापत १० अङ्क (खण्ड-क, खण्ड-ख, खण्ड-ग र खण्ड-घ गरी ४ वटा खण्डमा विभाजित कासमू फारमको व्यवस्था, ५ वर्षको फारमको मूल्याङ्कनका आधारमा ३५ अङ्कको गणना हुने) | ३५ |
| | जम्मा | १०० |

शिक्षक बढुवाको संस्थागत व्यवस्थाको चर्चा गर्नुपर्दा शिक्षकले आफ्नो कासमू फारम रीतपूर्वक भरी विद्यालयमा पेस गर्ने, विद्यालयबाट दर्ता एवम् प्रमाणित गरी सम्बन्धित पालिकाको शिक्षा शाखासमक्ष पेस गर्ने र त्यस शाखाबाट शिक्षा विकास तथा समन्वय इकाइमा पेस गर्नु पर्छ । त्यस्तै इकाइबाट नियमानुसार मूल्याङ्कन गरी बढुवाको विज्ञापनका दौरान प्रत्येक प्रदेशमा रहेको शिक्षा विकास निर्देशनालय

अन्तर्गत निर्माण गरिएको शिक्षक बढुवा सिफारिश समिति समक्ष पेस गर्नु पर्छ । आयोगबाट प्राप्त प्रत्यायोजित अधिकारका अधीनमा रही सो समितिले विज्ञापित पद संख्याका आधारमा शिक्षकको बढुवा सिफारिस गरी नियुक्तिका लागि सम्बन्धित इकाइमा लेखी पठाउने अभ्यास रहेको छ । साथै, समितिबाट प्रकाशित नतिजाउपर कुनै आवेदक शिक्षकलाई चित्त नबुझेमा प्राप्ताङ्कको पुनरावलोकनका लागि आयोग समक्ष आवेदन पेस गर्न सक्ने प्रावधान रहेको छ । त्यस्ता आवेदन उपर आयोगले आवश्यक अध्ययन तथा मूल्याङ्कन (Examine) गर्ने र प्रक्रियागत पक्षको प्राविधिक परीक्षण गरी १० दिनभित्र आयोगले पुनरावलोकनको नतिजा प्रकाशन गर्दै आएको छ ।

### ग। बढुवा सम्बन्धी विशेष व्यवस्था

शिक्षक सेवा नियमावली, २०५७ को नियम ३२ बमोजिम कुनै पनि तहको श्रेणीमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीमा सेवानिवृत्त हुने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिस गर्नेछ । यस प्रावधानको व्यवहारिक प्रयोगका रूपमा स्थायी नियुक्ति पाउने पद तृतीय श्रेणीमात्र हुने भएकाले कुनै शिक्षक कुनै तहको तृतीय श्रेणी पदमा नियुक्ति पाई कारणवश द्वितीय श्रेणीमा बढुवा नभई न्यूनतम २० वर्षको सेवा अवधिसहित ६० वर्ष उमेरको सीमा पूरा गरी अवकाश हुन पर्ने अवस्थामा नियमानुसार अवकाश हुनुभन्दा एक महिना अगावै द्वितीय श्रेणीमा बढुवा पाउन योग्य हुनेछ । तोकिएको प्रक्रियासहित यस्तो बढुवा गर्न आयोगले ७५ वटै शिक्षा विकास तथा समन्वय इकाइलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । कुनै पनि तहको द्वितीय श्रेणीबाट प्रथम श्रेणीमा बढुवा हुनका लागि यो प्रावधान लागू हुँदैन ।

### ४. अनुभव गरिएका समस्या र विकृति

नेपालमा शिक्षक बढुवाका लागि कानुनी हिसाबले उपलब्ध दुईवटा बाटाहरू-आन्तरिक प्रतिस्पर्धा र कार्य क्षमताको मूल्याङ्कन- अवलम्बन गर्ने क्रममा सैद्धान्तिक, कानुनी, संस्थागत र प्रक्रियागत तहमा अनेकन समस्या र विकृति भोग्नु परेको छ, जसलाई सारांशमा तलका बुँदाहरूमार्फत स्पष्ट पार्ने कोसिस गरिएको छ ।

क) आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५%) व्यवस्थाका सन्दर्भमा परीक्षणको औचित्य, उद्देश्य र पाठ्यक्रमका सम्बन्धमा सैद्धान्तिक अस्पष्टता देखिन्छ । कुनै शिक्षकलाई तृतीय श्रेणीबाट द्वितीय वा प्रथम श्रेणीमा किन बढुवा गरिन्छ, नयाँ (New) अथवा विस्तारित (Enlargement) अथवा उन्नततरको (Enrichment) कार्य जिम्मेवारीका लागि हो कि शिक्षकको मनोबल एवम् उत्प्रेरणा वृद्धि गर्नका लागि हो ? यसमा प्रष्टता छैन । अन्य सरकारी सेवाका पद वा परीक्षण विधिसँग तुलना गरी त्यसैको नक्कल गर्न खोज्दा त्रुटि भएको हुन सक्छ । शिक्षकको योग्यता मापदण्ड, कार्य विवरण र बढुवा प्रक्रियाको विशिष्टता (Uniqueness) लाई आत्मसात् गरेको पाइँदैन । एउटै पाठ्यक्रमबाट प्राथमिकदेखि माध्यमिक तहसम्मका ६ वटै श्रेणीमा

शिक्षकको योग्यता परीक्षण गर्ने वा परीक्षा सञ्चालन गर्ने प्रचलनलाई प्रशासनिक सहजताको प्रयासबाहेक अरू कुनै पक्षमा पनि औचित्यपूर्ण मान्न सकिन्न ।

ख) कार्य क्षमताको मूल्याङ्कनका आधारमा (७५%) हुने शिक्षक बढुवा व्यवस्थाका सन्दर्भमा पनि बहुआयामिक समस्या छन् । सैद्धान्तिक तहमा गेर चर्चा गर्दा पनि अन्य सरकारी सेवासँग त्रुटिवस तुलना गरी त्यसैको बढुवा प्रक्रियालाई नक्कल गर्दा र शिक्षण पेसाको वास्तविक मर्म र गरिमा बुझ्न नसक्दा आधारभूत कानुनी प्रबन्ध नै अस्पष्ट र अधुरो बन्न गएको पाइन्छ । शिक्षकले बढुवा भएको पदमा पुगेर साबिकको भन्दा कतिको फरक कार्य विवरण (job description) प्राप्त गर्छ ? नयाँ योग्यता र क्षमता कस्तो हुनु पर्छ ? यस्ता सवालमा कुनै परिभाषित स्पष्टता देखिँदैन । बढुवाका लागि अवलम्बन गरिएका चारवटा मापदण्डमा नोकरीको जेष्ठता, शैक्षिक योग्यता, तालिम र कार्यसम्पादन देखिन्छ ।

- अस्थायी सेवा अवधिको नोकरी अवधि गणना गर्ने, सेवा प्रवेश कै बखत अङ्क प्रदान गरिएको शैक्षिक योग्यता र तालिमको डिग्रीका लागि पुनः अङ्क प्रदान गर्ने, शिक्षण इतरको जिम्मेवारी (स्रोतव्यक्ति, प्रशिक्षक, प्रशासनिक सहायक आदि) लिएका शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिलाई आधार मानी अङ्क प्रदान गर्ने, अज्ञात अनुसन्धान कार्य बापत अङ्क प्रदान गर्ने, शिक्षकको शिक्षण कार्यको निरीक्षण एवम् अनुगमन गर्ने औपचारिक जिम्मेवारीको शृङ्खला (चित्र) मा नै नरहेको पदाधिकारीबाट कार्य सम्पादन फाराम मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने इत्यादि प्रक्रियालाई नियाल्ने हो भने बढुवा पद्धतिको समग्र प्रबन्ध नै औचित्यहीन एवम् केवल प्रशासनिक धीसजस्तो महसुस हुन्छ ।

ग) अनलाइन बासम् फारमको उत्पत्ति र प्रशोधन प्रक्रियामा त्यत्तिकै व्यवहारिक समस्या छन् । शिक्षक स्वयम्ले फारमका सबै खानामा विवरण नलेख्ने, लेख्दा पनि त्रुटि गर्ने, तोकिएको खानामा आफैंले दस्तखत नगर्ने, सङ्केत नम्बर नलेख्ने, विद्यालयमा तोकिएको मितिभित्र फाराम दर्ता नगर्ने, दर्ता मिति नलेख्ने वा अन्यथा लेख्ने वा केरमेट गर्ने, मूल्याङ्कन अवधि उल्लेख नगर्ने, हस्ताक्षर गर्ने वा मिति लेख्न छुटाउने, पुरानो बासम् फाराम प्रयोग गर्ने, फारमको सिरानमा विद्यालयको छाप नलगाउने, सिफारिस गर्ने वा प्रमाणित गर्ने खानामा आफैंले दस्तखत गर्नेजस्ता गम्भीर त्रुटि देखिए ।

घ) त्यस्तै प्रधानाध्यापकहरूले रीतपूर्वक बासम् फाराम दर्ता नगर्ने, विधिपूर्वक फाराममा सिफारिस नगर्ने, दस्तखत गरेको मिति नलेख्ने, फारमको खण्ड-क, खण्ड-ख र खण्ड-ग अन्तर्गतको खानामा अङ्क नदिने वा बिना औचित्य कम दिने वा केरमेट गर्ने वा तोकिएको कोठामा नदिने, अङ्कमात्र दिने वा हस्ताक्षरमात्र गर्ने अङ्क नदिने, समान तहको शिक्षकको फाराममा सिफारिस गर्ने जस्ता त्रुटि प्रशस्त पाइयो ।

ङ) यस्तै त्रुटि एवम् विकृति पालिका र इकाइका तहमा पनि त्यत्तिकै देखियो । पालिकाका शिक्षा अधिकृतले विधिपूर्वक फाराम प्रमाणित नगर्ने वा नियमावा दस्तखत नगर्ने, सुपरिवेक्षणमा अङ्क

केरमेट गर्ने वा अन्यायपूर्ण ढङ्गले न्यून अङ्क दिने अनि हस्ताक्षर नगर्ने वा हस्ताक्षरमात्र गर्ने र अङ्क नदिने गरेको प्रमाण भेटियो ।

घ) उतातिर इकाइ प्रमुखले फारमका विवरण कतै नगरी मूल्याङ्कन गरी पठाउने, सुपरिवेक्षकले दिएको अङ्कभन्दा आश्चर्यजनक रूपमा न्यून अङ्क दिई फारममा पुनरावलोकन गर्ने, अमुक शिक्षकको जसरी पनि बढुवामा आउने र अमुकको नआउनेमात्र नभई भविष्यमा समेत नआउने गरी कार्यालयमा सबै मूल्याङ्कनकर्ता बोलाई बेमनासिब ढङ्गले अङ्क दिने जस्ता समस्या एवम् विकृति अनुभव गरिएको छ ।

ङ) शिक्षा विकास निर्देशनालयमा रहेको बढुवा सिफारिस समितिमा स्रोतसाधन, प्रविधि र मानवीय क्षमताको न्यूनताका कारण कागज् फारममा प्रदान गरिएका अङ्क गणना गर्ने, अङ्कको मान्यता एवम् मानतामा एकरूपता कायम गर्ने तथा सबै फारमका साथ पेस गरिएका प्रमाण पुर्जाको अभिलेख व्यवस्थापन गर्ने कार्यमा कमी देखिएको छ । यसबाट अन्ततः योग्य शिक्षकहरू बढुवाबाट वञ्चित हुने र विकृत अभ्यासको सहारामा कम योग्य व्यक्ति बढुवा हुने अवस्था आउने हुँदा शिक्षक समुदायले अन्यायमा परेको अनुभूति गर्ने र प्रचलित बढुवा प्रणाली उपरको विश्वसनीयता घट्न जाने हुन्छ ।

## ५. भावी दिनका लागि सुधारको सोच

शिक्षक बढुवाको प्रचलित अभ्यासमा व्यापक सुधारको खाँचो महसुस गरिएको छ । यसमा दीर्घकालीन रूपमा कानुनको परिमार्जनबाट र अल्पकालीन रूपमा आयोगको प्रयासबाट र व्यावहारिक रूपमा सम्बन्धित पदाधिकारीको सोच एवम् आचरणको शुद्धीकरणबाट सुधार गर्न सकिने गुन्जायस देखिन्छ । तलका बुँदामार्फत सुधारको सोचलाई संक्षेपीकरण गर्ने प्रयास गरिएको छ ।

क) शिक्षक बढुवाका कारण शिक्षकको प्रभावकारिता, सन्तुष्टि र विद्यार्थीको सिकाइ उपलब्धिमा आएको सकारात्मक पत्ता लगाउन छुट्टै सघन र व्यापक अनुसन्धान हुन आवश्यक छ । बढुवा के हो, शिक्षकले विगतमा गरेको राम्रो कार्य सम्पादन बापतको पुरस्कार (Reward) हो अथवा भावी दिनको कार्य सम्पादनका लागि उत्प्रेरणा (Motivation) हो ? यस्ता प्रश्नको सैद्धान्तिक निर्क्योलका आधारमा पाठ्यक्रम र परीक्षण विधि निर्धारण गर्नु अनिवार्य सर्त हो ।

ख) आन्तरिक प्रतियोगितात्मक परीक्षा तर्फ प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमध्ये प्रत्येकको द्वितीय र प्रथम श्रेणीमा बढुवा भएका शिक्षकको अपेक्षित कार्य विवरणको विश्लेषण र अध्ययनका आधारमामात्र पाठ्यक्रमको खाका बनाउनु पर्छ । सिद्धान्ततः प्रत्येक तहको तृतीय श्रेणीको शिक्षकले माथिल्लो श्रेणीमा बढुवा भएर साविकको विषयको शिक्षण कार्य अझ प्रभावकारी, उत्प्रेरित, जवाफदेही एवम् उच्च विश्वाससहित शिक्षण गर्नु पर्ने मानिन्छ । त्यसका अतिरिक्त कतिपय द्वितीय र प्रथम श्रेणीका शिक्षकलाई प्रधानाध्यापक, स्रोतशिक्षक, प्रशिक्षक, परामर्शकर्मी (Counselling staff), पेसागत मार्गदर्शक (Mentoring staff) जस्ता जिम्मेवारी

पनि दिइएको पाइन्छ । शिक्षकको यस्तो अपेक्षित र सम्भाव्य कार्य विवरणको गहन विश्लेषणका आधारमा पाठ्यक्रम निर्माण गरी उपयुक्त परीक्षाका साधन अवलम्बन गर्नु उपयुक्त हुन्छ ।

ग) शिक्षक बढुवालाई पदको स्तरीकरण र कार्य सम्पादनको विशिष्टीकरण मानिन्छ । यस मान्यताका आधारमा प्रत्येक तहको तृतीय श्रेणीका लागि र त्यस तहकै द्वितीय र प्रथम श्रेणीको पदका लागि एउटै साझा पाठ्यक्रम प्रयोग गर्ने तर श्रेणीको स्तरका आधारमा उपयुक्त प्रश्न र परीक्षण विधि निर्धारण गर्न फरक फरक विशिष्टीकरण तालिका निर्माण गर्ने व्यवस्था गर्नु मनासिब हुन्छ ।

घ) शिक्षक बढुवाको मौजुदाको क्षितिजीय (Horizontal) बढुवा पद्धतिका अतिरिक्त ऊर्ध्वमुखी (Vertical) बढुवा पद्धति अवलम्बन गरी तहगत बढुवा अथवा प्राथमिकबाट निम्नमाध्यमिक र माध्यमिक तहमा बढुवा हुने प्रावधान पनि कानुनी प्रबन्धसहित प्रारम्भ गर्नु जरुरी भइसकेको छ ।

ङ) कार्य क्षमताका आधारमा बढुवा अभ्यासलाई दीर्घकालीन रूपमा सुधार गर्नका लागि सफ्टवेयरमा आधारित अनलाइन फारम प्रणाली विकास गर्ने, मूलतः जेष्ठता एवम् कार्य अनुभव नै योग्यता प्रणालीको प्रमुख अङ्क भएकाले यसैका आधारमामात्र बढुवा हुने गरी सरलीकृत सूचक निर्माण गर्ने, विद्यालय तहमा समानान्तर रूपमा कार्य सम्पादन प्रणाली विकास गर्ने, विद्यालय व्यवस्थापन समितिबाट बढुवाका लागि न्यूनतम् सर्त पूरा गरेको (Compliance) प्रमाण एवम् जनाउका आधारमा अनलाइन फारम पेस गर्न योग्य हुने प्रणाली विकास गर्न आवश्यक भएको छ । अस्थायी सेवा बापत बढुवामा अङ्क पाउने व्यवस्था हटाउनु उपयुक्त हुन्छ ।

च) तात्कालिक रूपमा कायम् व्यवस्था सुधार गर्न कायम् फारम भर्ने, मूल्याङ्कन गर्ने र नतिजा प्रशोधन गर्ने कार्यमा क्षमता अभिवृद्धि गर्न शिक्षक, प्रधानाध्यापक र सम्बन्धित कर्मचारीहरूलाई लक्षित गरी युट्युबमार्फत ट्युटोरियल तथा प्रत्यक्ष गोष्ठी कार्यशाला सञ्चालन गर्ने, कायम् फारम दुईप्रति भर्ने लगाई एकप्रति इकाइमा रहने र एकप्रति बढुवा सिफारिस समितिसमक्ष पेस गर्ने व्यवस्था गर्नु पर्नेछ ।

छ) शिक्षकको कायम् फारम मूल्याङ्कनका क्रममा सेटिङ गर्ने, नियतवश अङ्क नदिने वा कम दिने वा दस्तखत नगर्ने कर्मचारीहरूको अभिलेख राखी आयोगबाट विभागीय कारबाहीका लागि प्रक्रिया अगाडि बढाउन पर्नेछ ।

ज) बढुवा सिफारिस समितिबाट बढुवाको नतिजा प्रशोधन गरी अन्तिम नतिजा प्रकाशन गर्ने, नतिजा प्रकाशनको मितिबाट १५ दिनको अवधिलाई नतिजा परिपाक अवधि (Maturity Period) मानी यस म्यादभित्र नतिजा उपर चित्त नबुझाउने शिक्षकलाई निर्देशनालयबाट नतिजा स्पष्टीकरण सुनुवाइको मौका प्रदान गर्ने, त्यसपछि पनि नतिजाउपर चित्त नबुझेमा नतिजा पुनरावलोकनका लागि आयोग समक्ष ३० दिनभित्र आवेदन दिन पाउने व्यवस्था कायम राख्न सकिन्छ । पुनरावलोकनका दौरान आवेदकको मागदावीमा केन्द्रित हुने, प्रथमतः आवेदकको

कायम् पासमात्र अध्ययन गरी नतिजा परीक्षण गर्ने, यसबाट नतिजामा फरक परी साविकमा सिफारिस भएका व्यक्तिसम्म प्रभाव पर्ने भएमात्र तिनको पनि नतिजा परीक्षण गर्ने गरी पुनरावलोकन कार्यलाई छरितो, सरल र न्यायपूर्ण तुल्याउन आवश्यक हुन्छ ।

झ) बढुवा सिफारिस समितिको प्राविधिक तथा प्रविधिगत क्षमता विकास गर्ने थप उपकरण तथा प्रविधि हस्तान्तरण गर्ने र सम्बन्धित कर्मचारीका लागि नियमित रूपमा तालिम-सेमिनार आयोजना गर्ने प्रबन्ध हुन जरुरी छ ।

## ६. निष्कर्ष

नेपालमा शिक्षक बढुवा अभ्यासको लामो इतिहास छैन, केवल २४ वर्षदेखिको प्रयास हो । तथापि हालसम्म हजारौं शिक्षकहरू द्वितीय र प्रथम श्रेणीमा बढुवा भइसकेका छन् । शिक्षक बढुवा प्रणाली भनेको सम्बन्धित निकायको सजिलोका लागि सञ्चालन गर्ने विषय होइन र पदको प्रकृति नमिल्ने अन्य सरकारी सेवाको नक्कलको भरमा चलाउन सकिने पद्धति पनि होइन । विद्यालय शिक्षा प्रणालीको स्तरीकरण, जवाफदेहीकरण, सन्तुष्टीकरण र त्यसको परिणामस्वरूप विद्यार्थीको भविष्य सुनिश्चितीकरण नै शिक्षक बढुवा प्रणालीको प्रतिफल हो । विगतमा यो मान्यतालाई कति हदसम्म आत्मसात् गर्न सक्यौं त्यो कुनै अनुसन्धानबाट पुष्टि होला तर हामीले विगतबाट प्राप्त अनुभव, सिकाइ र सुधारको लागि मनोवैज्ञानिक तत्परता भने हासिल गरेका छौं । तसर्थ, अबको युग सुहाउँदो शिक्षक बढुवाको सैद्धान्तिक औचित्य र व्यवहारिक उद्देश्य रचना गरी त्यसबाट सूक्ष्म रूपमा निर्देशित भई शिक्षकको सिकाइ एवम् व्यावसायिक परीक्षण गर्ने उपयुक्त पाठ्यक्रम प्रारूप (Curriculum Framework) र साधन निर्धारण गर्नु परेको छ । नेपाल सरकार र शिक्षक सेवा आयोगको तात्कालिक गन्तव्य पनि यही नै हुनुपर्दछ ।

## ७. सन्दर्भसूची


क) (२०७८) शिक्षा ऐन, २०२८ (संशोधन सहित), कानुन किताब व्यवस्थापन समिति, नेपाल

ख) (२०७८) शिक्षा नियमावली, २०५९ (संशोधन सहित), कानुन किताब व्यवस्थापन समिति, नेपाल

ग) (२०७८) शिक्षक सेवा नियमावली, २०५७ (संशोधन सहित), कानुन किताब व्यवस्थापन समिति, नेपाल

घ) (२०७८) शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि (संशोधन सहित), शिक्षक सेवा आयोग, सानोठिमी

ङ) (२०८०) वार्षिक प्रतिवेदन, शिक्षक सेवा आयोग, सानोठिमी

# शिक्षक व्यवस्थापनका नीतिगत सवाल र आगामी कार्यदिशा

महेन्द्र पराजुली
उपमहानिर्देशक- शिक्षा तथा मानव स्रोत केन्द्र

**लेखसार**

"शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरभन्दा माथि हुन सक्दैन ।" गुणस्तरीय विद्यालय शिक्षाको सुनिश्चितताका लागि दक्ष र स्वउत्प्रेरित शिक्षक व्यवस्थापनमा जोड दिनुपर्ने हुन्छ । पछिल्लो समयमा त UNESCO ले "Teacher and teaching are global public goods" को आयामबाट विश्लेषण गर्न थालेकाले श्रमबजारका अब्बल क्षमतावान् व्यक्तिहरूलाई विद्यालय शिक्षा सेवामा भित्र्याउने (Talent Hunt), टिकाउने (Retention) र उनीहरूको क्षमताको पूर्ण उपयोगका लागि उत्प्रेरक कार्य वातावरण ( Enabling Work Environment) सिर्जना अपरिहार्य छ । यसका लागि शिक्षक भर्ना पूर्वदेखि अवकाश पश्चात्‌का (Pre R to Post R) विभिन्न चरणहरूलाई संवेदनशील रूपमा व्यवस्थापन गर्ने नीतिगत मार्ग (Policy departure) को जरुरी देखिन्छ । मुलुकको राजनीतिक, सामाजिक परिवर्तनसँगै शैक्षिक क्षेत्र रूपान्तरणको पर्खाइमा निकै लामो समयदेखि कुरिरहेको छ । शैक्षिक प्रणालीका परिवर्तनका वाहक शक्ति (Change Agent) शिक्षकमा विषयवस्तुको ज्ञानसँगसँगै प्रविधिजन्य अवसरहरूलाई आत्मसात् गर्ने, स्वउत्प्रेरित नतिजाप्रति जवाफदेही हुने, New Generation का बालबालिकाहरूको विश्वास आर्जन गर्न शिक्षा प्रणालीले माग गरेअनुरूपको सही नीतिगत दिशा र गन्तव्य प्रदान गर्ने विषय नै शैक्षिक रूपान्तरणका प्रस्थान बिन्दु (Point of Policy Departure) हुन् ।

**मुख्य शब्दावली :** ट्यालेन्ट हन्ट, करियर प्लानिङ, माइन्ड म्यानेजमेन्ट, टिचर रैसनलाइज, ग्लोबल पब्लिक गुड्स, प्रोफेसनल कोड अफ कन्डक्ट, फिजिकल टु डिजिटल – फिजिटल, एआई, नलेज सुपरपावर

१. **विषय प्रवेश :** सङ्घीय शासन प्रणाली अवलम्बनको झण्डै दशकको अवधि बितिसक्दा पनि शिक्षक व्यवस्थापनको स्पष्ट मार्गचित्र तय नहुँदा यो निकै जटिल र पेचिलो विषय बन्दै आइरहेको छ । विद्यालय शिक्षाको मार्गदर्शक शिक्षा ऐन संसदीय समितिमा लामो समयदेखि छलफलकै क्रममा थुप्रिएको छ । योग्य शिक्षक उत्पादनका मुहान विश्वविद्यालय शैक्षिक र व्यवस्थापकीय कठ्ठले खिइँदै जाने दिशामा अगाडि बढिरहेका देखिन्छन् । शिक्षाको संवैधानिक प्रावधान, अनिवार्य नि:शुल्क शिक्षा ऐनको योग्यता पुगेको गुणस्तरीय शिक्षकबाट पढ्न पाउने अधिकारलाई मूर्त रूप प्रदान गर्न, शिक्षक व्यवस्थापनका समग्र आयामहरूमा विवेकपूर्ण रूपान्तरण जरुरी देखिन्छ । विश्वविद्यालय र श्रमबजारका अब्बल जनशक्तिलाई विद्यालय शिक्षा सेवामा भित्र्याउने (Talent Hunt) पूर्वानुमानयोग्य वृत्ति प्रणालीको सुनिश्चितता (Predictable career Path), नवप्रवेशी जनशक्तिको Mind management र कार्यरत अनुभवी जनशक्तिको ज्ञान व्यवस्थापन (Knowledge management) नै अबको शिक्षक व्यवस्थापनका कार्यदिशा हुन् । प्रस्तुत लेखमा

नेपालमा शिक्षक व्यवस्थापनका नीतिगत प्रावधान, कार्याभ्यास, मौजुदा अवस्था र अन्तर्राष्ट्रिय अनुभवसमेतलाई समेट्ने प्रयास गरिएको छ ।

### २. नीतिगत व्यवस्था

**क) शिक्षा ऐन २०२८ र नियमावली २०५९ :**

विद्यालय शिक्षा सेवाको गठन तह र श्रेणी विभाजन, विद्यालयमा महिला शिक्षकको पद रहने, प्रधानाध्यापक र शिक्षक नियुक्ति तथा सरुवासम्बन्धी प्रावधानहरू र अनुसूचीमा पूर्व प्राथमिक तहमा कम्तीमा एक जना, प्राथमिक तहमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी भएमा तीन जना शिक्षक रहने व्यवस्था रहेको छ । यसैगरी निम्न माध्यमिक तह (कक्षा ६-८) ४ जना र माध्यमिक तह (९-१२) मा कम्तीमा ८ जना शिक्षक र विषयगत प्राथमिकतासमेत उल्लेख गरिएको छ । शिक्षण पेसालाई मर्यादित अनुशासित मूल्याङ्कन द्वारा सङ्गठन शिक्षक महासंघ र पेसागत आचारसंहितालगायतका विषयहरू उल्लेख गरिएको छ ।

**ख) शिक्षक सेवा आयोग नियमावली २०५७ :**

शिक्षकको स्थायी नियुक्ति र बढुवा सिफारिस गर्ने शिक्षक सेवा आयोग, अध्यापन अनुमति पत्र, शिक्षक सेवा समावेशी बनाउन र गतस्तरलाई प्रोत्साहनको प्रबन्ध, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र बढुवालगायतको विषयमा नीतिगत मार्गदर्शन पाइन्छ ।

**ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ :**

संघीय संरचनामा जनतासँग प्रत्यक्ष जोडिएका अग्रभागका सेवाप्रवाहका एकाइ (Frontline service delivery unit) गाउँ/नगरपालिकाको काम कर्तव्य अधिकारअन्तर्गत परिच्छेद ३ (११) "ज" मा उल्लेखित २१ ओटा कार्यहरूमध्ये सामुदायिक शिक्षक कर्मचारीको दरबन्दी मिलान, शिक्षण सिकाइ, शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकासका कार्यहरू स्थानीय सरकारको कार्यक्षेत्रमा समाविष्ट भएको देखिन्छ ।

**घ) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ :**

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न बनेको ऐनमा प्रधानाध्यापकलाई विद्यालयको नेतृत्व वहन गर्ने व्यवस्थापकीय र प्रशासनिक जिम्मेवारी सुम्पेको पाइन्छ । सोही ऐनको परिच्छेद २ को १० मा "प्रत्येक बालबालिकाहरूलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिमको योग्यताप्राप्त शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार" हुनेसमेत उल्लेख गरिएको छ । तीनै तहको सरकारको सहकार्य र स्थानीय सरकारको अगुवाइमा अनिवार्य तथा निःशुल्क शिक्षालाई कार्यान्वयनमा लैजाने नीतिगत स्पष्ट रहे पनि कार्यान्वयनको स्पष्ट खाका र कार्ययोजनाको पर्खाइ नै छ ।

**ङ) राष्ट्रिय शिक्षा नीति २०७६:**

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति सामाजिक न्याय, रूपान्तरण र समृद्धि" हासिल गर्ने दूरदृष्टि बोकेको राष्ट्रिय शिक्षा नीतिको दस्तावेजले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको उपलब्धि स्तरसँग जोड्ने, पाँच वर्षभित्रमा योग्य, दक्ष र स्वउत्प्रेरित शिक्षक व्यवस्था मिलाउनका साथै आवश्यकता अनुसार शिक्षकको विषयसमायोजित दरबन्दी पुनर्वितरण तथा थप शिक्षक दरबन्दी सिर्जना गर्ने प्रावधान गरेको छ। उत्कृष्टता हासिल गर्ने शिक्षकलाई पुरस्कार, सम्मानका साथै पेसागत जिम्मेवारी र जवाफदेहिता वहनको विषय, शिक्षकको प्रोफेसनल कोड अफ कन्डक्ट तयार गर्ने, दुर्गम स्थानमा कार्यरत शिक्षकलाई थप सुविधा उपलब्ध गराउने, विद्यालय शिक्षा प्राविधिक शिक्षा र उच्च शिक्षामा अध्यापनरत जनशक्तिको सक्षमता परीक्षण गर्ने जस्ता व्यवस्थासमेत शिक्षा नीतिले गरेको छ। साथै सबमा हाल कार्यरत शिक्षकको सक्षमता परीक्षण आवधिकता उत्प्रेरणा कार्यसम्पादन स्तर र अनुभव जस्ता पक्षहरूलाई शिक्षकको वृत्ति विकाससँग आबद्धता गर्ने, विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गर्ने, निजी लगानीमा सञ्चालित विद्यालयका शिक्षकको छनौट आपूर्ति, विकास र उपयोग गर्ने मापदण्ड विकाससमेतका नीतिगत प्रावधानहरूसमेत उल्लेख गरिएका छन्।

**च) सोह्रौं आवधिक योजना :**

सोह्रौं आवधिक योजनाले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माणमार्फत् मुलुकको आर्थिक, सामाजिक रूपान्तरणको परिकल्पना गरेको छ। योजनाले शिक्षा, स्वास्थ्य र खेलकुदमा लगानीको बहुआयामिक प्रभावले तीव्रतर सामाजिक रूपान्तरणसँगै जनसाङ्ख्यिक लाभांश हासिल गर्ने शिक्षा र सिप विकासका कार्यक्रमलाई प्राथमिकता, नीतिगत र संस्थागत सुधार, भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था, सबै तहको पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई समसामयिक र व्यावहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण, प्रशिक्षकका लागि प्रशिक्षण अनुमतिपत्र, प्रधानाध्यापक सक्षमता विकास, योजनाको अन्त्यसम्म २ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउने, राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा, शिक्षा र सिपलाई उत्पादन र बजारसँग जोड्ने, गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार र शैक्षिक सुशासन अभिवृद्धि लगायतका विषयहरू उल्लेख गरेको छ।

**छ) विद्यालय शिक्षा क्षेत्र योजना** (२०७९-३८) :

विद्यालय शिक्षा क्षेत्र योजनाले समेत शिक्षकको भर्ना, छनौट, नियुक्ति, पेसागत सक्षमता हासिल, शिक्षक तयारी, पेसागत सहायता र जवाफदेहिताको सोपानलाई मौजुदा शिक्षा प्रणालीको मुख्य चुनौतीको रूपमा उल्लेख गर्दै Qualified, Professionally competent, motivated, committed

and accountable शिक्षकलाई शिक्षा प्रणाली दरिलो खम्बाको रूपमा पृष्ठभूमिमै उल्लेख गरेको छ । शिक्षामा गुणस्तर सुनिश्चितताका लागि दक्ष जनशक्तिलाई आकर्षण गर्ने, शिक्षण पेसामा टिकाइराख्ने, प्राज्ञिक र पेसागत विकासका अवसरहरूलाई बढोत्तरी गर्दै लैजानुका साथै मौजुदा शिक्षक दरबन्दीलाई Rationalize गर्ने Performance evaluation system लागु गर्ने र शिक्षकलाई विद्यार्थीप्रति जवाफदेही प्रणाली Develop a system accountable to towards the students बनाउने पक्षहरूलाई जोड दिएको छ । योजनाको मुख्य रणनीतिमै शिक्षकको वृत्ति प्रणालीलाई डिजिटाइज गर्ने, सेवासर्त, सुविधा, प्रोत्साहन र विद्यमान बढुवा प्रणालीलाई पारदर्शी र पूर्वानुमानयोग्य तुल्याउने, शिक्षक तयारी र छनौटलाई शिक्षक पेसागत सक्षमतासँग आबद्धता गर्दै लैजाने, स्थानीय स्तरमै शिक्षक सहायता प्रणाली स्थापित गर्ने, शिक्षकलाई प्रत्येक २-३ वर्षमा कार्यक्षेत्रमा आधारित पेसागत विकासका अवसर उपलब्ध गराउनका साथै कम्तीमा एक वर्षको शिक्षण सिप विकाससहितको शिक्षक तयारी कोर्स सञ्चालन गर्ने उल्लेख गरेको पाइन्छ ।

कार्यक्रमको अवधिभरमा १,३३,५०० नवप्रवेशी शिक्षकको पेसागत विकास, १०,००० जनालाई शिक्षक पेसागत विकासका लागि तयारी, ६५,००० आधारभूत तहका र २५,००० बालविकास शिक्षकको पेसागत विकास गर्ने लक्ष्य किटान गरेको छ ।

**ग) दिगो विकासको लक्ष्य :**

सन् २०३० सम्म सबैका लागि समन्यायिक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर लक्ष्य नं ४ मा उल्लेख भएबमोजिम नेपालको पछिल्लो संशोधित प्रतिवेदनअनुसार अधिकांश सूचकहरूमा मिहेनेत गर्नुपर्ने देखिन्छ । लक्ष्यको ४ "ग" मा Supply of qualified teacher, Teacher professional development & International cooperation को विषयमा उल्लेख गरिएका अधिकांश सूचकहरूमा Central & South Asia को अवस्था औसत नै देखिन्छ ।

Global Report On teachers 2024: Addressing teacher shortages and transforming the profession 44 million teacher shortage globally to ensure Universal primary and secondary education by 2030. Teacher recruitment, retention, professional development and well-supported work force is essential fostering quality education and lifelong learning. It also sugest for fulfill the Shortage of teacher working condition, salaries and career opportunities should be revisit. - UNESCO

**४. विद्यालय शिक्षा सेवाको वर्तमान अवस्था :**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६ भाद्र ४ गतेको निर्णयानुसार कायम तहगत दरबन्दी विवरण देहायबमोजिम रहेको छ :-

| सि.नं | तह | दरबन्दी | राहत | शिक्षण सहयोग अनुदान | जम्मा | प्राविधिक धारतर्फ (९-१०) | |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ८०१३६ | २१८८३ | ० | १०२०१९ | सहायक प्रशिक्षक | प्रशिक्षक |
| २ | निम्न माध्यमिक | १६२२४ | ९६०९ | २८४६ | २८६७९ | | |
| ३ | माध्यमिक | १२७२५ | ६८९८ | ४२३८ | २३८६१ | १०८३ | १०५३ |
| ४ | उच्च माध्यमिक | २००० | ४००० | ० | ६००० | | |
| जम्मा | | ११११२५ | ४२३३८ | ७०८४ | | | |

## ३. सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण :

आर्थिक सर्वेक्षण २०८०/८१ बमोजिम जम्मा २,९४,७८८ शिक्षक कार्यरत रहेको देखिन्छ । तहगत रूपमा सामुदायिक संस्थागत र धार्मिक विद्यालयमा कार्यरत जनशक्तिको विवरण देहायबमोजिम रहेको छ ।

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | धार्मिक विद्यालय | | कुल जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| आधारभूत (१-८) | ६५६१८ | ८८१२६ | ४१५२१ | ३२१९१ | ५२१ | ३६७० | १०७६६० | १२३९८७ | २३१६४७ |
| माध्यमिक (९-१२) | ५६२७ | २९८६४ | ५६६९ | २१५७१ | ८३ | २४५ | ११३७९ | ५१६८० | ६३०५९ |
| जम्मा | ७१२४५ | ११८०७२ | ४७१९० | ५३७६२ | ६०४ | ३९१५ | ११९०३९ | १७५७४९ | २९४७८८ |

## ४. तहगत विद्यालय विद्यार्थी र शिक्षक अनुपात :

शिक्षाका हबको रूपमा विकास भएका मुलुकहरू ग्रान्जिलयाहेक फिनल्यान्ड, दुबई र युएसएमा समेत विद्यार्थी शिक्षक अनुपात घट्दो देखिन्छ । हाम्रो सन्दर्भमा पनि सहरी बसाईसराइ र जन्मदरमा आएको कमीका कारण ३५,८७६ विद्यालयहरूमध्ये १०० भन्दा कम विद्यार्थी भएका विद्यालय १५,३६५ (५७ प्रतिशत) रहेका छन ।

विद्यालय शिक्षामा महिला शिक्षकको उपस्थिति उत्साहप्रद नै देखिन्छ । शैक्षिक सत्र २०८० मा सबै प्रकारका विद्यालयमा कार्यरत २ लाख ८६ हजार ८८ शिक्षकमध्ये ४२.२ प्रतिशत महिला र ५७.८ प्रतिशत पुरुष रहेका छन । आधारभूत तहमा ४६.५ र माध्यमिक तहमा १८.० प्रतिशत महिला शिक्षक कार्यरत रहेका छन । तहगत रूपमा शिक्षक विद्यार्थी अनुपात तपसिल बमोजिम रहेको छ ।

| सि.नं | तह | प्रति विद्यालय विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात (स्वीकृत दरबन्दीका आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-५) | ८५.२ | २९.६ | |
| २ | आधारभूत तह कक्षा (६-८) | १०९.० | ८१.४ | |
| ३ | माध्यमिक तह कक्षा (९-१०) | १०९.७ | ६१.६ | |
| ४ | माध्यमिक तह कक्षा (११-१२) | १३९.८ | २८६.५ | |

कुल ग्रहस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.२ प्रतिशत रहेको छ। विद्यार्थीको अपेक्षित विद्यालय वर्ष १२.९ र औसत विद्यालय वर्ष ५.१ रहेको छ। ८२.३ प्रतिशत विद्यालयहरूको कार्यसम्पादन औसत रहेको देखिन्छ। अहिले पनि १,७२२ माथि दरबन्दी विहीन रहेका छन्। विद्यार्थीको टिकाउ दर कक्षा ५ मा पुग्दा ८५ प्रतिशत कक्षा ८ मा पुग्दा ६७ र कक्षा १२ मा पुग्दा ३५ प्रतिशत रहेको छ। बालबालिकाहरूको सिकाइ उपलब्धिसमेत उत्साहप्रद देखिएको छैन। कक्षा ३ मा पुग्दा भाषामा ४२ र गणितमा ३७ प्रतिशत मात्र उपलब्धि देखिन्छ। रहस्यलाग्दो कुरा त १७ प्रतिशत विद्यार्थी नेपालीमा समेत त्यो चम्पबमचय रहेको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुसन्धानले देखाएको छ।

४. शिक्षक सहायता अनुदानको अवस्था :

आ.व २०८०/०८१ मा विद्यालय शिक्षामा रहेको न्यून शिक्षक दरबन्दीको परिपूर्तिका लागि देहायबमोजिम शिक्षक अनुदान स्थानीय तहमार्फत उपलब्ध गराएको छ।

| निम्न माध्यमिक तह | | | | माध्यमिक तह | | | |
|---|---|---|---|---|---|---|---|
| शून्य दरबन्दी | एक दरबन्दी | दुई दरबन्दी | २०८०/०८१ मा विनियोजित अनुदान कोटा | शून्य दरबन्दी | एक दरबन्दी | दुई दरबन्दी | २०८०/०८१ मा विनियोजित अनुदान कोटा |
| ३१६३ | ११८६ | १३०२ | २८८९ | १०६० | ९३४ | ६४१ | ४२९८ |
| स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०८१ | | | | | | | |

५। दरबन्दी मिलान कार्यदल र यसको कार्यप्रगतिको अवस्था :

नेपाल सरकारको २०७५/०२/०४ को निर्णयानुसार गठन भएको दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६ का आधारमा २०७९ को फ्ल्यास रिपोर्टअनुसार जम्मा कुल दरबन्दी १२,८३५ जसमध्ये खुद कुल दरबन्दी ३,३३१ रहेकामा १,९९५ दरबन्दी मिलान भइसकेकाले दरबन्दी मिलानको पहिलो चरणसम्म आइपुग्दा हालसम्मको मिलानको अवस्थाबाट अझै ६७ ओटा स्थानीय तहमा कुल दरबन्दी कायम रहेका छन्। सो प्रतिवेदन कार्यान्वयन हुँदा तत्कालीन अवस्थामा प्राथमिक तहमा १६,६२१ निम्न

माध्यमिक तहमा (१-८) मा १८,१४० र माध्यमिक तह कक्षा (९-१०) मा १९,१०१ माध्यमिक तह कक्षा (११-१२) मा ७,८०५ गरी कुल ४१,६६७ दरबन्दी अपुग रहेको देखिन्छ ।

**३) शिक्षकको करियर म्यानेजमेन्टको सन्दर्भमा अन्तर्राष्ट्रिय अनुभव**

क) भारत : एक्काइसौं शताब्दिको Knowledge Superpower बन्ने महत्वकांक्षा राखेको भारतको शिक्षा नीति २०२० र पाठ्यक्रम प्रारूप २०२३ ले विद्यालय शिक्षाको संरचना (५+३+३+४) कायम गर्दै विद्यार्थीमा Knowledge, Capacities, Values and Disposition हासिल गराउन खोजेको छ । आगामी २ दशकका लागि आवश्यक पर्ने विषयगत शिक्षक व्यवस्थापन गर्ने, ४ वर्षे शिक्षक तयारी कोर्स, ५० घन्टे शिक्षक पेसागत विकास कार्यक्रम Teacher eligibility Test, Outstanding performer लाई Vertical career path मार्फत Educational leadership & Government Departments मा समेत हुने गरी वृत्ति पथलाई चौडा गराएको छ ।

ख) अमेरिका : अमेरिकामा शिक्षकलाई Performance, Quality, Professional Development लाई मूल्याङ्कन गर्दै Merit Based Salary को प्रबन्ध, कार्यक्षमताका आधारमा उत्कृष्टलाई Administrative job Entry, Ministrial Carder, School & Educational Leader तर्फ समेत जानसक्ने गरी वृत्ति श्रृङ्खलालाई फराकिलो बनाउने गरिएको छ ।

ग) दक्षिण कोरिया : शिक्षकलाई उनीहरूको Qualification, Inservice experience र Special capacity का आधारमा कक्षाकोठामा शिक्षण गर्नेहरूका लागि Master Teacher / Administrative path रोजाइ गर्नेहरूका लागि Principal मा जान सक्ने गरी वृत्ति विकासको प्रबन्ध मिलाइएको पाइन्छ । यहाँ शिक्षक स्वयमले नै Individual career development plan बनाउनुपर्ने अभ्यास समेत रहेको छ ।

घ) बेलायत : बेलायतमा Knowledge, Teaching Quality & Professional Conduct लाई समेटेर शिक्षकको मापदण्ड विकास गरिएको पाइन्छ ।

ङ) जापान : जापानमा उत्कृष्ट शिक्षकलाई Mentor Teacher को भूमिका प्रदान गरिन्छ । यहाँका शिक्षकले हप्तामा ५४ घन्टासम्म कार्य गर्ने गरेको पाइन्छ ।

च) न्यूयोर्क सिटीको Teacher career pathway (Model teacher, Peer Collaborative teacher, Master Teacher & Teacher team leader), पेसाको समयावधिका आधारमा हुने ८ तहसम्मको वृत्ति विकास श्रृङ्खला हाम्रा लागि समेत सिकाइ हुन सक्छन् ।

४. शिक्षक व्यवस्थापनमा गर्न सकिने सुधारका उपायहरू

**क) शिक्षक तयारी र विकास** : बदलिँदो शासकीय आयामसँगै शिक्षकको भिन्नतालाई मध्यनजर गर्दै शिक्षक तयारी र विकासका कार्यलाई एकैसाथ अगाडि बढाउनुपर्ने देखिन्छ । विश्वविद्यालयहरू योग्य शिक्षक उत्पादनका मुहान भएकाले Academic degree पछि कम्तीमा १ वर्षको Pedagogical Course सञ्चालन गर्नु आवश्यक रहेको छ। शिक्षाशास्त्र बाहेक अध्ययनपछि पुनः अध्यापन अनुमतिपत्रको झमेलालाई निश्चित क्रेडिटको *Pedagogical Course* तयार गरी *Practice Teaching* को अवधिलाई कम्तीमा ६ महिनाको सामुदायिक विद्यालयमा इन्टर्नसिपको रुपमा गराउने, विद्यालयमा कार्यरत शिक्षकलाई निश्चित मापदण्डका आधारमा कार्यअनुभवमा आधारित अध्यापन अनुमति पत्रको लाइसेन्स प्रबन्ध मिलाई शिक्षा बाहेक अन्य सङ्कायका विद्यार्थीलाई शिक्षण पेसामा आकर्षण बढाउने, अध्यापन अनुमतिपत्रको व्यवस्थालाई शिक्षक महासङ्घ समेतको सहभागितामा Teacher Council मार्फत गर्ने, शिक्षकको Eligibility test र पेसागत संहिता (*Professional code of ethics*) तर्जुमा र कार्यान्वयनले पेसालाई थप मर्यादित र सम्मानित तुल्याउनेलगायतका कार्य सकिन्छ । त्रिभुवन विश्वविद्यालयका कोर्सलाई Academic Course, Pedagogical course and professional development course का रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। कलेज तहमा विद्यार्थीलाई करियर काउन्सेलिङ गर्दै अनुसन्धान, शिक्षक तयारी र विकासमा University School collaboration बढाउँदै जानुपर्ने देखिन्छ ।

**ख) भर्ना र सामाजिकीकरण** : योग्य र सक्षम शिक्षक भर्नाले समग्र शिक्षा प्रणालीको स्वस्थ वातावरण [illegible] उँचो राख्दछ । शिक्षक सेवा आयोगको पछिल्ला शिक्षक भर्ना र बढुवा सिफारिसका कार्यहरूले आयोग र सिफारिस भएका जनशक्तिको उत्साह बढेको पाइन्छ । यद्यपि शिक्षकको प्रवेश विन्दु अध्यापन अनुमतिपत्रको परीक्षामा न्यून उत्तीर्ण प्रतिशत (गत वर्ष निमाविको अध्यापन अनुमतिपत्रको परीक्षामा १५ प्रतिशत उत्तीर्ण), मूल परीक्षाको प्रथम चरणमा पर्याप्त उम्मेदवार उत्तीर्ण हुन नसक्नु (प्राथमिक तहको २७ प्रतिशत) र प्राथमिक तहको विज्ञापनमा समेत गत वर्ष ७५९ कोटामा शिक्षक परिपूर्ति हुन नसक्नुले कलेजहरूको पढाइको कोर्स, शिक्षक भर्ना छनौट प्रणाली, पाठ्यक्रम, परीक्षा व्यवस्थापन र विद्यार्थीको परीक्षा तयारी लगायतका पक्षमा मिसम्याच देखिन्छ । शिक्षक सक्षमता प्राप्तलाई केन्द्रबिन्दु बनाउँदै हालको कलेज तहको र शिक्षक सेवाको पाठ्यक्रमलाई सन्तुलन मिलाउनुपर्ने देखिन्छ । परीक्षा केन्द्र, लागत, समयलाई परीक्षार्थीमैत्री बनाउन हालको केन्द्रीकृत प्रणालीलाई पुनर्विचार गर्नुपर्ने देखिन्छ । ट्युसन सेन्टर, अनलाइन कक्षा र त्यस्तो संस्थामा कार्यरत प्रशिक्षकलाई अनुमति र नियमन बढाउँदै पाठ्यक्रममा आधारित सन्दर्भ सामग्रीहरू विकासमार्फत बजारमा छ्यासछ्याप्ती पाइने पुस्तकहरूको मापदण्ड, गुणस्तर र आधिकारिकता कायम गरिनुपर्दछ । नवप्रवेशी शिक्षकलाई सघन सेवा प्रवेश तालिम Boarding Training बाट

Positive work ethics विकास गर्ने, मेरिट बेस पदस्थापन, कार्यक्षमताका आधारमा जिम्मेवारी र उपयुक्त सामाजिकीकरणको जरुरत देखिन्छ ।

ग) **पेशाप्रतिको समर्पण र जवाफदेहिता**: अपेक्षा गरेअनुसार शिक्षण पेसा रोजाइको पेसामा परेको छैन । समयानुकूल सेवासर्त, पूर्वानुमानयोग्य वृत्ति मार्गको सुनिश्चितता, क्षमताअनुसार कार्यजिम्मेवारी, र भूमिकालगायतका पक्षहरूको सुधारमार्फत क्षमतावान्का अब्बल व्यक्तिहरूलाई शिक्षण पेसामा आकर्षण गर्ने, टिकाइराख्ने र विद्यार्थीको सिकाइका आधारमा स्वचालित मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्ने छ । शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति, प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय सरकारप्रति जवाफदेही बनाउने संयन्त्रको विकास गर्नु जरुरी छ । अन्य सार्वजनिक सेवामा भन्दा आकर्षक तलब, फ्रिन्जिस् बेनिफिटको उपलब्धता र कार्यवातावरण सुनिश्चित भएमा शिक्षकको पेसाप्रतिको समर्पण बढ्नुका साथै उनीहरूको मोरल र मोटिभेसन बुस्ट हुने देखिन्छ ।

घ) **वृत्ति मार्गको सुनिश्चितता** : शिक्षकको विद्यमान पेसागत विकासका मार्गहरू फराकिलो बनाउन एसएसडीपीले सुझाएजस्तै नवप्रवेशी, अनुभवी, दक्ष र विज्ञ बनाई हालको श्रेणीगत विभाजनलाई रिभिजिट गर्नु जरुरी छ । शिक्षण पेसालाई Social recognization, Job enrichment and enlargement, linear and lateral promotion system, Continuous professional development, Post retair Career management planning लगायतका उपायहरूको अवलम्बनमार्फत वृत्ति पथलाई शीघ्र र फराकिलो बनाउनुपर्ने छ । विद्यालय शिक्षामा खारिएको मानव पुँजीलाई अवकाशपश्चात् पनि पूर्वराष्ट्र सेवकको ज्ञान सिपको उपयोग गर्ने विषय संविधानले नै बाटो खुलाएको छ । यस्तो पुँजीलाई विद्यालय सुपरिवेक्षण, तालिम प्रशिक्षण, अध्ययन अनुसन्धान, विद्यार्थी परामर्श, अभिभावक शिक्षा र विद्यालयको व्यवस्थापकीय पक्षमा सहभागितामार्फत सामुदायिक विद्यालय सुधार अभियन्ताका रूपमा उपयोग गर्न सकिन्छ । शिक्षक सेवा आयोग र भूमि आयोगलगायतका निकायहरूमा शिक्षकहरूबाटै पदाधिकारी नियुक्तिको अभ्यास समेत भइसकेको छ ।

ङ) **ज्ञान व्यवस्थापन** : शिक्षकको शिक्षण पेसामा प्रवेश भएदेखिको प्रचुर ज्ञानसिप, सेवाप्रवेशपछिको अध्ययन, अनुसन्धान सहकर्मीहरूसँगको पेसागत संवाददेखि सिकाइका आधुनिक प्लेटफर्महरूको उपयोगका कारण आर्जितसँगै सिर्जेको ज्ञानलाई सङ्कलित, अभिलेखित, उपयोग, हस्तान्तरण र संरक्षण गर्न सकिएको छैन । Teacher Information System लाई शिक्षकको बहुआयामिक

ज्ञान र सिपको knowledge inventory को रुपमा विकास गर्न जरुरी छ । यस्तो कार्यालयमा हुने जन्मदर्ता, विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षा प्रणालीको एकीकृत तथ्याङ्क प्रणालीलाई Big data system मा आबद्ध गर्दै Cloud & real time Based बनाउँदै लैजानुपर्छ । अवकाश प्राप्त जनशक्तिको योग्यता र क्षमताका आधारमा उपयोग, Exit Interview मार्फत प्रणाली सुधारलाई गति दिन सकिन्छ । ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणको प्रस्थान बिन्दु शिक्षा भएकाले नयाँ ज्ञानको खोजी गर्ने, सिर्जना गर्ने, प्रचारप्रसार गर्दै Knowledge co-creation र Cross border linking मार्फत Shipping based trade बाट Knowledge based industry तर्फको यात्रा तय गर्नुपर्ने छ। छिमेकी देश बङ्गलादेशको Teacher Portal, European Training Foundation (EFT) को Teacher, Educator & experts teacher सहितको New Learning Clubs लगायतका अभ्यासहरू हाम्रा लागि समेत सिकाइ अनुभव हुन सक्छन् ।

**ख) सूचना प्रविधिमा दख्खल अभिवृद्धि:** एआईले शिक्षा प्रणालीमा नयाँ सोच र गन्तव्यको माग गरेको छ। भनिन्छ "AI can't replace the teachers but teacher can leverage AI". शिक्षा क्षेत्रमा कोभिडपश्चात् Ed-Tech को प्रयोग बढ्दो देखिन्छ । डिजिटल पूर्वाधारको तयारी, डिजिटल सक्षमताहरूको विकास, सफ्ट क्षमता विकाससँगै कन्टेन्ट क्रियसन, बौद्धिक सम्पत्तिको अधिकार संरक्षणलगायतका क्षेत्रहरूमा तीनै तहका सरकारको मजबुत समन्वय र सहकार्य जरुरी देखिन्छ । UN-GMR-2023 लाई हेर्दा हाम्रा ७१ प्रतिशत विद्यालयमा विद्युत सुविधा पुगेको, ४० प्रतिशत विद्यालयमा कम्प्युटर २२ प्रतिशतमा इन्टरनेट सुविधा र १२ प्रतिशत विद्यालयहरूमा मात्र आईसिटीका माध्यमले शिक्षण सिकाइ हुने गरेको तथ्य देखाएकाले यस क्षेत्रमा हामी अझ निकै मिहिनेत गर्नुपर्ने देखिन्छ । Flipped classroom, Blended learning, AR, VR, Deep learning, Machine learning लगायतका क्षेत्रहरू Ed–Tech का सर्वाधिक उदयीमान क्षेत्रहरू हुन् । बेलायतमा बेली च्याटबटको प्रधानाध्यापकको रूपमा नियुक्ति, हरेक संघीय निकायहरूमा प्रमुख एआई अधिकृत नियुक्ति गर्ने अमेरिकाको नीति र युक्रेनमा परराष्ट्र प्रवक्तासमेत एआई भइसकेको सन्दर्भमा अबको हाम्रो यात्रा physical to digital (phygital) तर्फ तय गर्नै पर्ने छ ।

शिक्षा विकास र समृद्धिको पूर्वाधार हो । गुणस्तरीय शिक्षाको लागि दक्ष, स्वप्रेरित र पेसाप्रति समर्पित मानव संसाधन व्यवस्थापन केन्द्रबिन्दुमा रहन्छ । शिक्षक व्यवस्थापनको सन्दर्भमा Quantity and Quality दुवै दृष्टिकोणले तीनै तहका सरकारहरूका बिचमा पर्याप्त समन्वय र सहकार्य आवश्यक हुन्छ । मुलुकमा पछिल्लो समयमा श्रमबजारमा देखिँदै गएको प्रतिभाहरूको खडेरी "Dearth of the talents", प्राथमिक तहमा समेत विज्ञापन भएका कोटा संख्या बराबर पनि शिक्षक पदपूर्ति हुन नसक्नु, नियुक्त हुने अवधि नपुग्दै गत आवभरमा ६८१ जना स्थायी शिक्षकले राजिनामा दिनु र शिक्षण

सेवामा जीवनै समर्पण गरेर अवकाश भएकाहरू पनि कार्यवातावरण र वृत्ति प्रणालीको विषयमा असन्तुष्ट र अप्रसन्न नै देखिनुले संगीयतामा शिक्षक व्यवस्थापनका समग्र आयामहरूमा Paradigm Shift को जरुरी देखिन्छ । विश्व बैंकको पछिल्लो प्रतिवेदनमा समेत "Status and appeal of the teaching professional have declined globally" भनेर उल्लेख गरेको पाइन्छ । प्रतिवेदनले विकासशील देशहरूमा शिक्षण पेसामा कमजोर आकर्षण हुनुमा in terms of pay, Respect and working condition लाई मुख्य कारणको रूपमा औंल्याएको छ । श्रमबजारका अब्बल जनशक्तिलाई शिक्षण पेसामा आकर्षण गर्ने (Attraction), पेसामा टिकाइराख्ने (Retaining), पेसागत कार्यसन्तुष्टि (Professional satisfaction) र उच्चतम नतिजा (work excellency) हासिल गर्नका लागि शिक्षकलाई Re-professionalize गर्दै अबको हाम्रो शिक्षक व्यवस्थापनको नीतिगत यात्रा single salary schedule model बाट Second generation teacher career management तर्फ निर्देशित हुन जरुरी देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू**


नेपालको संविधान २०७२ नेपाल सरकार, नेपाल कानुन आयोग, बबरमहल काठमाडौं ।

राष्ट्रिय शिक्षा नीति २०७६ नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ (संशोधनसहित, नेपाल सरकार, नेपाल कानुन आयोग, बबरमहल काठमाडौं ।

अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली, नेपाल सरकार, नेपाल कानुन आयोग, बबरमहल काठमाडौं ।

आर्थिक सर्वेक्षण २०८०/०८१ जेठ, नेपाल सरकार, अर्थ मन्त्रालय ।

सोह्रौं योजना २०८१/०८२-२०८५/०८६ राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौं ।

School Education Sector Plan (SESP) 2022/23-2031/32. Government of Nepal, Ministry of Education Science and Technology

Principle of management Rice university Houston, Texas-77005

Building a Global Brain Management, Vijay Govindarajan

Sustainable Development Goal (4)& Education 2030 Framework for Action.

विभिन्न पत्रपत्रिका र स्मारिकामा प्रकाशित विज्ञका लेखहरू ।

## समाजवाद उन्मुख प्राविधिक शिक्षा: श्रोतमा भन्दा सोचमा दु:ख

डा. भोजराज शर्मा काफ्ले
पूर्व सह-सचिव-शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

**लेखसार**
लेख नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (टिइभिटी) विषयमा केन्द्रित छ। यस विषयक्षेत्रलाई कार्यान्वयन गर्ने संस्था सिटिइभिटीको संरचना र क्षमता कमजोर छ भन्ने कुरा पंक्तिकारको कार्यक्षेत्रको अनुभव र विभिन्न सामग्रीका आधारमा प्रस्तुत गरिएको छ। नेपालको वर्तमान परिवेशमा मुलुकको उत्पादकत्व बढाउन, विदेशिने युवा जनशक्तिलाई रोक्न, विदेश गएर सिकेका ज्ञान र सीपको उपयोग गरी संविधानले प्रत्याभूत गरेको समाजवाद उन्मुख राज्यका लागि आवश्यक पर्ने जनशक्तिको उचित व्यवस्थापन हुन सकेन भन्ने चिन्तन लेखमा अभिव्यक्त भएको छ।

राजनीतिक दल र ती दलका चुनावी घोषणापत्रहरूमा यो विषयलाई आत्मसात गरिएको छ, दलका जिम्मेवार नेता र कार्यकर्ताले यसलाई बोलिचाली र भाषणमा उच्च महत्व दिन्छन् तापनि कार्यान्वयनको पक्ष कमजोर भएको कुरा सप्रमाण स्पष्ट पार्ने प्रयास गरिएको छ। भुँई तहका पिडा, समस्या र बुझाइ भुँईमै छन्, त्यसलाई राज्यको संरचना, नीति र सङ्घीयकरणबाट राष्ट्रिय र स्थानीय आवश्यकताअनुसार जोड्न नसकिएका विषयवस्तु कार्यक्षेत्रको जीवन्त अनुभव र उदाहरणका आधारमा प्रस्तुत भएको छ।

लेखमा नेपालको सन्दर्भमा समाजवाद उन्मुख टिइभिटीका विषयमा विभिन्न विज्ञहरूको लेखको समीक्षा गर्दै दुःखका साथ उपायहरू सुझाइएको छ। उपायहरूमा हाम्रो सोच र बुझाइमा परिवर्तन, राजनीतिक दलहरूले गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने नीति, संरचना कार्यान्वयनमा मूल्य क्षय गर्नु पर्नेजस्ता कुरा प्रस्तुत छ। व्यवहारिक उपायमात्र उल्लेख गरिएको छैन स्थानीय, प्रदेश र सङ्घीय तिनै तहका सरकारको भूमिका र जिम्मेवारी स्पष्ट हुने गरी एउटा नमुना नै प्रस्तुत गरिएको छ। सार्वजनिक श्रोतमा बढोत्तरी र समग्र संरचनामा परिवर्तनलाई विशेष जोड दिँदै निट मारिएको छ।

**उठान**
नयाँ मन्त्री आएको केही दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) सम्हाल्नु पर्ने भयो, यस विषयमा अति निर्मम निर्णय लिन पर्ने देखिन्छ भन्नु हुन्थ्यो, केही महिना भएपछि त्यही सिटिइभिटीको यथास्थितिवादी सोचको अगुवाइ गर्न पुग्नुहुन्छ। मन्त्रीज्यूको मात्र विषय होइन यो विषय, यो त समग्र राजनीतिक जटिलतामा पो रुमल्लिएको रहेछ। अझ मित्र पर्स्या त चुनावको शुरुवातसँग सम्बन्धित हुन पुग्दो रहेछ क्यारे! भन्न सजिलो तर गर्न गाह्रो विषय पो रहेछ। "एक जना सकारात्मक सोच भएका विसौं वर्षदेखि यस विषय क्षेत्रलाई नजिकबाट नियाली रहेका मित्रको भनाइ हो यो। उनी भन्दै थिए नबोल्ने तर बोलेपछि ठुक भएको कुरा बोल्ने ओझेलमा बसेर रमाउने सरकारी

अधिकारी हुन । ठूलो अनुसन्धानका समग्र विषयवस्तुलाई खिचिएको एक प्याराग्राफको सार (अवस्ट्याक्ट) जस्तो अर्थात सारको पनि सारजस्तो यो भनाइ नै समग्र नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको विषयवस्तु बुझ्न काफी छ जस्तो लाग्छ ।

कुनै पनि देशको समृद्धि र विकासको स्तर त्यस देशका जनताको ज्ञान र सीपको स्तरसँग प्रत्यक्ष सम्बन्धित रहेको हुन्छ, व्यक्तिमा ज्ञान र सीपको स्तर बढाउन दिइने शिक्षा नै प्राविधिक तथा व्यवसायिक शिक्षा होस् जसलाई मानवीय पुँजीको रूपमा व्याख्या गरिन्छ । देशको आर्थिक सामाजिक चुनौतीसँग सामना गर्न एवम् देशलाई समृद्ध बनाउन प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा गरिएको लगानीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसबाट देशको आर्थिक-सामाजिक रूपान्तरणमा दूरगामी प्रभाव पार्दछ (शिविक्रम, २०७६) । त्यसैले नयाँ आउने मन्त्रीलाई यसले घोच्दछ । पिर्पलन पर्ने अवस्थामा मन्त्रालयमा प्रवेश गरिन्छ । असल जनप्रतिनिधि तथा नीति निर्माताले सुधारको धुरो पहिल्याएर सङ्केत दिँदै कार्य प्रारम्भ गर्नु, यो स्वभाविक हो र सकारात्मक पक्ष पनि हो ।

यस विषय क्षेत्रमा अर्को राम्रो पक्ष सिटिइभिटी जनमानसमा स्थापित भई सकेको संस्था हो । यसलाई विदेशमा पनि राम्रोसँग चिन्दछन् । यसले प्रदान गरेका प्रमाणपत्रहरू स्वदेश र विदेशमा उपयोग भएको छ । आधारभूत र मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने संस्था भनी आम रूपमा परिचित छ । यसको अर्को विकल्प पनि अहिले छैन । युग प्रविधिको भएकाले प्राविधिक जनशक्ति नै अहिलेको व्यक्ति, समाज र मुलुकका लागि सर्वाधिक महत्वको विषय हुन्छ (Ministry of Human Resource Development Government of India, 2019; MoEST, 2019a; Neupane, 2010; Peroyra, 2008; Samoff, 1991; Sharma, 2005) । तथापि गरिब तथा पिछडिएका वर्गका धेरै कम संख्यामा मात्र यसको पहुँच छ । देशमा व्याप्त बेरोजगारी, अर्ध बेरोजगारी र गरिबीको समस्यालाई समाधान गर्ने आधार प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालिम नै हो । समाजवाद उन्मुख राज्यका लागि आधारभूत तत्व प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम (टिभेट)बाट उत्पादित जनशक्ति हो । यस विषयलाई सम्बोधन गर्ने निकाय सिटिइभिटी हो । सिटिइभिटीको क्षमता जति सबल हुन्छ यो विषयक्षेत्र उति नै सक्षम हुँदै जाने हो । सिटिइभिटीको साख विगतमा भन्दा कमजोर हुँदै गएको प्रतीत भएको छ । यो संस्था घाटा पर्ने हो कि भन्ने चिन्ताका विषयवस्तुहरू यस लेखमा उजागर गर्न खोजिएको छ ।

**विषयवस्तु र समस्या**

नेपालको कुल जनसङ्ख्याको ठूलो हिस्सा युवाहरूले ओगटेका छन् । युवाको प्रतिशत धेरै हुनु, नेपालका लागि सबल पक्ष हो तर प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरू र रोजगारीको उपलब्धताबीच तादात्म्य हुन सकेको देखिँदैन । एकातिर नेपालको समग्र उत्पादकत्व कम हुँदै जाने अर्कोतर्फ युवाहरू कामको खोजीमा विदेशिने क्रम दिनदिनै तीव्र हुँदै गइरहेको छ (CTEVT, 2006;

CTEVT, 2020) । विदेश गएका युवाले कमाएर विप्रेषणमार्फत् राष्ट्रिय अर्थतन्त्रलाई टेवा त पुर्याएका छन् तर विदेश जाने अधिकांश युवाहरू सीपयुक्त छैनन् । वैदेशिक रोजगारीमा जाने युवामा तीन प्रतिशतभन्दा कम दक्ष एवम् अर्धदक्ष कामदारका रूपमा जाने गरेको तथ्य हामीसँग छ (CTEVT , 2021; Karki, 2005 ) ।

त्यसरी विदेशमै जाने युवामा सीपको दक्षता नहुँदा कमाइमा उल्लेख्य वृद्धि हुने जानकारी प्राप्त छ । सीप भएको र नभएको जनशक्तिको पारिश्रमिकमा दश गुणासम्म अन्तर परेको देखिन्छ । प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्ने संस्थाहरूका कार्यक्रमहरू बजारको मागअनुरूप सञ्चालन हुन नसकेकाले एकातिर उत्पादित जनशक्तिले काम पाउन कठिनाइ भएको छ भने अर्कोतर्फ व्यवसायीहरूबाट दक्ष जनशक्ति प्राप्त नभएको गुनासो आउनुका साथै वैदेशिक श्रम बजारमा समेत नेपाली युवाहरू प्रतिस्पर्धी बन्न कठिनाइ भइरहेको छ (GoN, 2017; GoN, 2056; GoN) ।

राजनीति तहमा पनि यसले पर्याप्त चर्चा पाउने गरेको छ । यो सकारात्मक पक्ष हो, विद्यमान अवस्थामा सबैभन्दा बढी भाषण हुने, तर व्यवहारमा रूपान्तरण नभएको शिक्षा क्षेत्रको विषय भएको छ, यो प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (बाल्तिको पश्चिममा रूपान्तरित शब्दावलीमा टिभेट) । अहिले राजनीतिक दलका घोषणापत्र, दलका नेता र कार्यकर्ताको भाषण, सामाजिक सञ्जालमा देखिने परिदृश्य (स्टाटस) र नेपालको शिक्षालाई गाली गर्ने विषय यही भएको छ । जसले यस विषयमा चर्को भाषण गरेको हुन्छन् उनका बालबालिकाले यो विषयक्षेत्रमा पठनपाठन गराएका भने छैनन् । यसलाई मानवशास्त्रीय भाषामा दोहोरो चरित्र (डबल स्ट्यान्डर्ड) भनिँदो रहेछ ।

भाषण र सञ्चार माध्यममा अभिव्यक्त हुन सिपयवस्तु हुन्, नेपालमा गरिखाने शिक्षा नभएर युवाहरू विदेश गए, श्रमको मूल्य नेपालमा भएन, नेपालमा राम्रो अवसर पाए नेपाली स्वदेशमै फर्किन्छन्, विदेशमा बस्ने रहर कसलाई छ र ? नेपालमा संभावना पर्याप्त छ तर गरिएन । सिक्दै कमाउँदै र कमाउँदै सिक्दैजस्ता अवधारणाको बीजारोपण भए तापनि कार्यान्वयनमा प्रभावकारी भएन आदि इत्यादि । त्यसतर्फ प्रयास नभएको पनि होइन, नेपालका सबै स्थानीय तहहरूमा कम्तीमा एउटा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सञ्चालन गर्ने गरी विद्यालय स्थापना गर्ने । सोहीअनुसार प्रयास भई नै रहेका पनि छन् । राजनीतिक तहमा समाजवाद उन्मुख शिक्षा भनेर यसलाई चर्चा गर्ने गरेको पनि पाइन्छ, विशेष गरी भाषणका बेला तर समस्याको गहिराइ र भुइँको वास्तविकतालाई छिचल्ने गरी सम्बोधन गर्न भने अझै धेरै मिहिनेत गर्न पर्नेजस्तो लाग्दछ ।

**भुइँको वास्तविकता र समस्या**

भुइँमा के भइरहेको छ, केही उदाहरणहरू हेरौं, गुल्मीको एउटा विद्यालयले कृषि विषय पढाउन स्वीकृत लिएको रहेछ । यो पङ्क्तिकार त्यहाँ पुगेर प्रत्यक्ष अवलोकन गर्दा विद्यार्थी संख्या स्वीकृत प्राप्त

कोटाभन्दा अलिकति कम रहेछन् । सबै योग्यता पुगेका शिक्षक रहेछन् । व्यवस्थापन समितिले बीस रोपनी जग्गा विद्यालयमा कृषि पढ्ने विद्यार्थीलाई प्रयोगात्मक कार्य गर्नका लागि भाडा (लिजमा) लिएर व्यवस्था मिलाएको रहेछ । पंक्तिकारले त्यो भाडाको जमिन अवलोकन गर्दा दयालाग्दो थियो । जमिनको व्यवस्थापकीय र उपयोगको पक्ष ज्यादै कमजोर । तथापि त्यो जमिन त्यस भेगको उत्तम खेत रहेछ । खेतमा केही मकैका बोट थिए । तर किरोग थियो, रोग लागेको वालीजस्तो । सँगैको निजी जग्गा (जमिनको गुणस्तर विद्यालयको भन्दा कमजोर भएको) मा निकै राम्रा सप्रिएका मकैका बोट थिए । योग्यता पुगेका शिक्षकसमेतको निगरानी र सहजीकरण भएको जग्गामा विद्यार्थीले मिहेनत गरेपछि ती बराबरका गाउँले कृषकले विद्यालयका कार्यक्रमबाट सिकेर गाउँहरूले उत्पादन बढाउन पर्ने हो भन्ने मान्यता भत्कियो । हतोत्साह हुन पर्‍यो । चित्त दुख्यो ।

विद्यार्थीहरूसँग सामान्य अन्तर्क्रिया भयो । किन तिमीहरूले कृषि पढेको ? भनेर जिज्ञासा राखियो । यो पढेपछि जागिर पाइन्छ भनेर पढेको भने । यसलाई पछि व्यवसाय वा स्वव्यवसायको रूपमा अवलम्बन गर्छु भनेर अपवादमा पनि सुन्न पाइएन । 'तिमीहरूलाई समस्या के छ ?' भनी राखिएको जिज्ञासामा नमुना प्रश्नपत्र, परीक्षाको तरिका, परीक्षामा उत्तीर्ण हुने गरी सहयोग/सहजीकरण जस्ता कुरा आए । प्रयोगात्मक अभ्यास कम भयो, सिक्न पाइएन जस्ता विषय उजागर भएनन् । त्यो विद्यालयका गतिविधिलाई भोलिसम्म निगरानी (फलोअप) गरिएछ । कलेज वा प्राविधिक कार्यक्रममा नै तालिम (अन द जब ट्रेनिङ-OJT)का लागि त्यहाँका विद्यार्थीलाई पालामा लगिएको रहेछ । त्यहाँ के सिकिरहेका होलान् भनी अवलोकनमा पुगियो । त्यसको अवस्था अझ निराशाजनक थियो । यस प्रसङ्गलाई यहीं विश्राम गरौं ।

यो एउटा जीवन्त उदाहरण मात्र हो । गुल्मीकै इन्जिनियरिङ पढाउने अर्को विद्यालय जहाँ प्रयोगात्मक कार्यका लागि पर्याप्त औजार र सामग्री छन्, त्यहाँको पनि ओभरटाइम लगायतको समस्या कागजीक छ । दोलखाको कृषि पढाउने विद्यालय हुन सदरमुकाम नजिकै छ, हुम्लाको मानसरोवर मा.वि. सबैका आफ्नै कथा र व्यथा छन् । ती विद्यालयहरूले छिमेकी कृषकबाट सिकेका पनि छैनन्, नजिकका सरोकारवालाहरूलाई सिकाउने दशा सबै उस्तै हो । विद्यार्थीहरू पनि खेतबारीमा काम गर्ने सतह छान्दैनन् । त्यसमा रमाउने मानसिकता नै छैन ।

विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका मान्छे र विद्यालयका अन्य सरोकारवालाहरू भन्ने गर्दछन् "शिक्षकहरू त्यहाँ पढाउने मानसिकताले आउने नै होइनन् । थप अवसरका लागि खालो मात्र हुन् यी विद्यालयहरू । प्राविधिक शिक्षालयका शिक्षक पाउन नै गाह्रो छ । धेरै दुःख गरेर खोज्न पर्दछ । त्यतिबेला ती शिक्षकहरूको पहिलो सर्त हुन्छ । हामीलाई इन्टरनेटको सुविधा हुनु पर्छ । पढाउनका लागि आधारभूत कुरा हो भन्दछन् । हामी पूरा गर्दछौं । तर त्यसो होइन । अवसरको खोजी गर्न रहेछ । विदेशमा अवसरको खोजी र जागिरको सुनिश्चितताका लागि उपयोग हुन्छ इन्टरनेट" । कतिपय यही दशाबाट गुज्रिएका छन् हाम्रा प्राविधिक शिक्षालयहरू ।

प्राविधिक विषयको मर्म र कर्ममा परेको अन्तरलाई स्थानीयहरू कसरी बुझेका छन्, भनी जिज्ञासा राख्दा स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति र अन्य दाताबाताको भनाइ र बुझाइमा उनीहरूले त्यस विषयलाई प्रतिष्ठाको विषयको रूपमा लिएको पाइन्छ । "हाम्रो विद्यालयमा प्राविधिक शिक्षाको पनि पठनपाठन हुन्छ" भनी गर्व गर्दा रहेछन्, स्थानीय मानिसहरू । प्राविधिक विषय पढाइ भएर स्थानीय तहमा उत्पादन बढ्छ, त्यसबाट स्थानीयले पनि सिक्छन्, सिक्ने सिकाउने गराएको प्रयोगात्मक कार्य अरूका लागि उत्प्रेरणा बढाउने तरिका हुन्छ भन्ने सोचसम्म पैदा पाइँदैन । कृषिबाहेकका अन्य विषयक्षेत्रको पनि कुरा उस्तै छ । स्थानीय उत्पादकत्व बढाउने, स्वरोजगारी, विद्यार्थीले पेसालाई भविष्यमा व्यवसायको रूपमा अवलम्बन भन्ने सोच कमजोर छ । सबैलाई विदेश जाने रहरले तानेको छ । जाँचमा धेरै नम्बर ल्याएको प्रमाण-पत्र चाहिएको छ, प्रायः सबैलाई ।

यो पंक्तिकार नेपालका सबै जिल्ला पुगेर स्थलगत रूपमा सिकेका र अनुभव गरेका भुइँका कुराको प्रतिबिम्बन हो, यो । भुइँका कुरा भुइँ मै छन् । राजनीतिक दल यसलाई कसरी लिन्छन् र व्यवहार के भइरहेको होला त्यसतर्फ पनि थोरै जानकारी लिने प्रयास गरौँ ।

**राजनीतिक दलका कुरा**

बहुदलीय राज्य व्यवस्थामा निर्वाचनलाई सर्वाधिक महत्त्वपूर्ण विषयको रूपमा लिइन्छ । लोकतन्त्रको आधारभूत पक्षको रूपमा निर्वाचनलाई अवलम्बन गरिएको हुन्छ । चुनावका बेला राजनीतिक दलहरू निश्चित विषयवस्तुका साथ जनतामा जान्छन्, ती विषयवस्तुहरू चुनावी घोषणापत्र वा प्रतिबद्धता पत्रमा प्रतिबिम्बित गरिएको हुन्छ (Abernethy, 1969; Belbase, 1997) । त्यसैका आधारमा जनतासँग भोट माग्दछन् । बहुमत प्राप्त दल वा सत्तामा जाने दलहरूले तिनै घोषणापत्र वा जनतामा गरेका प्रतिबद्धता कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा गरिएको हुन्छ । कार्यान्वयन गर्न नीतिगत व्यवस्था आवश्यक परे सोको समेत व्यवस्था गरी जनतामा गरेको वाचा पूरा गरिन्छ भन्ने मान्यता राखिएको हुन्छ । नेपालका प्रमुख राजनीतिक दलहरूले पछिल्लो प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको बेला जनतासँग प्रस्तुत गरेका ती घोषणा-पत्रहरू यस विषयक्षेत्रमा कस्तो प्रतिबद्धता गरिएको थियो, ती विषयवस्तुको उल्लेख्य महत्त्व हुन पर्ने हो ।

अहिलेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७४ को घोषणा-पत्रमा उल्लेख गरिएका प्रमुख विषयवस्तु हुन्-उद्यमशीलता तथा रोजगारमूलक शिक्षामा जोड पुर्‍याको क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र प्रविधिमा आधारित व्यवसायिक पाठ्यक्रम; प्रशिक्षित शिक्षक र सुदृढ विद्यालय व्यवस्थापनमा नयाँ चरणबाट नै काम गरिने छ (पेज (१९) । बाह्य मान्यता हुने गरी प्राविधिक शिक्षालयहरूको स्तरोन्नति गरी विशेष गरी सबै प्रदेशमा अन्तर्राष्ट्रिय

स्तरको तालिम केन्द्र सञ्चालन गर्दै युवाहरूलाई नेपालमै रोजगारी खोज्न प्रेरित गर्ने रणनीति अवलम्बन गरिनेछ (पेज २३)। आर्थिक तथा सामाजिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षालाई आधार बनाइने छ (पेज १०)। वर्तमान पाठ्यक्रममा ४० प्रतिशत प्राविधिक र व्यावसायिक सीपलाई समावेश गर्दै बदलिँदो विश्व परिवेशमा आधुनिक प्रविधि जस्ता विषयमा प्रशिक्षण दिइने छ (पेज ३१)। उद्योग, निजी क्षेत्रका छाता सङ्गठन, तीन तहका सरकार र प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिम परिषद्को सामूहिक पहलमा अप्रेन्टिस सीप कार्यक्रम र रोजगारी सृजनाका लागि बजारले मागेको युवाले रोजेको तरुण सीप चुनौं कार्यक्रम ल्याइनेछ (पेज ३५)। आदि छन्।

त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी एमालेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन–२०७९ को घोषणापत्रमा शिक्षाबाट नै राष्ट्रिय उत्पादकत्व बढ्दछ (पेज ४४), उच्च शिक्षाका लागि विदेश जान पर्ने अवस्थाको अन्त्य गरिनेछ (पेज ४७), माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्दै जीवनोपयोगी बनाउन प्रत्येक पालिकामा माध्यमिक तहको विद्यालय स्थापना गरी तिनलाई गुणस्तरीय बनाउन सङ्घ र प्रदेशबाट सहकार्य गरिनेछ, शैक्षिक संरचनालाई रूपान्तरण गरी वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको हिस्सा ७० प्रतिशत बनाइने छ, रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने जनशक्ति उत्पादन गरिनेछ, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारको माग अनुसारको उत्कृष्ट र प्रतिस्पर्धी जनशक्तिको विकास गरिनेछ, प्राविधिक र व्यावसायिक महाविद्यालय र शिक्षालयहरूको स्थापना गरिने छ (पेज ४७)।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को प्रतिबद्धतामा–शिक्षा विकासका लागि आवश्यक सबै पूर्वाधारहरूको पनि प्रमुख पूर्वाधार भएकाले यसमा राज्यले गर्ने लगानीमा गुणात्मक वृद्धि गरिने छ, शिक्षाले व्यक्तिको जीविकोपार्जन, मानव संसाधनको पूर्ति र गरिबी निवारणमा महत्वपूर्ण योगदान पुर्याउदछ, जीवनका लागि शिक्षा यसको मूल सार हुनेछ, यसका निम्ति आवश्यक नीति र संरचनात्मक परिवर्तन गरिने छ (पेज १३)। श्रम बजारको माग, विज्ञान प्रविधिका क्षेत्रको जनशक्ति र देशको आवश्यकतालाई ध्यानमा राख्दै २० वर्षे जनशक्ति प्रक्षेपण गरी सोही अनुसारको शिक्षामा जोड दिइने छ, शिक्षा क्षेत्रमा हाल भइरहेको राज्यको लगानीलाई क्रमशः बढाउँदै आगामी पाँच वर्षमा कुल बजेटको २० प्रतिशत बनाइनेछ (पेज ४१)।

उल्लिखित विषयवस्तुहरूको अध्ययनबाट नेपालका प्रमुख राजनीतिक दलहरूले नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका सम्बन्धमा अवस्थाको राम्रोसँग जानकारी लिएर सुधारका विषयवस्तुहरू समेत वस्तुपरक रूपमा प्रस्तुत गरेको पाइन्छ। सिटिइभिटीको पुनर्संरचना, विदेश जाने जनशक्तिका लागि नेपालमै अवसरको व्यवस्थापन, प्रतिभामा आधारित शिक्षा, नतिजामुखी शिक्षामा जोड आदि। प्राविधिक जनशक्तिको अनुपात बढाउने, त्यसका लागि सरकारी लगानी प्रतिशत बढाउने

लगायतका विषयवस्तु उजागर भएका छन् । तथापि समस्या पहिचान हुनु सबै कुरा होइन समस्याको गहिराइ कहाँ छ त्यसमा ध्यान पुर्‍याउन कति सकियो प्रश्न त्यहाँ छ ।

**समस्या गहिराइ**

समस्या कहाँ होला भनी खोतिल्ने हो भने पाठ्यक्रम विकासदेखि नै समस्या देखिन्छ । पाठ्यक्रम विकास प्रक्रिया झन्झटिलो छ । समय धेरै लाग्दछ । पाठ्यक्रम बन्दा नबन्दा बजारको माग अर्कै भइसकेको हुन्छ । जे जस्तो पाठ्यक्रम बन्यो, त्यसको प्रयोगीकरणको अवस्था नाजुक छ । पाठ्यक्रमले संकेत गरेका आधारमा राम्रोसँग प्रयोगीकरण हुन्थ्यो भने शिक्षक वा प्रशिक्षकले समयसापेक्ष सिकाउन सिक्ने थिए । समसामयिक पाठ्यक्रमको विकास गर्ने उनीहरूले नै सक्दथे । पाठ्यक्रम परिमार्जन नभएकोमा त्यत्रो ठूलो चिन्ता लिनु पर्ने थिएन । दिइएको खाकाका आधारमा पाठ्यक्रम निर्माता शिक्षक आफैं हुन सक्षम भए, समसामयिक बजारको माग पनि पूरा हुने थियो ।

पढाउने र सिकाउने विषयको बारेमा अभिमुखीकरण हुँदैन, अनि पाठ्यक्रमले परिलक्षित गरेका उद्देश्य कसरी प्राप्त हुन्छ ? धेरै जटिलता कहाँ पनि छ भने शिक्षक पाउन नै गाह्रो छ । शिक्षक र प्रशिक्षकहरू "भविष्य सुनिश्चित नभएकाले सधैं काम गर्न नसकिने, करारमा अस्थायी र कतासम्म कति समयसम्म सेवा गर्ने ? कुन दिनबाट सेवाबाट हात झिक्नु पर्छ थाहा छैन" भनी गुनासो गर्दछन् । "कार्मीमा विद्यालयमा दरबन्दी सिर्जना भएर समय समयमा स्थायीका लागि विज्ञापन भएमा अलि जाँगर लाग्थ्यो हो । अहिले त भविष्य नै छैन" भन्ने गुनासो उनीहरूको पाइन्छ । स्थायित्व र वृत्तिविकासको अवसर नै नभए सरकारी जागिरको अर्थ के हुन्छ ? अभिभावक र बच्चाहरूमा सीप सिक्ने कुरामा चासो नै छैन । सिकेर सिपालु हुने मनसाय उनीहरूको छैन । स्थानीयवासी सिक्ने सिकाउने विषयभन्दा आफ्नो विद्यालयमा प्राविधिक शिक्षाको पनि पढाइ भएकोमा गर्वका साथ चर्चा गर्दछन् ।

माथि उल्लेख गरिएको अवस्था एकातिर छ अर्कोतर्फ हामी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई व्यापक रूपमा विस्तार गर्ने भनिरहेको छौं (MoST, 2023) । तर अधिकांश विद्यालयहरूमा निर्धारित कोटाअनुसार विद्यार्थी भर्ना भएका छैनन् । समग्रमा देशभरको हिसाबकिताब गर्दा आधा संख्यामा पनि कोटा पूरा भएको अवस्था छैन । किन त्यस्तो भइरहेको छ भनी खासै खोजी पनि भएको छैन (MoEST, 2018) । अध्ययन अनुसन्धान र तिनको नतिजाका आधारमा सुधार गर्ने परम्पराको थालनी भएकै छैन । यस विषयक्षेत्रको सम्पूर्ण निगरानी र सहजीकरण गर्ने जिम्मेवारी पाएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिइभिटी) थाला परेको छ । सदस्य सचिव नियुक्त हुँदा राजनीतिक वृत्तमा व्यापक चर्चामा आउने, त्यसपछि सामान्य हुने सिलो बरु प्रचलित छ ।

सिटिइभिटीमा कयौं वर्षदेखि जनशक्ति पूर्ति हुन सकेको छैन । पहिलाका होनहार र अनुभवी कर्मचारीहरू (विज्ञ) धमाधम निवृत्त भइरहेका छन् । तिनको संख्या नयाँ पूर्ति गर्न सकिएको छैन

(MoEST ,2019a; MoEST, 2019b) । क्रमशः प्रशासनिक र अप्राविधिक जनशक्तिको वर्चस्व बढ्दो छ । संस्था प्राविधिक मर्मबाट टाढिँदै छ । संवैधानिक मर्मअनुसार यो विषयक्षेत्र प्रदेश सरकारको हो । तर यो मुलुकमा प्रदेश पनि छ र ? भन्ने मानसिकतामा सङ्घीय तह र सिटिइभिटीमा काम भइरहेको छ । भनिन्छ संस्थामा क्षमता विकास कार्यक्रम शून्य अवस्थामा पुग्न लागेको छ । दक्षिण एसियामा उत्कृष्ट संस्थाको रूपमा स्थापित हुँदै गरेको र एसियामा राम्रो प्रशिक्षण केन्द्रको रूपमा विकसित हुन लागेको प्राविधिक शिक्षाका लागि प्रशिक्षण संस्था (टिआइटिआई) प्राविधिक नेतृत्वको कमी र पर्याप्त जनशक्तिको अभावले थला परिसकेको छ ।

तर हामी समाजवाद उन्मुख शिक्षा भनी भन्न छाडेका छैनौं । संविधानले समाजवाद उन्मुख राज्य भनी प्रत्याभूत गर्‍यौं । तर हामीले त्यसको परिभाषा र व्याख्या गरेनौं । नेपालको माटो सुहाउँदो सबैको बुझाइ एउटै हुने समाजवादी शिक्षाको धारणा विकास नै गरिएनछ । नेपाल राज्य समाजवाद उन्मुख हुने भन्ने संविधानमा प्रत्याभूत गरिसकेपछि, यसलाई हामीले जसरी पनि सम्बोधन गर्नै छ नत्र हाम्रो संवैधानिक व्यवस्था ठीक छैन भन्ने पर्छ । विश्वका धेरै मुलुकले यो विषयलाई सफल पारेकाले हामीले सक्दैनौं भनेर उम्कन पनि नमिल्ला ।

**समाजवादी शिक्षा के हो ?**

समाजवादले सम्पन्न र कमजोरलाई बराबरी अवसरको कुरा गर्छ । मानिस जन्मँदा प्रकृतिले सक्ने र नसक्ने भनी उसको परिवारको सामाजिक र आर्थिक अवस्थाका कारणले विभेद गरेको हुँदैन । असमानता त सामाजिक र सांस्कृतिक परिवेशले ल्याएको हुन्छ (Griffiths & Millei, 2013)। त्यो असमानतालाई सम्बोधन गरी समतामूलक गरिने प्रयासयुक्त शिक्षा समाजवाद उन्मुख शिक्षा हो भने त्यस्तो असमानताको करिब अन्त्य भएको अवस्था समाजवादी शिक्षा हो भन्ने लाग्दछ । शिक्षाको उपलब्धिको पाटो पनि छ, यसले सामान्यतया चार कुरामा जोड दिन्छ, त्यो पक्षबाट हेर्दा समाजवादी शिक्षाले उत्पादन, श्रम, सामुदायिक सद्भाव र स्वाभाविक भएको प्रतिभालाई फस्ने फुल्ने मौका दिन पर्छ, उसमा भएका क्षमतामा निखार ल्याउन पर्छ त्यसलाई निखार्ने पर्छ (Jakob, 2022; Xiaojuan, & Jianqing, 2017) । सबैमा शिक्षा र सीपको समान अवसर उपलब्ध हुनु पर्ने हुन्छ ।

राज्यको सबैभन्दा कमजोर वर्गलाई सबैभन्दा उच्च वर्ग सरहको शिक्षा र सीपका लागि समान र समतामा आधारित अवसर हुनु पर्छ भन्ने मान्यता नै नेपालको संविधानको मर्म अनुसारको समाजवाद हो । यो विषय सुन्दा आदर्श वाक्य जस्तो लागे तापनि यसै धर्तीका धेरै मुलुकले अहिले नै अवस्थामा सम्भव बनाएका छन् । अमेरिका जस्तो पुँजीवादी पद्धतिमा समेत आधारभूत तहसम्मको शिक्षा र सीपका विषयमा समानता रहेसम्म छ ।

लेखक श्याम श्रेष्ठले "नेपालमा समाजवाद उन्मुख शिक्षा" शीर्षकको (१८ भदौ, २०७५ एडुखबरमा प्रकाशित) लेखमा विद्यमान वार्षिक परीक्षामा आधारित मूल्याङ्कन पद्धतिलाई समाजवाद उन्मुख

मूल बाधक तत्व भनी उल्लेख गरेका छन् । उनले व्यक्तिको क्षमता उजागर गर्ने, समुदायमुखी, खोजमूलक, गरिखाने र परिवर्तनलाई आत्मसात गर्ने शिक्षा समाजवाद उन्मुख शिक्षा हुन्छ भनी उल्लेख गरेका छन् । त्यसका लागि समावेशी पहुँच, राज्यले लगानी बढाउने, रोजगारमूलक शिक्षामा जोड दिने, अनौपचारिक सिकाइलाई मान्यता जस्ता पक्षमा जोडदिनु पर्ने कुरा उल्लेख गर्दै श्रमलाई सम्मान गर्ने मात्र होइन श्रम नै गर्ने र आफ्नै मुलुकको माटोमा श्रम गर्ने नागरिक तयार गर्ने समाजवादी शिक्षाको ध्येय हुन पर्छ भनेका छन् ।

प्राध्यापक डा. पिताम्बर शर्माले "समाजवाद उन्मुख शिक्षा अपेक्षित अर्थ र अभीष्ट "शीर्षकमा (२०७५ साल, असार १, शिक्षक मासिक) मुलुकको आधारभूत तहको सीपयुक्त जनशक्ति उत्पादनमा जोडदिँदै लेख्दछन्-राज्यले शिक्षा क्षेत्रमा गर्ने लगानीमा समाजवाद उन्मुख शिक्षा प्राप्त हुने नहुने निर्भर हुन्छ । सबै (धनी, गरिब, अपाङ्गता भएका, दुर्गमका आदि)ले कम्तीमा आधारभूत तहको शिक्षामा समतामा आधारित समान पहुँचको अवसर पाउनु समाजवादी शिक्षातर्फको उन्मुखता हुन्छ भनी उनले आफ्नो दृष्टिकोणलाई विभिन्न सामग्रीका आधारमा स्पष्ट पार्ने प्रयास गरेका छन् । उनको निचोड छ "अहिलेको नेपालमा समाजवादी शिक्षाको पहिलो मिसन 'सामुदायिक विद्यालयबाहेक त्यो साधारण विद्यालयहोस वा प्राविधिक विद्यालय) का विसंगतिलाई चिर्ने हो ।' उनको बुझाईमा धेरै ठूला दर्शनका कुराभन्दा पनि राज्यले भएकै परिवेशमा मूल्य थप गर्ने लगानी बढाउने र विकृति कम गर्दै जाँदा गन्तव्यमा पुगिन्छ ।


हरि गेवाले (भदौ १५, २०७५, नेपाल रिडर्स पत्रिकामा प्रकाशित) "नेपालमा समाजवाद उन्मुख शिक्षा" शीर्षकमा लेखिएको लेखमा "सरकारी तहमा सार्वजनिक शिक्षालाई बलियो बनाउन चुरोसम्म पुगेर जाने सुधार (Non-reformist reform) गर्ने अभियानमूलक संस्थागत फेरबदल गर्ने शैक्षिक कार्यक्रम कहिले पनि अगाडि सारिएन भन्ने खुलासो पोखेका छन् । उनको बुझाइमा अहिले कै संरचना र मान्छेमा सुधार गरे पुग्छ । त्यहाँ पनि हुन सकेन भन्ने देखिन्छ । उनले अहिलेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको स्वरूपमा निर्मम परिवर्तनको आवश्यकतालाई सङ्केत गरेका छन् । उनको अर्को निचोड छ, नेपालमा शिक्षा क्षेत्रमा गरिएको लगानी लाजमर्दो छ । समाजवाद उन्मुख शिक्षाका बारेमा कलम चलाएका सबै जनाले उठान गरेको खास विषय के हो भने, साच्चै नै संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख शिक्षा (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम) कार्यान्वयन गर्ने हो भने राज्यले यस क्षेत्रमा लगानी बढाउन पर्दछ । लगानी बढाउन पर्याप्त आधारहरु छन् । भएकै अवस्थामा सिकारुको पक्षबाट सुधार गर्नु पर्दछ । संरचनागत परिवर्तन र जनशक्ति व्यवस्थापन अपरिहार्य छ ।

**विकल्प र समाधान (गर्ने के?)**

शिक्षा र तालिम सम्बन्धी सिकाइ व्यक्तिगत प्रक्रिया हो । सिकारुलाई कसरी सिकाउने भन्ने विषयमा

दार्शनिक, सैद्धान्तिक र कार्यगत आधारहरू हुन्छ । जुन मुलुकमा यो विषयक्षेत्रमा राम्रो उपलब्धि प्राप्त भएको छ ती मुलुकमा पठनपाठ (पेडागोजी)का सम्बन्धमा पनि तयारी गरि मात्र शिक्षक वा प्रशिक्षकलाई काममा लागि खटाइन्छ । तर हाम्रोमा शिक्षक तयारीको पक्ष कमजोर छ, यस्तो कमजोरी सम्बोधन गर्न हाम्रै घरेलु नमुनाको प्रयास हुनु पर्दछ । हाम्रा कोरा प्रशिक्षकलाई पाठ्यक्रमले निर्धारण गरेका सीपहरू सिकाउनका लागि निरन्तर शिक्षणसिकाइ विज्ञको सहयोग चाहिन्छ । एक पटक दिइने सामान्य अभिमुखीकरण तालिमले मात्र पुग्दैन ।

त्यस्तो शिक्षण सिकाइको वातावरण बनाउन तीनै तहको सरकारको आ-आफ्नो क्षेत्राधिकार अनुसार शिक्षामा योगदान गर्ने आधार खोज्नु पर्छ । जसअनुसार विद्यालयमा सिकाइमैत्री सीप विकास गर्ने भौतिक पूर्वाधारको विकास स्थानीय सरकारले प्रदेश सरकारको सहजीकरणमा सम्पन्न गर्न सक्छन् । जनशक्ति र संरचनालाई पहिलो प्राथमिकता दिई तन्दुरुस्त राख्न पर्ने हुन्छ । स्थानीय सरकारले सुधारको पूर्ण जिम्मेवारी लिदै हरेक प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम दिने विद्यालयका लागि पठनपाठनमा सहयोग गर्ने सहयोगी विज्ञ (पेडागोजिकल सपोर्टपर्सन) को व्यवस्था गर्न पर्ने हुन्छ । तत्कालका लागि प्रत्येक विद्यालयमा सम्भव नभएका एउटा जिल्लामा एउटा स्रोत विज्ञको व्यवस्थापन गर्ने, यसका लागि जिल्ला समन्वय कार्यालयले उपयुक्त समन्वय गर्न सक्दछ ।



Source: Generated based on field observation/information, experience and reflection

तलको चित्रमा तीनै तहको सरकारको भूमिका र जिम्मेवारी हुने गरी एक नमुना प्रस्तुत गरिएको छ । जसअनुसार हालका लागि जिल्लामा एक स्रोत विज्ञ हुनेछन् । उनको काम प्रशासनिक हुने छैन । उनले शिक्षण सिकाइका विषयमा मात्र सहजीकरण गर्नेछन् । पाठ्यक्रमको मर्म र भावनाअनुसार पठनपाठन भएको छ कि छैन निगरानी गरी परामर्श दिनेछन् । जिल्ला, स्थानीय, प्रदेश र संघीय सरकार बीचमा प्राविधि पक्षमा समन्वय गर्ने छन् । शिक्षकहरूलाई विद्यालयमा आधारित तालिम तथा क्षमता विकासका कार्यक्रम संचालन गरेर क्षमतावान् प्रशिक्षकको रुपमा विकास गर्नेछन् । निज स्रोत विज्ञ उच्च योग्यता भएका अनुभवी हुनेछन् । चित्रमा दिइएअनुसार समग्र पक्षको कार्यान्वयन गर्ने गराउने र निगरानी राख्ने काम सिटिइभिटीको हुनेछ ।

चित्रमा दिएजस्तो विज्ञ, प्रशिक्षक र शिक्षकहरूको प्रदेश सरकारले क्षमता विकास र कार्यान्वयनमा जिम्मेवारी गर्नेछ । संघीय सरकारले सशर्त अनुदानको रूपमा रकम उपलब्ध गराउन पनि हुन्छ, धेरै ठूलो खर्च लाग्दैन । मात्र नीतिगत प्रबन्ध र प्रतिबद्धताको कुरा हो । हामीमा समस्याको गहिराइ स्रोतमा भन्दा व्यवस्थापनको गराइमा छ । स्पष्ट दृष्टिकोणसहितको खाकामा काम गर्ने हो भने सुधारका लागि धेरै समय लाग्दैन । नेपालको सबैभन्दा धनी तथा सबैभन्दा उच्च ओहोदामा रहने मानिस र सर्वसाधारणले पाउने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको स्तर एउटै हुन्छ ।

सायद संविधानले प्रत्याभूत गरेको समाजवाद उन्मुख राज्यलाई सुझाउने शिक्षा यही हो । यसको विस्तारका लागि खाका र कानुनी आधार दिने काम संघीय सरकारको हो । संघीय सरकारले बनाउने मार्गदर्शन वा खाकामा स्रोत व्यवस्थापन र साझेदारीको तरिका स्पष्ट गरिनु पर्दछ । केही स्थानीय तहहरू सुधारका लागि व्याकुल छन् तर अत्यन्त प्राविधिक र सीप सिकाइसँग सम्बन्धित भएकाले अलमलमा छन् । मूल कुरा के छ भने सेवा प्रवाह गर्ने जनशक्ति नै छैन । जनशक्ति अभावको कारणले सेवा अपेक्षित भएन भन्ने अभिव्यक्ति स्थानीय तहसँग आएन । भएकाको क्षमता विकासको अवस्था नाजुक छ । यी विषयवस्तुलाई छिचोल्ने गरी अनुभव, अध्ययन र अन्तरक्रियाका आधारमा, माथिको निचोड निकालिएको हो । यी सबका पक्षलाई पथप्रदर्शन गर्ने खाका बनाउने जिम्मेवारी परिषद्मार्फत शिक्षा मन्त्रालय वा संघीय सरकारको हो ।

हाम्रो सामन्ती सोच नै केन्द्रीकृत हुने रहेछ । अरूले गर्न सक्छ र भन्ने प्रश्न मानिसमा स्वभाविक रूपमा उत्पन्न हुने रहेछ । यो मानव प्रकृति रहेछ । त्यसैले विकेन्द्रीकरण र तीनै तहको सरकारको भूमिकाको संघीय राज्य व्यवस्थाको कल्पना गरिएको हुनु पर्छ । संघीय सरकारले तल्लो अरूलाई जिम्मेवार बनाउन सक्छ र्रति सफलता प्राप्त हुँदै जाने रहेछ ।

माथि विश्लेषण गरिएजस्तो प्राविधिक तथा व्यावसायिक क्षेत्रमा आक्रामक हस्तक्षेप चाहिन्छ । सिटीइभिटीको पुनःसंरचना गरी ठूलो संख्यामा विदेश गएका समेत युवाहरूलाई भित्र्याउन पनि हुन्छ । विदेशबाट यस विषयक्षेत्रमा उपाधि प्राप्त गरेका र त्यत्तै अलमलिएका युवाहरू सेक्सन अफिसरको जागिर पाए नेपाल फर्किन्छु र केही गर्छु भन्ने पर्याप्त छन् । लोक सेवा आयोग पास गर्ने सीप नहुँदा त्यत्तिकै ओठ नै गर्दा रहेनछ, त्यो समुदायले । त्यस्तो जनशक्ति व्यवस्थापन गरी प्रत्येक स्थानीय तहमा रातदिन बिहान बेलुकी जुनबेला जस्तो तालिम चाहिन्छ तत्कालै तालिमको प्याकेज बनाए तालिम दिने सामर्थ्य भएको संस्थाको रूपमा विकास गरिनु पर्छ । त्यसका लागि भौतिक पूर्वाधारको व्यवस्थासँगै मानवीय स्रोत व्यवस्थापनको विषय मूल कुरा हो भन्ने कुरा सबैको समझमा आउन जरुरी छ ।

मूल कुरा मानव संसाधनको क्षमता विकास, अनिवार्य निखार ल्याउने, ज्ञान बढाउने, सीप-क्षमतामा उल्लेख्य किसिमले सबलीकरण गर्ने र प्रवृत्ति नै परिवर्तन गर्ने खालका क्षमता विकासका कार्यक्रम चाहिएको छ । समस्याको समाधान गर्ने विकल्प सिर्टिफिकेट पद्धतिमा सुधार नै हो । यसका लागि तलका उपायहरू महत्त्वपूर्ण देखिन्छ ।

- नीतिगत तहका व्यापक विमर्श र सामसामान्य भूमि अनुसन्धान तथा अध्ययनका आधारमा सिर्टिफिकेटको संरचनामा आमूल परिवर्तन ल्याउने ।
- कम्तीमा २५० जना युवाहरूलाई पहिलेमा भित्र्याई सघन अभिमुखीकरण गरी देशका सबै क्षेत्रमा फैलिएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा युवा जनशक्ति पठाउने (इनजेक्ट गर्ने) ।
- हरेक संस्थाको तोकिएको कार्यसम्पादन सूचकका आधारमा मूल्याङ्कन गरी वर्गीकरण गरी सार्वजनिक गर्ने, सुधारका लागि प्रोत्साहन गर्ने ।
- माथि चित्रमा दिइएजस्तो स्थानीय तहहरू, प्रदेश सरकारहरू र संघीय सरकारको भूमिका र जिम्मेवारी स्पष्ट गरी संघीय सरकारमा निश्चित र न्यूनतमस्तरका नीतिगत व्यवस्था, खाका वा ढाँचामा मात्र संघीय सरकारले काम गर्ने अरू सबै प्रदेश र स्थानीयलाई जिम्मेवार गराउने ।
- संघीय सरकारले दाताहरू बीच असल समन्वय गरी एकीकृत योजनाका आधारमा सबैले त्यही योजना कार्यान्वयन गर्ने गरी मूलप्रवाहीकरण गर्ने ।
- क्षमता विकास कार्यक्रमलाई तिनै तहका सरकारले अभिन्न अङ्गको रूपमा अवलम्बन गर्ने । यसका लागि कम्तिमा वार्षिक बजेटको २.५ प्रतिशत यस विषय क्षेत्रमा उपयोग गर्ने ।
- अनुसन्धानलाई स्थापित गरी त्यसका नतिजाका आधारमा क्रमशः सुधार गर्दै जाने नीति अवलम्बन गर्ने ।
- विकास साझेदारबाट भएका राम्रा कामलाई अवलम्बन गर्ने गराउने प्रयास गर्ने । विश्वव्यापी ज्ञान, सीप र प्रवृत्तिहरू नेपाली परिवेशमा सिक्ने कार्यमा उपयोग गर्ने । राम्रा, सिर्जनात्मक, रचनात्मक र प्रवर्तनात्मक काममा उनीहरूलाई अग्रसारित गरी परीक्षण कार्य (पाइलोटिङ) कार्यमा अगुवाई गर्न लगाउने । त्यसरी प्राप्त नतिजाको कार्यान्वयन गर्ने । आदि ।

**निचोड**

लेखाइ काल्पनिकजस्तो लाग्दछ । त्यसो होइन । भुइँका वास्तविकता र अनुभव प्रतिबिम्बित छ । भनी दिने र धारणा गरिदिने सस्तो लोकप्रियता (पपुलिष्ट लोकतन्त्र) का गतिविधिले प्राविधिक क्षेत्रको सुधारलाई किञ्चित मद्दत छैन भन्ने कुरा सबैको मानसपटलमा रहनु पर्छ । यसैसँग लागि पर्ने हो सम्भावना छ । सकिन्छ ।

एकाध्दुई स्थानीय तहहरूले अनुकरणीय कार्य गरेको भनी सामाजिक सञ्जाल रँगिने गरेका पनि छन् । स्रोत छ । गर्न चाहे हुने थियो भन्ने छटपटी पनि छ । यस्तो छटपटी प्रदेशमा पनि छ । जनशक्ति र

अकल छैन । प्रदेश अलमलमा छ । के गर्ने के नगर्ने ? विषय प्राविधिक छ, संरचनामा परम्परागत प्रशासनिक जनशक्तिको वर्चस्व छ । प्राविधिक पक्ष बुझ्ने र बुझाउने संरचना छैन । जनशक्ति पनि छैन ।

संघीय सरकार राजनीतिक व्यवस्था र चाहानाका कारण थिचिइमिचिएका आफूलाई चाहिने कुरामा प्रत्येक हस्तक्षेप गर्न चाहँदैनन् । अरु गर्दैनन् । उही स्रोत, उही ओट, उही कमजोर मनस्थितिबाट सुधारको अपेक्षा गर्नु बेकार हो । यो शिक्षा क्षेत्रको मात्र एजेण्डा बनेर मात्र पनि सम्भव छैन । संविधानमा उल्लेख भएको समाजवाद उन्मुख राज्यको अवधारणा कार्यान्वयन गर्ने मात्र होइन, मुलुकको वास्तविक आवश्यकता पूरा गर्न सबैले उत्तिकै चासो दिनु पर्दछ । अर्थमन्त्रालयको समेत चासो लिनु पर्दछ । मन्त्रिपरिषद र समग्र राजनीतिक वृत्तमा यसले अर्थपूर्ण महत्त्व पाउनु पर्दछ ।

**सन्दर्भ सामग्री**


Abernethy, D. (1969). The political dilemma of popular education: An African case. CaliforniaM Stanford University Press.

Belhase, L.N. (1997). Some policy Challenges of TEVT. Development Journal of Technical Education and Vocational training.

CTEVT (2006) Labour Market Need Assessment for National and foreign Employment

Market. Kathmandu: Authors.

CTEVT (2020). CTEVT Brochure, Kathmandu Author.

CTEVT (2021), A profile of Technical and vocational education providers

GoN (2017). Local Government Operation Act 2074 (2017). Government of Nepal. Kathmandu.

GoN, (2056). National Labor Policy 2056. Kathmandu. Government of Nepal.

GoN, (2062). Labor and Employment Policy 2062. Kathmandu. Government of Nepal.

GoN, (2064). Foreign Employment Act. 2064. Kathmandu. Government of Nepal.

Government of Nepal, Ministry of Education (MoEST) (2009). School Sector Reform Plan 2009-2015. Kathmandu: Author.

Government of Nepal, Ministry of Education (MoEST) (2016). School Sector Development Plan 2016-2021. Kathmandu: Author.

Griffiths, T.G. & Millei, Z. (2013). Education in/for socialism: historical, current, and future perspectives. In Globalization Societies and Education 11(2)M161-169. June 2013.

Jakob, B. (2022). Education under National Socialism: Ideology, Programs and Practice. In Revista de História.

Karki, R. (2005) Provision of Technical Education and Vocational Training under CTEVT. Development Journal on Technical Education and Vocational Training
Ministry of Education, Science and Technology (MoEST) (2023). TVET sector strategic plan 2023-2032.
Ministry of Human Resource Development Government of India (2019a). Draft National Education Policy, 2019. Published by author, retrieved from website.
MoEST (2018). Free and Compulsory Education Act. KathmanduM Ministry of Education Science and Technology Government of Nepal. Accessed January 2021 atM http://www.lawcommission.gov.np/en/archives/20734
MoEST (2019a). Sustainable Development Goal 4: Education 2030 Nepal National Framework KathmanduM Ministry of Education Science and Technology, Government of Nepal. Accessed January 2021 at: https://moe.gov.np/assets/uploads/files/SDG_4_Nepal_National_Framework_(Final_Print_Ready_Copy)_July_2020.pdf
MoEST (2019b). National Education Policy 2076. Kathmandu: Ministry of Education, Science and Technology.
Neupane, BM (2010). Increasing access of Technical Education and Vocational Training (TEVT) programs and Relevancy to the job market.
Pereyra, M. A. (2008). Changing knowledge and education: Communities, mobilities and New Policies. Frankfurt am Main, Berlin, Bern, Bruxelles, New York, Oxford,
Wien: Peter Lang; international Verlag der Wiesenhahn.
Samoff, J. (1991). Special issue on education and socialist (R) evolution. In Comparative Education Review. Vol. 35, No. 1, 1-22, Feb., 1991. The University of Chicago Press.
Sharma, T.N. (2005) Connecting Technical Education and Vocational Training with Employment in Nepal: Current problems, issues and trends, Development Journal on Technical Education and Vocational Training.
Xiaojuan, L. & Jianqing, M. (2017). Education of socialist core values based on hierarchical identification. In Advances in Social Science, Education and Humanities Research (ASSEHR), volume 107. 2017 International Conference on Economic Development and Education Management (ICEDEM 2017).

नेपाल कम्युनिस्ट पार्टी (एमाले) (२०७४)। समृद्ध नेपाल, सुखी नेपाली । सुशासन, विकास, समृद्धि र समानता, घोषणा पत्र, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन/२०७४ ।
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) (२०७४)। समृद्धिका लागि कमभक्कता, प्रतिबद्धता पत्र, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन/२०७४, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को सैद्धान्तिक-वैचारिक आधार र आगामी कार्यदिशा, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), गैरिडाँडा, कोटेश्वर काठमाण्डौ ।

नेपाली काङ्ग्रेस, (२०७४)। संविधानको रक्षा, स्थिरता र समुन्नतिको आधार, नेपाली काङ्ग्रेसको नेतृत्वमा अबको सरकार, नेपाली काङ्ग्रेस- केन्द्रीय कार्यालय, बी.पी. नगर, सानेपा, ललितपुर ।
ढकाल, हरि (२०७६)। नेपालमा समाजवाद उन्मुख शिक्षा, भदौ १६, २०७६, नेपाल रिडर्स पत्रिकामा ।

गर्तौले, गितम्बर (२०७५)। समाजवाद उन्मुख शिक्षा अर्न्तनिहित अर्थ र अभिप्राय, आसार ९, २०७५, शिक्षक मासिक ।

शिविक्षम, २०७६ । प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम: एकीकृत वार्षिक प्रतिवेदन, २०७६
श्रेष्ठ, श्याम (२०७५)। नेपालमा समाजवाद उन्मुख शिक्षा, भदौ १८, २०७५, एडुखबर ।

# दिगो विकास लक्ष्य, छौं कहाँ ? पुग्नै कसरी ?

डा. ध्रुवराज रेग्मी
शिक्षा प्रमुख – युनिसेफ नेपाल कार्यालय

## लेख सार

दिगो विकास लक्ष्य ४ (SDG4) "सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्यमा केन्द्रित छ। यस लेखमा नेपालले SDG4 प्राप्त गर्न गरेका प्रयासहरू, प्रगति, र बाँकी चुनौतीहरूको समग्र मूल्याङ्कन गरिएको छ। सन् २०१५ मा संविधान जारी भएसँगै नेपाल संघीयतामा प्रवेश गर्यो, जसले शिक्षामा सुधारका नयाँ अवसरहरू सिर्जना गरेको छ। यद्यपि, महा भूकम्प, COVID-19 महामारी र अन्य चुनौतीहरूले लक्ष्य प्राप्तिमा कठिनाइ थपेका छन्। लक्ष्य ४ (SDG4) को मध्यावधि समीक्षा अनुसार, नेपालले प्राथमिक शिक्षा र लैङ्गिक समानतामा उल्लेखनीय प्रगति गरेको भए पनि, ग्रामीण क्षेत्रमा ICT पहुँच, शिक्षकहरूको क्षमता विकास, WASH सेवाहरू, र शैक्षिक बजेट अभाव लगायतका समस्याहरूले शिक्षा क्षेत्रको सुधारमा बाधा पुर्याइरहेका छन्। दीर्घकालीन प्रगति गर्न नेपालले ICT, शैक्षिक पूर्वाधार, शिक्षा बजेटमा वृद्धि र गुणस्तरीय शिक्षाको विस्तारमा ध्यान दिनु पर्ने देखिन्छ।

## अवधारणा

संयुक्त राष्ट्र संघले विश्वको वातावरण विनाश सम्बन्धी चुनौती र सामाजिक आवश्यकतालाई सम्बोधन गर्ने क्रममा तत्कालीन महासचिव Javier Perey De Cuellar ले सन् १९८३ मा वातावरण संरक्षण र दिगो विकास सम्बन्धमा अग्रणी भूमिका निर्वाह गरिरहेको देश नर्वेकी प्रधानमन्त्री Gro Harlem Brundtland को अध्यक्षतामा एउटा आयोगको गठन गरेका थिए। ब्रन्टल्याण्ड कमिसनका नामले प्रसिद्ध यस आयोगको प्रतिवेदन १९८७ मा प्रकाशित भयो जसले Sustainable development is development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs अर्थात भविष्यका पुस्ताहरूको आवश्यकता पूरा गर्ने क्षमतामा कुनै सम्झौता नगरी वर्तमानको आवश्यकताको परिपूर्ति गर्ने विकास नै दिगो विकास हो भन्ने परिभाषा गरिएको थियो।

यो अवधारणा अनुसार पृथ्वीमा उपलब्ध प्राकृतिक स्रोतसाधनको विकासक्रमका साथ प्रयोग गर्दै वर्तमानको आवश्यकता पूरा गर्नु र आगामी पुस्ताहरूलाई पृथ्वीमा बाँच्नका लागि आवश्यक हुने प्राकृतिक वातावरण तथा स्रोतसाधनलाई बचाइराख्ने विषयलाई जोड दिन्छ। यस अवधारणाले हाल गरिएका विकास प्रयासहरूले सामाजिक तथा प्राकृतिक वातावरणमा नकारात्मक असर नपर्ने गरी दीर्घकालीनरूपमा सकारात्मक प्रतिफलहरू प्राप्त हुनु पर्ने अपेक्षा समेत राख्दछ। सन् १९९२ मा

ब्राजिलको रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मिटले ब्रन्टल्याण्ड कमिसनले उठाएका मुद्दाहरूलाई आत्मसाथ गरेपछिका विश्वव्यापी विकास अभियान र प्रतिवद्धताहरूमा मानवाधिकार, सामाजिक न्याय, समावेशिता तथा दिगो विकासका मूल्य र मान्यताहरू अनिवार्य सर्तको रूपमा अङ्गीकार गरिँदै आएको छ । सहस्राब्दी विकासका लक्ष्य (२०००-२०१५) तथा दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) अन्तरगतका विभिन्न क्षेत्रगत योजना तथा कार्यक्रमहरू यसका उदाहरणहुन् । सन् २०१२ मा ब्राजिलको रियो दि जेनेरियोमा भएको रियो +२०, विश्वसम्मेलनको प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घको ६८ औं महासभाले पारित गरेपछि सन् २०१६ देखि ३० सम्मको विश्वव्यापी विकास कार्यक्रमलाई दिगो विकासका लक्ष्यको नाम दिइएको हो । यस अन्तरगत १७ वटा लक्ष्यहरू निर्धारण गरिएका छन् (१) गरिबी निवारण (२) भोकको अन्त्य (३) सबैका लागि असल स्वास्थ्य (४) गुणस्तरीय शिक्षा (५) लैङ्गिक समानता (६) स्वच्छ खानेपानी र सरसफाइ (७) धान्न सक्ने स्वच्छ ऊर्जा (८) मर्यादित रोजगारी र आर्थिक विकास (९) उद्योग, नवप्रवर्तन र पूर्वाधार (१०) असमानताको न्यूनीकरण (११) दिगो शहर तथा समुदाय (१२) जिम्मेवारीपूर्ण उत्पादन र उपभोग (१३) जलवायु सम्बन्धी कार्य (१४) पानी मुनिको जीवन (१५) जमिन माथिको जीवन (१६) शान्ति न्याय र संस्थागत सुदृढीकरण र (१७) लक्ष्य प्राप्तिका लागि साझेदारी ।

**दिगो विकास लक्ष्य ४ (SDG4)**

विशेषतः शिक्षा क्षेत्रलाई व्यापक रूपमा सम्बोधन गर्ने लक्ष्य ४ को सन्दर्भमा नेपालले सन् २०१५ को मे महिनामा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व सम्मेलनबाट पारित घोषणापत्रमा हस्ताक्षर गर्दै 'समावेशी र न्यायपूर्ण गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइको अवसर प्रवर्द्धन गर्ने' शिक्षा २०३० कार्यान्वयन ढाँचालाई लागू गर्ने प्रतिबद्धता जनाएको थियो। त्यसपछि, सन् २०१५ को सेप्टेम्बरमा नेपालले राष्ट्रसङ्घको महासभामा राष्ट्र प्रमुख र उच्च अधिकारीहरूको उपस्थिति भएको बैठकमा हाम्रो संसार रूपान्तरण: दिगो विकास एजेन्डा २०३० (Transforming Our WorldM The Agenda for Sustainable Development 2030] मा हस्ताक्षर गरेपश्चात शिक्षा २०३० (Education 2030) लाई दिगो विकास लक्ष्य ४ (SDG4) को रूपमा पहिचान गर्दै, यसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने प्रतिवद्धता गर्दै आएको छ । नेपालले दिगो विकास लक्ष्यहरू (SDGs) प्राप्त गर्नका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) प्रतिवद्धतामा पनि हस्ताक्षर गरेको छ ।

विशेषतः दिगो विकासका लक्ष्य ४ सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने कार्यसंग सम्बन्धित छ । जस अन्तर्गत ७ वटा मुख्य लक्ष्यहरू र ३ वटा रणनीतिक लक्ष्यहरू छन् । मुख्य लक्ष्यहरूले २०१६ देखि २०३० सम्म कार्यान्वयन गरिने मुख्य कार्यक्रमहरूको प्रतिनिधित्व गर्दछन् भने रणनीतिक

लक्ष्यहरूले मुख्य लक्ष्यहरू प्राप्तिका लागि सहयोगी वातावरण तयार गर्दछन् ।

४.१ सबै छात्रा तथा छात्रहरूले सान्दर्भिक तथा प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्ने गरी निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पुरा गर्ने सुनिश्चितता गर्ने ।

४.२ प्राथमिक विद्यालय भर्नाको तयारीका लागि सबै छात्रा तथा छात्रहरूको गुणस्तरीय प्रारम्भिक बाल विकास तथा स्याहार र पूर्व प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्ने ।

४.३ सबै महिला तथा पुरुषका लागि विश्वविद्यालय सहित सस्तो र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक र उच्च शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने ।

४.४ रोजगारी, सम्मानजनक काम र उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सीप सहितको सान्दर्भिक सीप भएका युवा तथा प्रौढहरूको सङ्ख्या उल्लेख्य रुपमा बढाउने ।

४.५ शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनता तथा संकटग्रस्त अवस्थाका बालबालिकाका लागि शिक्षाका सबै तह र व्यावसायिक तालिममा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

४.६ सबै युवा र उल्लेख्य अनुपातमा प्रौढ, महिला तथा पुरुष दुवैले साक्षरता तथा गणितीय सीप हासिल गर्ने सुनिश्चितता गर्ने, र

४.७ सबै सिकारुहरूले दिगो विकासका लागि शिक्षा र दिगो जीवन शैली, मानव अधिकार, लैङ्गिक समानता, शान्तिको संस्कृति र अहिंसाको प्रवर्धन, विश्वव्यापी नागरिकता तथा सांस्कृतिक विविधताको सम्मान र दिगो विकासमा संस्कृतिको योगदान लगायतका कुरामार्फत सबै सिकारुहरूले दिगो विकासलाई प्रवर्धन गर्न आवश्यक ज्ञान तथा सीप हासिल गर्ने सुनिश्चितता गर्ने ।

४.क बाल तथा अपाङ्गता मैत्री, लैङ्गिक संवेदनशील, सुरक्षित, अहिंसात्मक, समावेशी तथा सबैका लागि प्रभावकारी सिकाइ वातावरणयुक्त शैक्षिक सुविधाको निर्माण र स्तरोन्नति गर्ने,

४.ख विश्वव्यापी रुपले छात्रवृत्तिको संख्यामा पर्याप्त वृद्धि गरी विकासशील राष्ट्रहरू, खास गरी अल्प विकसित मुलुकहरू, साना टापु विकासशील मुलुकहरू तथा अफ्रिकी मुलुकहरूका विद्यार्थीका लागि विकसित राष्ट्र तथा अन्य विकासशील राष्ट्रका उच्च शिक्षा, व्यावसायिक तालिम, सूचना तथा सञ्चार प्रविधि, प्राविधिक शिक्षा, इन्जिनियरिङ तथा वैज्ञानिक कार्यक्रमहरूमा भर्ना भई शिक्षा आर्जन गर्न सहजीकरण गर्ने (यो लक्ष्य सन् २०२० भित्र प्राप्त गरिसक्नुपर्ने अपेक्षा गरिएको छ) र

४.ग विकासशील राष्ट्रका, खास गरी अल्प विकसित राष्ट्र तथा साना टापु राज्यहरूमा शिक्षक तालिमका लागि अन्तर्राष्ट्रिय सहयोगमार्फत योग्य शिक्षकहरूको नियुक्तिमा पर्याप्त अभिवृद्धि गर्ने ।

उपरोक्त अनुसारका लक्ष्यहरूलाई संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले कार्यान्वयनमा ल्याउन क्षेत्रीय तथा राष्ट्रिय रूपमा कार्ययोजना तथा प्रतिबद्धतात्मक भएकाछन् । जसमध्ये सार्क कार्ययोजना (SAARC Framework For Action) दिगो विकास लक्ष्य ४ (SDG4) प्राप्त गर्ने सार्क राष्ट्रहरूको क्षेत्रीय प्रतिबद्धता हो, जसको मुख्य उद्देश्य सन् २०३० सम्ममा दक्षिण एसियाली राष्ट्रहरूमा समावेशी, समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु र सबैका लागि आजीवन सिकाइको अवसरहरूको प्रवर्द्धन गर्नु हो, । सदस्य राष्ट्रहरूबीचको विभिन्न बैठकहरू र परामर्शहरूको शृंखलाबाट विकास गरिएको यस कार्ययोजना (SFFA) ले क्षेत्रीय शैक्षिक चुनौतीहरूको सामना गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न महत्त्वपूर्ण आधार तयार पार्नुका साथै सदस्य राष्ट्रहरूबीच सहकार्यलाई अगाडि बढाउनको लागि एउटा सन्जालको रूपमा काम गर्दछ । नेपालको SDG 4 Nepal National Framework SDG4 को राष्ट्रिय ढाँचा यी क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको आधारमा तयार गरिएको हो ।

UNESCO नेपालको प्राविधिक सहयोगमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सन् २०१९ मा SDG 4 Nepal National Framework तयार पार्दै गुणस्तरीय, समावेशी र समान पहुँच भएको शिक्षा सुनिश्चित गर्ने दिशामा स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । यसले दिगो विकास लक्ष्य ४ (SDG 4) अन्तर्गत सबै नागरिकलाई जीवनभर सिक्न पाउने अवसर सुनिश्चित गर्दै, समतामूलक र गुणस्तरीय शिक्षा प्रणालीको सुनिश्चितता गर्ने मार्ग चित्र प्रस्तुत गरेको छ। यस फ्रेमवर्कले विशेषगरी बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, र विपन्न समुदायहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्ने, प्राविधिक सीपयुक्त शिक्षा प्रणालीलाई प्रोत्साहन गर्ने र उच्च शिक्षामा पहुँचलाई वृद्धि गर्ने लक्ष्य राखेको छ । साथै, दिगो विकासका सिद्धान्तहरूको प्रवर्द्धन गर्दै नागरिकहरूलाई ज्ञान, सीप, र मूल्यमा आधारित गर्ने र सामाजिक न्याय, लैङ्गिक समानता, र समावेशीतालाई शिक्षाको केन्द्रमा राख्ने प्रयास गरेको छ। यस Framework ले नेपालको शिक्षा क्षेत्रलाई सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा २०१५ लाई आधार वर्ष मानी २०१९, २०२२, २०२५ र २०३० सम्ममा हासिल गरिने सूचकसहितको मार्ग चित्र प्रस्तुत गरेकोछ ।

नेपालमा SDG4 को कार्यान्वयनको सन्दर्भमा, दिगो विकासका लक्ष्यहरूको घोषणापछि महाभूकम्पको प्राकृतिक प्रकोपले राज्यका सम्पूर्ण साधन स्रोत र ध्यान पुनर्स्थापना तर्फ केन्द्रित रह्यो । राजनीतिक रूपमा सन् २०१५ मा संविधान जारी भएपछि, राज्यको शासकीय संरचना तीनतहको सरकारको प्रावधानसहित संघीयतामा रूपान्तरण हुँदा तीनतहको सरकारको अधिकार, जिम्मेवारी र कार्यक्षेत्रको तोडफोड आदि संक्रमणकालीन अवस्थाको कारणले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा केही अलमल भयो । त्यसपछि कोभिड-१९ महामारीले पनि नकारात्मक प्रभाव पार्दै लक्ष्यहरूको कार्यान्वयनमा चुनौती थपियो ।

प्रतिकूल परिस्थितिहरूको बाबजुद, नेपालले सन् २०१७ मा राष्ट्रिय योजना आयोगमार्फत SDG को राष्ट्रिय मार्गचित्र तयार गरेर निर्धारित लक्ष्यहरूको प्राप्तितर्फ अघि बढेको देखिन्छ । यस मार्गचित्र, ईन्चोन घोषणा र SFFA लाई आधार मानी, युनेस्कोको प्राविधिक सहयोगमा शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयले SDG 4 का राष्ट्रिय कार्य ढाँचाका प्राथमिकता र लक्ष्यहरूलाई शिक्षा क्षेत्रका कार्यक्रमहरूसँग समायोजन गरेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP, 2022-2032) पनि SDG 4 का लक्ष्यहरूको प्राप्तिमा केन्द्रित छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको अगुवाइ तथा UNESCO र UNICEF नेपालको प्राविधिक सहयोगमा सन् २०२३ मा SDG4 Mid-Term Review गरिएको थियो सोको प्रतिवेदनका आधारमा दिगो विकास लक्ष्य (SDG 4) को प्रगति, सकारात्मक र कमजोर सूचकहरू, चुनौतीहरू र लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने कदमहरूको विश्लेषण गरिएकोछ ।

**प्रगतिको अवस्था**

दिगो विकास लक्ष्य (SDG 4) हासिल गर्ने क्रममा विभिन्न सूचकहरूको उपलब्धि मूल्याङ्कन गर्दा नेपालले उल्लेखनीय प्रगति गरेको देखिन्छ । SDG 4 मध्यावधि मूल्याङ्कन (२०२३) मा समावेश गरिएको प्रगति मापन सूचकहरूलाई हेर्दा हालसम्मका उपलब्धिहरूलाई तीन प्रमुख श्रेणीहरूमा विभाजन गर्न सकिन्छ। पहिलो, मूल्याङ्कनमा समावेश गरिएका ५४ लक्ष्यहरूमध्ये १९ (३५.२%) लक्ष्यहरू हासिल भइसकेका छन् वा सहज रूपमा हासिल हुने क्रममा छन् । दोस्रो, ९ (१६.७%) लक्ष्यहरूलाई अझै थप प्रयास र ध्यान केन्द्रित गर्नुपर्नेछ भने तेस्रो, २२ (४०.७%) लक्ष्यहरू असाधारण प्रयास बिना हासिल गर्न कठिन हुने देखिन्छ ।

नेपालले छात्र-छात्राको अनुपात (GPI), खुद भर्ना दर (NER) जस्ता सूचकहरूमा सन्तोषजनक प्रगति गरेको छ, जसले शिक्षा प्रणालीको आधारभूत मापदण्डहरूमा सुधार भैरहेको देखाउँछ । यद्यपि, विद्यालयमा हुनु पर्ने आधारभूत सुविधाहरू, जस्तै विद्युत, इन्टरनेट, र WASH सेवाहरूमा केही प्रगति देखिएता पनि अझै धेरै सुधार हुनु आवश्यक छ । यसैबीच, COVID–19 महामारीको प्रभावले सिकाइको गति रोकेको मात्र होइन, शिक्षा क्षेत्रका केही सूचकहरूमा प्रतिकूल प्रभाव पार्दै भर्ना दर, तह पूरा गर्ने दर र सिकाइ दक्षतामा कमी आएको देखिएको छ । यसका साथै, शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेट अपेक्षित मात्रामा नहुँदा दीर्घकालीन सुधार चुनौतीपूर्ण देखिन्छ ।

SDG 4 कार्यान्वयनको अवधिमा कोभिड-१९ को महामारीले ल्याएको अपूरणीय क्षतिका बाबजुद शिक्षा क्षेत्रमा केही सकारात्मक सिकाइ समेत भएको छ । विशेषतः सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग र अनलाइन माध्यमबाट शिक्षण सिकाइको वैकल्पिक सिकाइ प्रक्रियाको प्रयोगहरूमा महत्वपूर्ण

अवसरहरू पनि ल्यायो । तथापि, सूचना प्रविधिमा सबै बालबालिकाहरूको समान पहुँच र अवसर नहुँदा सर्वैबालबालिका लाभान्वित भने हुन सकेनन् । विगतबाट पाठ सिकी सामान्य वा आपत्कालीन अवस्थामा अपनाउन सकिने यो शिक्षण सिकाइको वैकल्पिक माध्यमलाई थप सुदृढीकरण गर्नु पर्ने देखिन्छ ।

**तीन तहको सरकारको भूमिका**

SDG 4 कार्यान्वयनमा संघ, प्रदेश, र स्थानीय सरकारबीचको भूमिकाको स्पष्ट विभाजन भए तापनि कार्यान्वयनको क्रममा अपेक्षित समन्वय भएको देखिँदैन । संघीय सरकारले नीति, मापदण्ड, र राष्ट्रिय शैक्षिक संरचनाहरूको विकासमा प्रमुख भूमिका खेलेको छ । यसले शिक्षक प्रशिक्षण, पाठ्यक्रम विकास र परीक्षा व्यवस्थापनजस्ता महत्वपूर्ण जिम्मेवारीहरू पूरा गर्दै आएको छ । तर, प्रदेश र स्थानीय सरकारको शैक्षिक व्यवस्थापनका महत्वपूर्ण क्षेत्रहरूलाई शिक्षक व्यवस्थापन, पाठ्यक्रम, परीक्षा आदि जिम्मेवारीहरू अझै कानुनद्वारा व्यवस्थित गर्न बाँकी रहेकाले दिगो विकासका लक्ष्यअनुरूप कार्यक्रमहरूको स्थानीयकरणमा समस्या देखिएको छ ।

प्रदेश सरकारले अनुसन्धान, नवप्रवर्तन र शिक्षक विकासमा नीति निर्माण गर्नुका साथै माध्यमिक तहको परीक्षा व्यवस्थापन र अनुगमनको जिम्मेवारी हुने परिकल्पना गरिएता पनि अपेक्षानुसारको प्रगति देखिएको छैन । शिक्षाको गुणस्तर सुधारमा प्रदेश सरकारले महत्वपूर्ण योगदान दिनुपर्ने भए पनि, स्पष्ट रणनीति र प्रभावकारी कार्यान्वयनको अभावले गर्दा विद्यालयस्तरका शैक्षिक सुधारहरू जस्तै- शिक्षक विकास, विद्यालय व्यवस्थापन, र विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा आवश्यक सुधारहरू हुन सकेका छैनन् । त्यसैले प्रदेश सरकारहरूले प्रदेशस्तरमा शिक्षा प्रणालीको सुदृढीकरणमा निकै काम गर्नु पर्ने देखिन्छ ।

स्थानीय सरकारले कानुनत स्थानीय शिक्षा योजना बनाउने, विद्यालय भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, पाठ्यपुस्तक वितरण, छात्रवृत्ति व्यवस्थापनमा, तथा पाठ्यक्रम कार्यान्वयन जस्ता मुख्य शैक्षिक कार्यहरू गर्ने जिम्मेवारी पाए पनि यी जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा अझै बढाउन थप कार्यहरू गर्नु पर्ने देखिन्छ । SDG 4 कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारबीचको समन्वयात्मक पहल आवश्यक देखिन्छ ।

**प्रमुख चुनौतीहरू**

१. COVID-19 को प्रभाव: महामारीका कारण विद्यालयहरू बन्द हुँदा मुख्य सूचकहरू जस्तै कक्षा पूरा गर्ने दर, विद्यालयमा टिक्न सक्ने दर र सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको छ । जसको प्रभाव पछिल्ला वर्षहरूका परीक्षाका नतिजाहरूमा स्पष्ट देख्न सकिन्छ ।

२. अवसर र पहुँच : केही सूचकहरूमा प्रगति हुँदाहुँदै पनि, विशेष गरी सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रका बालबालिकाहरूको सहभागिता उत्साहजनक छैन । कक्षा एकमा भर्ना हुने बालबालिका ९६% पूर्वप्राथमिक शिक्षा प्राप्त गरेका हुने भनिए तापनि सो तह पार गरेका ५९% मात्र छन् । लिङ्ग समानता सूचाङ्क (GPI) मा प्रगति भए पनि विभिन्न समुदायहरूका लागि साक्षरता र पहुँचमा अझै सुधारको आवश्यकता छ । ग्रामीण र सीमान्तकृत समुदायका बालबालिकाहरूको विद्यालय पहुँच, गुणस्तरीय शिक्षा र साक्षरतामा अझै चुनौतीहरू देखिएका छन्, जसले उनीहरूको शैक्षिक अवसरमा प्रत्यक्ष असर पारिरहेको छ ।

३. शिक्षकको सक्षमता र उपलब्धता: विशेष गरी ग्रामीण क्षेत्रमा योग्य शिक्षकहरूको कमी र शिक्षकहरूको ICT (सूचना तथा सञ्चार प्रविधि) सँग कमीले गुणस्तरीय शिक्षा प्रदान गर्न चुनौती खडा गरेको छ । ग्रामीण क्षेत्रका विद्यालयहरूमा आवश्यक परिमाणमा विषयगत र तालिमप्राप्त शिक्षकहरूको अभावका कारण धेरैजसो कक्षाहरू विद्यार्थी-केन्द्रित शिक्षण विधिहरूमा आधारित नभई परम्परागत शिक्षण विधिमा सीमित छन्। योग्य र दक्ष शिक्षकहरूको अभावले गर्दा सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने लक्ष्य चुनौतीपूर्ण छ ।

४. शिक्षणका लागि ICT को उपयोग अझै ग्रामीण क्षेत्रमा ठोस रूपमा लागू भएको छैन । विद्यालयहरूमा डिजिटल साधन र प्रविधिहरू सहज रूपमा उपलब्ध नहुँदा र शिक्षकहरूले प्रविधिको प्रभावकारी रूपमा प्रयोग गर्न नसक्दा, विद्यार्थीहरूलाई आधुनिक शैक्षिक प्रविधिबाट वञ्चित हुनुपरेको छ । यसले बालबालिकाहरूलाई विश्वव्यापी प्रतिस्पर्धामा पछाडि पारेको ।

**भविष्यको बाटो**

नेपालमा दिगो विकास लक्ष्य ४ (SDG 4) का लक्ष्य प्राप्त गर्ने शिक्षा क्षेत्रमा गैरै चुनौतीहरू देखिएका छन् । SDG 4 ले सन् २०३० सम्म सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा जीवनभर सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । तर, नेपालजस्तो विविध भौगोलिक, सामाजिक, र आर्थिक संरचना भएको देशमा यो लक्ष्य हासिल गर्न विशेष रणनीतिक उपायहरू आवश्यक छन् । नेपालमा SDG 4 को लक्ष्य हासिल गर्न २०२३ को मध्यावधि समीक्षाको आधारमा निम्नानुसार महत्वपूर्ण सिफारिसहरू प्रस्तुत गरिएको छ । यी सिफारिसहरूले समावेशी र गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गर्न, बालबालिका र शिक्षकहरूको पहुँच सुधार गर्न र शैक्षिक प्रणालीलाई थप मजबुत बनाउन आवश्यक मार्गदर्शन गर्नेछन् ।

१. विद्यालय सुविधामा विस्तार: विद्यालयमा इन्टरनेट, विद्युत, र WASH (पानी, सरसफाई, र स्वच्छता) सुविधा जस्ता महत्वपूर्ण तर आधारभूत पक्षहरूमा अझका कार्यक्रमहरू लक्षित हुन

जरुरी छ । सन् २०२२मा सम्पन्न UN Transforming Education Summit ले प्राथमिकता साथ सिफारिस गरेको Greening Education लाई अभियानको रुपमा अगाडि बढाउन सान्दर्भिक देखिन्छ ।

२. विद्यालय भर्ना, नियमिततामा वृद्धि र तहपार गर्ने दरमा सुधार: सीमान्तकृत समुदायका बालबालिकाहरूको शैक्षिक अवसर र विद्यालयमा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । विशेष गरी आर्थिक रुपमा पछाडि परेका र ग्रामीण क्षेत्रका बालबालिकालाई प्रोत्साहन दिई विद्यालय भर्ना, नियमिततामा वृद्धि र तहपार गर्ने दरमा सुधार ल्याउन विशेष कार्यक्रमहरू लागू गर्नुपर्छ साथै विद्यार्थी-केन्द्रित र रचनात्मक शिक्षण विधिहरू, परामर्श सेवा, र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने कार्यक्रमहरू लागू गर्नुपर्छ ।

३. शिक्षक दरबन्दी र क्षमता अभिवृद्धि: शिक्षकहरूलाई नियमित तालिम, ICT सीप र विद्यार्थी-केन्द्रित शिक्षण विधि अपनाउने कार्यक्रमहरूमा अग्रसर गराउनु अनिवार्य छ । विषय र विद्यार्थी संख्याको आधारमा योग्य र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति नहुने हो भने SDG4 को लक्ष्य अपेक्षाहरू पूरा हुन देखिँदैन ।

४. शिक्षा बजेटको पुनर्विचार: अन्तर्राष्ट्रिय मान्यता र प्रतिबद्धता अनुसार शिक्षा क्षेत्रको बजेट कुल बजेटको २० प्रतिशत हुन जरुरी छ तर हालसम्म शिक्षा बजेटको हिस्सा २० प्रतिशत पुग्न नसकेको देखिन्छ । यसलाई व्यवहारिक रुपमा मुल्याङ्कन गरी तीनै तहको सरकार मार्फत सम्बोधन हुन जरुरी छ ।

५. नीति तथा योजनाहरूमा परिमार्जन: विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च शिक्षाका, योजनाहरू, नीतिहरू र निर्देशिकाहरूलाई २१ औं शताब्दीको आवश्यकतालाई सम्बोधन हुनेगरी संघीयताको मर्म अनुकूल परिमार्जन गर्न आवश्यक छ ।

६. रोजगारी केन्द्रित शिक्षा: शिक्षा नीतिले प्राविधिक र व्यावसायिक शिक्षा (TVET) का कार्यक्रमहरू विस्तार गरी मर्यादित र रोजगारमुखी शिक्षा र सीपको प्रवर्द्धन गर्ने उल्लेख गरे तापनि यस विषयले मूर्तरूप हासिल गर्न सकेको छैन । तसर्थ TEVT संरचना र पाठ्यक्रममा सुधार गर्न जरुरी छ ।

७. उच्च शिक्षामा सुधार : घट्दो विद्यार्थी संख्या र गुणस्तरको मुद्दालाई सम्बोधन गर्न उच्च शिक्षाको बहुआयामिक सुधार आवश्यक छ ।

८. दिवा खाजा कार्यक्रमको विस्तार: सबै विद्यालयमा पोषण सुधार र विद्यार्थी उपस्थिति सुनिश्चित गर्न दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित गर्दै विद्यार्थीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा सुधार ल्याउने गरी सुदृढीकरण आवश्यक छ।

९. संघीय संरचनामा समन्वय: नीतिगत, प्राविधिक र स्रोत व्यवस्थापनका चुनौतीहरू समाधान गर्न संघ, प्रदेश, र स्थानीय तहले शिक्षा क्षेत्रमा कसले के गर्ने स्पष्ट भूमिकाको निर्क्योल गरी समन्वयात्मक रूपमा अगिबढ्नु पर्ने देखिन्छ।

**उपसंहार:**

दिगो विकास लक्ष्य ४ (SDG 4) प्राप्त गर्ने क्रममा नेपालले महत्वपूर्ण प्रगति हासिल गरे तापनि केही चुनौतीहरू अझै बाँकी छन्। गुणस्तरीय शिक्षामा समावेशी, न्यायपूर्ण र पहुँचको सुनिश्चितताका लागि हालसम्म गरिएका प्रयासहरू सराहनीय छन्। विशेष गरी छात्र-छात्राको अनुपात, भर्ना दर, र आधारभूत संरचनामा भएको सुधारले नेपाललाई सही दिशामा अघि बढाइरहेको देखाउँछ। यद्यपि, कोभिड-१९ महामारीले शिक्षा क्षेत्रलाई गहिरो धक्का दियो, जसले सिकाइ प्रक्रियामा गतिरोध उत्पन्न गर्‍यो र शैक्षिक सूचाङ्कहरूमा नकारात्मक प्रभाव पार्‍यो।

भविष्यमा नेपालले SDG 4 का लक्ष्यहरूलाई प्रभावकारी रूपमा पूरा गर्नका लागि गुणस्तरीय शिक्षकहरूको आपूर्ति, सूचना तथा प्रविधिमा पहुँच, शिक्षामा विनियोजन हुने बजेटको वृद्धि र विद्यालयमा आधारभूत पूर्वाधारहरूको सुदृढीकरण गर्नुपर्ने देखिन्छ। तीन तहको सरकारबीच स्पष्ट कार्य बाँडफाँड, नीतिगत समन्वय र दिगो वित्तीय स्रोतहरूको व्यवस्थापन गर्दै समग्र शिक्षा प्रणालीलाई सुधार गर्नु अति आवश्यक छ। साथै, विगतबाट सिकेर शिक्षण सिकाइको वैकल्पिक विधिहरूलाई थप सुदृढीकरण गर्दै, विशेष गरी ग्रामीण र सीमान्तकृत समुदायहरूमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने दिशामा निरन्तर प्रयास गर्नुपर्नेछ। दिगो विकास लक्ष्य ४ लाई पूरा गर्न नेपालले शैक्षिक नीति र कार्यक्रमहरूलाई अझ सशक्त र समावेशी बनाउनका लागि अन्तर्राष्ट्रिय सहयोग, राष्ट्रिय प्रतिबद्धता, र स्थानीयस्तरमा कार्यान्वयनका प्रयासहरूलाई तीव्रता दिन आवश्यक छ।

**सन्दर्भ सामग्री**


1. Ministry of Education, Nepal (2022): School Education Sector Plan 2022-2032
2. MOEST (2019): SDG4 Nepal National Framework
3. MOEST (2023). Sustainable Development Goal 4: Education 2030, Nepal National Framework Mid-Term Review, 2023
4. Nepal Planning Commission (2017): SDG National Report
5. SAARC Framework for Action (2016): Achieving SDG 4 in South Asia
6. UNDP Nepal (2018): Nepal and the Sustainable Development Goals
7. UNESCO (2015): Education 2030: Incheon Declaration and Framework for Action
8. United Nation (1987): Brundtland Commission Report Our Common Future
9. United Nations (2015): Transforming Our World: The 2030 Agenda for Sustainable Development
10. United Nations Environment Programme (2012): Rio+20: The Future We Want
11. World Bank (2020): Sustainable Development in Practice: Lessons from COVID-19

## पाठ्यक्रम विकास तथा कार्यान्वयनको अवस्था र सुधारका पक्ष

डा. आनन्द पौडेल
पाठ्यक्रम विज्ञ

**लेख सार**

पाठ्यक्रम विकास जति सहज मानिन्छ, त्योभन्दा कठिन यसको कार्यान्वयन पक्ष रहन्छ । नेपालमा पाठ्यक्रम विकासको इतिहास धेरै पुरानो छैन । प्राचीन, मध्यकालीन तथा राणाकालीन राज्य संरचना हुँदै नेपालको पाठ्यक्रम विकासले वि.सं. २०२८ को नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन पश्चात् धेरै संस्थागत तथा परिस्कृत भएको हो । पाठ्यक्रम विकास तथा कार्यान्वयन समस्यारहित भने रहेन । विकाससँग, कार्यान्वयनसँग, समग्र पाठ्यक्रमको मूल्याङ्कन र सुधारसँग एवम् नियमित अनुगमन तथा पेसागत सहयोगसँग सम्बन्धित धेरै समस्याहरू उजागर भई सकेका छन् । यस्ता समस्याले अवसरहरू पनि सिर्जना गरेका छन् । यस लेखले यिनै समस्या र अवसरका बारेमा चर्चा गरेको छ । यसमा समावेश भएका विचार तथा धारणाहरू पूर्णत अनुभवमा आधारित छन् । पूर्वीय तथा पश्चिमा शास्त्र एवम् अभ्यासको आधार यसमा लिइएको छैन ।

**सन्दर्भ**

पाठ्यक्रम सिकारुको सर्वाङ्गीण विकासमा केन्द्रित हुनु पर्छ । सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको सामाजिक, बौद्धिक, संवेगात्मक, शारीरिक, नैतिक, व्यावहारिक अभ्यास समेतलाई बुझाउँछ । पाठ्यक्रमक विकासको मूलका रूपमा प्राचीनकालदेखिको अभ्यासलाई हेर्ने पर्ने हुन्छ । प्राचीन कालमा आमा, बाबु र समाजको चिन्तन तथा कार्यशैली पाठ्यक्रम विकासको आधारका रूपमा रहेको थियो । यसलाई व्यवस्थित गर्ने क्रममा परम्परागत रूपमा गुरुकुल, ऋषिकुल जस्ता शैक्षिक अभ्यासहरूको थालनी भएको अवस्था थियो । यस अवस्थामा गुरु नै पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइका स्रोतका रूपमा रहने गर्थे । वैदिक परम्परामा आधारित पाठ्यक्रमका अभ्यास पनि हुने गर्दथे । यस अन्तर्गत वैदिक संहिता, वेद वेदाङ्ग, वैदिक दर्शन, नीति शास्त्र, हितोपदेश, ज्योतिष शास्त्र, उपनिषद्, पुराण, व्याकरण, न्यायमीमांसा, कर्मकाण्ड जस्ता विषयहरूमा केन्द्रित शिक्षा प्रदान गर्ने कार्य गुरुहरूबाट हुने गर्दथ्यो ।

समयको अन्तरालसँगै शैक्षिक गुठीहरू गठन हुन थाले । शैक्षिक गुठीमा आधारित शिक्षा सञ्चालन गर्ने अभ्यास आयो । उक्त समयमा धर्म दर्शन, तन्त्र विद्या, मूर्तिकला, चित्रकला जस्ता विषयहरूले पनि महत्व पाए । सङ्गीत तथा दर्शनकलाका आधारमा शैक्षिक गतिविधिहरू पनि सञ्चालन गर्ने अभ्यास मध्यकालीन समयमा भएको अवस्था थियो । यी सबै अनौपचारिक स्वरूपमा थिए र औपचारिक रूपमा सञ्चालन गर्ने अभ्यास थिएन ।

वि.सं. १९१० मा दरबार स्कूलको स्थापना पश्चात भने पाठ्यक्रम विकास तथा प्रयोगको अवस्थामा

सुधार हुन पुगेको हो । संस्कृत पाठशाला, ग्रेस्ता पाठशाला, भाषा पाठशाला जस्ता औपचारिक विद्यालयहरू सञ्चालनमा आएकाले पनि राणाकालमा शैक्षिक विकास क्रमले गति लिन थालेको थियो र पाठ्यक्रम विकास र प्रयोग पनि व्यवस्थित हुने क्रमको सुरुआत भएको हो । राणाकाल वास्तवमा पाठ्यक्रम तथा शिक्षा विकासको हिसाबले उपलब्धिमूलक नै थियो भन्न सकिन्छ । किनकी अंग्रेजी शिक्षाको थालनी, धर्मशास्त्र, कर्मकाण्ड, वेद पुराण, चण्डी, कौमुदी, न्यायशास्त्र, दर्शनशास्त्र लगायतका पाठ्यक्रम तयार गरी कार्यान्वयनमा आएको देखिन्छ । अंग्रेजी विद्यालय, भाषा पाठशाला, आधार शिक्षा जस्ता शिक्षा पद्धति अनुसारका पाठ्यक्रमको विकास र प्रयोग राणाकालमा भएको थियो ।

वि.सं. १९९० को एस.एल.सी. बोर्डको स्थापना र हाइस्कूलको पाठ्यक्रम, वि.सं. १९९६ मा शिक्षासम्बन्धी पहिलो शैक्षिक कानुन (शैक्षिक ईश्तिहार जारी), वि.सं. २००७ सालमा प्रजातन्त्रको प्राप्ति, र वि.सं. २०११ सालको राष्ट्रिय शिक्षा आयोग गठन र आयोगको प्रतिवेदन पश्चात् भने नेपालमा पाठ्यक्रमले विधिवत रुपमा विस्तार हुने अवसर प्राप्त गरेको थियो । पछि कलेज अफ एजुकेशनको स्थापना (वि.सं. २०१३), शिक्षा मन्त्रालयमा पाठ्यक्रम एकाइको स्थापना (वि.सं. २०१८) र सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन र यसले पेस गरेको सुझावका आधारमा विभिन्न विषयका पाठ्यक्रमहरू विकास हुन थाले । संस्थागत रुपमा पाठ्यक्रम विकासले गति लिन थालेको समय भनेको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पछि हो । विधिवत रुपमा पाठ्यक्रम विकास केन्द्रको स्थापना पनि यहि समयमा भएको हो । प्रजातन्त्रको पुन:स्थापना पश्चात् गठित विभिन्न समयका उच्चस्तरीय शिक्षा आयोगका प्रतिवेदनअनुसार नेपालको विद्यालय शिक्षाको पाठ्यक्रममा पटक पटक परिवर्तन तथा सुधारका अभ्यासहरू हुँदै आएका छन् ।

**विद्यमान अवस्था**

विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि सङ्घीय तहमा एक मात्र पाठ्यक्रम विकास केन्द्र रहेको अवस्था छ । यसको मातहतमा रहने गरी प्रदेश तथा जिल्ला र स्थानीय तहमा कुनै पनि औपचारिक संरचना कार्यान्वयनमा रहेको अवस्था छैन । पाठ्यक्रम विकास केन्द्रको काम सङ्घीय रुपमा विद्यालय शिक्षाकालागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ मूल्याङ्कन नीति तयार गर्ने रहेको छ भने विकासित पाठ्यक्रम तथा पाठ्य सामग्रीको कार्यान्वयनको जिम्मेवारी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा रहेको अवस्था छ ।

नीतिगत रुपमा पाठ्यक्रम विकास तथा कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय पाठ्यक्रम विकास निर्देशिका २०६५, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका २०७१ जस्ता कानुनी प्रबन्ध गरिएका छन् । त्यसै गरी शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ ले व्यवस्था गरेअनुसार विद्यालय तहको पाठ्यक्रम तथा मूल्याङ्कन नीति सम्बन्धी

व्यवस्थालाई वैधता प्रदान गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को व्यवस्था रहेको छ ।

**पाठ्यक्रम विकास प्रक्रिया**

पाठ्यक्रम विकास प्रक्रियालाई दुई चरणबाट हेर्न सकिन्छ । पहिलो समग्रमा पाठ्यक्रम विकास र दोस्रो पाठ्यक्रम विकासको प्राविधिक प्रक्रिया हो । पहिलोले कुन कुन चरणमा पाठ्यक्रम विकास गर्ने भन्ने पक्षलाई निर्दिष्ट गर्छ भने दोस्रोले पाठ्यक्रम विकासको प्राविधिक पक्षको प्रक्रियालाई स्पष्ट पार्छ । पाठ्यक्रम विकास केन्द्रबाट जारी पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका २०७१ अनुसार पाठ्यक्रम विकासको चरण देहाय बमोजिम रहेको छ ।

**चरण १**

आवश्यकता पहिचान: सरोकारवाला, विज्ञ तथा प्रयोगकर्ताको राय, सुझाव, प्रतिक्रिया माग, अध्ययन तथा अनुसन्धान समेतका आधारमा केन्द्रबाट निर्धारण भएबमोजिमका विधि र प्रक्रिया अपनाइने ।

**चरण २**

नीतिगत निर्णय: विकसित पाठ्यक्रम निश्चित रूपमा कार्यान्वयनमा ल्याउनका लागि आवश्यकताका आधारमा परिषद्बाट निर्णय गरी पाठ्यक्रम विकास प्रक्रियालाई अघि बढाइनेछ ।

**चरण ३**

पाठ्यक्रम विकास: उद्देश्य तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट र सङ्गठन, सिकाइ सहजीकरण, क्रियाकलाप छनोट र सङ्गठन, विद्यार्थी मूल्याङ्कन प्रक्रिया वा विधि निर्धारण जस्ता प्रक्रिया अपनाइन्छ ।

**चरण ४**

पाठ्यक्रम स्वीकृति, तोकिएको प्रक्रिया पूरा गरी तयार भएको पाठ्यक्रमको मस्यौदा स्वीकृतिका लागि परिषद्को निर्णयसहित मन्त्रालयमा पेस गरिनेछ ।

**चरण ५**

पाठ्यक्रम मूल्याङ्कन र सुधार: पाठ्यक्रमको मूल्याङ्कन ढाँचा केन्द्रले निर्धारण गरेबमोजिम हुनेछ र मूल्याङ्कन नतिजाका आधारमा पाठ्यक्रममा समसामयिक सुधार गरिनेछ ।

**समस्या**

पाठ्यक्रम विकास जति महत्त्वपूर्ण हुन्छ त्योभन्दा धेरै महत्त्वपूर्ण पक्ष यसको कार्यान्वयन हुन्छ । विकास प्रक्रियामा सम्बन्धित सरोकारवालाको सहभागिता, विकसित पाठ्यक्रमको प्रभावकारी प्रयोगीकरण, पाठ्यक्रममा आधारित शिक्षक पेसागत विकास र सहयोग, निरन्तर रूपमा पाठ्यक्रम कार्यान्वयनको

अनुगमन तथा पृष्ठपोषण, पाठ्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कनजस्ता कार्यहरू पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित छन् । यी कार्यहरूको योजनाबद्ध रूपमा गरिने कार्यान्वयले पाठ्यक्रमको प्रभावकारी उपयोगको अवस्था सुनिश्चित गर्दछ । नेपालमा पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया निरन्तर रूपमा समस्याको घेराभित्र नै रहेको अवस्था छ । विकास प्रक्रियादेखि लिएर कार्यान्वयन र मूल्याङ्कन प्रक्रियासम्म विविध समस्याहरू विद्यमान रहेका छन् । केही मुख्यमुख्य समस्याहरू देहायबमोजिम रहेका छन् -

१. नीतिगत समस्या: विगतदेखि नै पाठ्यक्रम विकास प्रक्रिया विकेन्द्रीकृत हुन सकेन । सङ्घीय तहमा रहेको एकमात्र निकाय पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि जिम्मेवार रहेको छ । प्रदेश तथा स्थानीय तहमा पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि कुनै संरचना विकास हुन सकेको छैन । पाठ्यक्रम कार्यान्वयनमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले खेल्नु पर्ने भूमिका बढी मात्रामा निःशुल्क पाठ्यपुस्तकको व्यवस्थापनमा सीमित रहेको अवस्था छ । हुन त शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक तालिमका लागि आवश्यक प्रबन्ध हुने गरेको छ तर तालिमको सञ्चालन कार्य प्रदेश सरकार मातहत रहेको शिक्षा तालिम केन्द्रबाट हुने प्रबन्ध गरिएको छ, जुन पर्याप्त छैन ।

२. प्रक्रियागत समस्या: पाठ्यक्रम कार्यान्वयनको प्रमुख जिम्मेवार पक्ष शिक्षक हो । अझ वास्तविक रूपमा विकास तथा कार्यान्वयनमा अहम् भूमिका शिक्षकको हुन्छ । तर पाठ्यक्रम विकास प्रक्रियाको नेतृत्व गैरशिक्षण सिकाइमा रहेका व्यक्तिहरूबाट हुने अभ्यास विद्यमान रहेको छ । पाठ्यक्रमका विषय समितिमा विश्वविद्यालयका प्राध्यापकहरू रहन्छन्, जसलाई विद्यालयको कक्षाकोठाको एक दिनको पनि अनुभव हुँदैन । त्यसैगरी पाठ्यक्रम विकास केन्द्रमा रहेका पाठ्यक्रम विज्ञको पाठ्यक्रम विकास प्रक्रियामा महत्त्वपूर्ण संलग्नता रहन्छ । उनीहरूमा पनि कक्षाकोठाको व्यावहारिक ज्ञान हुँदैन । त्यसैगरी विभिन्न कार्यदलमा साङ्केतिक रूपमा रहने विद्यालयका शिक्षक तथा शिक्षक कार्यशालामा सहभागी हुने सीमित सङ्ख्याका शिक्षकको सहभागिताले पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा स्वामित्व लिने अवस्था सुनिश्चित हुन सकेको छैन ।

३. व्यवस्थित योजनाको अभाव: पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि व्यवस्थित योजना अत्यावश्यक हुन्छ । कहिले पाठ्यक्रमको मूल्याङ्कन गर्ने, कुन कुन समयमा पाठ्यक्रमको परिमार्जन गर्ने, कसरी पाठ्यक्रमको प्रयोगीकरण गर्ने, पाठ्यक्रम कार्यान्वयनको अनुगमन के कसरी गर्ने, पाठ्यक्रम कार्यान्वयन सम्बन्धी पेसागत विकास के कसरी गर्ने, शिक्षक तालिम के कसरी गर्ने लगायतका विषय समेटि व्यवस्थित पाठ्यक्रम कार्यान्वयन योजना बनेर कार्यान्वयनमा जाने गरेको अवस्था छैन । नाम सीमित विद्यालयमा हुने पाठ्यक्रमको परीक्षण, शिक्षकको कमजोर सहभागिता, कमजोर प्रयोगीकरण, न्यून रूपमा हुने शिक्षक तालिम र विद्यालयमा आधारित शैक्षिक सहयोगको अभाव आदि व्यवस्थित कार्यान्वयन योजनाको अभावका प्रतिफल हुन भनेर निचोड निकाल्न सकिने पर्याप्त आधारहरू छन् ।

४. पूर्वतयारी बिनाको पाठ्यक्रम कार्यान्वयन: विगतदेखिनै विद्यालय शिक्षाको पाठ्यक्रम विकास परिमार्जन तथा कार्यान्वयन यसरी स्वरूपमा हुँदै आएका छन् । प्राथमिक शिक्षाको पाठ्यक्रममा कक्षा एकदेखि अङ्ग्रेजी विषयसहित परिमार्जन गरी कार्यान्वयनमा ल्याइयो । तर, अंग्रेजी विषयको शिक्षक तयार गरिएन । कक्षा ६ देखि १० सम्म स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा ल्याइयो, तर शिक्षक व्यवस्थापन गरिएन । त्यसैगरी आधारभूत तह कक्षा ६–८ मा पेसा व्यवसाय र प्रविधि विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याइयो, तर शिक्षकको व्यवस्था गरिएन । हाल परिमार्जित तथा कार्यान्वयनमा आएको कक्षा ६–८ को पाठ्यक्रममा विज्ञान र प्रविधि विषयको व्यवस्था गरियो तर सामुदायिक विद्यालयहरू प्रविधिमैत्री छन् वा छैनन् र शिक्षकहरू प्रविधि विषयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न योग्य छन् वा छैनन् भनेर हेरिएन । एकीकृत पाठ्यक्रम कक्षा १–३ कार्यान्वयनमा ल्याइएको छ तर हालसम्म पनि शिक्षकले तालिम पाएका छैनन् । यस प्रकारको अभ्यास निरन्तर रूपमा हुँदै आएका छन् । तर पनि पूर्वतयारीको अभ्यासको थालनी गर्न सकिएको अवस्था छैन ।

५. पेसागत सहयोग तथा पृष्ठपोषणको कमजोर अवस्था: विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग पद्दति संघीयतासँगै हटाइयो । स्रोत व्यक्ति तथा स्रोत केन्द्रको अवधारणाको अवसान भयो । शिक्षकले सीमित मात्रामा पाउँदै गरेको पेसागत सहयोग पनि समाप्त भयो । हाल फेरि मेन्टर वा स्रोत व्यक्तिको आवश्यकता महसुस गरी नमुनाका रूपमा पुन अभ्यासमा आएको छ । स्थानीय तहबाट नियमित रूपमा विद्यालय सुपरिवेक्षण गर्ने र पेसागत सहयोग प्रदान गर्न सक्ने क्षमता (पेसागत र संस्थागत) छैन । शिक्षा तथा मानवस्रोत विकास केन्द्रको जिल्लास्थित संरचनाले यसको जिम्मेवारी लिन सक्ने अवस्था छैन । प्रदेश तालिम केन्द्र पनि यसका लागि सक्षम छैन । स्थानीय सरकार आफैँमा जनशक्तिको मारमा परेको छ । पाठ्यक्रम विकास केन्द्रको संघीय स्वरूप यसका लागि सक्षम छैन । त्यसैले पाठ्यक्रमको कार्यान्वयनको सुपरिवेक्षण, अनुगमन तथा पृष्ठपोषण लिने दिने अवस्था प्राय: निरुपाय अवस्थामा रहेको छ । यसले गर्दा विद्यालयले जे जसरी कार्यान्वयन गरेको छ, त्यसैमा पाठ्यक्रम कार्यान्वयनको स्तरीयता निर्भर रहेको छ । अर्कोतर्फ अधिकांश विद्यालयहरू शिक्षक अभावको अवस्थामा गुज्रेका छन् । यी समग्र अवस्थाको परिणाम राष्ट्रियस्तरमा भएका सिकाइ उपलब्धिका नतिजाले स्पष्ट गरी सकेका छन् ।

६. सिकाइ सामग्रीको न्यूनता: पाठ्यक्रमको कार्यान्वयनमा सिकाइ सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । ज्ञानमा आधारित तथा प्रविधिमा आधारित समाजको विकास द्रुत गतिमा भइरहेको र नेपाली समाज पनि त्यसतर्फ उन्मुख हुँदै गएको छ । हाल बालबालिकाहरू प्रविधिमा आधारित सिकाइप्रति आकर्षित हुँदै गएका छन् । त्यसैगरी पठन संस्कृति विकास गर्नु पर्ने अवस्था सिर्जना भएको छ । यस सन्दर्भमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विविध प्रकारका सिकाइ सामग्री विकास गर्ने क्रम बलियोको

छ । यसो भए तापनि विद्यालय तथा कक्षाकोठामा आधारित सिकाइ सामग्रीको पहुँचयुक्तता तथा विविधता सुनिश्चित हुन सकेको अवस्था छैन । पुस्तकालयको प्रबन्ध, कक्षाकोठामा आधारित सिकाइ कुनाको प्रबन्ध तथा अन्य सिकाइका लागि विकसित सामग्रीहरूको उपलब्धता विद्यालय तहसम्म हुन सकेको छैन । विकसित सामग्रीहरू विभिन्न निकायका वेबपेजमा अपलोड गरिएको भए तापनि पठन संस्कृतिको विकास नभएको सन्दर्भमा विद्यालय तहमा सिकाइ सामग्रीको न्यूनता कायम छ ।

७. पाठ्यक्रमको स्थानीयकरणमा समस्या: विगत ३० वर्षदेखि नेपाल सरकारले स्थानीय पाठ्यक्रमको अवधारणा कार्यान्वयनमा ल्याएको हो । विद्यालय आफैँले स्थानीय आवश्यकतामा आधारित शैक्षिक चाहना परिपूर्ति गर्ने केन्द्रीय पाठ्यक्रमका केही विषयमा निश्चित प्रतिशत र एक विषयमा १०० प्रतिशतको एक विषय स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नु पर्ने अनिवार्य अवस्था गरेको थियो र हाल पनि उक्त नीतिगत व्यवस्था कार्यान्वयनमा छ । तर कार्यान्वयन भने अझै प्रभावकारी हुन सकेको छैन । स्थानीय पाठ्यक्रमको नाममा अन्य विषय जस्तै कम्प्युटर, अंग्रेजी जस्ता विद्यालयको आफ्नै रुचि अनुसारका विषयहरू पठनपाठनमा आए । स्थानीय पाठ्यक्रम बन्न सकेनन् । बनेका भए पनि सिकाइ सामग्री बन्न सकेनन् । कतिपय अवस्थामा स्थानीय पाठ्यक्रममा आधारित सिकाइ सामग्री बने तर सिकारुको हातहातमा पुग्ने गरी छपाइ तथा वितरण हुन सकेनन् । स्थानीय पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि शिक्षक तयारी हुन सकेन । सही अर्थमा पाठ्यक्रमको स्थानीयकरण हुन सक्ने गरी स्थानीय तह तथा विद्यालय तयारी अवस्थामा रहेनन् ।

८. पाठ्यक्रम कार्यान्वयनको अनुगमनमा समस्या: वास्तविक रूपमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन हुन सकेको छैन । विद्यालयमा पाठ्यक्रम के कसरी कार्यान्वयन भएको छ ? कार्यान्वयनमा के कस्ता समस्या छन् ? विषयगत रूपमा के कस्तो अवस्था छ ? सिकारुको पाठ्यक्रम तथा सिकाइ सामग्रीप्रतिको धारणा के छ ? लगायतको पक्षमा अनुगमन गरी वास्तविक अवस्था पहिचान गर्ने र त्यसका आधारमा आवश्यक सुधार गर्न सक्ने गरी अनुगमन योजना विकास तथा कार्यान्वयन भएको अवस्था छैन । पाठ्यक्रमको कार्यान्वयनमा मुख्य भूमिका खेल्ने पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, स्थानीय तहमा यस प्रकारको अनुगमन योजनाका आधारमा अनुगमन हुने अभ्यासको थालनी भएको छ ।

९. पाठ्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन: व्यवस्थित रूपमा पाठ्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन हुन अत्यावश्यक हुन्छ । जनताको चाहना, समाजको सामाजिक आवश्यकता, श्रमबजारको जनशक्तिको आह्वान र आवश्यकता लगायतका पक्षहरूले पाठ्यक्रमको निरन्तर परिवर्तन वा परिमार्जन खोज्न सक्छन् । हाल नियमित प्रक्रियाका आधारमा प्रत्येक पाँच वर्षमा परिमार्जन तथा प्रत्येक १० वर्षमा परिवर्तन गर्ने कार्यक्रमअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयनका कार्यहरू हुँदै आएका छन् । व्यापक रूपमा अध्ययन

तथा मूल्याङ्कन गरी विषयगत व्यवस्थापन, विषयवस्तुको व्यवस्थापन, शैक्षिक सामग्री तथा तिनको उचित प्रयोग, सिकाइको मूल्याङ्कन विधि तथा प्रक्रिया, नतिजाको विश्लेषण आदि समेतका आधारमा पाठ्यक्रमका उपलब्धि, समस्या र तिनको समाधान गर्ने उद्देश्यका साथ वृहत् अध्ययन तथा मूल्याङ्कन गरी परिमार्जन तथा परिवर्तन गर्ने अभ्यास संस्थागत हुन सकेको छैन । सीमित मात्रामा अनुगमन तथा सानातिना प्रकृतिका सूक्ष्म अध्ययनलाई आधार बनाएर हुने गरेका अभ्यास पाठ्यक्रमको विकास तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन पर्याप्त छैनन् ।

१०. फितलो नीतिगत कार्यान्वयन: पाठ्यक्रमसँग सम्बन्धित नीति पनि राम्रा छन् । जस्तै आधारभूत तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रम कार्यान्वयन गरिने नीति । यो शैक्षिक पक्षबाट, बालमनोविज्ञानको पक्षबाट, कार्यान्वयनको पक्षबाट, स्रोत व्यवस्थापनको पक्षबाट र सिकाइको पक्षबाट अत्यन्त उपयुक्त नीति हो । तर कार्यान्वयनमा यसका पक्षको दर्शनलाई अवलम्बन गर्न सकिएन । निरन्तर विद्यार्थी मूल्याङ्कन र सिकाइमा सुधार अत्यन्त प्रभावकारी नीति हो, जसले सिकारुका सिकाइ समस्याको पहिचान र आवश्यक सुधार गरी तोकिएको सिकाइ उपलब्धि हासिल गर्ने अवस्था सुनिश्चित गर्छ । तर यसको कार्यान्वयन पक्ष अत्यन्त फितलो हुन गयो । उदार कक्षोन्नतिको नाममा उपचारात्मक अभ्यासविना स्वतः कक्षोन्नति गर्ने अभ्यासले निरन्तरता पायो । स्थानीय पाठ्यक्रम नीति ज्यादै उपयुक्त र स्थानीय शैक्षिक चाहना पूरा गर्ने तरिका हो । तर कार्यान्वयन अलग तरिकाबाट भयो । बहुपाठ्यपुस्तक नीति पठन संस्कृति विकास, सिकाइमा सुधार गर्न अत्यावश्यक हुन्छ । तर यो कार्यान्वयनमा नै आएन ।

११. पाठ्यक्रमको अनुकूलनता: अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गर्ने संवैधानिक प्रावधानको कार्यान्वयनका लागि समावेशी शैक्षिक अभ्यासहरू हुँदै आएका छन् जुन सकारात्मक छन् । पाठ्यक्रमका पक्षबाट ब्रेलमा पाठ्यसामग्रीहरू विकास भएका छन् । तर पाठ्यक्रम भने पछाडि छ । पाठ्यक्रम अपाङ्गताको प्रकार अनुसार अनुकूलन हुन सकेको छैन । शिक्षक तयार गरी समावेशी शिक्षण सिकाइका लागि सक्षम बनाउन अझै सकिएको छैन । सांकेतिक भाषाको प्रयोग गरी पाठ्यसामग्री विकास हुन अझै सकेको छैन । सिकाइको विश्वव्यापी ढाँचाका आधारमा पाठ्यक्रम, सिकाइ सामग्री, मूल्याङ्कन, सिकाइ सहयोग पद्धति आदिको विकास हुन र अपाङ्गता भएका बालबालिकाको शैक्षिक सहभागिता, शैक्षिक उपलब्धिमा समानताको अवस्था सिर्जना हुने वातावरण विकास हुन सकेको छैन ।

१२. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास सम्बन्धी क्षमताको अभाव: मुख्य रूपमा पाठ्यक्रम तथा सिकाइ सामग्री विकाससम्बन्धी क्षमता अपर्याप्त रहँदै आएको अवस्था देखिन्छ । अझै पनि समतलीय तथा लम्बीय सन्तुलन कायम गरी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास

भएको अवस्था देखिँदैन । त्यसैगरी विषयवस्तुको प्रस्तुति तथा लैङ्गिक तथा अन्य पक्षको सन्तुलन पर्याप्त मात्रामा कायम गर्न सकिरहेको अवस्था छैन । सिकाइ सामग्रीको प्रस्तुतिमा विविधतालाई यथेष्ट मात्रामा सम्बोधन गर्न सकिएको छैन । प्रदेश तथा स्थानीय तहमा पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक सक्षमता विकास हुन सकेको छैन । स्थानीय पाठ्यक्रम विकासमा समेत परामर्श सेवा लिने अभ्यास देखिन्छ । शिक्षक स्वयम् पाठ्यक्रमको कार्यान्वयनलाई स्थानीयकरण गर्न सकिरहेका छैनन् । समग्रमा पाठ्यक्रम विकास तथा कार्यान्वयनको सक्षमता पर्याप्त देखिँदैन ।

**समस्याको विश्लेषण:**

नीति अत्यन्त सुन्दर बन्ने गरेका छन् । अन्तर्राष्ट्रिय मापदण्डमा आधारित भई बन्ने गरेका छन् । यो पक्ष अत्यन्त सुन्दर छ । त्यसैले अन्तर्राष्ट्रिय स्तरमा हाम्रा नीति विकसित मुलुकको दाँजोमा कम देखिँदैनन् । वास्तविकता अलि फरक छ । बनेका सबै नीति नेपालको परिवेश, सन्दर्भ, आर्थिक लगानी सक्षमता, मानव स्रोतको पर्याप्तता र दक्षता, राजनीतिक दल वा सरकारको प्रतिबद्धता र प्रतिबद्धता कार्यान्वयन आदिले बनेका नीति कार्यान्वयनको अवस्था सुनिश्चित गर्नमा ठूलो भूमिका खेल्ने कुरालाई नीति तय गर्दा विहङ्गम विश्लेषण गर्न सकेको भने देखिँदैन । फलतः बनेका नीतिको कार्यान्वयन फितलो बन्ने गरेको ऐतिहासिक पृष्ठभूमि र अनुभव छ । यति हुँदाहुँदै पनि सरकारले नीति बनाउँदा यी पक्षहरूको पर्याप्त विश्लेषण र आवश्यक मानवीय तथा आर्थिक स्रोतको आकलन गर्न सकेको अवस्था देखिँदैन ।

पाठ्यक्रम विकास तथा कार्यान्वयनमा पनि यसको प्रत्यक्ष प्रभाव देखिन्छ । प्रारम्भिक तहका तल्ला कक्षाहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यान्वयनमा ल्याएको करिब ३० वर्षभन्दा बढी भयो तर पनि यो यसको सिकाइको मर्मका आधारमा कार्यान्वयनमा अझै आएको छैन र यसलाई निरन्तरता पनि दिइरहेको छ । मूल मर्मअनुसार कार्यान्वयन नहुने, गर्न नसकिने नीतिको निरन्तरता जरुरी छ वा छैन ? भन्ने पक्ष अनुत्तरित नै छ । त्यसैगरी स्थानीय पाठ्यक्रमको व्यवस्था पनि यही अवस्थामा रहेको छ र यो अझ कक्षा ८ सम्म विस्तारित हुन पुगेको छ । एकीकृत पाठ्यक्रमको अवधारणा सिकाइका पक्षबाट अत्यन्त प्रभावकारी उपाय हो तर कार्यान्वयनमा जोडा परम्परागत सोच तथा शैली र प्रचलनले दरिलो प्रभाव पारेको अवस्था छ । न त पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको अवधारणा अनुसार विकास गर्न सकियो न त पाठ्यपुस्तकलाई नै प्रभावकारी बनाउन सकियो । अझ शिक्षक तयारी र तालिमको पक्ष भने कहाली लाग्दो अवस्थामा छ ।

सिकाइ सामग्री, शिक्षक स्रोत सामग्री, विद्यार्थी स्वअध्ययन सामग्री आदि निरन्तर रूपमा विकास हुने गरेका छन् । वर्षेनी विभिन्न परियोजनाका नामबाट वा गैरसरकारी संघ/संस्थाको कार्यक्रमको कार्यान्वयनका कारण वा नेपाल सरकारको नियमित वार्षिक योजना तथा कार्यक्रमका आधारमा सिकाइ

सामग्रीहरु बन्ने गरेका छन् । जुन सिकाइ सुधारको पक्षबाट अत्यन्त सकारात्मक प्रयास हो । तर तिनको प्रयोग पक्ष निकै कमजोर छ । बनाउनमा जुन हदको तदारुकता प्रदान गरिन्छ र सहयोग प्राप्त हुन्छ, बनेका सामग्री कार्यान्वयनमा त्यसप्रकारको तदारुकता रहँदैन । पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा विकास तथा मानवस्रोत विकास केन्द्रको सिकाइ पोर्टलमा राखिएका छन् । तिनको के कसरी प्रयोग भएको छ । शिक्षक, विद्यालय वा विद्यार्थीको पहुँच कतिको छ, प्रयोग भएका छन् वा छैनन् भन्ने पक्षको अनुगमन हुँदैन । वेबमा मात्र पहुँच हुने तर सिकाइमा उपयोग नहुने अवस्था देखिएको छ । यसमा को जिम्मेवार हुने हो पत्तो छैन । वेबको पहुँच नै नभएका विद्यालय, शिक्षक वा विद्यार्थीका लागि वैकल्पिक व्यवस्था के हो ? त्यसको पनि अत्तो पत्तो हुँदैन । बनाउन सक्रिय हुने संस्थाले पहुँच सुनिश्चित गर्दैन र यो सरकारको थाप्लोमा राख्छ । यस्तो अवस्था अझै पनि विद्यमान छ । यो कार्यान्वित रुपमा सिकाइ सुधारका पक्षबाट राम्रो अभ्यास पटक्कै होइन । तर पनि यो क्रम जारी नै छ ।

पाठ्यक्रम विकास योजनाको शीघ्र कार्यान्वयन गर्ने अभ्यास पनि गुणस्तरका पक्षबाट राम्रो होइन । एकै वर्ष धेरै विषयका पाठ्यक्रम बन्ने, पाठ्यपुस्तक लेख्ने परीक्षणमा जाने र अन्तिमीकरण हुने अभ्यास पनि नौलो होइन । पाठ्यक्रम विकासको लक्ष्य पूरा गर्ने अभीप्साबाट, योजना अनुसारको कार्यक्रम सञ्चालनको पक्षबाट यसरी तोकिएका सबै विषयका पाठ्यक्रम र सिकाइ सामग्री बन्नु कार्यसम्पादनताको पक्षबाट राम्रो होला तर गुणस्तर र प्रभावकारिताको पक्षबाट यो अभ्यास प्रत्युत्पादक छ । गुणस्तरीय समय दिन सकिँदैन, प्रभावकारी रुपमा परीक्षण गर्न सकिँदैन र पर्याप्त प्रमाणका आधारमा पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अन्तिम रुप प्रदान गर्न सकिँदैन । पाठ्यक्रम विकास केन्द्रले यस प्रकार एकै वर्ष सबै विषयका पाठ्यक्रम तथा सिकाइ सामग्री विकास गर्ने गरेको अभ्यास पनि विद्यमान छ । यसले पनि पाठ्यक्रमको कार्यान्वयन पक्षलाई नकारात्मक प्रभाव पारेको र नतिजा नकारात्मक आउने गरेको छ ।

यदाकदा वार्षिक नीति, कार्यक्रम तथा शिक्षा क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने दातृ संस्थाको कार्यसम्पादनमा आधारित आर्थिक सहयोग नीति कार्यान्वयन गर्नु पर्ने बाध्यात्मक अवस्थाका कारण पनि पाठ्यक्रम लगायतका अन्य नीतिगत तथा कार्यक्रमहरु अनिवार्यरुपमा कार्यान्वयन गर्नु पर्ने अवस्था देखिन्छ । यसो हुनु पनि सरकारको व्यावहारिक योजनाको अभाव र वृहत् छलफलको अभाव नै हो । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुने मिसनसँग सम्बन्धित छलफलको गहनताको कमी, सम्बन्धित सरोकारवाला संस्थाको पर्याप्त सहभागिताको अभाव तथा दातृ निकायको क्षेत्र सबलका आधारमा आवश्यकता भन्दा बढी नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गरेको अवस्था पनि छ । यसले नीतिको प्रभावकारी कार्यान्वयनमा समस्या हुने गरेको अनुभव पनि रहेको छ ।

पाठ्यक्रमको विकास तथा कार्यान्वयन पूर्व तयारी कम हुने गरी हुँदै आएको तितो सत्य नै हो । नयाँ शिक्षा पद्धतिको योजना वि.सं. २०२८ देखिकै ऐतिहासिक सन्दर्भले यसलाई पुष्टि गरेको छ । व्यवसायिक विद्यालयको अवधारणा र अभ्यास, रेडियो शिक्षाका माध्यमबाट शिक्षक तालिमकार्यक्रम सञ्चालन, आधारभूत तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन, प्राथमिक तह कक्षा १ देखि अंग्रेजी विषयको व्यवस्था कार्यान्वयन, निम्नमाध्यमिक तथा माध्यमिक तहमा स्वास्थ्य जनसंख्या र वातावरण विषयको पाठ्यक्रमको कार्यान्वयन, निम्नमाध्यमिक तह (आधारभूत तह कक्षा ६-८) मा पेसा व्यवसाय र प्रविधि विषयको पाठ्यक्रम कार्यान्वयन, आधारभूत तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको कार्यान्वयन आदि सबै विना तयारी कार्यान्वयनमा आएका थिए । शिक्षक दरबन्दीको व्यवस्था गरिएन । शिक्षक तालिमको प्रबन्ध गरिएन । एक्कासी कार्यान्वयनमा ल्याइयो । हाल मात्र कक्षा ६-८ मा विज्ञान र प्रविधि विषयको पाठ्यक्रमको कार्यान्वयन अर्को उदाहरण हो जहाँ पर्याप्त सिकाइ वातावरण तथा शिक्षक तयारी विना यो विषय कार्यान्वयनमा आएको छ । यसप्रकारको अभ्यासको वृहत रूपमा मूल्याङ्कन गरिँदैन । एकै पटक माध्यमिक शिक्षा परीक्षा तथा कक्षा १२ को राष्ट्रिय परीक्षाको नतिजा कम आयो भनेर चिन्ता गर्ने अभ्यास रहेको छ । यस प्रकारको चिन्ताको कुनै अर्थ रहँदैन । पाठ्यक्रमको कार्यान्वयन विना तयारी हुन्छ । शिक्षक सहयोग पद्धति छैन । विद्यालयमा विषयगत शिक्षकको पर्याप्त प्रबन्ध छैन । यी आधारभूत अनिवार्य सिकाइ वातावरणको सुनिश्चितता विना पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुने अवस्था रहँदैन ।

**सुधारको बाटो**

१. **विगतको अनुभवबाट सिकौं र सुधार गरौं** – पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्दा विगतको अनुभवबाट प्राप्त सिकाइलाई उच्चतम रूपमा उपयोग गरौं । यस प्रकारको अभ्यास कम हुने गरेको अवस्था छ । यसलाई तत्काल सुधार गर्नु उपयुक्त हुन्छ ।

२. **विद्यालयमा आधारित भई पाठ्यक्रम तथा पाठ्यसामग्री विकासको थालनी गरौं** – हाल विद्यालयका शिक्षकको केही हदसम्म सहभागितामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास हुने गरेको छ । जुन त्यति व्यावहारिक अभ्यास होइन । विद्यालयमा नै आधारित हुने, विद्यालयका शिक्षकको अत्यधिक सहभागिता गराइ विद्यालमा नै परीक्षण समेत गरी पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्ने नीति लिन सकेमा पाठ्यक्रम बढी व्यावहारिक, कम समस्यामूलक र प्रयोग योग्य हुन मद्दत पुग्छ ।

३. **शिक्षक सहयोग पद्धति विकास र उपयोग गरौं** – स्थानीय तहमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक सहयोगका लागि विज्ञहरूको रोष्टर विकास गरी उपयोगमा ल्याउनु अत्यावश्यक भएको छ । शिक्षकले पाठ्यक्रम कार्यान्वयनमा क्रममा भोगेका समस्या बताउने र समाधान लिने कुनै पनि पद्धति हाल विद्यमान नरहेको अवस्थामा विज्ञको रोष्टर परिचालन हुन अत्यावश्यक देखिन आएको छ ।

४. **पूर्वतयारीका साथ पाठ्यक्रम परिमार्जन तथा कार्यान्वयन गर्ने अभ्यास गरौँ** – पाठ्यक्रम परिमार्जन वा परिवर्तन गर्दा योजनाबद्ध रूपमा पूर्वतयारी गरी कार्यान्वयन गर्ने अभ्यासको सुरु गर्नु पर्छ । शिक्षक तयारी, आवश्यकता अनुसार शिक्षक दरबन्दी व्यवस्थापन, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको पहुँच, विद्यालय वातावरण सुधार, सहयोग पद्धति आदिको सुनिश्चित गरी पाठ्यक्रम परिमार्जन वा परिवर्तन गर्दा मात्र प्रभावकारी कार्यान्वयन हुन्छ । तसर्थ पूर्व तयारी गरेर मात्र पाठ्यक्रम कार्यान्वयन गर्ने पद्धति विकास गरौँ ।

५. **पाठ्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन गरी आवश्यक सुधार गरौँ** – प्रत्येक पटकको सुधार तथा परिमार्जन वा परिवर्तन गर्दा आवधिक मूल्याङ्कनलाई प्रमुख आधारका रूपमा स्थापित गरौँ । पाठ्यक्रम कार्यान्वयनको नियमित रूपमा अनुगमन गर्ने, अनुगमन प्रतिवेदनका आधारमा सुधारका क्षेत्र पहिचान गर्ने र आवधिक मूल्याङ्कनको सुझाव समेतका आधारमा पाठ्यक्रम परिमार्जन वा परिवर्तनको योजना कार्यान्वयनमा ल्याउने कार्यको थालनी हुन अत्यावश्यक छ ।

६. **स्थानीय तहको क्षमता विकास र उपयोग गरौँ** – पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि स्थानीय तहलाई सक्षम बनाउन सक्दा पाठ्यक्रमलाई सान्दर्भिक बनाउन, स्थानीय आवश्यकता सम्बोधन गर्ने र पाठ्यक्रम कार्यान्वयनको अनुगमन र आवश्यक सहयोग प्रदान गर्न सहज हुन्छ । हालसम्म सक्षम संरचना पनि नभएको, क्षमता पनि नभएको, आवश्यक जनशक्तिसमेत नभएको अवस्थामा स्थानीय तहलाई सक्षम बनाउने स्पष्ट रणनीति विकास गरी कार्यान्वयनमा लैजानु अत्यावश्यक छ ।

७. **प्रदेश सरकारको भूमिका अभिवृद्धि गरौँ** – प्रदेश सरकारको पाठ्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गर्ने, स्थानीय तहको क्षमता विकास गर्ने र आवश्यक सहजीकरण गर्ने गरी सरकारको भूमिका अभिवृद्धि हुन आवश्यक छ । पाठ्यक्रम विकास केन्द्रको प्रदेश तथा जिल्ला र स्थानीय तहसम्म कुनै पनि आधिकारिक कार्यालय नभएको सन्दर्भमा प्रदेश सरकारको भूमिका बढाउन उपयुक्त हुन्छ ।

८. **अन्तर निकाय समन्वय संयन्त्र विकास र उपयोग गरौँ** – पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय बीच अन्तर निकाय समन्वय संयन्त्र विकास हुन जरुरी छ । पाठ्यक्रम परिमार्जन वा परिवर्तन हुन्छ तर शिक्षकको तालिम कार्यक्रम तय हुँदैन, पाठ्यक्रम परिमार्जनसँगै मूल्याङ्कन नीति परिमार्जन हुन्छ तर परीक्षा पद्धतिका सुधार परीक्षा बोर्डले गर्छ । समग्र योजना तथा कार्यक्रमको स्वीकृति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुन्छ । अतः सबै निकाय बीच समन्वय संयन्त्र विकास तथा उपयोग गर्ने वातावरण निर्माण हुन जरुरी छ ।

९. **विकसित सिकाइ सामग्रीको पहुँच विस्तार गर्ने –** हालसम्म धेरै प्रकारका सिकाइ सामग्रीहरू विकास भएका छन् । विद्यार्थीका लागि स्वसिकाइ सामग्री, शिक्षकका लागि शिक्षक निर्देशिका तथा अन्य मूल्याङ्कन, पाठ्यक्रम विकास तथा वितरण, स्थानीय पाठ्यक्रम, निरन्तर विद्यार्थी मूल्याङ्कन लगायतका निर्देशिकाहरू विकसित भई पाठ्यक्रम विकास केन्द्र वा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इ-पुस्तकालयमा व्यवस्थित गरिएका छन् । ती सामग्रीमा विद्यालय तथा शिक्षकको पहुँच सहज छैन । कतिपय जिल्ला तथा स्थानमा रहेका विद्यालयमा कनेक्टिभिटिको समस्या, कतिपयमा कम्प्युटरको अभाव, कतिपयमा शिक्षकमा ज्ञानको अभाव, कतिपयमा विद्युत आपूर्तिको समस्या र अधिकांश विद्यालयमा डाउनलोड गरी प्रिन्ट गर्न सक्ने आर्थिक स्रोतको कमी आदिका कारण विकसित सामग्रीहरू प्रयोगमा आएको अवस्था छैन । सामग्रीको पहुँचमा सुधार अपरिहार्य छ ।

१०. **स्थानीय तहमा शैक्षिक सामग्री विकास र प्रयोग गर्ने अभ्यासको थालनी गर्ने –** स्थानीय तहमा कम्तीमा पनि आधारभूत तहका तल्ला कक्षाहरू केन्द्रित सिकाइ सामग्री विकास र प्रयोग गर्न सकिन्छ । यसका लागि आवश्यक सक्षमता विकासमा स्थानीय तहलाई सहयोग गर्ने । विद्यालयमा आधारित सिकाइ सामग्री विकासका लागि विद्यालय सुधार योजनामा सामग्री विकासको क्रियाकलाप सुनिश्चित गर्ने । यसो हुन सकेमा शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ गर्न सहज हुन्छ ।

११. **पाठ्यपुस्तकको अलावा अभ्यास पुस्तिकाको अभ्यास थालनी गर्ने –** विशेषतः आधारभूत तहका तल्ला कक्षाहरूमा पाठ्यपुस्तकका अतिरिक्त अभ्यास पुस्तिका विकास गरी प्रयोगमा ल्याउनु उत्तम हुन्छ । पाठ्यक्रममा आधारित शिक्षण सिकाइ गर्ने शिक्षकले अभ्यास पुस्तिकामार्फत अभ्यासमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने हैसियत हुने हुँदा अभ्यास पुस्तिकाको अवधारणालाई कार्यान्वयनमा ल्याउनु सान्दर्भिक छ ।

## नेपालको शैक्षिक अवस्था: चुनौति र सम्भावना

दिपेन्द्र सुवेदी
महानिर्देशक– शिक्षा विकास निर्देशनालय हेटौंडा

**विषय प्रवेश**

नेपाली भाषामा शिक्षा शब्द संस्कृतको "शिक्ष्" धातुबाट लिइएको हो, जसको अर्थ सिकाउनु अर्थात व्यक्तिमा ज्ञान, गुण र सीपको विकास गराउनु भन्ने हुन्छ। यसको अंग्रेजी रूपान्तरण Education र Latin भाषामा Educatum हो जसको अर्थ भित्रबाट बाहिर निकाल्नु भन्ने हुन्छ। अर्थात विद्यार्थी (सिकारु) भित्र रहेको अन्तर्निहित प्रतिभालाई बाहिर प्रस्फुटन गर्नु नै शिक्षा हो। परम्परागत अवधारणामा शिक्षा भन्नाले आवश्यक ज्ञान सिकारुभित्र राख्ने दिने भन्ने हुन्थ्यो अर्थात Education is to put in something भन्ने रहेको थियो तर यस अवधारणामा हाल व्यापक परिवर्तन आएको छ। वर्तमान आधुनिक शिक्षाको अवधारणामा शिक्षा सिकारुमा रहेको क्षमतालाई बाहिरी दुनियाँमा प्रस्फुटित गरिदिने भन्ने हुन्छ Education is to bring out something भन्ने अवधारणा वास्तविक र यथार्थ पक्ष हो। यसरी शिक्षाको अर्थलाई व्यापक रूपमा बुझ्दा यो मानिस जन्मिएदेखि मृत्युसम्मको जीवन यात्रामा जसरी सिक्दछ र जे जे अनुभव प्राप्त गर्दछ ती सम्पूर्ण अनुभवहरूको संगालोलाई नै शिक्षाको रूपमा बुझ्न सकिन्छ।

विद्यालयको चौघेराभित्र रहेर दिइने शिक्षा वास्तवमा सीमित र सङ्कुचित मात्र हुन्छ। तसर्थ एउटा व्यक्तिको शारीरिक, सामाजिक, बौद्धिक, आर्थिक, भौतिक, मनोवैज्ञानिक, नैतिक पक्ष लगायत जीवनमा आवश्यक सर्वाङ्गीण पक्षको विकास गराउनु नै शिक्षाको वास्तविक अर्थ हो। शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो जसले मानिसलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान्छ। यति मात्र होइन शिक्षा सभ्यताको आधार पनि हो। समाजको गतिशीलता र विकासको मेरुदण्ड हो। शिक्षा राष्ट्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको राजमार्ग हो। यसले हरेक व्यक्तिको सर्वाङ्गीण विकास गर्दै असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्न मद्दत गर्छ। त्यसैले शिक्षालाई देश विकासको पूर्वाधारको पनि पूर्वाधारका रूपमा लिइन्छ। अतः जुन देशमा शिक्षित वर्ग धेरै हुन्छन्, त्यो देशको विकास पनि तीव्र हुन्छ, गतिशील हुन्छ।

शिक्षा प्राप्ति हरेक नागरिकको आधारभूत मानवअधिकार पनि हो। यही मान्यतालाई अवलम्बन गर्दै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र सन् १९४८ को धारा २६ ले शिक्षाको अधिकारलाई सुनिश्चित गरेको छ। संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले उक्त घोषणापत्रमा उल्लेखित अधिकारहरूलाई राज्यको कानूनमा समायोजन गर्ने प्रतिबद्धता स्वरूप नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी दुवैथरी अनुबन्धलाई १४ मे, १९९१ मा अनुमोदन गरेको छ। त्यसकै आधारमा नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरी उक्त अनुबन्धलाई संवैधानिकरूप दिएको छ। जसले प्रत्येक नागरिकलाई

आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क तथा मातृभाषामा शिक्षा, अपाङ्ग तथा विपन्नहरूका लागि उच्च शिक्षासम्म निःशुल्क हुनेगरी आधारभूत तहदेखि उच्च शिक्षासम्म नागरिकहरूको पहुँच सुनिश्चित गरेको छ । संविधानको यो व्यवस्थालाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ तथा नियमावली २०७५ समेत जारी भईसकेको छ । यसले सम्वत २०८५ सम्म सबै नागरिकहरूले आधारभूत तहसम्मको शिक्षा अनिवार्य लिनुपर्ने र यदि नलिएमा त्यस्ता नागरिकहरू राज्यले दिने सेवासुविधाबाट समेत बञ्चित गरिने उल्लेख गरिएको छ । तर यो व्यवस्थाले व्यवहारतः मूर्तरूप लिन भने सकेको छैन । यसर्थ वर्तमान सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू र सम्भावनाहरूको पहिचान र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो ।

**नेपालको वर्तमान शैक्षिक अवस्थामा पुग्न भएका विगतका प्रयासहरू**

नेपालमा शैक्षिक विकासको इतिहास छोटो भए पनि प्रजातन्त्रको आगमनपछि भने यसको गतिमा तीव्रता थपिएको देखिन्छ । आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले जङ्गबहादुर राणाले वि.सं. १९१० मा दरबार स्कूल स्थापना गरेपछि नै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ भएको हो । राणाहरू स्वभावले नै शिक्षा विरोधी थिए जसले गर्दा राणाकालमा शिक्षाको विकास हुन सकेन । सम्वत् १९७५ सालमा त्रिभुवन चन्द्र कलेज (हालको त्रिचन्द्र कलेज) स्थापनापछि मात्र नेपालमा स्नातक तहको पठनपाठन सुरु भएको हो । राणाकालमा विद्यालय खोल्ने काममा खासै चासो दिइएन । शिक्षाका माध्यमबाट जनतामा चेतनाको दियो बल्न थालेपछि निरङ्कुश शासनविरुद्ध विद्रोह हुन सक्ने डरले त्यो कालमा शिक्षाको विकास-विस्तार हुन सकेन । त्यसैले शिक्षाको विकासको दृष्टिले राणाकाललाई अन्धकार युग भनेर चिन्ने गरिन्छ । २००७ सालमा नेपालको साक्षरता दुई प्रतिशत मात्र हुनुले पनि तत्तिबेलाको शैक्षिक अवस्था कस्तो थियो भन्ने कुरा बुझ्न कठिन छैन ।

पञ्चायती व्यवस्थाको सुरुवातसँगै २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति र २०२८ सालमा नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन गरी शिक्षा विकासमा केही सुधार गर्न खोजियो तर विद्यालय विकासमा अभिभावक तथा स्थानीय सरोकारवालाहरूलाई विश्वासमा लिन नसकेकै कारणले यी योजनाहरूले पनि अपेक्षित सफलता पाउन सकेन । २०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात शिक्षाको समस्या पहिचान गरी समाधानका उपायसहितको प्रतिवेदन पेस गर्न सरकारले थुप्रै शिक्षा आयोगहरू पनि बनायो । ती आयोगहरूबाट धेरै राम्रा र व्यावहारिक सुझावहरू पनि आए तर कार्यान्वयनमा सरकार चुकेको देखियो । जसको परिणाम प्रजातन्त्रको पुनःस्थापनासँगै निजी लगानीमा विद्यालयहरू खोल्ने होडबाजी नै चल्यो र च्याउ उम्रेझैं धेरै निजी विद्यालयहरू खुले । तर सामुदायिक विद्यालयहरूको स्थिति भने दिन प्रतिदिन नाजुक बन्दै गयो । सामान्य मजदुरी गर्ने अभिभावकहरू पनि आफ्ना छोराछोरीहरूलाई सामुदायिकमा भन्दा खाइनखाई निजी विद्यालयमा नै पढाउन लालायित देखिए । जसको कारण अहिलेसम्म आइपुग्दा कतिपय सामुदायिक विद्यालयहरू विद्यार्थीको अभावमा बन्द नै भएका छन् ।

पटक पटकको राजनीतिक परिवर्तन पश्चात विद्यालय शिक्षामा समयानुकूल परिवर्तन आउने नागरिक अपेक्षाहरूमा निरन्तर खिया लाग्दै गएको छ । परिक्रममा सम्वत् २०६२/०६३ मा भएको जनआन्दोलन र त्यसले ल्याएको संघीयता र लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था पश्चात् शैक्षिक क्षेत्रमा संस्थागत, सरकारी एवम् गैरसरकारी तवरमा विभिन्न प्रयासहरू पनि भए । सरकार परिवर्तन हुनासाथ शिक्षा आयोग बन्ने र आयोगले सरकारलाई प्रतिवेदन पेस गर्ने कार्य निरन्तर जारी रह्यो तर विद्यालय शिक्षामा लक्षित बिन्दुसम्म पुग्ने ठोस कार्य हुन सकेन । फलतः सामुदायिक विद्यालयहरूबाट प्रदान हुने शिक्षामा पनि खासै सुधार हुन सकेन । शैक्षिक गुणस्तरमा दिन प्रतिदिन ह्रास आइरहेको नतिजाहरूले पुष्टि गरिरहेका छन् ।

हाल हाम्रो शिक्षा हामीले परिकल्पना गरेको जस्तो व्यवहारिक, जीवनोपयोगी र रोजगारमूलक छैन । हाम्रा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखाना भएको आरोप खेप्न बाध्य भएका छन् । राष्ट्रका लागि आवश्यक आदर्श, प्रगतिशील र उत्पादनमुखी शिक्षा प्राप्त गर्नका लागि हाम्रो वर्तमान शिक्षा प्रणालीमा धेरै सुधारको खाँचो छ । हाल पचास वर्ष अगाडि बनाइएको शिक्षा ऐन २०२८ को औचित्यमाथि प्रश्न उठाउन थालिएको छ । संविधानले नै प्रत्याभूत गरेको माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनमा स्थानीय सरकारलाई थुप्रै प्राविधिक तथा नीतिगत समस्या रहेको देखिन्छ । जबसम्म शिक्षाको सन्तुलित विकास हुँदैन तबसम्म अन्य क्षेत्रको विकास पनि असम्भव हुने भएकाले यो यथार्थलाई आत्मसात् गर्दै नेपालको शैक्षिक क्षेत्रमा सबैको चासो र चिन्तन मननसहित आमूल परिवर्तन अपरिहार्य देखिन्छ ।

**नेपालको शिक्षा क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरू**

वर्तमान समयमा नेपालको शैक्षिक प्रणाली, शिक्षाका नीति र तिनको व्यवहारिक कार्यान्वयनमा थुप्रै समस्या तथा चुनौतीहरू रहेका छन् । देशको आर्थिक अवस्था सुदृढीकरणका लागि शिक्षालाई उत्पादनसँग जोड्नेदेखि उत्पादित जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न नसक्नु हाम्रा मुख्य चुनौतीका रूपमा रहेका छन् । नेपालको संविधान २०७२ लागू भएपश्चात नेपालमा तीन तहका सरकारहरू क्रियाशील रहेका छन् । शिक्षाको जिम्मेवारीको हिसाबले विद्यालय शिक्षा (प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म) स्थानीय तहमा, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय प्रदेश तहमा र केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय संघीय अर्थात केन्द्रीय तहमा रहने गरी अधिकारको बाँडफाँड गरिएको छ । तर कार्यक्रम कार्यान्वयनमा केन्द्रीय तहमा अझै अधिकारको विषयमा केन्द्रीकृत मानसिकता हुनु, स्थानीय तहमा पर्याप्त जनशक्ति तथा नीति निर्माणको विशेषज्ञता कम हुनु, सङ्घीय कानुनसँग बाँझिने गरी स्थानीय तथा प्रदेश तहमा कानुन निर्माण हुँदा द्वन्द्व सृजना हुनु, नयाँ संविधान जारी भइसक्दा संविधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न अत्यावश्यक नयाँ शिक्षा ऐन तथा नियमावली जारी गर्न नसक्नु मुख्य चुनौतीका रूपमा रहेका छन् । वर्तमान समयमा शिक्षा क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरूलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

### १. नीतिगत सुधारमा देखिएको ढिलाइ

नेपालको संविधान २०७२ जारी भएको १० वर्ष पुग्न लागेको छ। यस संविधानले नेपालको शिक्षा प्रणालीमा तहगत जिम्मेवारी सुनिश्चित गरी शैक्षिक प्रशासन तथा सञ्चालनमा आमूल परिवर्तन गरेको छ। तर हामी अहिले पनि पाँच दशकअघि बनेको शिक्षा ऐनलाई प्रयोग गरिरहेका छौं। तल्ला तहमा स्वतः जानुपर्ने कतिपय कामहरूमा नीतिको अभाव देखाएर संघीय सरकार आफैंबाट कार्यसम्पादन गर्ने रमाइ रहेको देखिन्छ। जसको कारण तीन तहका बीचमा कतिपय कामहरूमा दुविधा हुने, दोहोरोपना देखिने र नीतिको अभावमा संविधान प्रदत्त अधिकारलाई समेत प्रयोग गर्न सकिएको छैन। तसर्थ नीतिगत सुधारमा देखिएको यस प्रकारको ढिलाइको तत्काल अन्त्य हुन जरुरी छ।

### २. शिक्षामा दूरगामी र नतिजामुखी दृष्टिकोणको कमी

अहिले विश्वमा विज्ञान र प्रविधिको विकास तीव्र गतिमा भइरहेको छ। यसको विकासले नछोएको कुनै क्षेत्र छैन। हरेक क्षेत्रमा भएका आमूल परिवर्तनहरूमा विज्ञान र प्रविधिको प्रयोग मुख्य अस्त्र भई निरन्तर विस्फोट भइरहेको छ। तर हाम्रो सन्दर्भमा कुरा गर्दा यस्ता परिवर्तनलाई समेट्न र विश्व परिवेशमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली निर्माणमा दूरदर्शिता नभएको देखिन्छ। प्रत्येक वर्ष लिइने माध्यमिक शिक्षा परीक्षा कक्षा-१० तथा कक्षा- १२ को अन्त्यमा लिइने परीक्षामा ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरू असफल भइरहेका छन्। तर नतिजा सुधारको स्पष्ट खाका कुनै तह र संस्थाबाट आएको देखिँदैन। देशमा रहेका स्रोत र साधनको पहिचान एवम् समुचित प्रयोग र परिचालनका माध्यमबाट सम्मुन्नत समाज निर्माण गर्नु पर्ने जनशक्ति निर्माण गर्नुका अलावा विदेश पलायन हुने जनशक्ति उत्पादन हुनुले राज्यको शिक्षा सम्बन्धी दूरदृष्टि कमजोर भएको पुष्टि गर्दछ। तसर्थ शिक्षा क्षेत्रबाट उत्पादित जनशक्तिलाई देशको उत्पादनसँग जोड्दै आर्थिक समृद्धितर्फ देशलाई अगाडि बढाउने शिक्षा प्रणालीको विकास गर्नु नै आजको प्रमुख आवश्यकता हो।

### ३. अपर्याप्त शैक्षिक लगानी

शिक्षा आर्जन गर्ने विषय तत्कालीन भए तापनि त्यसको परिणाम निस्कन लामो प्रतीक्षा गर्नु अनिवार्य हुन्छ। हामी अहिले गरेको लगानीको प्रतिफल अहिले नै प्राप्त होस् भन्ने चाहन्छौं। तर शिक्षामा गरिएको लगानीको प्रतिफल लिन भने एक शताब्दी नै कुर्नुपर्ने हुन्छ। सायद यसैले होला नेपालमा शिक्षाको क्षेत्रमा भन्दा सडक निर्माण, भौतिक पूर्वाधारको क्षेत्रमा बढी लगानी भएको देखिन्छ। विगत १५ वर्षको शिक्षा बजेटलाई हेर्ने हो भने पनि आर्थिक वर्ष २०६७/०६८ मा वार्षिक कुल बजेटको १७.१ प्रतिशत रहेको बजेट क्रमशः घट्दै गएर हाल २०८१/०८२ मा केवल १०.१ प्रतिशत बजेट मात्र विनियोजन भएको छ। यसर्थ शिक्षाको क्षेत्रमा विनियोजित बजेटको दिन प्रतिदिन बढ्नुको अलवा घट्दै गईरहेको छ। यी विद्यालयहरूमा अहिले पनि शिक्षक दरबन्दी छैन । बागमती प्रदेशको कुरा गर्दा २७७ मावि.मा अहिले मावि. तहको स्थाई स्वीकृत दरबन्दी छैन। यसैबाट पुष्टि हुन्छ कि हाम्रो शैक्षिक लगानी अपर्याप्त छ।

### ४. अन्तर तहमा भएको शिक्षा सम्बन्धी अधिकारको प्रयोगमा अलमल

संघीयताको कार्यान्वयनसँगै मुलुकमा तीन तहका सरकारहरू बने । तीनै तहका सरकारहरूको अधिकार क्षेत्रहरू पनि संविधानबाटै तोकिए। स्थानीय सरकार संचालन ऐनमा स्थानीय तहकालागि बेर्इसबढा कार्यजिम्मेवारीहरू उल्लेख गरिएका छन् । त्यसैगरी माध्यमिक शिक्षा परीक्षा-कक्षा १० प्रदेश तहबाट हुने उल्लेख छ । नीतिमा भए जस्तो अभ्यासमा देखिदैन । एक तह र अर्को तहको जिम्मा काममा दोहोरोपना तथा एकले अर्काको कार्य जिम्मेवारीहरूमा हस्तक्षेप गरिदैका छन् । जबसम्म संविधानमा उल्लेखित तहगत अधिकारहरूको कार्यान्वयनका लागि शिक्षा ऐन तथा नियमावलीको निर्माणबाट कार्यक्षेत्रको परिभाषित गर्ने काम हुदैन तबसम्म यस प्रकारको अलमल भई नै रहन्छ ।

### ५. विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा उदासीनता

पाठ्यक्रम शिक्षण सिकाइको मेरुदण्ड हो भने शिक्षण सिकाइको मार्गदर्शन पनि पाठ्यक्रम नै हो । तर हाम्रा विद्यालयहरूमा हुने शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रममा उल्लेखित विधि, प्रक्रिया, परीक्षा प्रणाली र विद्यार्थी मूल्याङ्कनमा पाठ्यक्रमको आधारमा भन्दा आफ्नो ज्ञान, अनुभव र अनुकूलताका आधारमा गर्ने अभ्यास रहेको पाइन्छ । साथै शिक्षण सिकाइलाई व्यावहारिक र प्रभावकारी बनाउन पाठ्यक्रमलाई समयानुकूल परिमार्जन र सुधार गर्नुको विकल्प छैन । यतिमात्र होइन परिमार्जित पाठ्यक्रमलाई सरोकारवालासम्म प्रबोधीकरण गरी यसको औचित्य र आवश्यकता सम्बन्धमा सुसूचित गर्दै यसलाई लागू गर्नु जरुरी हुन्छ । समुदायको माग र राष्ट्रको आवश्यकता अनुसार विश्व बजारमा प्रतिस्पर्धा गर्ने सक्षम जनशक्ति उत्पादन हुने गरी समयानुकूल पाठ्यक्रम परिमार्जन गर्न सक्यो भने त्यो पाठ्यक्रमले मात्र व्यक्तिलाई सफल र समाज र राष्ट्रलाई सही दिशा दिन सक्छ र राष्ट्रको आवश्यकता पनि पूरा गर्न सक्छ । तर हामीकहाँ एक दशक वा सोभन्दा बढी अवधिसम्म पनि एउटै पाठ्यक्रम चलिरहन्छ जसले गर्दा पाठ्यक्रमलाई समयानुकूल परिवर्तन गर्ने र लागू गर्ने सकिएको अवस्था छैन ।

### ६. सामुदायिक विद्यालय तथा क्याम्पस खोल्ने होडबाजी

नेपालमा हरेक राजनीतिक परिवर्तनपश्चात भएको प्रजातन्त्रको पुनर्स्थापनासँगै विद्यालय तथा सामुदायिक क्याम्पसहरू खोल्ने होडबाजी नै चल्ने गरेको छ । राजनीतिक नेतृत्वबाट समेत आफ्नो क्षेत्रमा आवश्यकताका आधारमा भन्दा पनि कार्यकर्ताहरूलाई खुसी तुल्याउन विद्यालय तथा सामुदायिक क्याम्पसहरू खोल्न शैक्षिक प्रशासकहरूलाई दबाब दिने गरेको पाइन्छ । जसका कारण अहिले धेरै विद्यालय तथा सामुदायिक क्याम्पसहरू बन्द वा समायोजन गर्नुपर्ने अवस्थामा रहेका छन् । यसबाट समुदाय र राज्यको लगानीमा बनेका सुविधासम्पन्न पूर्वाधारहरू कामयावी नभई दुरुपयोग हुने सम्भावनामा रहेका छन् । यसर्थ होडबाजीमा खुलेका यस्ता विद्यालय तथा सामुदायिक क्याम्पसहरूको व्यवस्थापन अहिलेको प्रमुख चुनौतीको रूपमा रहेको छ ।

**७. शिक्षकहरूमा देखिएको राजनीतिक प्रभाव**

विद्यालय तथा विश्वविद्यालयहरूमा अहिले राजनीतिक पार्टीको भातृ सङ्गठन जस्तो बनेर खोलिएका शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनको गहिरो प्रभाव रहेको छ । आफ्नो माग पूरा गराउने सर्तमा आन्दोलन गर्ने, महिनौं दिनसम्म विरोधका कार्यक्रमहरू गर्ने, विद्यालय तथा विश्वविद्यालयको पठनपाठन नै बन्द गराउनेसम्मका कार्यहरू हुँदै आएको हामीले भोगेकै छौं ।

**८. योग्य र कुशल शैक्षिक नेतृत्वको अभाव**

विद्यालयको प्रधानाध्यापकले नै विद्यालयको मुख्य नेतृत्वकर्ताको रूपमा भूमिका निर्वाह गरिरहेका हुन्छन् । शिक्षा ऐन तथा नियमावलीमा विद्यालय जुन तहको हो सोही तहको स्थायी एवम् वरिष्ठ शिक्षक प्रधानाध्यापक हुने व्यवस्था छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि कम्तीमा सोही तहसम्म पढेको हुनुपर्ने भनिएको छ । तर अहिले धेरै विद्यालयहरूमा योग्यता पुगेका स्थायी र सक्षम प्रधानाध्यापकविना नै विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ भने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि शिक्षा बुझेको र तोकिएबमोजिम योग्यता पुगेको स्थानीय अभिभावक पाउन झनै कठिन हुने गरेको छ । जसका कारण विद्यालयहरू कुशल नेतृत्वको अभावमा दिन प्रतिदिन धराशायी हुँदै गएको बुझ्न कठिन छैन ।

**९. विद्यालय तथा विश्वविद्यालयहरूमा देखिएको राजनीतिक हस्तक्षेप**

विद्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहमा प्राप्त भएको अवस्थामा राजनीतिक पार्टीबाट निर्वाचित प्रतिनिधिहरूले शैक्षिक संस्थाहरूमा प्रत्यक्ष हस्तक्षेप गर्ने तथा विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन, शिक्षक नियुक्तिजस्ता प्रक्रियाहरूमा राजनीतिक दबाब हुने गरेका थुप्रै उदाहरणहरू छन् । विश्वविद्यालयका विभिन्न पदहरूमा गरिने नियुक्तिका लागि आउने राजनीतिक दबाबका समाचारहरूसमेत पटक पटक सुन्न पाइन्छ । अझै विश्वविद्यालय तथा क्याम्पसहरूमा गठन हुने राजनीतिक पार्टीका भातृसङ्गठनको नाममा क्रियाशील विद्यार्थी सङ्गठनहरूको दबाब र प्रभाव पनि कम छैन । यसबाट पुष्टि हुन्छ कि हाम्रा हरेक विद्यालय, क्याम्पस तथा विश्वविद्यालयहरूमा पूर्णरूपमा राजनीतिक हस्तक्षेप रहेका छन् । जसका कारण शिक्षा प्रणाली नै कमजोर भएको छ । शैक्षिक संस्थाहरूले गुणात्मक नतिजा दिन सकिरहेका छैनन् ।

**१०. उपयुक्त र वस्तुनिष्ठ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको प्रयोगमा द्विविधा**

विद्यालय तथा विश्वविद्यालयमा लिइने परीक्षाहरूलाई मर्यादित तथा अनुशासित बनाउन जति प्रयास गरिए पनि विद्यार्थीहरूमा चोरी गर्ने प्रवृत्ति घटेको छैन । कतिपय परीक्षा केन्द्रहरूमा त विषयगत शिक्षकबाट नै विद्यार्थीहरूका लागि चिट नै चोराउन सहयोग गरेका थुप्रै समाचारहरू सुनिएको छ । एसइई परीक्षाफललाई एउटा ठूलो प्रतिष्ठाको रूपमा लिने परिपाटीले जसरी पनि आफ्ना विद्यार्थीहरूलाई उत्तीर्ण गराउन विद्यालय परिवार सरिक हुने गर्छन् । अहिले प्रयोगमा ल्याइएको अक्षराङ्क प्रणाली लागू

गरिएपछि कोही पनि विद्यार्थी फेल हुँदैनन् भन्ने मान्यताका कारण पनि शैक्षिक सत्रसम्म अक्षराङ्क प्रणालीमाथि नै प्रश्न चिन्ह खडा भएको थियो । यही अवस्थालाई मध्यनजर गरी SEE परीक्षा २०८० बाट पुन: कम्तीमा प्रति विषय ३५ अङ्क ल्याउनु पर्ने गरी विद्यार्थी मूल्याङ्कन पद्धतिमा परिवर्तन गरियो । यसरी परीक्षा प्रणाली र विद्यार्थी मूल्याङ्कनका आधारहरूमा पटक पटक परिवर्तन गर्दा हालमा उपयुक्त र वस्तुनिष्ठ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको प्रयोगमा द्विविधा हो की भन्ने महसुस भएको छ ।

**११. संस्थागत तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा देखिएको अनपेक्षित अन्तर**

शिक्षा ऐन तथा नियमावलीमा नै संस्थागत र सामुदायिक गरी दुई प्रकारका विद्यालय शिक्षा हुने व्यवस्थाका कारण मुलुकभर दुई प्रकृतिका विद्यालयहरू सञ्चालनमा छन् । जति धेरै संस्थागत विद्यालयहरू खुलेका छन् सोही मात्रामा सामुदायिक विद्यालयहरू धरासायी हुँदै बन्द वा अर्को विद्यालयमा समायोजन हुने अवस्था बन्दै गइरहेको छ । राज्यको ठूलो लगानी सामुदायिक विद्यालयहरूमा भए तापनि आशातित उपलब्धि प्राप्त हुन सकेको छैन । SEE तथा कक्षा १२ को नतिजालाई हेर्दा पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा ठूलो भिन्नता देखिन्छ । यसबाट संस्थागत र सामुदायिक विद्यालयहरूको नतिजामा ठूलो अन्तर देख्ने गरिएको छ । यसर्थ, एउटै पाठ्यक्रम कार्यान्वयन हुने दुई प्रकारका विद्यालयहरूबाट दुई प्रकारकै जनशक्तिको उत्पादन भएको आरोप खेप्न राज्य विवश छ ।

**१२. शिक्षक, प्रधानाध्यापक तथा शिक्षा सरोकारवालाहरूको क्षमता विकास र विद्यालयमा त्यसको प्रयोगमा देखिएको उदासीनता**

अहिले राज्यको ठूलो लगानी शिक्षक तथा शिक्षा सरोकारवालाहरूको क्षमता विकास शीर्षकमा खर्च हुने गरेको छ । तर शिक्षक तालिमको प्रभावकारितासम्बन्धी गरिएको एक अनुसन्धानले शिक्षकहरूले तालिममा जे सिकेका छन् त्यसको ५० प्रतिशत पनि कक्षाकोठामा नपुग्ने निष्कर्ष निकालेको छ । यतिमात्र होइन प्रधानाध्यापकहरूको नेतृत्व विकासका लागि सञ्चालन गरिने तालिम र सो तालिममा बन्ने कार्ययोजनाको कार्यान्वयनमा समेत प्रधानाध्यापकहरूमा निराशा आउने गरेको । विद्यालयमा असहयोगको वातावरण हुँदा तालिमका सीप कक्षाकोठा वा विद्यालयमा प्रयोगमा ल्याउन कठिनाइ भएको धेरै शिक्षक तथा प्रअहरूबाट सुन्ने गरिएको छ । यसर्थ तालिमका सीपहरू विद्यालयमा पुर्याउन शिक्षक, प्रधानाध्यापक तथा शिक्षा सरोकारवालाहरू असमर्थ वा उदासीन नै रहेको निष्कर्ष निकाल्न कठिन छैन ।

**१३. विद्यालयमा अभिभावकको निगरानी र संलग्नतामा कमी**

विद्यालयहरूमा समुदायको अपनत्व बढोस् भन्ने सकारात्मक भावका साथ विद्यालयहरूलाई सामुदायिक विद्यालय र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष विद्यालयमा आफ्ना सन्तती पढाउने अभिभावकहरूमध्येबाट हुने गरी नीतिगत व्यवस्था गर्यौं । त्यस्तै समितिका अन्य सदस्यहरू पनि अभिभावकहरू नै रहने व्यवस्था गर्यौं । अझैं विद्यालय नै समुदायमा हस्तान्तरण गर्ने विकेन्द्रीकरणको

अवधारणासमेत अघि सारियो । तर त्यसजस्तो नीतिगत व्यवस्था ल्याइए पनि अभिभावकहरू समय समयमा विद्यालय जाने र विद्यालयको कामकारबाहीमा चासो वा निगरानी वा संलग्नता राख्ने विषयमा धेरै कमी रहेको छ । जसको परिणाम विद्यालयहरूमा धेरै विधित एवम् विसङ्गतिहरू हुने गरेको पाइन्छ ।

**१४. सरकारी तथा गैर सरकारी क्षेत्रको समन्वय र सहकार्यमा हुने द्वन्द्व र दोहोरोपना**

शिक्षा क्षेत्रको समग्र विकासमा सरकारसँग सहकार्य गर्ने गरी नेपालमा थुप्रै गैरसरकारी संघसंस्थाहरू क्रियाशील रहेका छन् । केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न शिक्षा समूहहरूको गठन र परिचालन गर्ने नीतिगत व्यवस्थासमेत गरिएको छ । तर कतिपय गैरसरकारी संस्थाहरू सम्बन्धित सरकारी निकायहरूसँग सहकार्य गर्नुको अलवा नजिक नपर्ने र पर्दापछाडिबाट काम सिध्याउने प्रवृत्ति रहेको पाइन्छ । यतिमात्र होइन सरकार नपुगेको वा बजेट Gap रहेको क्षेत्रमा कार्य गर्नुको अलवा सरकारले गरिरहेकको कामको नाम परिवर्तन गरि दोहोरोपनामा काम गरिरहेका छन् भने सरकारबाट भएका राम्रा अभ्यासहरूमा समेत आरोप लाउने र द्वन्द्व सिर्जना गर्ने गरेको थुप्रै उदाहरणहरू रहेका छन् ।

**१५. विद्यार्थीहरूमा परेको सूचना र प्रविधिको नकारात्मक असर र बौद्धिक क्षमतामा ह्रास**

अहिले समाज सूचना र प्रविधिको गलत प्रयोगबाट आक्रान्त छ । निम्नदेखि उच्च आर्थिकस्तर भएका अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई कलिलो उमेरमा मोबाइल, आइप्याड, ल्यापटप तथा कम्प्युटरहरूको प्रयोग गर्न दिने तर उनले ती सामग्रीहरूको प्रयोग कसरी र कुन प्रयोजनमा गरिरहेको छ सोको निगरानी नराख्ने हुँदा हाल विद्यालय उमेरका बालबालिकाहरू यस्ता सामग्रीहरूको गलत प्रयोगबाट सिकाइ क्षमतामा नै क्रमशः ह्रास आइरहेको र बालबालिकाहरू डिप्रेसनमा नै जान सक्ने खतराहरू देखिएको छ । जसको कारण विद्यार्थीहरूको बौद्धिक क्षमतामा ह्रास आई शैक्षिक गुणस्तर कायम गराउन शैक्षिक संस्थाहरूलाई ठूलो चुनौती महसुस भएको छ ।

**१६. विद्यालय अनुगमन प्रणालीको अन्त्य**

देशमा संघीयताको कार्यान्वयनसँगै विद्यालयहरूको अनुगमन तथा निरीक्षण गर्ने र शिक्षकहरूलाई पेसागत सपोर्टका लागि स्थापना गरिएका मुलुकभरका १०५३ स्रोतकेन्द्रका स्रोत व्यक्ति र विद्यालय निरीक्षकको व्यवस्था खारेज गरियो र विद्यालय अनुगमन तथा निरीक्षण प्रणालीको नै अन्त्य हुन पुग्यो । विद्यार्थी शिक्षकको अनुपात, विषयगत शिक्षकको व्यवस्थापन, आर्थिक मितव्ययीता र प्रभावकारितजस्ता विषयहरू अनुगमनमार्फत निर्धारित गर्नुपर्नेमा सो हुन सकेको छैन । यसबाट फर्जी विद्यार्थी संख्या देखाएर लाखौं रुपैयाँ हिनामिना गर्ने विद्यालयहरूलाई प्रभावकारी अनुगमन गरी दोषीमाथि कारबाही गर्ने व्यवस्थासमेत गर्न सकिएको छैन । स्रोतकेन्द्रमार्फत स्रोत व्यक्ति र विद्यालय निरीक्षकहरूको सेवा लिँदै आएका विद्यालयहरू अहिले आफूमा परेका प्राविधिक समस्याहरू हल गरिदिने निकायको अभाव महसुस गरिरहेका छन् । यतिमात्र होइन कि हाल स्थानीय तहमा कायम गरिएको

शिक्षासेवाका कर्मचारीहरूको मुख्य भूमिका नै केवल शिक्षकहरूको तलब भत्ता लगायत विद्यालयमा जाने विभिन्न प्रकृतिका अनुदानहरूको निकासा गर्ने र दैनिक प्रशासनिक कार्यमा नै सम्पूर्ण समय खर्चिनु पर्ने बाध्यताले विद्यालय अनुगमन प्रणालीको अन्त्य नै भएको भन्दा अतिशयोक्ति नहोला ।

**नेपालको शैक्षिक अवस्था सुधारमा देखिएका सम्भावनाहरू**

नेपालको वर्तमान शैक्षिक अवस्थालाई सुधार गर्न नसकिने होइन । गर्न सकिने अनगिन्ती सम्भावनाहरू पनि छन् । मूलतः हाम्रो संविधान नै सुधारको मुख्य आधार हो । संविधानले दिएको अधिकारलाई प्रयोग गर्दै आआफ्नो भूगोलभित्र रहेका शैक्षिक संस्थाहरूको समग्र सुधारका लागि तहगत सरकारहरू र राजनीतिक दलहरूबाट देखिएको सकारात्मक प्रतिबद्धता नेपालको शैक्षिक अवस्था सुधारको ठूलो अवसर बनेको छ । यसर्थ तिनै सुधारका सम्भावनाहरूलाई नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउन निम्न सम्भावनाहरूको पहिचान गरिएको छ ।

**१. शिक्षाको विकासमा साझा अधिकारको व्यवस्था**

नेपालको संविधान २०७२ ले नेपालमा तीन तहका सरकारहरूको व्यवस्था गरेसँगै शिक्षालाई तहगतरूपमा एकल अधिकारभित्र मात्र नराखी तिनै तहको साझा अधिकारको विषय बनाइनुले शिक्षा क्षेत्रको व्यवस्थापनमा तीनवटै तहका सरकारहरूलाई जिम्मेवार बनाएको देखिन्छ । यो व्यवस्थाले गर्दा विद्यालय तथा विश्वविद्यालयहरूको पूर्वाधार विकासदेखि शैक्षिक गुणस्तर कायम गराउन तीनवटै तहका सरकारहरूबाट नीतिगत वा कार्यक्रमिक दुवै क्षेत्रमा संयुक्त रूपबाट सुधारका प्रयासहरू भइरहेका छन् । यसर्थ साझा अधिकारको विषयलाई कानुन बनाई तहगत रूपमा जिम्मेवारीहरू तोकने हो भने सबैबाट अपेक्षा गरिएको गुणस्तरीय शिक्षा दिने सामुदायिक विद्यालय तथा विश्वविद्यालयहरूबाट सम्भव हुने देखिन्छ ।

**२. अनिवार्य तथा निशुल्क शिक्षाको संवैधानिक प्रावधान**

नेपालको संविधानको धारा ३१ अन्तर्गत राखिएको आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने प्रावधान आफैँमा उत्साहजनक छ । यतिमात्र होइन नेपाल सरकारले यसको सफल कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावलीसमेत जारी गरी सम्वत् २०८५ सम्म सबै नेपाली नागरिकहरूलाई अनिवार्य तथा निशुल्क शिक्षाको ग्यारेन्टी गरेको छ । यदि कुनै नेपाली नागरिकले २०८५ सम्ममा पनि अनिवार्य तथा निशुल्क शिक्षा हासिल गर्न सकेन वा गरेन भने त्यस्ता नागरिकहरूलाई राज्यबाट प्रदान हुने कुनै पनि सेवा सुविधा उपलब्ध नहुनेजस्ता कडा कानुनी व्यवस्था समेत रहेको छ । यो व्यवस्थाको कारण कम्तीमा आधारभूत तहसम्मको शिक्षा सबै नागरिकहरूलाई प्राप्त गराउने राज्यको प्रतिबद्धता देखिन्छ । परिणामतः आधारभूत तहको शिक्षामा स्वतः राज्यको लगानी वृद्धि हुने भएको छ । यसर्थ अहिले आधारभूत तहको शिक्षालाई व्यवस्थित एवम् गुणस्तरीय बनाउने अनुकूल अवसर रहेको छ ।

### ३. सक्षम र परिवर्तनमुखी स्थानीय सरकार

अहिले हरेक स्थानीय सरकारहरू शिक्षाको सुधारमा धेरै हदसम्म लागि परेको देखिन्छ । शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा पालिकाले अनुदानबाट शिक्षक राख्नेदेखि कक्षा १२ सम्म नै निःशुल्क शिक्षाको सुनिश्चित गर्ने, कक्षा १० सम्म नै दिवाखाजाको व्यवस्थापन गरी नपुग रकम विद्यालयमा थप गर्ने, आवासीय विद्यालय सञ्चालन गर्ने, प्रधानाध्यापकहरूसँग विद्यालय सुधारमा लक्ष्य किटान गरी कार्य सम्पादन करार गर्ने र प्रधानाध्यापकहरूलाई कामप्रति उत्प्रेरित गर्न प्रअको मासिक भत्ता थप गर्ने, बालकक्षाका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने, विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि विद्यालय समयको अतिरिक्त समयमा शिक्षक व्यवस्थापन गरी कोचिङ कक्षाहरू सञ्चालन गर्नेजस्ता अनुकरणीय कार्यहरूको थालनी स्थानीय सरकारहरूबाट हुनुले नेपालको शैक्षिक अवस्था सुधारमा अनगिन्ती सम्भावनाहरू रहेको बुझ्न सकिन्छ ।

### ४. शिक्षा योजनाहरूको निर्माण र शैक्षिक लक्ष्य निर्धारण

वर्तमान शैक्षिक अवस्थामा सुधार नहुने हो भने हामी केही वर्षमा नै हाम्रा आधाभन्दा बढी विद्यालय तथा क्याम्पसहरू विद्यार्थी अभावका कारण बन्द गर्नुपर्ने अवस्थामा पुग्नेछौं । तसर्थ शिक्षा क्षेत्रको विकास र सुधारका लागि योजनाबद्ध प्रयास अनिवार्य छ । यसकारण आवश्यकता पहिचान गरिएको वस्तुनिष्ठ शैक्षिक योजना अबको मुख्य गन्तव्य बनाउन जरुरी देखिन्छ । यही कुरालाई मध्यनजर गर्दै हाम्रो तीनै तहका सरकारहरू अहिले शिक्षा क्षेत्रको विकास र गुणात्मक सुधारका लागि दिगो विकासका लक्ष्यलाई टेवा पुर्‍याउने उद्देश्यका साथ वार्षिक तथा आवधिक योजनाहरूको निर्माणमा जुटिरहेका छन् । यसबाट हामी कहाँ पुग्ने, के गरेर पुग्ने, कसरी गर्ने र त्यसका लागि स्रोत कहाँ कहाँबाट जुटाउनेजस्ता विषयहरू किटान भएका छन् । यस्ता सकारात्मक कार्यहरू हुँदै गरेको देखिएकाले वर्तमान शैक्षिक अवस्थामा सुधार हुने सम्भावनालाई नकार्न सकिँदैन ।

### ५. शिक्षा क्षेत्रको लगानी अभिवृद्धिमा प्राथमिकता

शिक्षा क्षेत्रमा गरिएको अहिलेको लगानी अपर्याप्त छ । राज्यले लगानी गर्न नसक्नु कै कारण २०५५ साल देखि स्थायी स्वीकृत दरबन्दी विद्यालयहरूमा पठाउन सकिएको छैन । विद्यालयका पूर्वाधारहरू अझै जीर्ण र अपर्याप्त नै रहेको पाइन्छ भने शैक्षिक गुणस्तर सुधारमा नगन्य बजेट रहँदै आएको छ । जसका कारण हाम्रो शैक्षिक अवस्था दिन प्रतिदिन खस्कँदै गइरहेको छ । यही कुरालाई आत्मसात गर्दै अहिले तीनै तहका सरकारहरू शिक्षा क्षेत्रको लगानी वृद्धि गर्नु पर्नेमा सहमत देखिन्छन् भने निजी तथा गैरसरकारी क्षेत्रले पनि शिक्षा क्षेत्रमा उच्च प्राथमिकता दिँदै आफ्नो लगानीमा बढोत्तरी गरिरहेका छन् । यसर्थ शिक्षा अहिले सबैको प्राथमिकतामा छ भन्दा अत्युक्ति नहोला ।

**६. अभिभावकहरूमा शैक्षिक चेतनामा अभिवृद्धि**

हाम्रो शैक्षिक तथ्याङ्कलाई हेर्दा अहिले अधिकांश बालबालिकाहरू विद्यालय आएका छन् । आफ्नो सन्तानलाई नपढाउने अभिभावक अब पाउनै मुस्किल छ । यसको मुख्य कारण नै अभिभावकहरूमा आएको शैक्षिक चेतनाको उपज हो । यतिमात्र होइन अहिले ६०/७० वर्ष पुग्न आँटेका आमाहरू पनि किताब च्यापेर पढ्न गएका छन् । वास्तवमा आमा शिक्षित हुनु भनेको परिवार नै शिक्षित हुनु हो । अहिले धेरै अभिभावकहरू विद्यालयको पठनपाठन सबै राम्रैसँग हुँदैछ वा छैन सोध्नेले भनिदिन सक्छन् । जुन हाम्रा लागि शिक्षा सुधारको एउटा कडी हुन सक्छ ।

**७. विद्यालयहरूका बीच आफ्नो विद्यालय राम्रो विद्यालय बनाउने सकारात्मक प्रतिस्पर्धा**

अहिले धेरै सामुदायिक विद्यालयहरूका बीच स्वच्छ प्रतिस्पर्धा चलिरहेको छ । विद्यालयको समग्र व्यवस्थापनमा सुधार गरी व्यवस्थित तथा आकर्षक विद्यालय बनाउनेदेखि अंग्रेजी माध्यममा पढाउने विषयमा समेत प्रतिस्पर्धा भइरहेको छ । सामुदायिक सामुदायिक विद्यालयका बीचमा मात्र नभै अहिले त संस्थागत तथा सामुदायिक विद्यालयहरूका बीचमा पनि प्रतिस्पर्धा भइरहेको छ । यसैले यस प्रकारको सकारात्मक प्रतिस्पर्धा जारी रहने हो भने सुधारिएको शैक्षिक अवस्था हेर्न धेरै कुर्नुपर्ने छैन ।

**८. शिक्षक सेवा आयोगबाट सक्षम र प्रतिभाशाली व्यक्तिलाई शिक्षण सेवामा प्रवेश**

नेपालमा शिक्षक सेवा आयोगको स्थापना भएदेखि रिक्त शिक्षक दरबन्दीमा नियमित विज्ञापन गर्ने र सक्षम व्यक्तिलाई शिक्षक नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य निरन्तर हुने गरेको छ । यसरी धेरै कडा मेहनतका साथ छनोट भएका शिक्षकहरू स्वतः नै सक्षम मान्न सकिन्छ । जुन शैक्षिक अवस्था सुधारका लागि महत्वपूर्ण अवसर बनिरहेको छ ।

**९. प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड**

अहिले अधिकांश पालिकाहरू प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइरहेका छन् । स्थानीय तहमात्र हैन संघीय सरकारबाटपनि सबै पालिकामा कम्तीमा एक प्राविधिक विद्यालय स्थापना गर्ने अवधारणा अघि सारिएको छ । अझै अन्य विषयहरूमा भन्दा प्राविधिक विषय पढ्ने विद्यार्थीहरूलाई ठूलो रकम छात्रवृत्ति समेत प्रदान गर्ने गरिएको छ । यसैले, प्राविधिक तथा व्यावसायिक शिक्षामा दिइएको यो जोडले समग्र शैक्षिक अवस्थामा अवश्य सुधार ल्याउनेछ ।

**१०. निजी लगानीबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने निजी क्षेत्रको प्रतिबद्धता**

अहिले नेपालको शैक्षिक तथ्याङ्कलाई हेर्दा केहि वर्ष देखि सामुदायिक र संस्थागत विद्यालयहरूमा बराबर जस्तै विद्यार्थीहरू पढिरहेका छन् । राज्यको लगानीबिना यति ठूलो संख्यामा विद्यार्थीहरू संस्थागत विद्यालयमा पठन पाठन गर्नुले शिक्षामा निजी क्षेत्रको लगानीलाई कम आँक्न सकिँदैन । धेरै संस्थागत विद्यालयहरू अहिले करोडौं हैन अर्बौंको लगानीकासाथ सरकारसँग हातेमालो गर्दै

अघि बढ्ने प्रतिबद्धता जाहेर गरिरहेका छन् । यसरी राज्यको आर्थिक लगानीबिना नै बालबालिकाहरूले गुणस्तरीय शिक्षा प्राप्त गरिरहेका छन् । यो नै राज्यका लागि ठूलो योगदान वा अवसर भएको छ ।

**निष्कर्ष**

हरेक व्यक्ति, समाज र राष्ट्रका लागि अनिवार्य ज्ञानको स्रोत नै शिक्षा हो । शिक्षाले प्रत्येक मानवलाई निरङ्कुश, अप्रजातान्त्रिक तथा असहिष्णु हुने प्रवृत्तिबाट जोगाएको हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला पनि हो । विभिन्न शैक्षिक उपाधि हासिल गरेका उत्पादित जनशक्तिले स्वदेशमा काम नगरे देशको विकास हुन सक्दैन । देश विकासको मेरुदण्ड नै देशको कर्मशील जनशक्ति हो । जुन देशमा शिक्षितवर्ग धेरै हुन्छन्, त्यो देशले धेरै विकास गर्छ । यसर्थ आजको शिक्षाले सक्षम उत्तरदायी र जिम्मेवार नागरिक तयार पार्नु पर्दछ । तर नेपालमा भने पढ्नेहरूको संख्या दिनानुदिन घटिरहेको छ । कक्षा दोहोर्याउनेहरूको संख्या बढेको छ । प्राथमिक तहमा भर्ना भएका विद्यार्थीहरू माध्यमिकसम्म पुग्दा आधा भन्दा धेरै विद्यार्थी हराइसकेका हुन्छन् । शिक्षा क्षेत्रमा देखिएका यस्ता चुनौतीहरूको समयमै समाधान खोज्दै मुलुकको सर्वाङ्गीण विकासको मूल आधार रहेको शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।

(यो लेख शिक्षाको क्षेत्रमा काम गरेको लामो अनुभवमा आधारित भई तयार गरिएको हो ।)

# बागमती प्रदेशमा शिक्षा: विद्यमान अभ्यास र भावी कार्यदिशा

खुविराम अधिकारी
महाशाखा प्रमुख-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश

**लेखसार**

नेपालको संविधानबमोजिम तीन तहको शासकीय व्यवस्था कार्यान्वयनसँगै प्रदेश सरकारको स्थापना भएको हो । संवैधानिक रूपमा नै प्रदेश तहको एकल र साझा अधिकारको रूपमा कार्य जिम्मेवारीहरूको व्यवस्था गरिएको छ । सोहीअनुसार बागमती प्रदेश सरकारले शिक्षाको योजनाबद्ध विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस लेखमा बागमती प्रदेश सरकारको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी, प्रदेशको विद्यमान शैक्षिक अवस्था, बागमती प्रदेश सरकारले सञ्चालन गरेको प्रमुख शैक्षिक कार्यक्रमहरूको संक्षिप्त परिचय, प्रदेशको विद्यमान प्रमुख शैक्षिक सूचकको अवस्था, विद्यमान समस्या तथा चुनौतीहरू र प्रदेश सरकारको भावी कार्यदिशा सम्बन्धी विषयवस्तु प्रस्तुत गरिएको छ ।

## १. सन्दर्भ

नेपालको संविधानले तीन तहको शासकीय स्वरूप व्यवस्था गरी सोहीबमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सात प्रदेशहरूको व्यवस्था गरेको छ । प्रदेश तहमा नागरिकलाई सर्वसुलभ गुणस्तरीय शिक्षा र रोजगारी उपलब्ध गराई जीवनस्तरमा सुधार ल्याउनु शिक्षाको प्रमुख उद्देश्य रहेको छ । नेपालको संविधानले अनुसूची ६ मा प्रदेशको अधिकारको व्यवस्था गरेको छ । जसमा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालयलाई एकल अधिकारको रूपमा व्यवस्था गरेको छ । यसै गरी अनुसूची ९ मा तीन तहको साझा सूचीमा शिक्षालाई समावेश गरिएको छ । बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार प्रदेश सरकारको शिक्षा सम्बन्धी कार्य जिम्मेवारी अन्तर्गत प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, प्राविधिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण, स्वरोजगार एवम् सिपमूलक तालिम सञ्चालन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, माध्यमिक शिक्षा परीक्षाको व्यवस्थापन र प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन रहेका छन् ।

## २. बागमती प्रदेशको विद्यमान शैक्षिक अवस्था

बागमती प्रदेशमा शैक्षिक संस्थाहरूको विस्तार र विकास उल्लेखनीय भएको भएपनि शिक्षाको गुणस्तर अपेक्षित हुन सकेको देखिदैन । बागमती प्रदेशको विद्यालय शिक्षा र साक्षरतासँग सम्बन्धी विभिन्न सूचकहरू देहायअनुसार रहेकाछन् -

| सूचक | राष्ट्रिय | बागमती प्रदेश |
|---|---|---|
| GER in ECED | ९९.१ | १०१.५ |
| NIR in Grade 1 | ९५.७ | ९५.१ |
| NER (Grade 1-8) | ९५.६ | ९५.१ |
| Survival Rate grade 8 | ८६.२ | ८६.२ |
| Basic Schools fulfilling Basic Learning Conditions (BLCs) | ५३ | ७१.३ |
| NER in Grade (9-12) | ५७.९ | ६१.२ |
| Secondary Schools Fulfilling Basic Learning Conditions | ९६ | ८१ |
| Literacy rate (15-60 year) | | ९७.२२ |
| Literacy Rate (5 year +) 2078 | ७६.२ | ८२.१ |

स्रोत: Census 2078/EMIS Report 2080/Record of MOSD

उपरोक्त तालिकामा बागमती प्रदेश सरकारको विद्यालय शिक्षा र प्रदेश साक्षरतासँग सम्बन्धित प्रमुख सूचकहरू प्रस्तुतीकरण गरिएको छ । कतिपय सूचकहरू राष्ट्रिय भन्दा बागमती प्रदेशको उच्च रहेको छ भने कतिपय सूचकहरू न्यून रहेको छ। उपरोक्त सूचकलाई आधारमान्दा विद्यालय शिक्षामा सबै वर्ग र समुदायको पहुँच सुनिश्चितताका लागि लक्षित वर्ग पुग्ने गरी थप कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यसैगरी आधारभूत तहको survival rate सत् प्रतिशत पुर्याउन र सबै आधारभूत विद्यालयहरूमा सिकाइ मापदण्डहरू पुरा गर्न स्थानीय र सङ्घसँग सहकार्य गरी थप लगानी गर्नु पर्ने देखिन्छ । यसै गरी माध्यमिक तहको खुद भर्ना दर वृद्धि गर्न थप लगानी र लक्षित समुदायसम्म पुग्ने गरी कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । यसै गरी राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्ष उमेरदेखि माथिको जनसंख्याको साक्षरता दर सत् प्रतिशत पुर्याउन प्रदेश सरकारले स्थानीय र संघीय सरकारसँगको सहकार्य र साझेदारीमा थप कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ ।

## ३. बागमती प्रदेश सरकारबाट शिक्षा क्षेत्रमा सञ्चालन भएका प्रमुख कार्यक्रमहरू

शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिका लागि बागमती प्रदेश सरकारले सञ्चालन गरेका प्रमुख कार्यक्रमहरूको संक्षिप्त परिचय निम्नानुसार रहेकोछ -

### क) शुन्य दरबन्दी भएका माध्यमिक विद्यालयहरूका लागि शिक्षक अनुदान

प्रदेशको सामाजिक विकास मन्त्रालयबाट आर्थिक वर्ष २०७६/७७ देखि शुन्य दरबन्दी भएका विद्यालयहरूको लागि शिक्षक अनुदान कार्यक्रम शुरुवात भएको हो । प्रदेश भित्रका ११९ स्थानीय

तह मध्ये ९४ स्थानीय तहका २७७ विद्यालयमा हाल शून्य दरबन्दी भएका माध्यमिक विद्यालयहरूको लागि शिक्षक अनुदान शिक्षक अनुदान कायम रहेको छ। चालु आर्थिक वर्ष २०८१/०८२ मा थप १० शिक्षक अनुदानको लागि शिक्षा विकास निर्देशनालयमा कार्यक्रम रहेको छ। शून्य दरबन्दी भएका २७७ माध्यमिक विद्यालयहरूका लागि शिक्षक अनुदान वितरण गरिएकामा यसबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि प्रभावकारी रहेको छ। यस कार्यक्रमले विद्यालय सञ्चालन र गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न सहयोग पुगेको देखिन्छ।

**ख) प्रत्येक जिल्लाको कम्तीमा एउटा विद्यालयमा नमुना बाल विकास केन्द्र स्थापना**

प्रत्येक जिल्लाको कम्तीमा एउटा विद्यालयमा नमुना बाल विकास केन्द्र सञ्चालन गर्ने कार्यक्रम बमोजिम १३ जिल्लामा ४३ ओटा बाल विकास केन्द्रहरूको नमुनाको रूपमा विकास गरिएको थियो। चालु आर्थिक वर्ष २०८१/०८२ मा ४० ओटा प्रारम्भिक बाल विकास केन्द्रको स्तरीकरण गर्ने कार्यक्रम रहेको छ। यस कार्यक्रमबाट बाल विकास केन्द्रहरूको स्तरोन्नति गर्न सहयोग पुगेको छ।

**ग) नमुना विद्यालय कार्यक्रम**

आर्थिक वर्ष २०७६/०७७ देखि प्रदेश अन्तर्गत १२ जिल्लाका १९ ओटा सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रूपमा छनोट गरी सञ्चालनमा रहेको छ। नमुना विद्यालय विकास गुरु योजना तर्जुमा गरी सोही आधारमा विद्यालयमा भौतिक पूर्वाधार निर्माण र शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको पाइयो। गुरुयोजना अनुसार स्रोतको सुनिश्चितता हुन नसकेको देखियो। प्रत्येक वर्ष बजेटको व्यवस्था गरी विद्यालयको शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सहयोग पुगेको देखिन्छ। विद्यार्थीहरूको सिकाइ उपलब्धि बढोत्तरी र सर्वाङ्गीण विकास गर्न उपलब्ध स्रोत साधन उपलब्धिमूलक रहेको देखिन्छ।

**घ) विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम**

आर्थिक वर्ष २०७९/८० मा ७१ वटा आधारभूत र १६८ वटा माध्यमिक विद्यालय गरी २३९ विद्यालयमा विद्यार्थी केन्द्रित व्यवस्थापन सुधारको कार्यक्रम सञ्चालन गरिएको थियो। आर्थिक वर्ष २०८०/०८१ मा १०० आधारभूत तथा ७५ माध्यमिक विद्यालय गरी कुल १७५ विद्यालयमा अनुदान उपलब्ध गराइएको छ। विगत वर्षको कार्यक्रमबाट विद्यालयलाई विद्यार्थी केन्द्रीत कार्यक्रम सञ्चालन गर्न उपयोगी एवम् सार्थक रहेको र कार्यक्रम नवप्रवर्तनात्मक भएको पाइएको छ।

**ङ) शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम**

आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयले शैक्षिक उपलब्धि सूचकको आधारमा ५१ वटा आधारभूत र २०० वटा माध्यमिक विद्यालयलाई पुँजीगत प्रोत्साहन अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन

भएको थियो । यसै गरी आर्थिक वर्ष २०८०।०८१ मा १०० आधारभूत तथा ७५ माध्यमिक विद्यालयमा वितरण गरिएको थियो । विद्यालयमा डिजिटाइजेशन गर्ने र विषयगत प्रयोगशाला लगायतको स्थापनाले शैक्षिक उपलब्धि हासिल गर्न सहज र प्रभावकारी रहेको देखिन्छ ।

**च) शैक्षिक छात्रवृत्ति कार्यक्रम**

प्रदेश सरकारले छोरी बुहारी छात्रवृत्तिको रूपमा सामुदायिक क्याम्पसको स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत छात्राहरूको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम आर्थिक वर्ष २०७५।०७६ देखि नै सुरु गरेको थियो । कृषि, भेटेरिनरी, सर्भेयर, सिभिल इन्जिनियर, वन विज्ञान विषयमा सामुदायिक विद्यालय/विद्यालयमा कक्षा ११ वा सो सरहमा अध्ययरत दलित, अल्पसंख्यक, सीमान्तकृत जातिका छात्रछात्राहरू र सामुदायिक क्याम्पसको स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रदान गरिने व्यवस्था रहेको छ ।

**छ) आवासीय विद्यालय कार्यक्रम**

आर्थिक वर्ष २०७५।०७६ देखि प्रदेशभित्र सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, धादिङ र चितवनका सिमान्तकृत र लोपोन्मुख समुदायको बालबालिकाहरूलाई लक्षित गरी पाँच सामुदायिक विद्यालयमा आवासीय विद्यालयहरूको सञ्चालन गर्दै आएको छ । हाल प्रदेश सरकारले करिब ७०० जना बालबालिकाहरूका लागि वार्षिक ४००००। का दरले रकम उपलब्ध गराउने कार्य भईरहेको छ । सिमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकाहरूको सिकाइमा सहयोग गर्ने कार्यक्रम सफल देखिन्छ ।

**ज) सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला**

प्रदेश सरकारले आर्थिक वर्ष २०७५।०७६ देखि सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गर्दै आएको छ । आजको २१ औं शताब्दि सूचना तथा सञ्चार प्रविधिको युग भएकोले विद्यालयहरूको आवश्यकता पहिचान गरी उच्चतम प्रयोगमा ल्याउन सक्ने विद्यालयहरूको एकिन गरी प्राथमिकताका आधारमा प्रयोगशाला स्थापना गर्नु पर्ने अवस्था रहेको छ ।

**झ) विषयगत प्रयोगशाला कार्यक्रम**

आर्थिक वर्ष २०७५।०७६ देखि २०८०।०८१ सम्म विज्ञान, गणित, भाषा विषय र सामाजिक अध्ययन विषयको अध्ययनका लागि प्रयोगशाला स्थापना गर्ने कार्यक्रम सञ्चालन गरेको थियो । गुणस्तरीय शिक्षाका लागि विद्यालयहरूमा विषयगत प्रयोगशाला आवश्यक भएकोले सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा विषयगत प्रयोगशालाको स्थापना गरी प्रभावकारी उपयोगका लागि शिक्षक तालिमसँग आबद्धता गरी यस कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ञ: एक विद्यालय एक नर्स कार्यक्रम

प्रदेश सरकारको स्वास्थ्यपछि सामाजिक विकास मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा परीक्षणको रूपमा २० विद्यालयबाट शुरु गरिएको एक सामुदायिक विद्यालय एक नर्स कार्यक्रम गत आर्थिक वर्ष २०८०/८१ सम्ममा बागमती प्रदेशका ७४८ सामुदायिक विद्यालयमा विस्तार भइसकेको छ। विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधारका लागि विद्यालयमा नर्स कार्यक्रम निकै उपयोगी र प्रभावकारी रहेको छ।

### ट) विद्यालय बस अनुदान कार्यक्रम

मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ देखि विद्यालयमा बस सेवा सञ्चालनका लागि बस खरिद गर्न अनुदानको व्यवस्था गरी कार्यान्वयनमा रहेको छ। आर्थिक वर्ष २०८०/०८१ सम्ममा १७ सामुदायिक विद्यालयमा विद्यालय बस अनुदान उपलब्ध गराइएको छ। विद्यार्थी कम भएका र नजिकको दुरिमा रहेका सामुदायिक विद्यालयहरूको एकीकरण गरी सहजरूपमा विद्यालय सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। केही विद्यालयहरूमा प्रभावकारी रहेको बस सेवा केही विद्यालयमा निरन्तरता दिन कठिनाइ रहेको अवस्था रहेको छ।

### ठ) विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम

प्रदेश सरकारको स्थापना पछि बागमती प्रदेश सरकारले लगानी गरेको प्रमुख क्षेत्र विद्यालय पूर्वाधार निर्माण हो। विद्यार्थीहरूको सुरक्षित वातावरणमा अध्ययन गर्न पाउने अधिकारको सुनिश्चितताका लागि विद्यालयहरूको पूर्वाधार विकास गर्नु पर्ने आवश्यक हुन्छ। विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत दुई कोठे भवन निर्माण, विद्यालय घेरबार निर्माण, स्वच्छ खानेपानी व्यवस्थापन, दुई कोठे शौचालय कार्यक्रम, छात्रावास र मर्मत सम्भार तथा ट्रस निर्माण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस कार्यक्रमले विद्यार्थीहरूको सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता गर्न धेरै सहयोग पुगेको देखिन्छ।

### ड: "सिक्दै कमाउँदै–कमाउँदै सिक्दै" कार्यक्रम

बागमती प्रदेश सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुने शिक्षालय, प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय मार्फत एक प्राविधिक शिक्षालय/विद्यालय एक उद्यम कार्यक्रमबाट शुरु गरेको हो। यसको विस्तार गरी आर्थिक वर्ष २०८०/०८१ मा सिक्दै कमाउँदै र कमाउँदै सिक्दै कार्यक्रमलाई सामुदायिक माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको थियो।

**ङ) शिक्षक तालिम कार्यक्रम**

प्रदेश सरकारको एक महत्वपूर्ण कार्यक्रम शिक्षक तालिम हो । प्रदेश सरकारको स्थापना पछि प्रारम्भिक बाल विकास शिक्षक, आधारभूत तथा माध्यमिक शिक्षक र प्रधानाध्यापकहरूका लागि पाँचदिने पुनर्ताजगी तालिम सञ्चालन गर्दै आएको छ । प्रत्येक वर्ष करिब २००० शिक्षकहरूलाई पाँच दिने पुनर्ताजगी तालिम सञ्चालन गर्दै आएको छ । प्रदेश सरकारले सञ्चालन गरेको पुनर्ताजगी तालिमको प्रभावकारिता सम्बन्धमा गरिएको अध्ययनअनुसार शिक्षकको पेसागत विकासका लागि संरचनात्मक, प्राविधिक र व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

**च) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (औद्योगिक प्रशिक्षार्थी र पूर्व मान्यतामा आधारित (RPL)**

प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सम्बन्धमा हाल २४ महिने (Dual VET) औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन गर्दै आएको छ । यसमा प्रशिक्षार्थीहरूले शिक्षालय र उद्योगमा अभ्यास गर्दै सिक्दै कमाउँदै अवधारणा अनुसार तालिम सञ्चालन भएको छ । हाल करिब ५०० जना यस कार्यक्रममा सहभागी रहेकाछन भने बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८१।०८२ मा १० ओटा शिक्षालय/विद्यालय मार्फत ५०० जनालाई औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन भइरहेको छ ।

प्रदेश तहमा पूर्व सिकाइ मान्यतामा आधारित सिप परीक्षणको लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ। गत आर्थिक वर्ष ३११ जना सीप परीक्षण गरिएको छ भने चालु आर्थिक वर्ष २०८१।०८२ मा करिब ५०० जनाको सीप परीक्षण गर्ने लक्ष्य रहेकोछ। यस कार्यक्रमबाट कुनै पनि व्यक्तिले आफूले सिकेको ज्ञान तथा सीपको परीक्षण गरि आफ्नो सिपको पहिचान गरी रोजगारीका लागि अवसर प्रदान गर्ने सम्भावना बढ्दै गएको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको रुची र खुबी अनुसार आफ्नो वृत्ति मार्ग छनोटका लागि अभिमुखीकरण गर्ने कार्यक्रम स्थानीय तहसँगको सहकार्यमा शुरुवात गरिएको छ।यस क्षेत्रमा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने प्रशिक्षक प्रशिक्षण र शिक्षक तालिम र सामग्रीहरूको विकास गर्नेक लागि शिक्षा तालिम केन्द्रलाई प्राविधिक कार्य गर्ने जिम्मेवारीसहित स्रोत केन्द्रको रुपमा विकास गरिएको छ । यसै गरी डिजीटल माध्यमबाट वृत्ति मार्ग निर्देशन सञ्चालन गर्ने पोर्टलकव विकास गरी सञ्चालन गर्दै आएको छ ।

**४. विद्यमान समस्या तथा चुनौतीहरू**

प्रदेश तहमा शिक्षा क्षेत्रमा योजनाबद्ध रुपमा कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरीय शिक्षाका लागि देखिएका समस्या तथा चुनौतीहरूमा संवैधानिक व्यवस्था बमोजिम संघ र स्थानीय तहसँग समन्वय

तथा सहकार्य गरी बालविकास शिक्षादेखि विश्वविद्यालयसम्मको औपचारिक शिक्षा तथा साक्षरतादेखि आजीवन शिक्षा एवं समकक्षी शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु, प्रदेश भित्रका शिक्षण संस्थाहरूमा रहेको गुणस्तरको विविधतालाई प्रदेशभित्र वा अन्तरप्रदेश तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा विशिष्टीकृत हुनेगरी विद्यालय तहको शैक्षिक गुणस्तर सुनिश्चित गर्नु, सार्वजनिक शिक्षामा लगानीको सुनिश्चितता गर्नु, शिक्षालाई व्यवहारिक, जनमुखी, जीवनोपयोगी तथा वैज्ञानिक बनाई उत्पादनसँग जोड्नका लागि मानवीय जनशक्तिको क्षमता अभिवृद्धि गर्दै तीनै तहका सरकारका बीचमा समन्वय र सहकार्य गर्नु, शिक्षालाई प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक बनाई प्रदेश र राष्ट्रका लागि आवश्यक योग्य र दक्ष जनशक्तिका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन गर्नु, प्रारम्भिक बाल विकास तथा शिक्षामा लगायत आधारभूत र माध्यमिक तहमा प्रविधियुक्त न्यूनतम सिकाइ पूर्वाधार र सिकाइ सामग्रीको व्यवस्था गरी सबैको सहज पहुँच सुनिश्चित गर्नु, सुशासनका विविध पक्षहरूमा (सामूहिक सहभागिता, जवाफदेहिता, पारदर्शिता र सदाचार) सुधार ल्याई सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण र विश्वास अभिवृद्धि गर्नु, एकीकृत ऐन बनाउनु, एकलसूचीमा परेका विषयहरूमा साझा सूचीमा दोहोरो पर्नु, निजी र सामुदायिक शिक्षण संस्थामा रहेको अन्तर गुणस्तर र लगानीबीचको तालमेल नभएको, अनिवार्य नि:शुल्क शिक्षाको कार्यान्वयन फितलो रहेको र संघ प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय तथा सहकार्य गर्नु प्रमुख समस्या तथा चुनौतीको रूपमा रहेका छन् ।

## ५. आगामी कार्य दिशा

प्रदेश तहमा शिक्षा क्षेत्रलाई थप व्यवस्थित र योजनाबद्ध रूपमा कार्यक्रमहरू सञ्चालन गर्नका लागि उपरोक्त समस्याहरूको समाधान गरी चुनौतीहरूको सामना गर्न सक्नु पर्दछ । जसका लागि बागमती प्रदेश सरकारबाट स्वीकृत शिक्षा नीतिको कार्य योजना सहित प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । अनिवार्य तथा नि:शुल्क शिक्षामा जोड दिने, शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थी केन्द्रित सुधार, शिक्षण सिकाइमा डिजिटल प्रविधिमा जोड, समावेशी शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्योगसँग आबद्धता, प्रअ तथा शिक्षकको क्षमता अभिवृद्धि, सामुदायिक पुस्तकालयहरूको सुदृढीकरण, विद्यालयको शैक्षिक र भौतिक पूर्वाधार विकास र सार्वजनिक विश्वविद्यालय मार्फत् दक्ष जनशक्तिको उत्पादनमा जोड दिने गरी संघ र स्थानीय तहसँग सहकार्य र साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्नु सान्दर्भिक हुनेछ । यसैगरी प्रदेशको शिक्षा नीतिले मार्ग निर्देशन गरेका निम्नानुसार कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिनु पर्दछ ।

- न्यूनतम पूर्वाधार र सुविधा सहित प्रारम्भिक बाल विकास तथा शिक्षाको विस्तार गरी गुणस्तरमा सुधार गर्ने । औपचारिक शिक्षा तर्फका बालविकास, आधारभूत, माध्यमिक शिक्षा को जिम्मेवारी पूरा गर्न स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने । औपचारिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट जनतासँग सिक्ने तथा जनतालाई सिकाउने व्यवस्था मिलाउने ।

- विद्यार्थीलाई अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउने, शिक्षण सिकाइमा विद्यार्थीको मातृभाषा तथा लिपिको प्रयोग गर्ने, विद्यालय तहको शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकास तथा विशेष सिकाइ वातावरण तयार गर्ने, प्रदेशभित्रका गुरुकुल, मदरसा, गुम्बा आदिमा दिइने शिक्षालाई मूलधारको समकक्षी बनाउने, विपन्न तथा क्षमतागत रूपमा विशिष्टिकृत विद्यालय सञ्चालन गर्ने ।
- विद्यालय तहदेखि उच्च शिक्षासम्मको शिक्षण सिकाइलाई जनमुखी, व्यवहारिक, वैज्ञानिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सीप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठन पाठन गर्ने प्रबन्ध मिलाउने, शैक्षिक गुणस्तरको मानक बनाई शिक्षाका सबै तह र क्षेत्रमा लागु गर्ने र सरकारी, गैर सरकारी संस्था र स्थानीय समुदायको सहयोग र सहकार्यमा विशेष शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा समावेशी तथा विशेष कक्षाको प्रबन्ध गर्ने, अनौपचारिक तर्फका साक्षरता, साक्षरोत्तर तथा आजीवन शिक्षा पुरा गर्ने स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने, न्यूनतम पूर्वाधार र सुविधा सहित प्रारम्भिक बाल विकास तथा शिक्षाको विस्तार गरी गुणस्तरमा सुधार गर्ने र औपचारिक शिक्षा तर्फका बालविकास, आधारभूत, माध्यमिक शिक्षा को जिम्मेवारी पुरा गर्ने स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने ।
- औपचारिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट जनतासँग सिक्ने तथा जनतालाई सिकाउने व्यवस्था मिलाउने, विद्यार्थीलाई अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउने, शिक्षण सिकाइमा विद्यार्थीको मातृभाषा तथा लिपिको प्रयोग गर्ने विद्यालय तहको शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकास तथा विशेष सिकाइ वातावरण तयार गर्ने ।
- प्रदेशभित्रका गुरुकुल, मदरसा, गुम्बा आदिमा दिइने शिक्षालाई मूलधारको समकक्षी बनाउने, विपन्नगत तथा क्षमतागत रूपमा विशिष्टिकृत विद्यालय सञ्चालन गर्ने,विद्यालय तहदेखि उच्च शिक्षासम्मको शिक्षण सिकाइलाई जनमुखी, व्यवहारिक, वैज्ञानिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सीप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठनपाठनको प्रबन्ध मिलाउने ।
- शैक्षिक गुणस्तरको मानक बनाई शिक्षाका सबै तह र क्षेत्रमा लागु गर्ने, सरकारी, गैर सरकारी संस्था र स्थानीय समुदायको सहयोग र सहकार्यमा विशेष शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने, विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा समावेशी तथा विशेष कक्षाको प्रबन्ध गर्ने र अनौपचारिक तर्फका साक्षरता, साक्षरोत्तर तथा आजीवन शिक्षा पुरा गर्ने स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने ।

## ६. निष्कर्ष

नेपालको संविधान अनुसार तीन तहको शासकीय व्यवस्था सञ्चालनमा रहेको छ । सोही अनुरुप तीन तहको कार्य जिम्मेवारीको व्यवस्था गरिएको छ । प्रदेश सरकारको शिक्षाको क्षेत्रमा एकल र

साझा अधिकारको कार्यान्वयन गर्नु प्रदेश सरकारको जिम्मेवारी हो । यसका लागि बागमती प्रदेश सरकार प्रादेशिक नीति जारी गरिसकेको छ । उक्त नीतिलाई मार्ग दर्शन मानी प्रदेश भित्र अपेक्षित शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । शिक्षामा पहुँचको सुनिश्चितता र गुणस्तर अभिवृद्धिमा जोड दिने गरी स्थानीय तह र सङ्घसँग समन्वय र सहकार्य गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नु अहिलेको आवश्यकता हो ।

**सन्दर्भ सामग्री**

आर्थिक मामिला तथा योजना मन्त्रालय (२०८१) । आर्थिक सर्वेक्षण २०८०/०८१ हेटौंडा: आर्थिक मामिला तथा योजना मन्त्रालय ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय , (२०७६) । नेपालको संविधान, २०७२ काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

प्रदेश नीति तथा योजना आयोग, (२०८१) । दोस्रो योजना,२०८१ । हेटौंडा नेपाल: प्रदेश नीति तथा योजना आयोग ।

सामाजिक विकास मन्त्रालय (२०८०) । वार्षिक प्रगति प्रतिवेदन (२०७९/०८०) हेटौंडा: सामाजिक विकास मन्त्रालय

सामाजिक विकास मन्त्रालय (२०८०) । प्रादेशिक शिक्षा नीति २०८०: बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय, (२०८१) । [illegible] हेटौंडा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश ।

सामाजिक विकास मन्त्रालय (२०८०) । विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी कार्यदलको प्रतिवेदन । हेटौंडा: सामाजिक विकास मन्त्रालय ।

बागमती प्रदेश सरकार (२०८०) । प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० हेटौंडा: बागमती प्रदेश सरकार ।

# शिक्षक पेसागत तालिम : एक सिंहावलोकन

रुद्रहरि भण्डारी
निमित्त कार्यकारी निर्देशक–शिक्षा तालिम केन्द्र, धुलिखेल

## १. शिक्षक तालिम र पृष्ठभूमि

प्रज्ञा नेपाली बृहत् शब्दकोशअनुसार तालिमको अर्थ कुनै काम वा विषयमा व्यवस्थित रूपमा दिइने शिक्षा वा प्रशिक्षण भनेर उल्लेख गरिएको छ । शिक्षकलाई दिइने तालिम नै शिक्षक तालिम हो, यसमा विषयवस्तुसँगै शिक्षणीय शिल्पमा क्षमता अभिवृद्धितर्फ जोड दिइन्छ । यसको उद्देश्य शिक्षकको ज्ञान, सीप, क्षमता र दक्षतामा अभिवृद्धि गरी व्यावहारिक परिवर्तन ल्याई शिक्षण सिकाइमा गुणात्मक अभिवृद्धि गर्नु हो ।

नेपालमा औपचारिक रूपमा शिक्षक तालिमको सुरुवातका लागि तत्कालमा वि.सं. २००४ मा आधार शिक्षक शिक्षण केन्द्रको स्थापनासँगै भएको पाइन्छ । सोही आधार शिक्षक शिक्षण केन्द्रको भवनमा वि. सं. २०११ देखि राष्ट्रिय शिक्षक शिक्षण केन्द्र उद्घाटन भयो र आधार शिक्षण केन्द्रबाट उत्पादित जनशक्ति नै राष्ट्रिय शिक्षक शिक्षण केन्द्रका प्रशिक्षक हुने व्यवस्था गरियो । यस केन्द्रले मात्र शिक्षक तालिमका कार्यक्रम सञ्चालन गर्न नभ्याउने भएपछि वि. सं. २०१३ सालदेखि उपत्यकाबाहिर धरान, वीरगञ्ज र नेपालगञ्जमा घुम्ती तालिम केन्द्र स्थापना गरियो । सो समयमा कक्षा ८ पास गरेकालाई १० महिने वा एक शैक्षिक वर्षको नियमित कार्यक्रम र कक्षा ८ पास गरी दुई वर्ष शिक्षक भई काम गरिसकेकालाई दुई महिनाको गर्मीबिदाको अवधिमा तीन वर्षको तीन चरणमा पूरा हुने कार्यक्रम सञ्चालन गरियो । नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०११ को सिफारिसबमोजिम वि. सं. २०१३ मा कलेज अफ एजुकेशनको स्थापना भएपछि पूर्वसेवाकालीन र सेवाकालीन तालिम सञ्चालन गरियो । स्नातक उत्तीर्ण गरेकालाई एकवर्षे, इन्टरमिडियट उत्तीर्ण गरेकालाई दुईवर्षे र एसएलसी गरेकालाई चारवर्षे शिक्षक शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो । यस कलेज अफ एजुकेशनबाट नै नर्मल स्कुल तालिम, शिक्षक शिक्षा तालिम, व्यावसायिक शिक्षा तालिम जस्ता तालिमका कार्यक्रम सञ्चालन गरियो ।

वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालय स्थापना भएसँगै कलेज अफ एजुकेशनको संरचनामा फेरबदल आयो, तर पनि रा.शि.प.यो. प्रचलनमा नआउन्जेल कलेज अफ एजुकेशनले विभिन्न विषयमा आइ.एड देखि एम.एड. सम्मका कार्यक्रम सञ्चालन गरेको थियो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पछि भने शिक्षक नियुक्तिलाई व्यवस्थित गरियो । विद्यालयको तह अनुसार, शिक्षकको योग्यता, तालिम तथा नियुक्तिको प्रक्रिया तोकियो । एस.एल.सी. वा सो

सरह, आइ.ए. वा सो सरह बि.ए. वा सोसरह उत्तीर्ण भएका व्यक्तिहरूलाई एकएक वर्षको तालिम दिई क्रमशः प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षकका लागि तयार गर्ने काम भयो ।

वि. सं. २०४९ बाट सुरु भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) ले प्राथमिक शिक्षकका लागि १५० घण्टा तालिम लिएकालाई थप १८० घण्टा तालिम दिएर ३३० घण्टा पुऱ्याएर पहिलो चरण पुरा गरियो । यसरी १५०+१८०= ३३० घण्टा (२.५ महिने) पहिलो चरण र पुनः १५०+१८०= ३३० घण्टा (२.५ महिने) गरी १० महिना बराबरको तालिम प्राप्त शिक्षकको रूपमा तयार गरियो । यसलाई दूर शिक्षाको माध्यमबाट पनि प्राप्त गर्न सक्ने व्यवस्था गरिएको थियो ।

शिक्षक तालिमको सुरुवातदेखि हालसम्मको अवस्थालाई हेर्ने हो भने १० महिने तालिम, सेवाकालीन तालिम, एसएसआरपीले ल्याएको मोड्युलर तालिम, एसएसडीपीको फेज प्रणालीको तालिम, कस्टमाइज्ड तालिम, पुनर्ताजगी तालिम आदि नामले सञ्चालित छन् । एसएसआरपीले ल्याएको मोड्युलर तालिम २०६६ सालदेखि २०७२ (५ दिन तालिम केन्द्रमा सञ्चालन र ५ दिन स्कूल बेस परियोजना कार्य गरी १० दिने गरी पहिलो फेज त्यसै गरी दोस्रो र तेस्रो फेज पुरा गरेपछि १ महिने तालिम पुरा हुने), एसएसडीपी अनुसार फेज प्रणालीको तालिम २०६६ सालदेखि २०७२ (१० दिन तालिम केन्द्रमा आधारित र ५ दिन स्कूलमा आधारित परियोजना कार्य गरी १५ दिने गरी पहिलो फेज त्यसै गरी दोस्रो पुरा गरेपछि १ महिने तालिम पुरा हुने ) व्यवस्था गरिएको थियो । हाल समग्र रूपमा शिक्षक तालिमलाई टिपिडी तालिम भनिने गरिएको छ । जुन कि प्रमाणीकरणका कारण यसलाई सेवाकालीन तालिम भन्न सकिन्छ । यो वृत्ति विकाससँग जोडिएको छ ।


२. शिक्षा तालिम केन्द्र

राष्ट्रिय शिक्षा आयोग, २०४९ ले सिफारिस गरेअनुसार शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको सेवाकालीन तालिममार्फत् पेसागत कार्यदक्षताका लागि राष्ट्रियस्तरमा उच्च तहको एकीकृत संस्थाको आवश्यकता महसुस गरी वि.सं. २०५० साउन १ गते तत्कालीन शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भयो । यस केन्द्रअन्तर्गत वि.सं. २०५३ सालमा प्राथमिक शिक्षकहरूलाई तालिम दिने उद्देश्यले देशभर ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना गर्ने क्रममा शिक्षा तालिम केन्द्र धुलिखेलको स्थापना भएको हो । वि.सं. २०६१ सालमा प्राथमिक शिक्षकहरूलाई तालिम दिँदै आएको प्राथमिक शिक्षक तालिम केन्द्रलाई नाम परिवर्तन गरी शैक्षिक तालिम केन्द्र "क" बनाइयो । त्यसैताका साविकमा रहेका माध्यमिक शिक्षा विकास एकाइ (सेडु) हरूलाई शैक्षिक जनशक्ति विकास केन्द्र मातहत रहने गरी २० ओटा शैक्षिक तालिम केन्द्र "ख" तथा ५ उपकेन्द्रका रूपमा पुनर्स्थापित गरियो ।

नेपालको संविधानबमोजिम तीन तहको शासकीय स्वरूपको व्यवस्था भएबमोजिम २०७४ सालमा प्रदेश सरकारको गठन भएपछि नेपाल सरकारको मिति २०७५/०२/०६ को निर्णयअनुसार तत्कालीन शैक्षिक तालिम केन्द्रको नाम परिवर्तन गरी शिक्षा तालिम केन्द्रको नाममा प्रदेश सरकारको, सामाजिक विकास मन्त्रालय मातहतमा स्थापना भई सञ्चालनमा ल्याइयो । सातै प्रदेशमा एक/एकवटा शिक्षा तालिम केन्द्र कायम गरी तत्कालीन शैक्षिक तालिम केन्द्र क, ख र उप केन्द्र समेत सोही शिक्षा तालिम केन्द्रमा गाभिए । शिक्षा तालिम केन्द्र, धुलिखेलले साबिकको शैक्षिक तालिम केन्द्र नुवाकोट, चितवन र काठमाडौंलाई लक्षित गरी वि.सं. २०८० बाट शिक्षा तालिम केन्द्र धुलिखेलको, विस्तारित शिक्षा तालिम इकाइको रूपमा नुवाकोट, चितवन र काठमाडौंमा माध्यमिक तहको शिक्षक प्रशिक्षक र प्राथमिक तहको शिक्षक तालिम सहायकको रूपमा कायम राखी तालिम सञ्चालन गर्दै आएको छ ।

### ३. शिक्षा तालिम धुलिखेलको कार्यक्षेत्र र कार्यविवरण

शिक्षा तालिम केन्द्र, धुलिखेलले बागमती प्रदेश सरकार र नेपाल सरकारमार्फत् हस्तान्तरण भएका तालिमहरू संचालन गर्छ । नेपाल सरकारबाट शिक्षकको पेसागत विकास तालिम, छोटो अवधिका कस्टमाइज्ड तालिम प्रदेश सरकारबाट क्षमता अभिवृद्धिका तालिम, नेतृत्व क्षमता विकासका तालिम सञ्चालन हुने गर्छ । जसअनुसार शिक्षा तालिम केन्द्र धुलिखेलको कार्य विवरण र कार्यक्षेत्र निम्नानुसार रहेको छ :-




क) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारणअनुसार शिक्षक तथा कर्मचारीको क्षमता विकासका कार्य,

ख) विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा सहजीकरण,

ग) विद्यालय शिक्षासम्बद्ध अध्ययन अनुसन्धान तथा शिक्षा क्षेत्रमा प्रवर्तनात्मक कामहरूमा उत्प्रेरणा र सहजीकरण,

घ) विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्री प्रभावकारी कार्यान्वयनका लागि तालिम सञ्चालन पेसागत सहयोग,

ङ) स्थानीय तहसँग पाठ्यक्रमसम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सेवा प्रवाह,

च) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम तथा मानव संसाधन विकासको क्षेत्रमा मन्त्रालयको नीतिको कार्यान्वयन,

छ) शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको तोकिएको मापदण्डअनुसार सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन,

ज) शिक्षक पेसागत विकासका लागि प्रदेश तहमा मापदण्ड तर्जुमा तथा कार्यान्वयनसम्बन्धी कार्यहरू,

झ) शिक्षक, प्रधानाध्यापक तथा शिक्षासम्बद्ध कर्मचारी क्षमता विकासका लागि प्रदेश तहमा तालिम नीति, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र पेसागत दक्षता अभिवृद्धिका लागि तालिमलगायतका कार्यहरू,

ञ) स्थानीय तहमा शिक्षाको व्यवस्थापन र विकासमा संलग्न गाउँपालिका/नगरपालिका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, अभिभावक, जनप्रतिनिधि र अन्य जनशक्तिको नेतृत्व र क्षमता विकास,

ट) विद्यालय तहमा शैक्षिक गुणस्तरका लागि पाठ्य/शैक्षिक सामग्री, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विभिन्न तहमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्य,

ठ) शिक्षक तथा शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि पाठ्यक्रम तथा तालिम स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, डिजिटल सामग्रीको विकास, उत्पादन, वितरण र प्रसारणसम्बन्धी कार्य गर्ने गराउने,

ड) प्रदेशस्तरीय शिक्षक सक्षमता प्रारूप विकास, स्वीकृति र कार्यान्वयन,

ढ) सामुदायिक एवम् संस्थागत विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षक र कर्मचारीलाई असल अभ्यासको आदानप्रदान र पेसागत विकासका अन्य क्रियाकलापमा संलग्न गराउने,

ण) शिक्षक तालिम प्रमाणीकरण, मान्यता तथा समकक्षता सम्बन्धी कार्य गर्ने गराउने,

त) प्रदेशस्तरीय शिक्षक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था र तालिम कार्यक्रमको सुपरिवेक्षण र प्राविधिक सहयोगसम्बन्धी कार्यहरू,

थ) शिक्षक, प्रधानाध्यापक र अन्य जनशक्तिको तालिमको प्रभावकारिता सम्बन्धमा अनुसन्धानसम्बन्धी कार्य,

द) प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण, उत्पादन र प्रकाशन एवम् विद्यालयमा वितरणसम्बन्धी कार्य,

ध) मन्त्रालयबाट तोकिएबमोजिमका अन्य कार्यहरू ।

शिक्षा तालिम केन्द्र, धुलिखेलको बागमती प्रदेश भित्रका १३ जिल्ला र ११९ स्थानीय तह कार्यक्षेत्र

रहेको छ । उक्त कार्य क्षेत्र भित्र ५००७६ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई लक्षित गरी तालिम दिनु पर्ने रहेको छ ।

**तहगत रूपमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक विवरण**

| आधारभूत तह (कक्षा १-५) | | | आधारभूत तह (कक्षा ६-८) | | | माध्यमिक तह (कक्षा ९-१०) | | | माध्यमिक तह (कक्षा ९-१२) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

स्रोत :CEHRD, Flash I REPORT २०७६ (२०१९-०२०)

**४. शिक्षा तालिम केन्द्रबाट सञ्चालित शिक्षकको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिमहरू**

शिक्षा तालिम केन्द्रबाट शिक्षकको क्षमता अभिवृद्धिसँग देहायबमोजिमका तालिम सञ्चालन हुन्छन् :-

- बालविकास केन्द्रका शिक्षकदेखि विद्यालय तहका शिक्षकहरूको क्षमता अभिवृद्धि, पेसागत विकासलगायतका तालिम संचालन,
- आधारभूत तथा माध्यमिक तहका शिक्षकहरूको ICT मा आधारित क्षमता विकास तालिम संचालन,
- आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरूको नेतृत्व क्षमता अभिवृद्धिसम्बन्धी छोटो अवधि र पेसागत विकासका तालिम संचालन,
- प्राविधिक धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकको क्षमता अभिवृद्धि र पेसागत विकास तालिम संचालन,
- छोटो अवधिका तालिम सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण तालिम संचालन,
- वृत्ति मार्गनिर्देशनसम्बन्धी प्रशिक्षक प्रशिक्षणलगायत क्षमता अभिवृद्धिका तालिम संचालन,
- विभिन्न कस्टमाइज्ड तालिमहरू संचालन ।

शिक्षा तालिम केन्द्र, धुलिखेलले उल्लेखित कार्यक्रम अनुसार विगत ३ आर्थिक वर्षको स्वीकृत शिक्षक तालिम कार्यक्रमको विवरण निम्नानुसार रहेको छ :-

| क्र.सं | आ.व | क्षमता अभिवृद्धि तालिम/कस्टमाइज्ड तालिम | | संघीय सशर्त अनुदानबाट सञ्चालित शिक्षक पेसागत विकास (TPD) तालिम | जम्मा |
|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | | |
| १ | २०७८/०७९ | ४९ | १३११ | १६३५ | ३०८३ |
| २ | २०७९/०८० | ५० | १६३३ | १०१७ | २७६० |
| ३ | २०८०/०८१ | ७६८ | २४०९ | ११५८ | ४३३५ |

शिक्षा तालिम केन्द्रको कार्यक्षेत्र अनुसार ५००८९ जना सामुदायिक शिक्षक रहेकमा ३ आर्थिक वर्षको शिक्षक तालिम कार्यक्रमलाई हेर्दा आ.व. २०७८/०७९ मा १०८३ जना, आ.व २०७९/०८० मा २७६० र २०८०।८१ मा ४२३५ जना शिक्षकलाई तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको देखिन्छ। यसरी हेर्दा बागमती प्रदेश भित्रका सबै शिक्षक समक्ष तालिम पुऱ्याउन धेरै वर्ष कुर्नु पर्ने अवस्था देखिन्छ।

## ५. शिक्षक पेसागत विकासको विद्यमान अवस्था

शिक्षक पेसागत विकास प्रारूप, २०७२ को पहिलो परिमार्जित संस्करणका रूपमा शिक्षक पेसागत विकास प्रारूप २०८० शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०८०।०३।१९ को निर्णयबाट स्वीकृत गरिएको छ। यस प्रारूपले शिक्षकको पेसागत विकासका विधिहरूमा नवीनता ल्याउन खोजेको देखिन्छ। एउटा शिक्षकको पेसागत विकासका दश ओटा विधि तोकिएको छ: सेवा प्रवेश तालिम, एक महिने प्रमाणीकरण तालिम, शिक्षक मेन्टोरिङ, छोटो अवधिका कस्टमाइज्ड तालिम, पाठ अध्ययन, स्वनिर्देशित सिकाइ, कार्यमूलक अनुसन्धान, सिकाइ सञ्जाल सहपाठी कक्षा अवलोकन र स्वमूल्याङ्कन। स्थायी रूपमा सेवाप्रवेश गरेदेखि नै तालिमको विभिन्न अवसर पाइहने र त्यसले शिक्षकको क्षमता अभिवृद्धि गरी सिकाइमा गुणस्तर ल्याउन सहयोग गर्ने देखिन्छ। शिक्षक पेसागत विकास प्रारूप २०८० अनुसार सञ्चालन हुने मुख्य मुख्य तालिम कार्यक्रमहरू निम्नानुसार रहेका छन् :–

### क. सेवा प्रवेश तालिम

शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका नवप्रवेशी शिक्षकलाई पेसागत जिम्मेवारी, दायित्व र भूमिकाप्रति सचेत गराई शिक्षण पेसाप्रति लगाव र सकारात्मक सोच विकास गर्ने, सिकाइ सहजीकरण सीप विकास गर्ने, असाइकुलता भएका र विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाको विकास तथा सिकाइमा सहजीकरण गर्ने सीप विकासको महत्वपूर्ण आधारको रूपमा यस सेवा प्रवेश तालिमलाई लिइएको छ। यो सेवा प्रवेश तालिम ३० कार्यदिनको हुने जसमा १५ कार्यदिनको आमनेसामने वा अनलाईन वा मिश्रित विधिबाट सञ्चालन गरिनेछ भने १५ कार्यदिन विद्यालयमा आधारित रहने छ।


### ख. एक महिने प्रमाणीकरण तालिम

एक महिने प्रमाणीकरण तालिम सम्बन्धमा शिक्षक पेसागत प्रारूप २०८० लाई मुख्य आधार मानेर प्रस्तुत गरिएको छ। यस तालिमलाई शिक्षक पेसागत दक्षता अभिवृद्धिका साथै वृत्ति विकासको

अवसरसँग आबद्ध गरिने छ । शिक्षण सेवामा प्रवेश गरेको पाँच वर्षभित्र प्रमाणीकरण तालिम दिने व्यवस्था रहेको छ ।

एक महिने प्रमाणीकरण तालिम १५ दिन तालिम प्रदायक संस्थामा र १५ दिन विद्यालयमा आधारित रहेको छ । १५ दिन तालिम प्रदायक संस्थामा सम्पन्न गरेपश्चात दोस्रो खण्डका रूपमा विद्यालयमा आधारित १५ कार्यदिन बराबरको काम गर्नुपर्छ । तालिम प्रदायक संस्थामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित हुने छ ।

**एक महिने प्रमाणीकरण तालिमको संरचना**




**तालिमको मूल्याङ्कनका आधारहरू**

**क. पहिलो खण्ड – ५० अङ्क**

१. सहभागिता -१५ अङ्क
- छलफल तथा प्रस्तुतीकरण – ९ अङ्क
- आचारसंहिताको पालना -३ अङ्क
- तालिमप्रतिको प्रतिबद्धता – ३ अङ्क

२. लिखित परीक्षा -३० अङ्क

३. विद्यालयमा आधारित क्रियाकलाप सञ्चालन तथा परियोजना निर्माण – ५ अङ्क

**ख. दोस्रो खण्ड – ५० अङ्क**

१. कार्यसम्पादन – २१ अङ्क

२. प्रतिवेदन -२१ अङ्क

३. प्रस्तुतीकरण – ८ अङ्क

**एक महिने प्रमाणीकरण तालिममा विद्यालयमा सम्पादन गर्नुपर्ने कार्यहरू**

| क्र.सं | क्षेत्र | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|---|
| १ | कार्यसम्पादन | १. कम्तीमा १० वटा पाठयोजनासहित अभ्यास शिक्षण | ७×३=२१ |
| | | २. शिक्षण सुधार योजना | |
| | | ३. कार्यमूलक अनुसन्धान | |
| | | ४. पाठ अध्ययन अभ्यास | |
| | | ५. ICT उपयोग | |
| | | ६. पूरक सामग्रीको उपयोग | |
| | | ७. पहिलो खण्डको १५ दिनको तालिम पाठ्यक्रम अनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या ६ सम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | |

**एक महिने प्रमाणीकरण तालिमको मूल्याङ्कन**

| क्र.सं | श्रेणी | अङ्कभार |
|---|---|---|
| १ | विशिष्टतासहितको प्रथम श्रेणी | ९० र सोभन्दा माथि |
| २ | प्रथम श्रेणी | ८० देखि ९० अङ्कभन्दा कम |
| ३ | द्वितीय श्रेणी | ६५ देखि ८० अङ्कभन्दा कम |
| ४ | तृतीय श्रेणी | ५० देखि ६५ अङ्कभन्दा कम |
| ५ | अनुत्तीर्ण | ५० अङ्कभन्दा कम |

(शिक्षक पेसागत विकास प्रारूप, २०८०)

**ग. शिक्षक मेन्टरिङ**

नव प्रवेशी शिक्षकहरूका लागि अनुभवी र आफ्नो विषयक्षेत्रमा विज्ञ मेन्टरको मार्गनिर्देशनमा रहेर विषयसम्बद्ध आधारभूत शैक्षणिक सीप प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ । दैनिक पाठयोजना निर्माण, सहयोगात्मक सिकाइ वातावरण निर्माण, शिक्षण विधि तथा तरिकाको प्रयोग, सिकाइ आवश्यकता भएका बालबालिकाको सिकाइ तथा विकासमा सहजीकरण, सिकाइ सामग्री निर्माण र प्रयोग, विद्यार्थी सिकाइको लेखाजोखा र मूल्याङ्कन गर्ने सीप विकास हुने गरी

नव प्रवेशी शिक्षकलाई मेण्टरिङ सहायता प्रदान गरिने छ । यो सहायता २२ हप्ताका आधारमा कम्तीमा ३५ घण्टा सक्रिय सहयोग पाउने गरी न्यूनतम प्याकेजबाट नवप्रवेशी शिक्षक लाभान्वित हुनेछन् । उक्त ३५ घण्टाको समय देहाय बमोजिम हुनेछ -

| सि.नं | क्रियाकलाप | कैफियत |
|---|---|---|
| १ | सुरुवाती बैठक- अभिमुखीकरण र कार्ययोजना निर्माण (४ घण्टा) | नव प्रवेशी शिक्षक, मेन्टर र सरोकारवालाको उपस्थिति |
| २ | कक्षा अवलोकन र पृष्ठपोषण (१६.५ घण्टा-कम्तीमा १.५ घण्टाको ११ वटा कक्षा) | १० हप्ता र प्रत्येक २ हप्तामा १ भ्रमण |
| ३ | मूल्याङ्कन जाँच र पाँच पूर्ण रूपमा कक्षाकोठासम्बन्धी मुख्य सक्षमताको बारेमा छलफल तथा अनुभव आदान प्रदान (६ घण्टा) | |
| ४ | मेन्टरको सहयोगमा नव प्रवेशी शिक्षकको सिकाइ सञ्जाल निर्माण, बैठक सञ्चालन, कार्यशाला लगायतका कार्य (७.५ घण्टा) | मेन्टरिङ प्रकृयाको अतिरिक्त समयमा |
| ५ | समापन कार्यक्रम, अनुभव आदान प्रदान र प्रमाण पत्र वितरण (४ घण्टा) | संक्षिप्त प्रतिबिम्बन |
| | जम्मा = ३५ घण्टा | |

**५. शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार प्रारूपको प्रभावकारी कार्यान्वयनमा शिक्षा तालिम केन्द्रको भूमिका**

- नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त सशर्त अनुदानका शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरू संचालन गर्ने
- शिक्षक पेसागत विकाससम्बन्धी योजना तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने
- एक महिने शिक्षक पेसागत विकास तालिमका लागि प्रशिक्षक निर्देशिका र स्रोत सामग्री विकास गर्ने
- कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम तथा तालिम सामग्री विकास गर्ने
- स्थानीय तहमा कार्यरत शिक्षक मेन्टरहरूलाई तालिम प्रदान गर्ने
- स्थानीय तहमा शिक्षकहरूको विज्ञ सूची (Roster) तयार गरी कस्टमाइज्ड शिक्षक तालिम सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने
- शिक्षक पेसागत विकास कार्यक्रम सम्बन्धमा स्थानीय तहका शिक्षा प्रमुख तथा अधिकृतका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने
- तालिम प्राप्त शिक्षकलाई फलोअप सहायता प्रदान गर्ने
- शिक्षक पेसागत विकास तालिमको अभिलेख व्यवस्थित तथा प्रमाणित गरी प्रमाणीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने
- शिक्षक पेसागत विकाससम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।

प्रारूपमा तोकिएबमोजिम तालिम केन्द्रले निरन्तर रूपमा शिक्षक पेसागत विकास तालिम संचालन गर्दै आइरहेको छ ।

### ७. प्रारूपको प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरू

शिक्षा तालिम केन्द्र, धुलिखेलमार्फत सञ्चालित शिक्षकको पेसागत विकास तालिमको प्रभावकारिता अध्ययन २०७९ को तथ्याङ्क हेर्दा ७९.५ शिक्षकले समान र न्यायिक हिसाबले तालिम पाएका छैनन् भन्ने देखिएको छ भने शिक्षा तालिम केन्द्रमार्फत अनलाइन पद्धतिबाट सञ्चालित शिक्षक तालिमको प्रभावकारिता अध्ययन २०८० का अनुसार ८९.५ शिक्षकले अनलाइनभन्दा आमनेसामने तालिम उपयुक्त हुने बताएको पाइयो । यी दुई अध्ययनका आधारमा पनि प्रारूपको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ । दिगो विकास लक्ष्य नं ४: शिक्षा २०३० को कार्यान्वयनको राष्ट्रिय प्रारूपअनुसार नेपालले सन् २०३० सम्ममा आधारभूत र माध्यमिक तहमा कार्यरत शत प्रतिशत शिक्षकहरूलाई न्यूनतम सङ्गठित शिक्षक तालिम प्रदान गर्ने लक्ष्य राखेको अवस्था छ ।

शिक्षक पेसागत विकास प्रारूप, २०८० ले शिक्षकको पेसागत दक्षता, सीप अभिवृद्धि गर्ने कुरामा महत्व राखेको छ तथापि त्यसको प्रभावकारी कार्यान्वयनमा पनि चुनौती देखिन्छ । भौगोलिक अवस्था, इन्टरनेटको पहुँच, शिक्षकको क्षमता अभिवृद्धि गर्नु नै मुख्य चुनौती देखिन्छ । प्रारूपको प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ:-

- शिक्षक तालिममा सबै शिक्षकको समान पहुँच पुऱ्याउन पर्ने,
- शिक्षक तालिम अनलाइनमार्फत संचालन गर्नु पर्ने,
- प्रविधिमा सबै शिक्षकहरूको पहुँच अभिवृद्धि गर्नु पर्ने,
- स्थानीय तहमा रोस्टर प्रशिक्षक तयार गरी कार्यक्रम संचालन गर्नु पर्ने,
- प्रशिक्षक/रोस्टर प्रशिक्षकको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्नु पर्ने,
- शिक्षक पेसागत विकासका सबै विधिहरूलाई वृत्ति विकाससँग जोड्नु पर्ने,
- तालिम कक्षाकोठामा पुगेनपुगेको अनुगमन गरी प्राविधिक सहायता प्रदान गर्नु पर्ने,
- समसामयिक तालिम पाठ्यक्रम विकास र कार्यान्वयन गर्नु पर्ने,
- तालिम लिन बाँकी शिक्षकहरूको तथ्याङ्कहरू सङ्कलन र सत्यापन गर्नु पर्ने,
- तत्कालीन जिल्ला शिक्षा कार्यालय मार्फत स्रोत केन्द्रमार्फत् संचालित प्रमाणीकरण तालिमको अभिलेख व्यवस्थापन अद्यावधिक नहुँदा सत्यापन गरी प्रमाणीकरण गर्नु पर्ने ।

### ८. प्रारूपको प्रभावकारी कार्यान्वयनका उपायहरू

शिक्षक पेसागत विकासका सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनामा भएका व्यवस्थालाई हेर्दा कार्यान्वयनका तहमा केही जटिलता देखिन्छन्; यद्यपि त्यसको सफल कार्यान्वयन गर्नु नै आजको आवश्यकता छ । प्रारूपको प्रभावकारी कार्यान्वयन गर्ने उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:-

- प्रशिक्षक/रोष्टर प्रशिक्षक तयारी र क्षमता विकासमा जोड दिने,
- सबै पेसागत विकास तालिमलाई शिक्षकको वृत्ति विकाससँग जोड्ने,
- तालिमको प्रभावकारिता विद्यार्थीको सिकाइ गुणस्तरलाई आधार मानेर गर्ने र विद्यार्थीको गुणस्तरका आधारमा शिक्षकको वृत्ति विकास हुने,
- तालिम कक्षाकोठामा पुगे नपुगेको अनुगमन र आवश्यक पक्षमा प्राविधिक सहयता प्रदान गर्ने गरी अनुगमन तथा सुपरिवेक्षण योजना बनाउने र कार्यस्थलोमा नै प्राविधि सहयता प्रदान गर्ने,
- विद्यालयमा इन्टरनेटको पहुँच बढाई प्रविधिमा शिक्षकको क्षमता अभिवृद्धिमा जोड दिने,
- शिक्षा तालिम केन्द्रको क्षमता विकास गर्ने-प्राविधिक विषयका तालिम संचालनका लागि प्रयोगशाला कक्ष, खेलकुद तालिम संचालन गर्न सकिने पूर्वाधार, अनलाइन/अनलाई तालिम सञ्चालन गर्न सक्ने पूर्वाधारको विकास, प्रशिक्षार्थी आवासको स्तरोन्नति आदि,
- तालिम केन्द्रका प्रशिक्षक र रोष्टर प्रशिक्षकको क्षमता अभिवृद्धिका कार्यक्रम निरन्तर संचालन गर्ने,
- आवश्यकताका आधारमा पाठ्यक्रम समयानुकूल परिमार्जन गर्दै जाने,
- सबै प्रकारका तालिम संचालन गर्न सक्ने गरी भौतिक तथा जनशक्तिको विकास गरी तालिम केन्द्रका शाखा/विस्तारित इकाइहरूको स्तरोन्नति गर्ने,
- प्रत्येक स्थानीय तहलाई तालिमसम्बन्धी प्राविधिक सहयोग प्रदान गर्न सक्ने गरी स्थानीयस्तरमा नै रोष्टर प्रशिक्षक तयार गर्ने,
- सबै शिक्षकले तालिमको समान अवसर प्राप्त गर्ने गरी तालिम कार्यक्रमको विस्तार गर्ने ।

९. प्रारूपको प्रभावकारी कार्यान्वयनका फाइदाहरू

शिक्षक पेसागत विकास प्रारूपको प्रभावकारी कार्यान्वयनले शिक्षकका सक्षमता हासिल हुनुका साथसाथै शिक्षक तालिममा सबै शिक्षकको समतामूलक पहुँच सुनिश्चित हुने, तालिम आवश्यकतामा आधारित र व्यावहारिक हुने शिक्षकको पेसागत क्षमता विकासमा विशेष अवसर सिर्जना गर्छ । यसको कार्यान्वयनले हुने फाइदाहरू निम्नानुसार रहेका छन् -

- पेसागत दक्षता अभिवृद्धि हुने
- दक्ष जनशक्तिको उत्पादन हुने
- पेसागत वृत्ति विकास हुने
- विषयवस्तुमा अद्यावधिक हुने
- सहकार्यात्मक सिकाइको वातावरण सिर्जना हुने
- अनुभवको आदानप्रदान हुने
- तालिम प्रदायक संस्थामा एक चरणमा सम्पन्न हुने भएकाले एउटै तालिमका लागि तालिम केन्द्र धाइरहनु नपर्ने

- शिक्षकको नेतृत्व सीपको विकास हुने
- सिकाइ गुणस्तर अभिवृद्धि हुने
- 'खोज र सिक' को मान्यता अनुसरण हुने
- सहपाठी कक्षा अवलोकनमार्फत सिकाइ सहजीकरणमा आइपरेका समस्या न्यूनीकरण हुने
- स्वमूल्याङ्कन गर्ने बानीको विकास हुने ।

**१०. निष्कर्ष**

शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्नका लागि तालिमको अवसर अनिवार्य रहन्छ । बढ्दो विश्वव्यापीकरण र प्रविधिको युगमा शिक्षकलाई सामयिक बनाउनु त्यतिकै जरुरी देखिन्छ । सिकाइ सहजीकरणका सन्दर्भमा भोग्नुपरेका हरेक परिस्थितिमा शिक्षकलाई सक्षम बनाउनुपर्छ त्यसका लागि तालिम नै अनिवार्य छ । विपद्/सङ्कट व्यवस्थापन, नेतृत्व सीप, मनोसामाजिक क्षेत्रमा समेत शिक्षकलाई अब्बल बनाउनुपर्छ । एक महिने प्रमाणीकरण तालिममार्फत प्राप्त हुन बाँकी सीपको विकास छोटो अवधिका तालिममार्फत गराउनुपर्छ । शिक्षक पेसागत विकास प्रारूप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालासम्बद्ध निकायले तोकिएको भूमिका निर्वाह गरेर शिक्षकको पेसागत उच्चता कायम गर्नु अपरिहार्य छ ।

**सन्दर्भसूची**

शिक्षक पेसागत विकास प्रारूप, २०७२
शिक्षक सक्षमता प्रारूप, २०७२
शिक्षक पेसागत विकास प्रारूप, २०८०
विद्यालय क्षेत्र सुधार योजना (२०६६ - २०७२)
विद्यालय क्षेत्र विकास योजना (२०७३/७४ - २०७७/२०७८)
विद्यालय शिक्षा क्षेत्र योजना (२०६६/६७ - २०७१/२०७२)
शिक्षा तालिम केन्द्रमार्फत सञ्चालित शिक्षक पेसागत विकास तालिमको प्रभावकारिता (२०७९) : शिक्षा तालिम केन्द्र, धुलिखेल ।
शिक्षा तालिम केन्द्रमार्फत अनलाइन पद्धतिबाट सञ्चालित तालिमको प्रभावकारिता अध्ययन (२०८०) : शिक्षा तालिम केन्द्र, धुलिखेल ।
वार्षिक स्थिति प्रतिवेदन (आ.व. २०७८/०७९, २०७९/०८० र २०८०/०८१) : शिक्षा तालिम केन्द्र, धुलिखेल ।
प्रज्ञा नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान (मोबाइल एप)
Flash I REPORT 2076 (2019-020), CEHRD

## स्थानीय तहमा शैक्षिक व्यवस्थापन

सीताराम कोइराला
शिक्षा निर्देशक–हेटौंडा उपमहानगरपालिका

### १. सन्दर्भ

नेपालको संविधान जारी भइसकेपछि उक्त संविधानको अनुसूची ८ मा रहेको माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहमा रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको कानुनी प्रावधानले स्थानीय तहमा माध्यमिक तहसम्मको शिक्षाको कुनकुन क्षेत्राधिकार भित्र कार्य गर्ने भनी प्रस्ट गरेको छ । उक्त ऐनको दफा ११ को (२) (ज) मा भएका शिक्षा सम्बन्धी २३ वटा र त्यससँग सम्बन्धित वडा समितिका काम तथा अन्य प्रावधानले विद्यालय तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने र अनुगमन तथा निरीक्षण गर्ने अधिकार स्थानीय तहलाई प्राप्त भएको छ ।

### २. स्थानीय तहमा शिक्षासम्बन्धी संवैधानिक तथा कानुनी आधार

स्थानीय तहमा शिक्षाको व्यवस्थापनका कुरा गर्दा संवैधानिक तथा अन्य प्रचलित कानुनमा रहेका प्रावधानका बारेमा उल्लेख गर्नु उपयुक्त हुन्छ।नेपालको संविधानले तय गरेका ३१ धारा मौलिक हकमध्ये शिक्षा सम्बन्धी हकमा देहायबमोजिमको व्यवस्था उल्लेख गरिएको छः

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

त्यसैगरी धारा ५१ मा राज्यका नीतिभित्र रहेको नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षा सम्बन्धी प्रावधान देहायबमोजिम उल्लेख गरिएको छः-

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमश: निःशुल्क बनाउँदै लैजाने,
(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने ।

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने एकल अधिकार स्थानीय तहलाई दिइएको छ । यसबाट समेत स्थानीय तहले माध्यमिक शिक्षा कक्षा १२ सम्मको शिक्षाको व्यवस्थापन गर्ने संवैधानिक हक प्राप्त गरेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (२) (ज) मा गाउँपालिका तथा नगरपालिकाको कार्यभित्र आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी देहायबमोजिमको व्यवस्था गरेको छ:-

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(१२) विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

त्यसै गरी दफा १२ मा वडा समितिका काम कर्तव्य र अधिकारभित्र शिक्षा सम्बन्धी देहायका कार्यको व्यवस्था गरिएको छः

(१) बाल उद्यानको व्यवस्था गर्ने,
(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
(४) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,
(५) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्धन गर्ने,
(६) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
(७) अन्तरविद्यालय तथा क्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,
(८) वडालाई बालमैत्री बनाउने,
(९) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने ।

त्यस्तै, उपमहानगरपालिका हुन आवश्यक पूर्वाधारका रूपमा उपमहानगरपालिकाका लागि उच्चस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको सुविधा भएको र महानगरपालिका हुन स्नातकोत्तर तहसम्मको अध्ययन संस्था भएको र प्राविधिक शिक्षालय हुनुपर्ने व्यवस्था रहेको छ ।

### ३. कानुनी व्यवस्था – कार्यान्वयनको पाटो

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानुनको प्रभावकारी

कार्यान्वयन भएको पाइँदैन । संविधानले प्रदत्त गरेको मौलिक हकमा रहेको शिक्षा सम्बन्धी व्यवस्थालाई हेर्ने हो भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने प्रावधानलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । अहिले पनि भौगोलिक रूपले विकट क्षेत्रमा शिक्षाको पहुँच कमजोर बनेको छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने प्रावधानलाई राज्यले कानुन बनाएर कार्यान्वयन तहमा लैजान सकेको छैन । राज्यले शिक्षामा गर्ने लगानी नै न्यून भएका कारण शिक्षक व्यवस्थापन र भौतिक सुधारमा विद्यालयमा खर्च हुने हुँदा निशुल्क रूपमा कार्यान्वयनमा लैजान सकिएको छैन ।

अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकका विषयमा कानुन नै तयार भएको छैन भने दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था कानुन निर्माण गरी कार्यान्वयन तहमा गएको छैन । त्यसैगरी नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भन्ने व्यवस्थाका लागि स्थानीय तहमा माग नै छैन वा कम हुने गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको गाउँपालिका, नगरपालिकाका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । एक पटक निर्माण गरिएको ऐन तथा नियम आफैँमा पूर्ण हुन सक्दैन । संविधानका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन यो ऐनको व्यवस्था पर्याप्त हुने छैन । यसको लागि स्थानीय तहले थप कानुनहरू निर्माण, कार्यान्वयन र परिमार्जन गर्दै जानुपर्नेछ । थप कानुनहरू नबन्दासम्म संविधान र यस ऐनसँग नबाझिएको हदसम्म शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ का व्यवस्थाहरू नै कार्यान्वयन हुनेछन् ।

उल्लिखित ऐनमा भएको प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था गरिएको छ । स्थानीय तहले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्न प्रभावकारी हुनेछ । योजनाहरू स्थानीय वास्तविक आवश्यकताका आधारमा बन्नेछन् र कार्यान्वयनमा सहज हुनेछ । समस्या नजिकबाट बुझिने हुनाले अनुगमन, मूल्याङ्कन र नियमन विगतमा भन्दा प्रभावकारी हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन, व्यवस्थापन तथा नियमन गर्ने व्यवस्थाले अनावश्यक रूपमा विद्यालय खोलिने कार्य रोकिने र वास्तविक आवश्यकता भएमा मापदण्ड पूरा गरेमा मात्र विद्यालय खोलिने देखिन्छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकारको प्रयोगमा केही थप व्यवहार उठाउनु पर्ने हुन्छ तर यसका लागि स्रोत व्यवस्थापन पेचिलो बन्ने देखिन्छ । निजी क्षेत्रबाट खोलिएका प्राविधिक शिक्षा दिने संस्थाहरू नाफामुखी भएका छन् । कक्षा ९-१२ मा अध्यापन गराइएको माध्यमिक शिक्षाको प्राविधिक शिक्षा प्रयास गरिए तापनि विद्यालय रोज्दा वा विषय छान्दा स्थानीय आवश्यकताको आधारमा छानिन सकेका छैनन् भन्ने गुनासो व्यवस्थापन समेत गर्नुपर्छ ।

मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन र गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन गर्ने अधिकारको कार्यान्वयनका लागि पनि थप कानुन तथा कार्यविधि निर्माण गर्नु पर्नेछ भने गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति संरक्षण गर्ने कार्यमा स्थानीय तह केही हदसम्म चुकेको देखिन्छ ।

गाउँ र नगर शिक्षा समितिमा खास समस्या आएको देखिँदैन भने विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाका सम्बन्धमा विभिन्न समस्या सिर्जना भएका देखिन्छन् । मुख्यतः विद्यालय व्यवस्थापन समितिमा अभिभावक को भन्ने विषय बढी पेचिलो भएको पाइन्छ । विद्यालयको नामाकरण गर्ने विषय संघीय कानुनसँग बाझिने गरी स्थानीय तहले तयार गरेको कतै पाइन्छ भने विद्यालय गुणस्तर सुधारका लागि स्थानीय तहले गरेका राम्रा अभ्यास पनि पर्याप्त रहेका छन् । यसरी विद्यालय संवैधानिक तथा अन्य प्रचलित कानुनलाई स्थानीय तहले कार्यविधि तथा मापदण्ड बनाइ कार्यान्वयन गरेको पाइन्छ ।

**४. स्थानीय तहले गरेका असल अभ्यास**

विभिन्न स्थानीय तहले विद्यालय शिक्षा र समग्र शैक्षिक उन्नयनका लागि गरेका मुख्यमुख्य असल अभ्यासलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ -

(क) नगर तथा गाउँ शिक्षा योजना तर्जुमा भएका छन् । यसले पालिकाको दूरगामी शैक्षिक मार्गनिर्देश कोरेको छ र लगानीको सुनिश्चितता गरेको छ ।

(ख) शिक्षामा लगानीको मात्रा बढेको छ । स्थानीय तह शिक्षामा लगानी गर्नका लागि उत्सुक भएका छन् । शिक्षामा गरेको लगानीले मुलुकको समग्र सुधार हुने कुराको अपेक्षा गरिएको छ ।

(ग) शिक्षकको दरबन्दी मिलान तथा पुनरावलोकन गर्ने कार्य भएको छ । यसबाट विद्यार्थीसँग शिक्षक हुने कुराको सुनिश्चितता बढेको छ ।

(ग) दिवा खाजा कार्यक्रम कार्यक्रमलाई संघबाट कक्षा ५ सम्म रू १५ का दरले वितरण गरिएकामा रकम थप समेत गरी केही पालिकाले कक्षा १० सम्म नै कार्यान्वयनमा ल्याएका छन् । यसबाट विद्यार्थीको स्वास्थ्यमा सुधार भएको छ भने कक्षा छोड्ने दरमा न्यूनीकरण भएको छ ।

(ङ) विद्यार्थीको पठनपाठनमा बाधा नपुगोस र शिक्षक पद रिक्त भएमा तत्काल शिक्षकको पदपूर्ति गर्न सकियोस भनेर शिक्षक बैंकको थालनी भएको छ ।

(च) शिक्षकलाई मासिक रूपमा तलब खुवाउन र दिवाखाजालाई व्यवस्थित गर्न अनलाइन प्रणालीको विकास भएको छ । यसले समयमा नै तलब र दिवाखाजाको रकम विद्यालयमा पठाइएको छ ।

(छ) विद्यालयले स्थानीय तहसँगको समन्वयमा अतिरिक्त समयमा सिकाइ संस्कारको विकासका लागि र विद्यार्थी सहयोगका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएका छन् ।

(ज) महिला शिक्षक सुत्केरी हुँदा त्यसको स्थानमा वैकल्पिक शिक्षकको व्यवस्थापनका लागि स्थानीय तहले लगानी गरेका छन् । यसबाट विद्यार्थीको पठनपाठनमा क्षति नपुग्ने कुराको सुनिश्चितता भएको छ ।

(झ) विद्यालय शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम तथा सेमिनार तथा भ्रमणका लागि स्थानीय तहले लगानी गरेको छ । यसबाट शिक्षक तथा कर्मचारीको क्षमता विकास भई सुशासन र गुणस्तरमा सुधार भएको छ ।

(ञ) भौतिक सुधारका लागि स्थानीय तहले विद्यालयका लगानी बढाएको छ । यसबाट विद्यालयमा विद्यार्थीलाई पठन पाठनका लागि सुविधा भएको एवम् प्रविधिमैत्री शिक्षण सिकाइको अवसर प्राप्त भएको छ ।

(ट) स्थानीय पाठ्यक्रम मार्फत स्थानीयका सम्भावना र संस्कारको खोजी र प्रवर्धन गर्ने कार्य भएको छ ।

(ठ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि स्थानीय तहले लगानी वृद्धि गरी संवैधानिक प्रावधानको सुनिश्चितता भएको छ ।

(ड) खेलकुदका माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासका लागि स्थानीय तहले लगानी गरेका छन् । यसबाट मुलुकका लागि आवश्यक खेलाडी तयारी हुनुका साथै स्वस्थ जीवन जिउनका लागि सहयोग पुगेको छ ।

(ढ) ज्ञान पार्क निर्माणका लागि स्थानीय तहले लगानी गरेका छन् । यसबाट स्थानीय तहलाई अन्य तहसँग र अन्तर्राष्ट्रिय जगतसँग चिनाउने अवसरको सिर्जना भएको छ ।

(ण) अन्तरपालिकास्तरीय वा स्वदेशी तथा विदेशी संस्थासँग सहकार्य गरी अनुभव आदानप्रदान कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । यसबाट क्षमता विकास हुनुका साथै सिकाइका अवसर प्राप्त भएका छन् ।

(त) बुक फ्रि फ्राइडे तथा सुनौलो शुक्रबार जस्ता कार्यक्रमको संचालनबाट विद्यार्थीमा सिप प्रदान गर्दै सर्वाङ्गीण विकासमा सहयोग पुर्याइको छ । यसबाट विद्यार्थीलाई सिक्ने र कमाउने अवसर प्रदान भएको छ भने कतै कमाउँदै सिक्दै कार्यक्रम सञ्चालनमा ल्याइएका छन् । यसबाट युवामा देशप्रतिको सकारात्मक भावना विकास भएको छ भने आर्थिक रूपले सुदृढ हुने अवसर सिर्जना गरेको छ ।

(थ) हरित विद्यालय तथा सुन्दर विद्यालय कार्यक्रम संचालनबाट दिगो विकासका सहस्राब्दीका लक्ष प्राप्तिका लागि ठोस सहयोग पुगेको छ ।

(द) पाठ्यक्रम विकास, विद्यार्थी मूल्याङ्कन तथा शिक्षण सहयोगमा शिक्षकको क्षमता विकासलाई जोड दिइएको छ । राम्रो गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गरी मनोबल वृद्धिमा सहयोग पुर्याएको छ ।

(ध) दरबन्दी कम भएका विद्यालयमा स्थानीय तहले नै ब्यहोर्ने गरी शिक्षकको व्यवस्थापन गरिएको छ ।

(न) विद्यार्थीको सिकाइ सुधारका लागि विभिन्न पालिकाले सिकाइ उपलब्धि परीक्षण तथा गुणस्तर सुधारका कार्यक्रम संचालनमा ल्याएका छन् ।

यस प्रकारका विभिन्न कार्यक्रममार्फत स्थानीय तहले शिक्षा क्षेत्रमा नवप्रवर्धनात्मक कार्यक्रम सञ्चालनमा ल्याएका छन् । एक पालिकाको सिकाइ अर्को पालिकालाई अनुसरण हुन सक्ने कुरालाई नकार्न सकिदैन, सकिन्न । स्रोतको अधिकतम प्रयोगमार्फत उच्चतम प्रतिफलका लागि सबै तह र पक्षबाट नयाँ सोच र धारणा विकास हुनु जरुरी छ ।

### ४. स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने क्षेत्र

#### (क) प्रारम्भिक बाल विकास तथा मन्टेश्वरी शिक्षा

स्थानीय तहमा धेरै प्रारम्भिक बाल विकास तथा मन्टेश्वरी बिना अनुमति तथा मापदण्ड संचालनमा रहेका हुन सक्दछन् । नियमित रूपमा सञ्चालनमा रहेकै हुन भनेर तिनको अनुगमन गरिएन भने अवैध रूपमा IEMIS समेत नभरी संचालनमा रहेका हुनसक्छन् । यसका लागि स्थानीय तह सचेत हुनुपर्छ र निश्चित मापदण्डका आधारमा यसलाई दर्ता प्रक्रियामा लगी अभिलेखीकरण गर्नुपर्छ ।

#### (ख) विद्यालय शिक्षा

नेपालको संविधानको अनुसूची ८ ले माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको छ । तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत शिक्षाको बारेमा स्पष्ट व्यवस्था गरेको छ भने माध्यमिक तहसम्मको शिक्षाका विषयमा अनुगमन र नियमन भन्ने व्यवस्था गर्दा संवैधानिक प्रावधानको कार्यान्वयन गर्ने विधायिकी अधिकारको संकुचन भएको आभास हुन्छ । तर जे होस स्थानीय तहले विद्यालय शिक्षा कक्षा १२ सम्मको अनुगमन,

नियमन, अनुमति, स्वीकृति र भौतिक तथा गुणस्तर सुधारमा उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

**(ग) दरबन्दी मिलान तथा पुनरावलोकन**

स्थानीय तहमा अर्को पेचिलो र गर्नैपर्ने जिम्मेवारी भनेको दरबन्दी मिलान तथा पुनर्वितरण हो । संघीय मापदण्डमा पुल तथा राहत कोटामा रहेका दरबन्दीको व्यवस्थापन, विषयगत शिक्षकको व्यवस्थापन तथा योग्यता पुगेका शिक्षकको व्यवस्थापन गर्नु निकै चुनौतीपूर्ण छ । शिक्षक-विद्यार्थी अनुपात र विद्यालय-शिक्षक अनुपातलाई वैज्ञानिक एवम् व्यवस्थित रूपमा मिलान तथा पुनर्वितरण गरी विद्यार्थीसँग शिक्षक पुग्ने कुराको सुनिश्चितता र शिक्षकले तोकिएबमोजिमको जिम्मेवारी पूरा गरेको सुनिश्चितता प्रति स्थानीय तह सचेत हुनुपर्नेछ ।

**(घ) प्रधानाध्यापक व्यवस्थापन**

स्थानीय तहको अर्को निकै समस्यामूलक र गर्नैपर्ने व्यवस्थापनको विषय हो योग्यता पुगेको प्रधानाध्यापकको व्यवस्था । जुन तहको विद्यालय सञ्चालन भएको छ, सोही तहको योग्यता पुगेको स्थायी शिक्षक प्रधानाध्यापक हुनुपर्ने सैद्धान्तिक एवम् कानुनी आधारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । प्रधानाध्यापक योग्यता तथा क्षमताका रूपमा स्पष्ट हुनुपर्ने र यसका लागि प्रचलित कानुनको अवलम्बन र अभ्यास हुनुपर्छ । माध्यमिक तहका विद्यालयमा प्राथमिक तहका शिक्षक र यस्तै अन्य अवस्थाको अन्त गरी सबै विद्यालयमा सम्बन्धित तहको योग्य स्थायी शिक्षकलाई प्रधानाध्यापक हुने कुराको सुनिश्चितता गर्नु स्थानीय तहको मुख्य जिम्मेवारी रहेको हुन्छ ।

**(ङ) संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण**

संस्थागत विद्यालयको वर्गीकरण तथा शुल्क निर्धारण स्थानीय तहले गर्नैपर्ने अनिवार्य तथा महत्त्वपूर्ण कार्य हो । शिक्षा नियमावली २०५९ तथा स्थानीय तहले निर्माण गरेका विभिन्न मापदण्डका आधारमा विद्यालयको वर्गीकरण गरी उचित र वैज्ञानिक तरिकाले शुल्क निर्धारण गर्नैपर्ने छ । विद्यालयको भौतिक अवस्था र गुणस्तरभन्दा चर्को शुल्क अभिभावक तथा विद्यार्थीबाट लिने परम्पराको अन्त हुनु जरुरी छ । संस्थागत विद्यालयको वर्गीकरणका सूचकले विद्यालयलाई स्वअनुशासन कायम गर्न सहयोग गर्नेछ भने विधिसम्मत तरिकाले विद्यालय सञ्चालनका लागि सहयोग गर्नेछ । सामुदायिक विद्यालयको पनि वर्गीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि समुदायलाई जिम्मेवार बनाउनु पर्नेछ ।

**(च) प्राविधिक शिक्षा व्यवस्थापन**

स्थानीय तहको अर्को महत्त्वपूर्ण कार्य भनेको प्राविधिक शिक्षा व्यवस्थापन गर्नुपनि हो । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ ले परिकल्पना गरेको आधारभूत तह पूरा गरेका व्यक्तिलाई प्राविधिक सिपयुक्त तालिम दिने विषयलाई स्थानीय

तहले प्रभावकारी कार्यान्वयन गरी रोजगारीको अवसर सिर्जना गर्नुपर्नेछ । देशको आर्थिक क्षेत्रमा ठोस सहयोग गर्नुपर्नेछ । युवालाई सिपयुक्त तालिम आजको माग हो । यसमा स्थानीय तहले नीतिगत प्रस्तावका साथ लगानी बढाउनु पर्नेछ ।

**(छ) छात्रवृत्ति व्यवस्थापन**

स्थानीय तहको अर्को मुख्य कार्य भनेको छात्रवृत्तिको व्यवस्थापन गर्नु पनि हो । यसका लागि स्थानीय तहले शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ मा भएका प्रावधान र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ को परिधिभित्र रही तोकिएको प्रतिशतका विद्यार्थी संख्यामा वैज्ञानिक एवम् वस्तुगत रूपमा विद्यार्थी छनोट गरी छात्रवृत्ति दिनुपर्छ । उक्त शिक्षामा अध्ययनरत विद्यार्थीलाई स्थानीय तहको आयस्रोत र आवश्यकताका आधारमा मापदण्ड तयार गरी सम्बन्धित पालिकाका बासिन्दालाई छात्रवृत्ति दिनु उपयुक्त हुनेछ ।

**(ज) शिक्षक तलब तथा दिवाखाजाको व्यवस्थापन**

गर्नै पर्ने तर समयमा नै गर्दा क्रेडिट पाउन सकिने अर्को कार्य भनेको शिक्षकको तलबलाई मासिक रूपमा विद्यालय वा शिक्षकको खातामा पठाउने संयन्त्रको विकास गर्नु । यसबाट शिक्षकमा उत्प्रेरणा जाग्ने छ भने पालिकाको कार्य क्षमता उच्च रहने छ । संघीय बजेटको निकासा नभइ सकेको अवस्थामा श्रावण वा भाद्र महिनाको तलब व्यवस्थापनका लागि स्थानीयको बजेटमा नै पछि सोधभर्ना हुने गरी केही रकम व्यवस्थापन गर्नु अझै उपयुक्त हुनेछ । शिक्षक तलबलाई मासिकमा रूपमा भुक्तानी गर्दा र दिवाखाजाको रकम निकासा गर्दा हुने कार्य बोझ न्यूनीकरणका लागि सफ्टवेयर प्रणालीको विकास गर्नुपर्छ । दिवाखाजामा अनियमितता भएको पाइएमा त्यसको तुरुन्तै कारबाही गर्ने प्रणालीको विकास हुनुपर्छ । संघले बजेटमा प्राप्त रकम नपुग हुने भएमा स्थानीय तहले आफ्नो स्रोतबाट थप गरेर भए तापनि पोषणयुक्त खाजाको सुनिश्चितता हुनु जरुरी छ ।

**(झ) दण्ड र सजाय**

शिक्षक पढाएनन् वा कर्मचारीले काम गरेनन् भन्नुभन्दा किन र कसरी कार्य गरेनन् भनी अध्ययन हुनु जरुरी छ । काम गर्ने र नगर्ने बिचको विभेदको अन्त्य गर्ने एक सशक्त हतियार भनेको दण्ड र सजाय हो । यसमा राम्रो गर्ने शिक्षक, विद्यार्थी तथा विद्यालयलाई पुरस्कृत गर्ने र जिम्मेवारी पूरा नगर्ने शिक्षक तथा विद्यालयलाई कारबाही गर्ने व्यवस्था हुनुपर्छ । यसका लागि बलियो र भरपर्दो विद्यालय अनुगमन संयन्त्र विकास जरुरी छ ।

**(ञ) क्षमता विकास**

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा शिक्षकको जरुरी हुन्छ । यसका लागि शिक्षक तथा कर्मचारीको क्षमता विकास अनिवार्य छ । क्षमता विकास गर्ने अनि यो भएन र त्यो भएन भनेर गुनासो गर्ने समयलाई क्षमता विकासमा लगाऔं । यसले गुणस्तरी शिक्षाको सुनिश्चतता र पारदर्शी एवम् सुशासनयुक्त सेवा प्रवाहको सुनिश्चितता दिने छ । विद्यार्थीलाई शिक्षण गर्ने सिपमात्र भएको शिक्षक होइन सही र वैज्ञानिक तरिकाले मूल्याङ्कन गर्ने क्षमता भएको शिक्षकको उत्पादनमा जोड दिऔं ।

**(ट) विद्यालय नक्साङ्कन**

नयाँ स्थानीय तह बनाउँदा विभिन्न पालिकाकालाई जोडेर निर्माण गरिएको छ । भौगोलिक रूपले विकट एवम् दुरदराजको भूगोल मिलेर पालिका बनेका छन् । साविका पालिकामा विद्यालय आवश्यक भएपनि अब त्यस स्थानमा विद्यालय नचाहिने हुनसक्छ । नचाहिने विद्यालयलाई बन्द वा मर्ज गरी अर्को विद्यालयमा व्यवस्थापन गर्नुपर्छ । अतः स्थानीय तहले विद्यालयको नक्साङ्कन गरी कुनस्थानमा कुन तहसम्मको विद्यालयको आवश्यकता रहेको छ, कुन ठाउँमा कस्तो विद्यालय खोल्नुपर्छ भनी नक्साङ्कन गरेर मात्र विद्यालय सञ्चालन गर्नुपर्छ । अन्यथा लगानी बढी, प्रतिफल कम हुनाले शैक्षिक क्षति हुने खतरा बढ्नेछ ।

**(ठ) भाषा कक्षा, कोचिङ सेन्टर, छात्रावास तथा परामर्श सेवा व्यवस्थापन तथा अभिलेखीकरण**

मुख्यत शहरी क्षेत्रमा रहेका स्थानीय तहमा अव्यवस्थित र कानुनविपरीत सञ्चालनमा रहेका मन्टेस्वरी, भाषा कक्षा, कोचिङ सेन्टर, छात्रावास तथा परामर्श सेवा व्यवस्थापन तथा अभिलेखीकरण गर्नु स्थानीय तहको जिम्मेवारी हो । यसबाट करको दायरा बढ्ने मात्र नभई विद्यार्थी तथा अभिभावक ठगीमा पर्ने र गैरकानुनी रूपले यस्ता संस्था सञ्चालन गर्ने परिपाटीको समेत अन्त्य हुनेछ ।

**(ड) स्थानीय पाठ्यक्रम**

विसं २०२८ सालको नयाँ शिक्षा प्रणालीबाट परिकल्पना गरिएको स्थानीय पाठ्यक्रम २०४३, २०५३ तथा २०५६ सालका राष्ट्रिय स्तरमा पाठ्यक्रमको व्यापक परिवर्तन हुँदासमेत कायमै रह्यो । संघीय पाठ्यक्रमले नसमेटेका र स्थानीय तहमा आवश्यकता भएका विषयवस्तुलाई समेटेर स्थानीयको सहभागितामा स्थानीय विज्ञले बनाएको पाठ्यक्रम नै स्थानीय हो । यसले पाठ्यक्रमको विकेन्द्रीकृत अवधारणालाई स्वीकार्छ । तसर्थ आधारभूत तहसम्मको पाठ्यक्रममा १०० पूर्णाङ्कको विषयवस्तु पठनपाठनको सुनिश्चितता स्थानीय तहले गर्नुपर्नेछ ।

**(ढ) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन**

शिक्षकको कार्य सम्पादन मूल्याङ्कन समयमा नहुँदा र पारदर्शी नहुन्या तथा शिक्षक स्वयमले

भर्ना नहुँदा सरुवा हुनुपर्ने शिक्षकको सरुवा नभएर वृत्ति विकासमा बाधा परेको छ। शिक्षकको सरुवा प्रणालीमा श्रेणी निर्धारण जिल्लागत हुने हुँदा कम दरबन्दी भएका जिल्लामा सरुवा हुने संभावना न्यून हुने गरेको छ जसले शिक्षकको मानमर्यादा र मनोबलमा नकारात्मक सन्देश छरेको छ। यसका लागि प्रदेशगत खुला विज्ञापन भएजस्तै निम्नमाध्यमिक र माध्यमिक तहका लागि प्रदेशगत कोटा निर्धारण गरी सरुवाको सूचना निकाल्ने प्रावधान राख्नपर्छ।

## ८. टुङ्ग्याउनी

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नेपालको संविधानले प्रदत्त गरेको अधिकारका आधारमा स्थानीय तहले आवश्यक शिक्षा ऐन, नियमावली तथा मापदण्ड तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरेमा मात्र गुणस्तरीय शिक्षा र शैक्षिक सुशासनको सुनिश्चितता हुन सक्छ। समग्र मुलुकको शैक्षिक सुधार र व्यवस्थापनमा प्रत्येक स्थानीय तहको भूमिका उल्लेखनीय रहेको हुन्छ। यसका लागि नवप्रवर्तनात्मक कार्य, नीति तथा कार्यक्रम र आवधिक योजना तयार गरेर स्थानीय तहले आफ्नो सक्षम भूमिका निर्वाह गर्नुपर्नेछ।

## सन्दर्भ सामग्री


कानुन किताब व्यवस्था समिति (२०७२), नेपालको संविधान। बबरमहल, काठमाडौं

कानुन किताब व्यवस्था समिति (२०७४), स्थानीय सरकार सञ्चालन ऐन। बबरमहल, काठमाडौं

कानुन किताब व्यवस्था समिति (२०७४), शिक्षा ऐन, २०२८ (संशोधनसहित)

कानुन किताब व्यवस्था समिति (२०५९), शिक्षा नियमावली, २०५९ (संशोधनसहित)। बबरमहल, काठमाडौं

कानुन किताब व्यवस्था समिति (२०७५), अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन। बबरमहल, काठमाडौं कानुन किताब व्यवस्था समिति (२०७५), अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी नियमावली। बबरमहल, काठमाडौं

## परिवर्तित सन्दर्भमा गुणस्तरीय शिक्षा

डिकबहादुर राई
उपसचिव–धुलिखेल नगरपालिका

**सारांश**

गुणस्तरीय शिक्षाको परिभाषा समय र परिवेश अनुसार भिन्नता हुन्छ । यसलाई पुस्तान्तर रूपमा हेर्दा पहिलो पुस्तामा विद्यार्थीले प्राप्त गरेको अङ्क तथा ग्रेडको आधारमा, दोस्रो पुस्तामा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिको आधारमा र तेस्रो पुस्तामा आएर विद्यार्थीको सिकाइ आवश्यकताको आधारमा शिक्षाको गुणस्तरलाई हेर्ने गरिएको पाइन्छ ।

पछिल्लो समयमा गुणस्तरीय शिक्षाको परिभाषाभित्र समावेशी शिक्षा, सिपमूलक शिक्षा, प्राविधिक/व्यावसायिक शिक्षा, रोजगारमूलक शिक्षा, स्थानीय विषयको शिक्षा, पहिचानमा आधारित शिक्षा, आवश्यकतामा आधारित शिक्षा, जीवनोपयोगी शिक्षा आदि जस्ता पक्ष समेत समेटिएको छ ।

आजको शिक्षा व्यक्ति तथा समूहको विभिन्न प्रकारको आवश्यकता पूरा गर्ने गरी स्थानीय ज्ञान, सीप, प्रविधिको संरक्षण संवर्धन र उपयोग गर्दै Indigenous knowledge को खोज अनुसन्धान तथा उपयोगमा ल्याउन प्रत्येक व्यक्ति तथा समूहको पहिचानलाई स्वीकार गरी मानव जीवनलाई खुसियाली (Happiness) बनाउने हुनु पर्दछ ।

पृथ्वी लगायत यस ब्रह्माण्डमा रहेका मानव तथा अन्य सजीव तथा निर्जीव वस्तुहरूको समेत अस्तित्व स्वीकार गरी एकका लागि सबै र सबैका लागि एक भन्ने भावनात्मक सम्बन्धको विकास गर्ने शिक्षा आजको आवश्यकता हो ।

**१. विषय प्रवेश**

गुणस्तरीय शिक्षा धेरै प्रयोग हुने तर पूर्ण रूपमा परिभाषित हुन नसकेको शब्दावली हो र यो सर्वस्वीकार्य गरी परिभाषित गर्न पनि कठिन छ । कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्ने सम्बन्धमा पार्टी सम्म शिक्षाविद, नीति निर्माता, योजनाविदहरूबीच छलफल हुँदा समेत निचोडमा पुग्न कठिन भएको देखिन्छ । यो व्यक्ति, स्थान, समय, परिवेश, मोनाह, आवश्यकता आदिको आधारमा भिन्नता हुन सक्ने देखिन्छ । एउटा व्यक्तिलाई गुणस्तरीय लागेको शिक्षा अर्को व्यक्तिलाई नलाग्न सक्छ । कुनै स्थानमा उपयुक्त मानिएको शिक्षा अर्को स्थानमा उपयुक्त नहुन सक्छ । बीस वर्ष पहिले गुणस्तरीय मानिएको शिक्षा बीस वर्ष पछि गुणस्तरीय नहुन सक्छ । राष्ट्रले आवश्यकता ठानेर दिइएको शिक्षा

कुनै व्यक्ति तथा समूहलाई अनावश्यक लाग्न सक्छ । यस लेखमा गुणस्तरीय शिक्षाको विविध पक्ष र आयामहरूमा विवेचना गरिनुको साथै नेपालको परिवेशमा कस्तो प्रकारको शिक्षा उपयुक्त हुन सक्छ र कसरी गुणस्तरीय शिक्षा प्रदान गर्ने भन्ने विषयमा चर्चा गरिएको छ ।

## २. के हो गुणस्तरीय शिक्षा ?

विद्यार्थी र विद्यालयको मूल्याङ्कनको प्रमुख आधार विद्यार्थीले परीक्षामा प्राप्त गरेको अङ्क/ग्रेडलाई मान्ने गरिएको छ । बढी अङ्क/ग्रेड ल्याउनेलाई गुणस्तरीय र कम अङ्क/ग्रेड ल्याउनेलाई कम गुणस्तरीय भनेर पनि हेर्ने गरिएको छ । के त्यसो भए शिक्षाको गुणस्तरको मापदण्ड मात्र हो त ? बढी अङ्क वा ग्रेड ल्याउने विद्यार्थीले पाठ्यक्रमले निर्धारण गरेको सबै सक्षमता/सिकाइ उपलब्धि पूरा गरेका हुन्छन् त ? उनीहरूको जीवनलाई सहज बनाउन परीक्षामा प्राप्त गरेको अङ्क/ग्रेडले सहयोग पुर्याएको छ त ? दैनिक जीवन यापनको लागि आवश्यक पर्ने ज्ञान र सिप अङ्क/ग्रेडले मात्र मापन गर्न सक्छ त ? आदि जस्ता प्रश्नको उत्तर परीक्षामा प्राप्त गरेको अङ्क वा ग्रेडले मात्र दिन सक्ने अवस्था देखिँदैन । त्यसैले विद्यार्थीको मार्कसिट/ग्रेडसिट मात्र गुणस्तरीय शिक्षाको मापदण्ड हुन सक्दैन ।

गुणस्तरीय शिक्षा सम्बन्धमा विभिन्न कालखण्डमा विभिन्न तरिकाले बुझ्ने गरिएको पाइन्छ । गुणस्तरीय शिक्षाको विभिन्न पुस्तान्तरण हुँदै गएको देखिन्छ । हालसम्म गुणस्तरीय शिक्षालाई परिभाषित गर्ने निम्नानुसारको पुस्तान्तरणलाई बुझ्नु पर्दछ ।

### (क) पहिलो पुस्ता (First Generation)

पहिलो पुस्ताको गुणस्तरीय शिक्षाको मापदण्ड विद्यार्थीले प्राप्त गरेको अङ्क तथा ग्रेड नै हो । यो सन् १९९०को दशक भन्दा अगाडिको अवधारणा हो । यस पुस्ताले परीक्षामा जति बढी अङ्क प्राप्त गरेको हुन्छ त्यति नै बढी गुणस्तरीय शिक्षा मानिन्थ्यो भने कम अङ्क वा ग्रेड प्राप्त गरेमा कम गुणस्तरीय शिक्षा मानिन्थ्यो । हाम्रो देश नेपालमा अझै पनि गुणस्तरीय शिक्षा यहि मापदण्डको वरिपरि रहेको देखिन्छ ।

### (ख) दोस्रो पुस्ता (Second Generation)

गुणस्तरीय शिक्षाको दोस्रो पुस्ताले वर्षभरि अध्ययन गरेको सिकाइलाई २/३ घण्टाको परीक्षाबाट मात्र मापन गर्न सकिँदैन भन्ने तर्क प्रस्तुत गरेको छ । गुणस्तरीय शिक्षा मार्कसिट तथा ग्रेडसिटबाट मात्र निर्धारण हुन सक्दैन, विद्यार्थीको सिकाइलाई हेर्नु पर्दछ भन्ने खालको अभिमत राखेको देखिन्छ । यो अवधारणा सन् २००० भन्दा अगाडिको हो । यस पुस्ताले गुणस्तरीय शिक्षाको प्रमुख मापदण्ड पाठ्यक्रमलाई बनाएको देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेको सक्षमता/उद्देश्य पूरा भएमा मात्र

गुणस्तरीय शिक्षा मानिने तर्क प्रस्तुत गरेको देखिन्छ । पाठ्यक्रममा विविध प्रकारको ज्ञान सीप हासिल गर्नका लागि विभिन्न प्रकारका विषयवस्तुहरू समावेश गरिएको हुन्छ । ती विषयवस्तुहरूमा जसले बढी दक्षता प्राप्त गर्दछ उनै व्यक्तिले गुणस्तरीय शिक्षा प्राप्त गरेको ठहर्ने र कम दक्षता प्राप्त व्यक्ति कम शैक्षिक गुणस्तरको मानिने धारणा प्रस्तुत गरेको देखिन्छ ।

**(ग) तेस्रो पुस्ता** (Third Generation)

गुणस्तरीय शिक्षालाई परिभाषित गर्ने क्रममा पछिल्लो समयमा विकास गरिएको अवधारणा तेस्रो पुस्ताको रूपमा लिइन्छ । यस पुस्ताले गुणस्तरीय शिक्षाको मापदण्ड अघिल्लो दुवैलाई अपूर्ण मानेको छ । गुणस्तरीय शिक्षा २/३ घण्टाको परीक्षाबाट प्राप्त अङ्क तथा ग्रेड त हुन सक्दैन नै वर्तमान पाठ्यक्रमले निर्धारण गरेका सक्षमता/उद्देश्य र विषयवस्तु हासिल गर्दैमा पनि गुणस्तरीय शिक्षा मान्न सकिन्न भन्ने धारणा तेस्रो पुस्ताको मापदण्डमा रहेको देखिन्छ । वर्तमान पाठ्यक्रम अनुसार शिक्षाले प्रत्येक व्यक्ति तथा समूहको आवश्यकता पूरा हुन सकेको देखिदैन पनि । यदि पाठ्यक्रमले निर्धारण गरेको सक्षमता तथा विषयवस्तु हासिल गरेकालाई गुणस्तरीय शिक्षा मान्ने हो भने कुनै विषयमा पारङ्गत व्यक्तिले चाहे अनुसारको रोजगार प्राप्त गर्नुपर्ने हो, त्यो देखिदैन । अध्ययन गरेको विषयवस्तुको आधारमा सन्तुष्टि प्राप्त गरेको पनि देखिदैन । पाठ्यक्रमले सबै व्यक्तिको आवश्यकता समेटेर विषय तथा विषयवस्तु निर्धारण गरेको हुन्छ भन्ने पनि हुँदैन । यो त राष्ट्रिय आवश्यकताको नाममा नीति निर्माण तहमा रहेका सीमित व्यक्तिहरूले तयार गरेको खाकामा सम्बन्धित विषयका विज्ञहरूले सुघारेका ज्ञानको पोको मात्र हो, यसले आम व्यक्ति तथा समूहको आवश्यकता पूरा गर्न सक्दैन भन्ने दृष्टिकोणको विकास भएको छ ।

गुणस्तरीय शिक्षालाई परिभाषित गर्ने क्रममा तेस्रो पुस्ताको अवधारणा अनुसार व्यक्तिगत सन्तुष्टि अर्थात ग्राहक सन्तुष्टि (Customer Satisfaction)लाई मान्ने गरिएको छ । यस अवधारणाले प्रत्येक व्यक्ति तथा समूहको आवश्यकता फरक फरक हुन सक्छन् । ती फरक फरक आवश्यकताहरू शिक्षाले पूरा गर्नु पर्दछ भन्ने धारणा प्रस्तुत गर्दछ । शिक्षाको यो अवधारणा २१औं शताब्दीको सुरुवातसँगै सुरु भएको पाइन्छ । गुणस्तरीय शिक्षाको यो अवधारणासँगै निम्न लिखित पक्षहरूको विकास भएको देखिन्छ :-

- सबैका लागि शिक्षा
- समावेशी/समाहित शिक्षा
- रोजगारमूलक शिक्षा
- सीपमूलक शिक्षा
- मातृभाषामा शिक्षा

- गरिखाने शिक्षा
- स्थानीय विषयको शिक्षा
- प्राविधिक/व्यावसायिक शिक्षा
- पहिचानमा आधारित शिक्षा
- आवश्यकतामा आधारित शिक्षा
- जीवनोपयोगी शिक्षा आदि ।

वर्तमान समयमा शिक्षा तेस्रो पुस्ताको अवधारणा अनुसार हुनुपर्दछ भन्ने सोचको विकास भएको छ । पछिल्लो समयमा यस अनुसार केहि सुरुवात समेत भएको देखिन्छ, तर पूर्णता भने हुन बाँकी नै छ ।

**३. किन आवश्यक छ गुणस्तरीय शिक्षा ?**

संसारमा आठ अरब मानिस छन् । उनीहरूको सोच पनि आठ अरब छन् । व्यक्तिको आवश्यकता पनि अनगिन्ती छन् । त्यसैले सबैलाई एउटै खालको शिक्षाले काम गर्दैन । कुनै अमुक व्यक्तिले औपचारिक शिक्षामा कुनै वा सबै विषयमा उत्कृष्टता प्राप्त गर्दैमा उसको जीवन उत्कृष्ट हुन्छ भन्ने सुनिश्चित देखिँदैन । संसारका धनी व्यक्तिहरू मध्येका बिल गेट्स (कुनै समयमा पहिलो नं.का धनी) विद्यालय शिक्षा समेत पूरा गर्न नसकी औपचारिक शिक्षाबाट बाहिरिएका थिए । तर, जीवनमा पहिलो हुन सफल भए । विश्वले चिन्ने र भारतलाई अङ्ग्रेज शासनबाट मुक्त गराउने महात्मा गान्धी औपचारिक शिक्षामा तेस्रो डिभिजनमा मुस्किलले उत्तीर्ण भएका थिए । औपचारिक शिक्षामा पहिलो भएका कयौं व्यक्ति जीवनमा असफल भएका कयौं उदाहरण हाम्रो वरपर वा हामीमध्ये नै छौं । यसबाट के देखिन्छ भने शिक्षा भनेको एउटा कक्षाकोठामा बसेर अरूको सोचअनुसार तयार गरेको विषयवस्तु अध्ययन गरी परीक्षामा उत्कृष्टता हासिल गर्दैमा गुणस्तरयुक्त हुन्छ भन्न सकिने रहेन । त्यसैले आजको शिक्षाले प्रत्येक व्यक्ति सन्तुष्ट हुनुपर्दछ । उसले चाहे अनुसारको रोजगार प्राप्त गर्ने शिक्षा हुनुपर्दछ, शिक्षाले उसको आवश्यकता पूरा गर्न सहयोग पुर्याउनु पर्दछ । तेस्रो पुस्ताले परिभाषित गरेको गुणस्तरयुक्त शिक्षा किन आवश्यक छ भन्ने कुरालाई थप निम्न बुँदाहरूले समेत पुष्टि गर्दछ ।

- व्यक्ति तथा समूहको विविध प्रकारको आवश्यकता पूरा गर्न
- Globalization, Localization, Glocalization, Global Village आदिको अवधारणा अनुसार जीवन यापन गर्न
- स्थानीय ज्ञान, स्थानीय सिप, स्थानीय प्रविधिको संरक्षण संवर्धन र उपयोग गर्न
- सबैको शिक्षालाई सहज रूपमा कार्यान्वयनमा ल्याउन
- Indigenous knowledge को खोज अनुसन्धान गरी उपयोगमा ल्याउन

- प्रत्येक व्यक्ति तथा समूहको पहिचानलाई सत्कार गरी सम्मान गर्न
- रोजगारमूलक शिक्षा कार्यान्वयनमा ल्याउन
- जीवनलाई खुसियाली (Happiness) बनाउन
- पृथ्वी लगायत यस ब्रम्हाण्डमा रहेका मानव तथा अन्य सजीव तथा निर्जीव वस्तुहरुको समेत अस्तित्व स्वीकार गरी एकका लागि सबै र सबैका लागि एक भन्ने भावनात्मक सम्बन्धको विकास गर्न ।

**८. गुणस्तरीय शिक्षा कसरी ?**

शिक्षाको गुणस्तर विद्यार्थीले प्राप्त गरेको अङ्क तथा ग्रेड र पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुभन्दा माथि उठेर व्यक्तिको जीवनको गुणस्तरमा खोज्नु पर्दछ, व्यक्तिको शिक्षा प्राप्ति पछिको सन्तुष्टि तथा असन्तुष्टिमा खोज्नु पर्दछ, राष्ट्रले निर्धारण गरेको शिक्षालाई आम व्यक्ति तथा समूहको स्वकारोक्ति तथा अस्वीकारोक्तिमा खोजिनु पर्दछ भन्ने मान्यताको विकास भएसँगै यस प्रकारको शिक्षा कसरी दिने र कसरी लिने भन्ने विषय आम छलफल र चासो बन्न गएको छ । तेस्रो पुस्ताले परिभाषित गरेको शिक्षाको गुणस्तर प्राप्त गर्न निम्न लिखित पक्षमा ध्यान दिनु पर्दछ -

**(क) पाठ्यक्रममा लचकता** (Flexible curriculum)

शिक्षाको गुणस्तर प्रत्येक व्यक्ति तथा समूहअनुसार फरक-फरक हुने भएकाले शिक्षा दिनका लागि तयार गरिएको पाठ्यक्रम लिकासदेखि नै ध्यान दिनु पर्दछ । पाठ्यक्रम व्यक्ति तथा समूहको आवश्यकता पूरा गर्ने गरी सिकाइ कै क्रममा आवश्यकता अनुसार Modify गर्न सक्ने, विषयवस्तु थपघट गर्न सक्ने, परिवर्तन गर्न सक्ने गरी लचकता हुन जरुरी छ । पाठ्यक्रम केहि विज्ञको जानकारीमा रहेको विषयवस्तु भित्र मात्र सीमित रहनु हुँदैन ।

**(ख) पाठ्यक्रमको सङ्कुचन** (Condense curriculum)

सिकारुको आवश्यकताको आधारमा पाठ्यक्रममा न्यूनीकरण गर्ने अवस्थाको पाठ्यक्रम नै पाठ्यक्रमको सङ्कुचन हो । विशेष गरेर थोरै समयमा धेरै विषयवस्तु सिकाउन, फरक क्षमता भएका व्यक्ति तथा समूहलाई उनीहरुको आवश्यकताको आधारमा पाठ्यक्रमका विषयवस्तुलाई सङ्कुचन गरिन्छ । जस्तै: खुला शिक्षा, अनौपचारिक शिक्षा, बौद्धिक अपाङ्गता, दृष्टिविहीन, सुनाइ बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा दिँदा पाठ्यक्रममा उनीहरुको सिकाइ क्षमता र आवश्यकताको आधारमा सङ्कुचन गरेर सिकाउनु पर्दछ ।

**(ग) मातृभाषा भाषामा शिक्षा**

बालबालिकाहरूलाई सुरुवाती शिक्षा उनीहरूको मातृभाषामा दिनु पर्दछ । यो उनीहरूको आवश्यकता र अधिकार दुवै हो । घरमा प्रयोग हुने भाषामा सुरुवाती शिक्षा दिंदा उनीहरूको सिकाइ सहज र सरल हुन्छ । केहि समय मातृभाषामा शिक्षा दिएपछि मात्र उनीहरूको चाहना र आवश्यकताको आधारमा दोस्रो तथा तेस्रो भाषामा शिक्षा दिनु पर्दछ । प्रारम्भिक अवस्थामा नै गैरमातृभाषामा शिक्षा दिंदा सिकाइ प्रभावकारी हुँदैन भने बालबालिकालाई सिकाइ बाधादायक समेत हुन्छ ।

**(घ) स्थानीय विषयको शिक्षा**

सिकाइ जानेकाबाट नजानेको(Known to unknown) हुनु पर्दछ भन्ने गरिन्छ । विशेष गरेर प्रारम्भिक शिक्षामा बालबालिकाहरूलाई उनीहरूको वरपर रहेका स्थानीय विषयवस्तुबाट सिकाइ प्रारम्भ गरिनु पर्दछ । यसले सिकाइलाई सहज बनाउनुको साथै स्थानीय ज्ञान, सीप र प्रविधिको महत्व बुझ्नुका साथै त्यसको संरक्षण हुने र तिनीहरूको व्यावसायीकरण र विश्वव्यापीकरणमा समेत सहयोग पुग्दछ ।

**(ङ) विषय छनौटमा लचकता**

प्रत्येक व्यक्तिमा केहि न केहि क्षमता र प्रतिभा लुकेर रहेको हुन्छ । व्यक्तिभित्र लुकेर रहेको प्रतिभालाई उजागर गर्ने गरी सिकाइको विषय, वातावरण र अवसर प्रदान गर्नु पर्दछ । यसका लागि एउटा व्यक्तिलाई धेरै विषय सिकाउनुभन्दा उसलाई मनपर्ने, रुचिपूर्ण र अभित्र रहेको प्रतिभा प्रस्फुटन हुने विषय वा विषयवस्तु छनौट गरेर सिक्न पाउने अवसर प्रदान गर्नु पर्दछ । यसका लागि विषयको छनौटमा लचकता हुनु पर्दछ ।

**(च) खोज तथा अनुसन्धानमा आधारित शिक्षा**

सिकाइ भनेको अरूले प्राप्त गरेको ज्ञानभन्दा पनि आफैंले खोज अनुसन्धान गरेर प्राप्त गरेको ज्ञान दिगो, प्रभावकारी र जीवनोपयोगी हुन्छ । त्यसैले सिकाइ विद्यालय तथा विश्व विद्यालयको चार पर्खालको घेराभित्र सीमित नराखी खोजमूलक, अनुसन्धानात्मक र अनुभवमा आधारित हुनु पर्दछ । सिकाइ पुस्तकको पानामा मात्र होइन जीवन र जगतको भोगाइ गरेर प्रत्यक्ष रूपमा साक्षात्कार गरी अनुभवमा आधारित हुनु पर्दछ ।

**(छ) समावेशी /समाहित शिक्षा**

शिक्षा कुनै एक/दुई वर्ग वा जातका लागि मात्र अनुकूल हुने प्रकारको हुनु हुँदैन, सबैका लागि हुनु पर्दछ । सबैले अधिकारको रूपमा शिक्षा प्राप्त गर्न पाउनु पर्दछ । शिक्षा प्राप्त गर्नका लागि कुनै पनि

भाषा, संस्कार, संस्कृति, धर्म, जाति, वर्ग, उमेर, स्थान आदि बाधक बन्नु हुँदैन । सबैले आवश्यकताका आधारमा शिक्षा प्राप्त गर्न पाउनु पर्दछ ।

**(ज) सूचना प्रविधिमा आधारित शिक्षा**

पछिल्लो समय विशेष गरी २१ औं शताब्दीको शुरुवातसँगै प्रविधिको विकासले तीव्र रूपमा फड्को मारेको अवस्था छ । आजको मानव जीवन कुनै न कुनै रूपमा प्रविधिसँग जोडिएकै हुन्छ । प्रविधि बिनाको जीवन कल्पनाभन्दा बाहिर जान थालेको अवस्था छ । सिकाइ जीवन कै महत्वपूर्ण पाटो भएकाले यसमा पनि प्रविधिको असर पक्कै देखिन्छ, अबको सिकाइ पनि प्रविधिमैत्री हुन जरुरी छ । कोरोना भाइरसको महामारी शुरु भएसँगै सिकाइमा सूचना प्रविधिको प्रयोग अझ बढ्दै गएको अवस्था छ । यसको दुरुपयोग पनि बढ्दै गएकाले होसियारीपूर्वक सिकाइको क्षेत्रमा उपयोग गर्नुपर्ने हुन्छ ।

**(झ) जीवनोपयोगी शिक्षा**

व्यक्तिले सिकेको ज्ञान सीप जीवन र जगतसँग तालमेल खानुपर्दछ । सिकेको ज्ञान सीप जीवनमा उपयोग नहुने, जीवनसँग असम्बन्धित र अव्यवहारिक भयो भने त्यस्तो शिक्षालाई गुणस्तरीय मान्न सकिँदैन । त्यसैले शिक्षा व्यवहारिक, दैनिक जीवनसँग सम्बन्धित र उपयोगी हुन जरुरी छ ।

**(ञ) प्राविधिक तथा व्यावसायिक शिक्षा**

शिक्षाले व्यक्तिलाई व्यवसायिक, पेसेवार, केही न केही सीपयुक्त, प्रविधिको उपयोग गर्न सक्ने बनाउनु पर्दछ । त्यसैले आजको शिक्षा सैद्धान्तिकभन्दा बढी सीपमूलक र प्राविधिक हुनु पर्दछ । शिक्षाले अरुले सिर्जना गरेको रोजगारमा जाने भन्दा आफैंले रोजगार सिर्जना गर्ने र अरुलाई पनि रोजगार दिन सक्ने व्यक्ति बनाउन सहयोग गर्नु पर्दछ ।

**(ट) Indigenous knowledge मा आधारित शिक्षा**

शिक्षा बाहिर क्षेत्रको ज्ञान दिने मात्र हुनु हुँदैन । पुस्तौंदेखि एकै स्थानमा रहेका व्यक्तिहरूसँग लामो अभ्यास र अनुभवको आधारमा तयार भएको स्थानीय ज्ञान, सीप र प्रविधि रहेको हुन्छ । त्यसबाट सिक्ने र व्यवहारमा उतार्ने, उक्त ज्ञान, सीप र प्रविधिलाई विषयवस्तुीकरण गर्ने गरेमा सिकाइ व्यवहारिक, सहज र सरल हुनुका साथै स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षणमा सहयोग पुग्ने र त्यसलाई व्यावसायीकरण गर्न समेत मद्दत पुग्छ ।

### (ढ) पहिचानमा आधारित शिक्षा

२१ औं शताब्दी पहिचानको शताब्दी पनि हो । आजको युग लगभग Survive all को युग हो । त्यसैले आजको शिक्षा सबैलाई चिन्ने र चिनाउने पनि हुनु पर्दछ । शिक्षाले निश्चित व्यक्ति तथा समूहलाई मात्र फाइदा पुग्ने वा पहिचान गराउने गर्नु हुन्न । आजको शिक्षा कुनै पनि व्यक्तिको पहिचान हुने गरी हुनु पर्दछ अनि मात्र गुणस्तरीय शिक्षाले सार्थकता प्राप्त गर्दछ ।

### ५. निष्कर्ष

गुणस्तरीय शिक्षाको परिभाषा र मापदण्ड समय, परिवेश, स्थान, व्यक्ति, समूह र राष्ट्रको आवश्यकताको आधारमा निर्धारण हुन्छ । कुनै समयमा वेदको मन्त्र शुद्ध उच्चारण गर्न जान्ने, कर्मकाण्ड राम्ररी गराउन सक्ने, धर्मशास्त्रको व्याख्या गर्न सक्ने, शास्त्रार्थ गर्न सक्ने, कपाली तमसुक लेख्न सक्ने शिक्षालाई गुणस्तर मानिन्थ्यो । त्यसपछि गुणस्तरीय शिक्षाको मापन परीक्षामा प्राप्त गरेको अङ्क तथा ग्रेडको आधारमा गर्ने चलियो । पाठ्यक्रमको आधारमा शिक्षा दिन थालिएपछि पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य र विषयवस्तु गुणस्तरीय शिक्षा मापनको आधार बन्न थाल्यो । पछिल्लो समयमा गुणस्तरीय शिक्षालाई ग्राहक सन्तुष्टि र व्यक्तिको आवश्यकता केन्द्रित बनाउन थालियो । यसअनुसार गुणस्तरीय शिक्षा व्यक्तिको आवश्यकता र उसले प्राप्त गरेको सन्तुष्टिलाई मापनको आधार बनाउन थालियो । विश्व परिवेशमा गुणस्तरीय शिक्षाको पुनःव्याख्या हुँदै आजको अवस्थामा आइपुगे पनि हाम्रो देश नेपालमा भने अझै पनि गुणस्तरीय शिक्षा पहिलो पुस्ताले बनाएको मापदण्ड परीक्षामा प्राप्त हुने अङ्क र ग्रेडमा नै अल्झिरहेको देखिन्छ ।

**सन्दर्भ सामग्री**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर
- विद्यालय तहको पाठ्यक्रम (आधारभूत र माध्यमिक), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन निर्देशिका (मातृभाषा समेत) २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर
- Methods for Quality Education, Prof. K.K. Vijayan Nambiar
- Quality Education, Dr. Rashid Alleem
- The Knowledge GAP, Natalie Wexler

# बागमती प्रदेशका पब्लिक (सामुदायिक) क्याम्पसहरूको अवस्था

नेत्रप्रसाद न्यौपाने
उप-महासचिव – नेपाल पब्लिक क्याम्पस

## १.सारांश

यो लेख नितान्त बागमती प्रदेशका त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूसँग सम्बन्धित छ । प्रारम्भिक अवस्थामा नेपालको उच्च शैक्षिक अवस्थालाई सङ्केत गर्दै बागमती प्रदेशको भौगोलिक संरचना, क्षेत्रगत विभाजन, प्रशासनिक अवस्था, बागमती प्रदेशका जातिगत पहिचान गराइएको छ । बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूको विश्लेषण गर्ने क्रममा नेपालका विश्वविद्यालय, क्याम्पस र समग्र विद्यार्थीहरूको संख्यालाई समेत उल्लेख गरिएको यस लेखमा बागमतीका १३ ओटा जिल्लामा सञ्चालित क्याम्पसहरूको संख्या, विश्वविद्यालय अनुदान आयोगबाट २०८०/०८१ मा वञ्चित भएका क्याम्पसहरूको विवरण, बागमती प्रदेशमा सञ्चालित सामुदायिक क्याम्पसहरूको संख्या, स्नातकोत्तर क्याम्पसको अवस्था, क्युएए प्राप्त क्याम्पसहरू विवरणलाई पाइचार्टका माध्यमबाट प्रस्तुत गरिएको छ । अन्त्यमा बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूले भोग्नुपरेको अवस्था र ती समस्यालाई सहज रूपमा समाधान गर्ने उपायसहित लेखलाई बिट मारिएको छ ।

## २. पृष्ठभूमि

विश्वको मानचित्रमा नेपालको भौगोलिक स्थिति अत्यन्तै सानो रहेजस्तै शैक्षिक अवस्था पनि निकै झिनो रूपमा तान्ने गर्दै आएको छ । वर्तमान नेपालको शैक्षिक अवस्थाले निकै फड्को मारिसकेको छ । व्यक्तिगत अध्ययनलाई छोडेर संस्थागत शैक्षिक अवस्थालाई हेर्ने हो भने नेपालको शैक्षिक अवस्था गुणस्तर र विश्वप्रतिस्पर्धात्मक दृष्टिले प्रारम्भिक चरणमा छ । १९०३ सालभन्दा पूर्वको अवस्था अनौपचारिक शिक्षामा नै सीमित बनेको थियो । राणाशासनले प्रदान गरेको पारिवारिक शिक्षाको क्षेत्र नेपालको सन्दर्भमा सामान्य जनताका लागि आकाशको तारा साबित भएको थियो । राणाहरूको अन्त्यले शैक्षिक क्षेत्रमा पनि केही धुकुलोपन देखापर्नु नेपालीका निम्ति गौरवको विषय हो । त्यसपछि शिक्षामा केही आशलाग्दो स्थिति सिर्जना भएको छ । राणाकालमा नै उच्चशिक्षाको ढोका खोलिसकेको थियो । वि.सं. १९६९ सालदेखि नै त्रिचन्द्र कलेजको स्थापनाका लागि पहल कदमी सुरु भयो । नेपालको उच्चशिक्षाको संस्थागत इतिहासले १०० वर्ष नाघिसकेको छ ।

चन्द्र शमशेरले सर्वसाधारण जनताका छोराछोरीहरूलाई शिक्षामा बन्देज लगाउँदै शैक्षिक संस्थाहरू बन्द गर्दै गए पनि जनताहरूमा शिक्षाप्रतिको जागरूकता भने तटस्थ रहन सकेन । बरू झन् शैक्षिक चेतना तीव्र रूपमा उर्लन थाल्यो । शिक्षाप्रतिको जनताको माग देखेर चन्द्र शमशेर पनि लज्जित बन्दै गए । वि.सं. १९६९ सालमा त्रिभुवन-चन्द्र कलेजको स्थापनाका निम्ति पहल कदमी सुरु भयो ।

नेपालमा विश्वविद्यालयको स्थापना हुनुपूर्व नै उच्चशिक्षा प्रदान गर्नका लागि त्रिभुवन चन्द्र कलेजको स्थापना भएको हो । राणा प्रधानमन्त्री चन्द्र समशेरले १९७५ सालमा त्रिभुवन चन्द्र कलेजको स्थापना गरेपछि नेपालमा औपचारिक रूपमा उच्चशिक्षाको थालनी भएको इतिहास साक्षी छ । १९८२ मा यस क्याम्पसको नाम त्रिचन्द्र राखेको हो । सुरुमा कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजमा १९७६ भदौ ५ गतेदेखि आइ.ए. र आई एस्सीका कक्षाहरू सञ्चालन भएका थिए । १९८२ देखि बिए र २००४ देखि बिएस्सी तहको पठनपाठन सुरु भएको थियो । विश्वविद्यालयको स्थापना हुनुपूर्व नै त्रिचन्द्र कलेजको सम्बन्धनमा चारओटा कलेजहरू सञ्चालनमा रहेका थिए । त्यसपछिमात्र २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो ।

त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा जेठो र सर्वाधिक विद्यार्थी संख्या भएको तथा नेपालका गाउँसँगैदेखि सहरसम्म उच्चशिक्षाको पहुँच पुर्‍याउनमा सक्रिय विश्वविद्यालय हो । त्रिभुवन विश्वविद्यालय स्थापनापछि विश्वविद्यालयले सीमित क्षेत्रमा सम्बन्धन दिएर उच्चशिक्षा प्रदान गर्दै आएको थियो तर उच्चशिक्षा अध्ययन गर्नेहरूको लहर सहरदेखि गाउँ गाउँसम्म देखिन थाल्यो त्रिविका सीमित क्याम्पसहरू सहरबजारमा मात्र केन्द्रित भएकाले ग्रामीण, दुर्गमक्षेत्रमा रहेका विद्यार्थीहरूको शैक्षिक उन्नयनका लागि सहर बजार धाउनुपर्ने बाध्यता रह्यो । त्रिभुवन विश्वविद्यालयले नेपालका सबै क्षेत्रमा क्याम्पसहरू स्थापना गर्न सकेन । शिक्षाको माग सर्वत्र बढ्न थाल्यो । सरकारले शिक्षाक्षेत्रमा लगानी गर्न नसकेपछि शिक्षाप्रेमी तथा त्रि.वि. का प्राध्यापकहरूलाई सामुदायिक रूपमा क्याम्पस संचालन गर्ने छुट दिने निर्णय गर्‍यो । त्रिविका प्राध्यापक तथा स्थानीय शैक्षिक सरोकारवालाहरूको प्रयासमा विश्वविद्यालयसँग सम्बन्धन लिएर उच्चशिक्षाका निमित्त केही घना बस्ती भएका ठाउँमा वा सहरबजारकै आसपासमा क्याम्पसहरू सञ्चालन हुन थाले । यसरी जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसहरूमा शङ्करदेव क्याम्पस काठमाडौं, ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्ज, रामस्वरूप रामसागर बहुमुखी क्याम्पस जनकपुर आदि हुन् । ती क्याम्पसहरू २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप त्रि.वि.का आङ्गिक क्याम्पसहरूमा स्वतः परिणत हुन पुगे । त्यसै गरी महाविद्यालयका रूपमा सञ्चालित डोटी कलेज डोटी, महेन्द्र कलेज नेपालगञ्ज, महेन्द्र कलेज दाङ, महेन्द्र कलेज बाग्लुङ, सिद्धार्थ कलेज भैरहवा, बुटवल कलेज बुटवल, त्रिभुवन कलेज पाल्पा, पृथ्वीनारायण कलेज पोखरा, लमजुङ कलेज कुन्छा आदि क्याम्पसहरूलाई पनि २०३० सालपछि सामुदायिकबाट आङ्गिक क्याम्पसका रूपमा रूपान्तरण गरियो । त्रिभुवन विश्वविद्यालय वा सरकारले तत्कालीन अवस्थामा गरेको यो निर्णय शैक्षिक जगतमा एउटा उदाहरणीय कार्य थियो ।

**३. बागमती प्रदेशको सामान्य चिनारी**

नेपाल भौगोलिक दृष्टिकोणले हिमाल, पहाड र तराईमा विभक्त प्राकृतिक विविधतायुक्त सुन्दर देश हो । पछिल्लो राजनीतिक घटनाक्रमले नेपाललाई ७ प्रदेशमा विभाजन गरेको छ । ती सात प्रदेशहरूमध्ये


कोसी प्रदेशदेखि पश्चिम, मधेस प्रदेशदेखि उत्तर र गण्डकी प्रदेशदेखि पूर्वको भूभाग नै बागमती प्रदेश हो । यसको उत्तर भूभाग चीनसँग जोडिएको छ । यो प्रदेश हिमाल, पहाड, उपत्यका र भित्री मधेस गरी चारओटै क्षेत्रमा विभक्त छ । नेपालको कुल भूभागमध्ये १३.७९ प्रतिशत वा २०३०० वर्ग किलोमिटर क्षेत्रफल यस प्रदेशले ओगटेको छ । बागमती प्रदेशको राजधानी मकवानपुर हो भने देशको राजधानी काठमाडौं पनि यही प्रदेशमा पर्दछ । त्यसैले पनि यस प्रदेशले विशेष महत्व राख्दछ ।

नेपालको पछिल्लो राजनीतिक गतिविधिका कारण भौगोलिक परिवेश, जनसंख्या, जातीय पहिचान आदिका आधारमा मुलुक संघीय संरचनामा परिवर्तन भएको छ । जसका कारण स्थानीय संरचनामा आमूल परिवर्तन भएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भएअनुसार बागमती प्रदेशमा १३ ओटा जिल्लाहरू रहेका छन् । यी जिल्लालाई पनि हिमाली, पहाडी, उपत्यका र भित्री मधेस गरी चार क्षेत्रमा विभाजन गरिएको छ । हिमाली जिल्लाहरूमा धादिङ, दोलखा, रसुवा, सिन्धुपाल्चोक र रामेछाप गरी पाँचओटा जिल्ला रहेका छन् भने पहाडी जिल्लामा नुवाकोट र काभ्रेपलाञ्चोक गरी दुईओटा जिल्ला पर्दछन् । त्यसै गरी काठमाडौं, ललितपुर र भक्तपुरलाई उपत्यकाभित्र समेटिएको छ भने सिन्धुली, चितवन र मकवानपुर तीनओटा जिल्लालाई भित्री मधेसअन्तर्गत राखिएको छ । जिल्लागत वर्गीकरणलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।





(स्रोत: गुगल)

स्थानीय तहका दृष्टिले गाउँपालिकादेखि महानगरपालिकासम्मका स्थानीय तह यस प्रदेशमा रहेका छन् । ७४ ओटा गाउँपालिका, ४१ ओटा नगरपालिका, १ ओटा उपमहानगरपालिका र ३ ओटा महानगरपालिका रहेको यस प्रदेशको स्थानीय तहगत संरचनालाई प्रतिशतका आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




(स्रोत: गुगल)

बागमती बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक सम्पदाले युक्त प्रदेश हो । यस क्षेत्रमा विशेष गरी तामाङहरूको बाहुल्य रहेको पाइन्छ । तामाङ, ब्राह्मण, क्षेत्री, नेवार, मगर, विश्वकर्मा, गुरुङहरू यस क्षेत्रमा बसोबास गर्ने जातजाति हुन् । प्रतिशतका आधारमा यस क्षेत्रका जातजातिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




(स्रोत: गुगल)

## ४. बागमती प्रदेशमा उच्चशिक्षाको अवस्था

बागमती प्रदेश देशकै राजधानी रहेकाले यस क्षेत्रमा शिक्षाको विशेष प्रभाव पर्नु स्वाभाविक नै हो। उच्चशिक्षाको प्रारम्भिक थलो पनि यही क्षेत्रको उपज हो। यस प्रदेशमा सरकारी (आङ्गिक), सामुदायिक (पब्लिक), निजी र अन्य मुलुकका विश्वविद्यालयबाट सञ्चालित क्याम्पसहरू प्रशस्त मात्रामा रहेका छन्। प्ले ग्रुपदेखि विद्यावारिधिसम्मको अध्ययन/अध्यापन हुने यस प्रदेशले उच्चशिक्षाको क्षेत्रमा ठुलो फड्को मारेको छ। देशका अधिकांश विद्वत् वर्गको उत्पादनमा यस प्रदेशको उल्लेख्य भूमिका रहेको छ। देशलाई सञ्चालन गर्ने जनशक्ति नै यही प्रदेशबाट उत्पादन भएका छन् भन्दा अत्युक्ति नहोला। यस्तो गौरवमय इतिहास बोकेको बागमती प्रदेशको उच्च शैक्षिक अवस्थालाई गहन रूपमा अध्ययन गर्नु आवश्यक छ।

### बागमती प्रदेशमा सञ्चालित विश्वविद्यालयहरू

नेपालमा चिकित्साशास्त्र संस्थानसहित जम्मा १८ ओटा विश्वविद्यालयहरू सञ्चालनमा रहेका छन्। तीमध्ये बागमती प्रदेशमा मात्र विश्वविद्यालयको संख्या ७ ओटा रहेको छ। त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, कृषि तथा वनविज्ञान विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय, नेसनल एकेडेमी अफ मेडिकल साइन्स र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान गरी ७ ओटा विश्वविद्यालयहरू विद्यमान रहेको प्रदेशका रूपमा परिचित छ। प्रदेशगत विश्वविद्यालयको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ।





(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०२२)

## ५. विभिन्न विश्वविद्यालयद्वारा सञ्चालित क्याम्पसहरूको विवरण

बागमती प्रदेशमा प्रायः सबै विश्वविद्यालयका क्याम्पसहरू सञ्चालित छन्। कर्णाली स्वास्थ्य विज्ञान

प्रतिष्ठान, बिपी कोइराला विश्वविद्यालय, गण्डकी प्रदेश विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयबाहेक अन्य ११ ओटा विश्वविद्यालयको अध्ययन/अध्यापन यस प्रदेशमा हुने गरेको पाइन्छ । ११ ओटा विश्वविद्यालयमध्ये सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयका ४८१ ओटा क्याम्पसहरू यस प्रदेशमा रहेका छन् भने नेपाल खुला विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका एक एकओटा क्याम्पसहरू गरी जम्मा ५२८ ओटा उच्च शैक्षिक संस्थाहरू बागमती प्रदेशमा विद्यमान रहेका छन् । यसबाहेक विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएका करिब ५० ओटा उच्च शैक्षिक संस्थाहरूले पनि यसै प्रदेशलाई रोजेका छन् ।





(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०२२)

**५. बागमती प्रदेशमा विभिन्न सामुदायिक क्याम्पसहरूको अवस्था**

त्रिभुवन विश्वविद्यालय नेपालको पहिलो विश्वविद्यालय भएकाले यसबाट सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या बढी हुनु स्वाभाविक नै हो । करिब १०० वर्षको उच्च शैक्षिक इतिहासमा त्रिभुवन विश्वविद्यालयले प्रशस्त जनशक्ति उत्पादन गरेको छ । धेरैलाई रोजगारी उपलब्ध गराएको छ । बागमती प्रदेशमा रहेको त्रिचन्द्र कलेजबाट सुरु भएको नेपालको उच्चशिक्षा हाल नेपालभरि नै फैलिएको छ । त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूको संख्या हाल ११४४ पुगेको छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत हाल तीन वर्गका क्याम्पसहरू सञ्चालित छन् । जसलाई आङ्गिक,

सामुदायिक र निजी क्याम्पस भनेर चिनिन्छ । विश्वविद्यालय अनुदान आयोगको तथ्याङ्कअनुसार त्रिभुवन विश्वविद्यालयमा आङ्गिक क्याम्पसहरूको संख्या ६२, निजी क्याम्पसहरूको संख्या ५५४ र सामुदायिक क्याम्पसहरूको संख्या ५२८ रहेको छ । जसमध्ये बागमती प्रदेशमा मात्र सामुदायिक क्याम्पसहरू १७० रहेका छन् । बागमती प्रदेशका १३ ओटा जिल्लामा सामुदायिक क्याम्पसहरूले उच्चशिक्षा प्रदान गर्दै आएका छन् । जिल्लागत रूपमा सामुदायिक क्याम्पसको अवस्था निम्नानुसार रहेको छ ।





(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०८२)

### ७. विश्वविद्यालय अनुदान आयोगको आ.व.२०८०/०८१ को नियमित अनुदानमा छनोट भएका बागमती प्रदेशका सामुदायिक क्याम्पसहरू

विश्वविद्यालय अनुदान आयोग सामुदायिक क्याम्पसहरूको संरक्षक तथा अभिभावक संस्था हो । आयोगले सामुदायिक क्याम्पसहरूको गुणस्तर वृद्धि, भौतिक पूर्वाधार विकास साथै प्राध्यापकहरूको अनुसन्धानात्मक बौद्धिकविकासमा उल्लेख्य सहयोग गर्दै आएको छ । बागमती प्रदेशमा रहेका १७० ओटा सामुदायिक क्याम्पसहरूमध्ये आ.व. २०८०/०८१ को नियमित अनुदानका लागि १२० ओटा क्याम्पसहरू मात्र छनोटमा परेका छन् । नियमित अनुदान पाउन विश्वविद्यालय अनुदान आयोगले केही आफ्नै मापदण्ड बनाएको छ । ५० ओटा क्याम्पसहरू नियमित अनुदानबाट वञ्चित भएका छन् । यीमध्ये कतिपय क्याम्पसहरू सञ्चालनको अवस्थामा रहेका छैनन् भने कतिपय क्याम्पसले न्यूनतम मापदण्ड पनि पूरा गर्न नसकेकाले विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानबाट वञ्चित भएका छन् । एकाध क्याम्पसले समयसीमाभित्र आवश्यक कागजात उपलब्ध गराउन नसकेर नियमित अनुदानबाट वञ्चित भएका हुन सक्छन् । अन्यथा बागमती प्रदेशका ५० ओटा क्याम्पस

धर्मसङ्कटमा छन् । यी क्याम्पसका विषयमा राज्यले गहन अध्ययन गरी भौगोलिक अवस्थाका आधारमा कार्यक्रम वा क्याम्पस गाभ्नु (Merge गर्नु) आवश्यक देखिन्छ । नियमित अनुदानबाट वञ्चित क्याम्पसहरूको जिल्लागत अवस्था यस प्रकार रहेको छ ।



(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०८२)

नियमित अनुदान पाउनका लागि सिन्धुपाल्चोक जिल्ला सबैभन्दा सचेत देखिन्छ । त्यस जिल्लाका ११ ओटा सबै सामुदायिक क्याम्पसहरूले आ.व.२०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान प्राप्त गर्न सफल भएका छन् । त्यसै गरी रसुवा जिल्ला पनि नियमित अनुदानबाट वञ्चित भएन । सबैभन्दा बढी दोलखा जिल्लाका ७० प्रतिशत क्याम्पसहरू यो वर्ष नियमित अनुदानबाट वञ्चित भएका छन् । त्यसपछि धादिङ जिल्लाका ६६.६६ प्रतिशत क्याम्पसहरू नियमित अनुदानबाट वञ्चित भएका छन् । नियमित अनुदानबाट वञ्चित हुनु भनेको अधिकांश क्याम्पसहरू धरापमा छन् भन्ने प्रमाणित हुनु हो ।


### ८. सामुदायिक क्याम्पसमा सञ्चालित कार्यक्रमहरू

त्रिभुवन विश्वविद्यालयमा विभिन्न सङ्कायअन्तर्गत प्रशस्तै विषयहरू अध्यापन हुँदै आएका छन् । कृषि तथा पशु विज्ञान, वन विज्ञान, इन्जिनियरिङ, विज्ञान तथा प्रविधि, चिकित्साशास्त्र, समाज विज्ञान, भूगर्भशास्त्र, मानवशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र, कानुन जस्ता विषयहरू अध्ययन/अध्यापन भए पनि बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूले मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र सङ्कायका सीमित विषयहरू मात्र अध्यापनको अनुमति प्राप्त गरेका छन् । एकाध क्याम्पसले विज्ञानका सीमित विषय

अध्यापन गरिआएका सबै क्याम्पसहरूले सम्बन्धन पाएका विषयहरू सामान्यधारका मात्र रहेका छन् । विश्वविद्यालय अनुदान आयोगको तथ्याङ्कअनुसार बागमती प्रदेशमा सञ्चालित १२० ओटा क्याम्पसहरूमध्ये ४२ ओटा क्याम्पसले मात्र स्नातकोत्तर कक्षा सञ्चालन गर्ने अनुमति पाएका छन् भने ७८ ओटा क्याम्पसमा स्नातक तहको मात्र पठनपाठन सञ्चालन भइरहेको छ । त्यसै गरी १२० ओटा क्याम्पसहरूमा एउटा सङ्कायमात्र सञ्चालन गर्ने क्याम्पसको संख्या ७९ रहेको छ । समयानुकूल प्राविधिक धारका विषयहरू सम्बन्धन नपाउनु र विद्यार्थीहरू प्राविधिक तथा व्यावसायिक विषयको खोजीमा रहनु नै सामुदायिक क्याम्पसहरू सङ्कटमा पर्दै जानुको मूल कारण हो र यो अवस्था नै सामुदायिक क्याम्पसहरूको विडम्बनाको विषय पनि हो ।

**९. बागमती प्रदेशका सामुदायिक क्याम्पसमा विद्यार्थी सङ्ख्या**

त्रिभुवन विश्वविद्यालयका सामुदायिक क्याम्पसहरूले जम्मा ३० देखि ३५ प्रतिशत विद्यार्थी भार वहन गर्दै आएका छन् । मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन सङ्कायका विद्यार्थीहरूको मात्र गणना गर्ने हो भने ५० प्रतिशतभन्दा बढी विद्यार्थी सामुदायिक क्याम्पसहरूमा अध्ययन गर्दछन् । आ.व.२०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोगले दिएको नियमित अनुदानमा विद्यार्थी संख्यालाई समेत आधार मानेको छ। उक्त आधारलाई प्रमाणिक विद्यार्थी सङ्ख्या गणना गर्दा सामुदायिक क्याम्पसमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या २३३१५१ रहेको देखिन्छ । जसमध्ये बागमती प्रदेशका सामुदायिक क्याम्पसको स्नातकोत्तरमा अध्ययन गर्ने विद्यार्थी ४७१० रहेका छन् भने स्नातकमा अध्ययन गर्ने विद्यार्थी ५७६१८ रहेका छन् । जम्मा ६२३२८ विद्यार्थीहरूले बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूबाट उच्च शिक्षा गरिरहेका छन् । जिल्लागत रूपमा विद्यार्थी संख्या यस प्रकार रहेको छ ।




(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०८२)




समग्र जिल्लागत अवस्थाको अध्ययन गर्दा विद्यार्थी संख्या सामान्य रहे पनि क्याम्पसगत विद्यार्थी संख्यालाई अध्ययन गर्ने हो भने धेरै क्याम्पसहरूको अवस्था सोचनीय र गम्भीर प्रकृतिको छ । विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानमा उल्लेख गरिएको विद्यार्थी संख्यालाई आधार मान्ने हो भने जम्मा १२८ ओटा नियमित अनुदान प्राप्त क्याम्पसहरूमध्ये १२ ओटा क्याम्पसमा १०० जना विद्यार्थीहरू पनि रहेका छैनन् । विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानबाट वञ्चित भएका अन्य ५० ओटा क्याम्पसहरूमा पनि १०० भन्दा कम विद्यार्थी संख्या रहेको अनुमान गर्न सकिन्छ । विद्यार्थी संख्याका आधारमा बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूको अवस्था निम्नानुसार रहेको छ ।

| क.सं. | विद्यार्थी सङ्ख्या | क्याम्पस सङ्ख्या | क.सं. | विद्यार्थी सङ्ख्या | क्याम्पस सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १ देखि ९९ सम्म | १७ | ११ | ११०० देखि ११९९ सम्म | १ |
| २ | १०० देखि १९९ सम्म | ३६ | १२ | १२०० देखि १२९९ सम्म | २ |
| ३ | २०० देखि २९९ सम्म | २५ | १३ | १३०० देखि १३९९ सम्म | १ |
| ४ | ३०० देखि ३९९ सम्म | १० | १४ | १५०० देखि १५९९ सम्म | २ |
| ५ | ४०० देखि ४९९ सम्म | ७ | १५ | २००० देखि २०९९ सम्म | २ |
| ६ | ५०० देखि ५९९ सम्म | ३ | १६ | २६०० देखि २६९९ सम्म | १ |
| ७ | ६०० देखि ६९९ सम्म | ४ | १७ | २८०० देखि २८९९ सम्म | २ |
| ८ | ७०० देखि ७९९ सम्म | ३ | १८ | २९०० देखि २९९९ सम्म | १ |
| ९ | ८०० देखि ८९९ सम्म | ४ | १९ | ३४०० देखि ३४९९ सम्म | १ |
| १० | १००० देखि १०९९ सम्म | ३ | | | |


### १८. सामुदायिक क्याम्पसमा क्यूएएको अवस्था

गुणस्तरयुक्त शिक्षा आजको आवश्यकता हो । विश्वविद्यालय अनुदान आयोगले उच्च शैक्षिक संस्थाहरूलाई गुणस्तर सुनिश्चितता प्रत्यायनका लागि आह्वान गरेको छ । सोहीअनुसार केही उच्च शैक्षिक संस्थाहरूले क्यूएए प्राप्त गरिसकेका छन् भने केही उक्त प्रक्रियामा सक्रिय छन् । विश्वविद्यालय अनुदान आयोगको अभिलेखअनुसार नेपालमा आङ्गिक, निजी, सामुदायिक र विदेशी विश्वविद्यालयसँग सम्बन्धित क्याम्पस गरी जम्मा ९२ ओटा क्याम्पसहरू क्यूएए प्रक्रियाबाट प्रमाणित भइसकेका छन् । विश्वविद्यालयगत क्यूएए पाउने क्याम्पस र केन्द्रीय विभागहरूको अवस्था निम्नानुसार रहेको छ ।




(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०२२)


त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरूको गुणस्तर प्राप्त अवस्था निम्नानुसार रहेको छ ।




(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०२२)



(स्रोत : विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०८२)



बागमती प्रदेशमा रहेका १३ ओटा जिल्लाहरूमध्ये २०८१ साउन मसान्तसम्म ९ ओटा क्याम्पसहरूले मात्र क्यूएए प्राप्त गरेका छन् । रसुवा, दोलखा, भक्तपुर र नुवाकोट जिल्लाका सामुदायिक क्याम्पसहरूले क्यूएए प्राप्त गरेका छैनन् । बागमती प्रदेशमा रहेका विभिन्न सामुदायिक क्याम्पसहरूको क्यूएए प्राप्त जिल्लागत अवस्था निम्नानुसार रहेको छ ।



(स्रोत: विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन २०८२)

**११. सामुदायिक क्याम्पसका समस्याहरू**

देशभर रहेका सामुदायिक क्याम्पस र बागमतीमा रहेका सामुदायिक क्याम्पसहरूका समस्याहरू लगभग एउटै हुन् । स्थानीय क्षेत्रका केही समस्या हुन सक्छन् तर मूलभूत समस्या प्रायः मिल्दाजुल्दा नै देखिन्छन् । त्यसैले बागमती प्रदेशका समस्याले देशभरिका सामुदायिक क्याम्पसहरूको प्रतिनिधित्व गर्दछन् ।

बागमती प्रदेशमा रहेका १३० ओटा सामुदायिक क्याम्पसका समस्याहरू भौगोलिक, आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक आदि दृष्टिकोणले फरक फरक हुन सक्छन् । बागमती प्रदेशका १३० क्याम्पसहरू अवस्था एकै किसिमको नभएकाले समस्याहरू पनि फरक फरक हुनु स्वाभाविक नै हो । कुनै क्याम्पसमा विद्यार्थी नहुनु, कुनैमा आर्थिक अभाव हुनु, कुनैमा भौतिक संरचनाको अपुग हुनु, कुनैमा शिक्षकको अभाव त कुनैमा विद्यार्थीले रोजेको विषय अध्यापन गर्न नपाउनु आदि यस प्रदेशका सामूहिक समस्याहरू हुन् । बागमती प्रदेशका समग्र क्याम्पसका समस्याहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

१. कतिपय क्याम्पसहरू आफ्नो जग्गा नहुँदा भाडामा बस्नुपर्ने बाध्यता हुनु,
२. आफ्नो जग्गा नहुँदा क्यूएएमा प्रवेश गर्नलाई नै अप्ठ्यारो परेको अवस्था सिर्जना हुनु,
३. आर्थिक अभावका कारण क्याम्पस सञ्चालन गर्न कठिनाइ पर्नु,
४. शिक्षक कर्मचारीहरूको सेवा प्रवेशमा उचित मापदण्ड नहुनु,
५. शिक्षकहरूको पहिचान नहुनु र स्थायित्व तथा समयानुकूल पारिश्रमिक सेवासुविधाको सुनिश्चितता नहुनु,

६. अधिकांश सामुदायिक क्याम्पसमा शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन नहुँदा राम्राले पुरस्कार र नराम्राले दण्ड नपाउने अवस्थामा शिक्षक कर्मचारीमा निराशता पैदा हुनु,
७. सामुदायिक क्याम्पसका आआफ्नै नीतिनियम भएकाले एकअर्काबीच समन्वय नहुनु
८. सबै सामुदायिक क्याम्पसको सञ्चालन तथा व्यवस्थापनमा एकरूपता नआउनु,
९. कतिपय क्षेत्रमा सरकारी विद्यालयका स्थायी शिक्षकहरू नै सामुदायिक क्याम्पसका क्याम्पस प्रमुख हुनु
१०. कतिपय क्याम्पसहरू विद्यालयको भवनमा सञ्चालन हुने र विद्यालयकै शिक्षकले पढाउने हुँदा विद्यालय र क्याम्पसमा खासै भिन्नता नदेखिनु,
११. विद्यार्थी संख्या भएर पनि कक्षाकोठा, कार्यक्रम हल, खेलकुद मैदानको अभाव हुनु
१२. भौगोलिक दृष्टिले दुर्गमका क्याम्पसमा गुणस्तरयुक्त शिक्षक नपाउँदा गुणस्तरीय शिक्षा प्रदान गर्नमा कठिनाइ हुनु,
१३. शिक्षक तथा कर्मचारीहरूमा अनुसन्धानप्रति कम चासो रहनु,
१४. सामुदायिक क्याम्पसहरूले आधुनिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन नपाउँदा विद्यार्थीहरूले रोजेको विषय पढ्न नपाउनु
१५. विद्यार्थीहरू विदेश पलायन हुने प्रवृत्तिले गर्दा ड्रपआउट अत्यधिक मात्रामा हुनु,
१६. त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले समयमा परीक्षाफल प्रकाशित नगर्दा विद्यार्थीहरूमा निराशा पैदा भई अध्ययन छाड्ने प्रवृत्ति बढ्नु,
१७. नेपालमा पढे पनि रोजगारी पाइँदैन भन्ने मानसिकता विद्यार्थीहरूमा बढ्नु,
१८. सरकार स्थिर नहुँदा सरकारी नीतिनियम फितलो हुनु र बेरोजगारी युवाहरूका लागि रोजगारीका योजनाहरू कार्यान्वयन नहुनु,
१९. विश्वविद्यालय अनुदान आयोगको सीमित अनुदानबाहेक राज्यको तर्फबाट नियमित आम्दानीको स्रोत नहुनु आदि ।

## १२. समाधानका उपायहरू

सामुदायिक क्याम्पसहरू आफैँमा समस्या होइनन् । कतिपय समस्याहरू समुदायले समाधान गर्न सक्छन् भने कतिपय समस्याहरू राज्य, त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, स्थानीय सरकार, सञ्चालक समितिसँग पनि सम्बन्धित छन् । सबैतिरबाट सम्बन्धित सरोकारवालाहरूले सम्बन्धित क्याम्पसका विषयमा दत्तचित्त भएर निःस्वार्थ रूपमा काम गर्ने र राज्यले पनि उच्चशिक्षा राज्यको दायित्वभित्र पर्दछ भन्ने सोचले समुदायको कार्यलाई उचित मूल्याङ्कन गरी नीतिगत, आर्थिक, प्रशासनिक रूपमा सहयोग पुऱ्याउन सके सामुदायिक क्याम्पसहरू देशका अब्बल उच्च शैक्षिक संस्थाहरूका रूपमा परिणत हुने छन् । त्यसका लागि समाधानका उपायहरू निम्नानुसार रहेका छन् ।

१. बागमती प्रदेशका सामुदायिक क्याम्पसहरूको अध्ययनका लागि सर्वप्रथम बागमती प्रदेश सरकारबाट निश्चित अवधिमा प्रतिवेदन बुझाउने गरी बागमती प्रदेश सामुदायिक क्याम्पस अध्ययन समिति गठन गर्ने,
२. समितिले बुझाएको प्रतिवेदनका आधारमा सामुदायिक क्याम्पसको वर्गीकरण गर्ने
३. भूगोल, सङ्काय, क्षेत्रलाई आधार मानी आवश्यक भएमा क्याम्पस वा सङ्कायलाई मर्ज गर्ने,
४. दुर्गम क्षेत्रमा रहेका क्याम्पसहरूलाई त्यहाँको माटो सुहाउँदो र समयको मागअनुसार प्राविधिक विषयको सम्बन्धन दिने र त्यस्ता क्याम्पसमा प्राविधिक कक्षा सञ्चालन गर्ने भौतिक पूर्वाधार विकासमा प्रदेशले सहयोग गर्ने,
५. अन्य क्षेत्रका क्याम्पसहरूमा पनि समयानुकूल प्रदेशगत पाठ्यक्रम निर्माण गरी अतिरिक्त शिक्षाका विषयबाहेक अतिरिक्त पाठ्यक्रम लागु गर्ने, (जसले रोजगार वा स्वरोजगार बनाओस् ।)
६. आफ्नो जग्गा नभएका क्याम्पसहरूलाई स्थानीय सरकारको सिफारिसमा सरकारी जग्गा क्याम्पस एकुन्जेल भोगचलन गर्न दिने नीति बनाउने,
७. क्याम्पसहरूको वर्गीकरणपश्चात् विद्यार्थी कम भएका वा सङ्काय कम भएका क्याम्पसहरूमा न्यूनतम ३ ओटा सङ्काय सञ्चालन गर्ने सम्बन्धन दिने व्यवस्था मिलाउने,
८. क्यूएएको प्रक्रियामा नरहेका वा रहेका क्याम्पसहरूलाई प्रदेश सरकारले क्यूएए दिलाउन आवश्यक पर्ने भौतिक पूर्वाधार विकासका निम्ति सहयोग गरी क्यूएए दिलाउने वातावरण सिर्जना गरिदिने,
९. विश्वविद्यालय अनुदान आयोगले नियमित अनुदान दिएजस्तै बागमती प्रदेश सरकारले पनि नियमित अनुदानका लागि र भौतिक सबलीकरणका लागि प्रदेशको कुल बजेटबाट २५ प्रतिशत बजेट शिक्षामा छुट्याउने र सामुदायिक क्याम्पसको गुणस्तरका निम्ति विशेष अनुदानको व्यवस्था गर्ने,
१०. क्यूएए प्राप्त भएका क्याम्पसहरूलाई स्वायत्त रूपमा पाठ्यक्रम निर्माण गरी लागु गर्न दिने र छिमेकी विश्वविद्यालयमा प्रवेश गर्न चाहने क्याम्पसहरूलाई सहजीकरण गरिदिने
११. स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेका सामुदायिक क्याम्पसहरूको उन्नयनका लागि नियमित रूपमा निश्चित बजेट छुट्याउन कानुनी प्रावधान मिलाउने
१२. शिक्षक तथा कर्मचारीहरूको पहिचान र पर्याप्तताका लागि आयोग गठन गरी मापदण्ड पुऱ्याएर परीक्षा लिने,
१३. शिक्षक तथा कर्मचारीहरूको विषयगत तालिम, गोष्ठी, सेमिनारका लागि छुट्टै बजेटको तर्जुमा गर्ने र बागमती प्रदेश सरकारको तर्फबाट जुनै पनि शिक्षक कर्मचारी निवृत्त भएपछि उपदान पाउने व्यवस्थाका लागि कार्यनीति निर्माण गरी र लागु गर्ने, (उपदान पाउन अनुसन्धान गरेको हुनुपर्ने भन्ने सर्त राख्ने)

१४. त्रिविको आङ्गिक क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीले टिचिङ हस्पिटलबाट स्वास्थ्यमा सुविधा पाए जस्तै बागमती प्रदेशका सामुदायिक क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीलाई कुनै एक हस्पिटलमा सो सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने,

१५. बागमती प्रदेशबाट स्नातक वा स्नातकोत्तर अध्ययन पूरा गरेका विद्यार्थीलाई बागमती प्रदेशका विभिन्न निकायमा रोजगारीका लागि प्राथमिकताका साथ योजना बनाउने,

१६. बेरोजगारी उन्मूलनका लागि बागमती प्रदेशका सामुदायिक क्याम्पसबाट निश्चित तह पूरा गरेका युवाहरूलाई कृषि तथा स्थानीय उद्योगसम्बन्धी कार्ययोजना लिएर लगानीको माग गरेमा बागमती प्रदेश सरकारबाट निश्चित अवधिका लागि लगानी गरिदिने,

१७. बागमती प्रदेशका एक घर, एक स्नातक, एक रोजगार शीर्षकको नारा बनाई सो नारा पाँचदेखि दश वर्षमा पूरा गर्ने योजना बनाउने,

१८. बागमती प्रदेशका विद्यार्थीलाई यस क्षेत्रमा सञ्चालित उद्योग, व्यवसाय, कलकारखानासँग समन्वय गरी पढ्दै कमाउँदै भन्ने शीर्षकलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

१९. विश्वविद्यालय अनुदान आयोगले आर्थिक रूपमा कमजोर तथा गुणस्तरतर्फ उन्मुख भएका क्याम्पसहरूलाई विशेष अनुदानको व्यवस्था गर्ने,

२०. त्रिविले परीक्षा समयमा गर्न नसक्ने अवस्था सिर्जना भएमा सामुदायिक क्याम्पसका विद्यार्थीहरूको छिटो परीक्षण र परीक्षाफल तयारीका लागि सामुदायिक क्याम्पसको नेतृत्वमा एउटा छुट्टै विभाग, सङ्गठन खडा गरी कार्यान्वयन गराउने,

२१. सबै सामुदायिक क्याम्पसहरूलाई लागु हुने गरी साझा नियम वा क्याम्पसको विधान निर्माण गरी लागु गर्ने ।

## १३. निष्कर्ष

बागमती प्रदेशका १३० ओटा क्याम्पसहरूको अवस्था एकैनासे नभएकाले भूगोल, पूर्वाधार, संचालन व्यवस्था आदिका आधारमा फरक फरक प्रकृतिका क्याम्पसहरू रहेका छन् । गुणस्तरका आधारमा २० ओटा सामुदायिक क्याम्पसहरू क्यूएए प्राप्त छन् भने केही क्याम्पसहरू क्यूएएको अन्तिम चरणमा पुगेका छन् । केही क्याम्पसहरू क्यूएएको प्रारम्भिक चरणमा छन् भने केही क्यूएएका विषयमा एलभुलमा छन् । देशकै राजधानी भएकाले अन्य प्रदेशको तुलनामा यस प्रदेशका सामुदायिक क्याम्पसहरूको अवस्था पनि विविधतामय रहेको पाइन्छ । करिब ५० ओटा क्याम्पसहरूको अवस्था चिन्ताजनक छ भने करिब १०० ओटा क्याम्पसमा २०० विद्यार्थी संख्या पनि छैनन् । यस्तो अवस्थामा क्याम्पसहरू सञ्चालन गर्न समुदायलाई निकै असहज भएको छ । आँउने तीन तहका सरकार र समुदायको छुट्टै निस्वार्थ लगानी हुने हो भने सामुदायिक क्याम्पसहरूको सुधारमा चमक आउँछ । अधिकांश सामुदायिक क्याम्पसहरू नेपाल सरकारले उच्चशिक्षाको पहुँच नपुऱ्याएको क्षेत्रमा सञ्चालित छन् । राज्यको जिम्मेवारी समुदायले वहन गरेको कुरा राज्यले बिर्सनु हुँदैन । सामुदायिक क्याम्पसका साझा समस्याहरू

समाधान गर्न सर्वप्रथम सामुदायिक क्याम्पसहरूको अध्ययन हुनु जरुरी छ । अध्ययन टोलीले सुझाएको प्रतिवेदनलाई पृष्ठभूमि बनाएर समस्याको समाधान खोज्ने हो भने पाँच वर्षभित्रमा नै सामुदायिक क्याम्पसहरूले गुणस्तरमा वृद्धि गर्ने छन् भन्ने कुरामा कुनै दुईमत छैन ।

**सन्दर्भ सूची**


न्यौपाने, नेत्रप्रसाद (२०६५), नेपालको शैक्षिक इतिहास र एस एल सी बोर्डफर्स्टहरूको जीवन वृत्त, धनञ्जय प्रकाशन ।

विश्वविद्यालय अनुदान आयोग नेपाल (२०२२/२३), वार्षिक रिपोर्ट ।

कार्की गोविन्दबहादुर र न्यौपाने नेत्रप्रसाद (सम्पा.) (२०८१), नेपाल पब्लिक क्याम्पस संघको स्मारिका ।

गुगलबाट प्राप्त समाग्रीहरू ।

## A Brief History and Development of Community Campuses in Nepal

**Uttam Aryal**
**Lecturer, Makawanpur Multiple Campus**

### Introduction

Nepal, a landlocked country in South Asia, is known for its diverse cultures, traditions, and landscapes, as well as its history of education rooted in both religious institutions and modern influences. In the recent years, the government of Nepal has been working to enhance the quality education and uplift the national identity. The public are more concerned about their investment in the public sector and their revenue spent on the education. Moreover, lots of program s and conferences are being held to discuss and implement the corrective measures to track the education which can impart the quality education and produce qualified citizens. The development of community campuses in Nepal reflects the evolution of education, shaped by societal needs, political changes, and global trends. These campuses, also known as Community Colleges, play a crucial role in expanding higher education access to underserved areas, empowering rural communities, and fostering social change. This detailed history traces the growth of community campuses in Nepal from their inception, the challenges they faced, and their ongoing contributions to the education system.

### Early Education in Nepal: Pre-1950

Before modern education was introduced in Nepal, the education system was primarily informal, revolving around religious institutions. Monasteries, temples, and other religious centers served as schools, where education was predominantly available to the elite class. The majority of the population, particularly in rural areas, had little or no access to formal education.

During the Rana regime (1846-1951), education was largely reserved for the ruling class. There was little effort to promote education for the general population, particularly in rural regions. The first formal institution of higher education in Nepal, Tri-Chandra College, was established in 1918, offering limited courses in the arts and sciences. However, access remained restricted to Kathmandu and a small group of privileged elites typically form Rana and Shah family. In fact, his fear was warranted because a small number of educated people in Nepal did join hands with the other educated in India to topple the 104-year-old Nepalese aristocracy in 1951 (Ghalee 2017).

## The Rise of Community Campuses: 1950-1980s

The political changes brought about by the overthrow of the Rana regime in 1951 opened up new opportunities for educational reform. The establishment of democracy in Nepal created a fertile environment for the expansion of educational institutions, including higher education. In 1959, Tribhuvan University (TU) was established, marking a significant turning point in Nepal's higher education sector. TU, a public university, became a hub for tertiary education, and over time, it developed affiliated campuses across the country. A few years before, in 1951, the first public colleges and the first community colleges were opened. In Nepal, a public college, is usually funded by the community (e.g., from local taxes) and a community college is one that is funded privately (Gaule, 2017). By 1965, there were five public colleges with a total enrolment of 5,000 and 51 community colleges with a total enrolment of 10,000 students. In 1971, all community colleges were nationalized and became part of Tribhuvan University (TU). During the 2014/2015 academic year, there were over 384,499 students enrolled in Tribhuvan University academic programs; one third of the total students were from 60 constituent campuses and central departments, the other two third were from 1063 affiliated public colleges and/or community colleges (Tribhuvan University 2016).

While Tribhuvan University was expanding its reach, there was growing recognition of the need for local, community-led higher education institutions that could serve rural areas and communities far from the capital. The early seeds of the community campus movement were sown in the late 1950s and early 1960s, when rural leaders and intellectuals began advocating for education that catered to local needs, particularly in terms of accessibility, cost, and relevance to local livelihoods.

## Establishment of First Community Campuses

The first community campuses were set up in the 1970s as part of a grassroots effort to address the lack of higher education opportunities in rural areas. Community members, often with the help of local leaders and social workers, came together to pool resources and establish small colleges. These institutions were initially self-funded through donations, contributions from local businesses, and volunteer efforts. These early campuses were typically established in remote areas where access to TU or other major universities was limited. They offered courses in subjects like the arts, humanities, and education, which were in high demand among rural students looking for affordable, locally-based alternatives to studying in Kathmandu or abroad.

## QAA and Community Campuses


After the initiation of UGC in Nepal, the campuses were invited to participate in QAA process and initially most of the community campuses received the QAA. Altogether we have 1437 campuses/colleges in Nepal and till the date 92 campuses and colleges have received the QAA and most significantly the community campuses dominate the list (UGC, 2024).

Here is the list of reaccredited campuses among 92 and we can find the majority of the community campuses (only one constituent campus) in the list.


| S.N. | Name of the Institution | Address | Province | Nature | University | Status |
|---|---|---|---|---|---|---|
| 1 | Balkumari College | Chitwan | Bagmati | Community | Tribhuvan University | Re-accredited |
| 2 | Damak Multiple Campus | Jhapa | Koshi | Community | Tribhuvan University | Re-accredited |
| 3 | Lumbini Banijya Campus | Rupandehi | Lumbini | Community | Tribhuvan University | Re-accredited |
| 4 | Kailali Multiple Campus | Kailali | Sudur Paschim | Community | Tribhuvan University (Now FWU) | Re-accredited |
| 5 | Makwanpur Multiple Campus | Makwanpur | Bagmati | Community | Tribhuvan University | Re-accredited |
| 6 | Janapriya Multiple Campus | Kaski | Gandaki | Community | Tribhuvan University | Re-accredited |
| 7 | Shaheed Smriti Multiple Campus | Chitwan | Bagmati | Community | Tribhuvan University | Re-accredited |
| 8 | Aadikabi Bhanubhakta Campus | Tanahun | Gandaki | Community | Tribhuvan University | Re-accredited |
| 9 | Tikapur Multiple Campus | Kailali | Sudur Paschim | Communit | FWU | Re-accredited |
| 10 | Madhyabindu Multiple Campus | Nawalparasi (Bardaghat Susta Purba) | Gandaki | Community | Tribhuvan University | Re-accredited |
| 11 | Mahakavi Devkota Campus | Sunawal, Nawalparasi | Lumbini | Community | Tribhuvan University | Re-accredited |

Source: UGC Nepal


**Few facts of Nepalese higher Education**




Source: UGC, Nepal




Source: UGC, Nepal




Source: UGC, Nepal

**Table 3.1 Gender-wise student enrollment in different universities**

| S.N. | University | Male | Female | Number of Students | Percent of Students |
|---|---|---|---|---|---|
| | | | Central Universities | | |
| 1 | TU | 197,605 | 256,460 | 454,065 | 78.36 |
| 2 | NSU | 1,823 | 483 | 2,306 | 0.4 |
| 3 | KU | 9,211 | 8,734 | 17,945 | 3.1 |
| 4 | PU | 15,966 | 16,332 | 32,298 | 5.57 |
| 5 | PokU | 19,360 | 14,791 | 34,151 | 5.89 |
| 6 | LBU | 656 | 548 | 1,204 | 0.21 |
| 7 | AFU | 2,238 | 1,828 | 4,066 | 0.7 |
| 8 | MU | 4,462 | 6,062 | 10,524 | 1.82 |
| 9 | FWU | 5,917 | 11,733 | 17,650 | 3.05 |
| 10 | NOU | 1,173 | 360 | 1,533 | 0.26 |
| 11 | RJU | 297 | 222 | 519 | 0.09 |
| | | | Medical Academies | | |
| 12 | BPKIHS | 729 | 691 | 1,420 | 0.25 |
| 13 | NAMS | 203 | 624 | 827 | 0.14 |
| 14 | PAHS | 81 | 105 | 246 | 0.04 |
| 15 | KAHS | 85 | 96 | 181 | 0.03 |
| 16 | PokAHS | 68 | 20 | 88 | 0.02 |
| | | | Provincial Universities | | |
| 17 | GU | 161 | 155 | 316 | 0.05 |
| 18 | MTU | 76 | 33 | 109 | 0.02 |
| | Total | 260,111 | 319,337 | 579,448 | 100 |

Source: UGC, Nepal

Universities:

1. Tribhuvan University (TU), 1959
2. Nepal Sanskrit University (NSU), 1986
3. Kathmandu University (KU), 1991
4. Purbanchal University (PU), 1994
5. Pokhara University (PokU), 1997
6. Lumbini Bouddha University (LBU), 2005
7. Far-western University (2010)
8. Mid-western University (2010)
9. Agriculture and Forestry University (2010)
10. Nepal Open University (2016)
11. Rajarshi Janak University (2017)

| Total Campuses | Constituent Campuses | Community Campuses | Private Campuses |
|---|---|---|---|
| 1436 | 150 | 539 | 747 |

| Name of University | Number of Campuses |
|---|---|
| Tribhuwan University | 1141 |
| Far Western University | 15 |
| Kathmandu University | 24 |
| Pokhara University | 67 |
| Purwanchal University | 116 |
| AFU | 20 |
| Lumbini Buddha University | 9 |
| Mid Western University | 18 |
| Nepal Sanskrit University | 18 |
| Nepal Open University | 1 |
| Rajarshi Janak University | 1 (process of adding colleges) |

Source: UGC, Nepal

Students in public and community colleges, similar to the university, take college courses during morning or evening shifts. Most Nepalese undergraduate students are full-time students and may not work elsewhere while studying. As a cultural norm, parents pay the cost of education for their children and follow the wishes of parents. Sometimes college students have little motivation or no interest in pursuing a traditional college degree because of the growing number of unemployed graduates (Khaniya 2007). There are many cases where students have dropped the programs or changed their majors frequently. In the recent time, this trend has been accelerated and nearly half of the students who have passed the +2 take the NOC for foreign education.

**Expansion of Community Campuses: 1990s-2000s**

In Nepalese postsecondary education, the University Grants Commission oversees the funding and monitoring of all educational programs that includes bachelors, masters, and doctoral degrees. Universities in Nepal enjoy significant autonomy. The duration of a bachelor's degree is 3–5 years and a master's degree is 2 years. Nepalese doctoral degrees are research-based degrees, and are rigorously evaluated by a team of experts, usually consisting of at least one renowned scholar from an external university. Constituent campuses or colleges receive public funding and universities oversee their academic, administrative, and financial management. Affiliated campuses do not receive public funding, but universities are still responsible for supervision of their academic programs and examinations. In addition to public and private, there are some campuses which are funded and managed by the communities. Community colleges receive very small amount of financial support for capital costs from the government through the University Grants Commission.

Since there is no accrediting body so far, degree-granting power only emanates from the government – the legislature to be precise. Each of universities in Nepal is established by an act passed from the national legislature. This makes colleges follow the "academic" subjects prescribed by the university that they are affiliated with. As a result, colleges lack engagement with community or industry.

**Political Changes and Educational Reforms**

The political upheaval of the 1990s, including the end of the Panchayat system and the advent of multiparty democracy in 1990, brought new momentum to the expansion of educational institutions. The 1990 constitution guaranteed the right to education as a fundamental right, leading to increased efforts to expand access to education at all levels, including higher education.

In 1992, the government of Nepal officially recognized community campuses as a unique category of higher education institutions. This recognition allowed these campuses to receive some government support while maintaining their autonomy. The government encouraged local communities to take ownership of these campuses, emphasizing their importance in democratizing education.

During the 1990s and early 2000s, the number of community campuses grew rapidly. The main driving force behind this expansion was the demand for affordable and accessible education in rural areas. Unlike government or private institutions, community campuses were able to maintain relatively low fees because of their cooperative structure. The involvement of local communities in the management and funding of these campuses kept administrative costs low, which benefited students. The SHEP project aimed to (a) enhance quality and relevance of higher education and research through a set of incentives for promoting effective management and financial sustainability of academic institutions; and (b) improved access for academically qualified underprivileged students, including girls, dalits, and educationally disadvantaged janjatis to higher education through financial assistance and enhanced capacity of higher secondary schools (World Bank 2014).

In addition to traditional subjects, community campuses began offering courses in technical and vocational education, agriculture, business studies, and health sciences. These programs were tailored to the needs of local economies, reflecting the rural settings where most of these campuses were located. Nagasundaram and Deosthale (2013) suggest that "the establishment of community colleges could provide an opportunity for the youth to acquire tangible skills that are directly transferable to the marketplace" (p. 24). This diversification of courses also attracted a broader

range of students, including women and individuals from marginalized communities who had historically been excluded from higher education. Mellow and Heelan ( 2014) argued that community colleges focus on multiple constituencies within the community, identify the community needs and provide increased opportunities for education for larger numbers of both new, traditional-aged students, and older incumbent workers.

**Challenges Faced by Community Campuses**

Despite their rapid growth and positive impact, community campuses in Nepal faced several challenges, many of which persist today. One of the primary issues was funding. While community campuses received some financial support from the government, it was often insufficient to cover operational costs. This lack of funding led to issues such as inadequate infrastructure, limited access to quality teaching materials, and difficulty in attracting qualified faculty members. The learning-centered college offers educational programs and experiences available for learners based on individual needs. Whatever is done in the learning college is done for learners (Bista 2011). This as well can benefit the students and the emerging local Nepal economy.

Another challenge was maintaining academic standards. Since community campuses were often located in remote areas, they struggled to recruit highly qualified teachers, particularly in specialized fields. This led to concerns about the quality of education provided at these campuses, as well as the relevance of their programs to the changing job market. Based on Alphonse ( 2013) suggestion to consider the need of the communities and people, a new version of the Nepalese community college curricula can include as many components as life coping skills, international relations, computer skills, developmental English, work skills, internship, and preparation for employment.

**Conclusion**

**Government Initiatives and Support: 2000s-Present**

Recognizing the potential of community campuses to improve access to higher education, the government of Nepal has taken steps to support their growth and development. Several key initiatives have been implemented to address the challenges faced by community campuses and enhance their role in the national education system.

**Affiliation with Universities**

A major development in the 2000s was the strengthening of affiliations between community campuses and public universities, particularly Tribhuvan University.

This affiliation allowed community campuses to offer degrees recognized by the government and ensured that they followed national academic standards. By aligning their curricula with those of established universities, community campuses could improve the quality of education and make their programs more attractive to students.

**Funding Mechanisms**

The government also introduced various funding mechanisms to support community campuses. In 2009, the University Grants Commission (UGC) launched the Performance-Based Funding for Community Campuses program, which provided financial incentives to campuses that demonstrated high academic performance and good governance. This initiative aimed to encourage community campuses to improve their management, infrastructure, and academic standards.

Additionally, the government introduced a scholarship program specifically for students from disadvantaged backgrounds who attended community campuses. This initiative helped to reduce financial barriers and make higher education more accessible to marginalized communities.

**Quality Assurance and Accreditation**

In recent years, there has been a growing emphasis on quality assurance and accreditation for community campuses. The UGC and other regulatory bodies have established guidelines for accreditation, which assess the academic standards, governance, and infrastructure of community campuses. Campuses that meet these standards are eligible for additional funding and other forms of government support.

The development of community campuses has played a significant role in the broader social transformation of Nepal. These institutions have not only expanded access to education but have also empowered rural communities, promoted gender equality, and fostered social mobility.

**Expanding Access to Education**

One of the most significant contributions of community campuses is their role in expanding access to higher education, particularly in rural and underserved areas. By providing affordable and locally available education, these campuses have made it possible for thousands of students to pursue higher education who might not otherwise have had the opportunity. This has been especially important in remote areas where access to higher education was previously limited.

**Promoting Gender Equality**

Community campuses have also played a key role in promoting gender equality in education. Traditionally, women in Nepal faced significant barriers to accessing higher education, particularly in rural areas where cultural norms and economic constraints limited their opportunities. Community campuses, by offering education close to home at a lower cost, have enabled more women to pursue higher education. This has contributed to increasing female participation in the workforce and improving gender equality in Nepal.

**Empowering Marginalized Communities**

Many community campuses have been established in areas with large populations of marginalized groups, such as indigenous communities and Dalits. These campuses have provided educational opportunities to individuals who have historically been excluded from higher education due to their social and economic status. In doing so, community campuses have contributed to social mobility and the empowerment of marginalized communities, helping to reduce inequality and promote social justice.

**Current Status and Future Prospects**

As of the 2020s, there are over 1,500 community campuses operating across Nepal, serving thousands of students. These campuses continue to play a critical role in providing affordable and accessible higher education, particularly in rural areas. However, they still face challenges, including the need for improved funding, infrastructure, and academic quality.

Looking forward, the government of Nepal has expressed a commitment to supporting the continued development of community campuses. Key priorities for the future include expanding access to technology and digital education, improving teacher training and recruitment, and strengthening the quality assurance and accreditation process. There is also a growing recognition of the need for community campuses to offer more programs in STEM (science, technology, engineering, and mathematics) fields, which are increasingly important in the global job market.

The history of community campuses in Nepal is a testament to the power of grassroots movements and local communities in expanding access to education. From their humble beginnings in the 1970s to their current role as key providers of higher education, community campuses have made significant contributions to social transformation in Nepal. Despite the challenges they face, these institutions have empowered rural communities, promoted gender equality, and fostered social mobility. As Nepal continues to develop its education system, community campuses will

remain an essential part of the country's efforts to achieve inclusive and equitable access to higher education.

**References**

Alphonse, Xavier. 2013. The Indian community college system: Inspiration from community colleges in the United States. In The U.S. community college model: Potential for applications in India, ed. N. Jha, 17–22. New York: Institute of International Education.

Bista, Krishna. 2011. Learning-centered community colleges and ESL program. The Southeast Asian
Journal of English Language Studies 17(1): 113–121.

Central Bureau of Statistics of Nepal. 2016. Government of Nepal. Retrieved from *http://cbs.gov.np/*
image/data/2016/Nepal%20in%20Figures%202015.pdf

Gaulee, Uttam. 2014. Higher education in Nepal: Opportunities obscured by internal challenges. In
English language teaching in the twenty first century, ed. T. Karunakaran. Colombo: Kumaran Book House.

Gross, Jillian L. 2017a. Community colleges in India. In International handbook on comparative studies on community colleges and global counterparts, ed. Rosalind Latiner Raby and Edward J. Valeau. Dordrecht: Springer.

Gross, Jillian L. 2017b. Community colleges in the Indian context. In New directions for colleges, vol. 177.
San Francisco. Jossey-Bass.

Harris, Gardiner. 2014. In Nepal, a better life with a steep price. The New York Times. Retrieved from *http://www.nytimes.com/2014/08/15/world/asia/in-nepal-a-better-life-with-a-steep-price.html?_r=1*

Khaniya, Tirtha R. 2007. New horizons in education in Nepal. Kathmandu: Kishor Kaniya Office Support Service Center.

Mellow, Gail O., and Cynthia Heelan. 2014. Minding the dream: The process, and practice of the
American community college. New York: Rowman & Littlefield.

Ministry of Education. 2022. Nepal education in figures: At-a-glance. Government of Nepal. Ministry of Education: Singhadurbar. Accessed March 8, 2017 from: *http://www.moe.gov.np/article/520/nepal-education-in-figures-2015.html*

Raby, Rosalind L., and Edward J. Valeau, eds. 2009. Community college models: Globalization and higher education reform. Dordrecht: Springer.

Raby, Rosalind L., and Edward J. Valeau. 2012. Educational borrowing and the emergence of community college global counterparts. In International perspectives

on education and society, ed. Alex W. Wiseman, Andrea Chase-Mayorla, T. Janis, and A. Sachdev, 19–46. New York: Emerald.

Raby, Rosalind L., and Edward J. Valeau. 2016. Introduction. In International education at community colleges: Themes, practices, and case studies, ed. Rosalind Latiner Raby and Edward J. Valeau, 1–6. New York: Palgrave MacMillan. CrossRef

The World Bank. 2014. Nepal - second higher education project. Washington, DC: World Bank Group.

The World Bank, 2015. Nepal. Retrieved from *http://www.worldbank.org/en/country/nepal*

Tribhuvan University. 2016. Monthly archives. Retrieved from *http://tribhuvan-university.edu.np/*
2016/09/

UGC. 2022. Education management information system report on higher education 2011/12. Bhaktapur:
University Grants Commission.

UGC. 2015. Higher education reforms project (HERP) 2014/15-2019/20. Bhaktapur: University Grants Commission.

Valeau, E.J. 2013. The Indian community college in India, An evolving model. In The U.S. community college model: Potential for applications in India. Edited by N. Jha. (pp. 34–36). New York, NY: Institute of International Education.




बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

हेटौंडा उपमहानगरपालिका, वडा नं.-[illegible], [illegible] मकवानपुर

इमेल ठेगाना: [illegible]@gmail.com, वेबसाइट: [illegible].gov.np

फोन नं.: [illegible]

Facebook ID : शिक्षा विकास निर्देशनालय